# Yuwa 2074

A Publication of Youth Development and Activities

**Volume 17**

**Patron**
Mahesh Prasad Dahal

**Advisor**
Ram Prasad Thapaliya
Ana Prasad Neupane

**Editorial Committee**
**Co-ordinator**
Mahendra Prasad Paudyal

**Member**
Lekha Raj Khatiwada
Megh Raj Pokhrel
Suman Adhikari Silwal

**Publisher**

Government of Nepal
**Ministry of Youth and Sports**
Singhadurbar, Kathmandu

# युवा-२०७४

युवा जगत्को विकास र गतिविधिको प्रकाशन

**अङ्क १७**

**संरक्षक**
महेशप्रसाद दहाल

**सल्लाहकार**
रामप्रसाद थपलिया
अणप्रसाद न्यौपाने

**सम्पादक मण्डल**
**संयोजक**
महेन्द्रप्रसाद पौड्याल

**सदस्यहरू**
लेखराज खतिवडा
मेघराज पोखरेल
सुमन अधिकारी सिलवाल

**प्रकाशक**

नेपाल सरकार
**युवा तथा खेलकुद मन्त्रालय**
सिंहदरबार, काठमाडौं

नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

(..................................................

पत्र संख्या :

चलानी नं. :

सिंहदरबार, काठमाडौ
नेपाल ।

२०७४।३।२४



## मन्तव्य

युवा तथा खेलकुद मन्त्रालयले विगत वर्षहरूमा झैं यस वर्ष पनि युवा सान्दर्भिक सामग्रीहरू समावेश गरी **युवा** अङ्क १७ प्रकाशन गरेकोमा मलाई खुसी लागेको छ। यस प्रकाशनले युवासँग सरोकार राख्ने सम्बद्ध पक्ष एवम् सरोकारवालाहरूलाई नेपाल सरकारका युवासम्बद्ध नीति तथा कार्यक्रमहरू र युवाका क्षेत्रमा भए गरेका विविध गतिविधिका बारेमा जानकारी हासिल गर्ने अवसर उपलब्ध हुनेछ भन्ने विश्वास लिएको छु।

राष्ट्र निर्माणमा युवा शक्तिको महत्त्वलाई आत्मसात् गर्दै समृद्ध र सक्षम युवा जनशक्ति तयार गरी राष्ट्रका हरेक क्षेत्रमा युवालाई नेतृत्वदायी भूमिकामा पुऱ्याउने दीर्घकालीन सोचका साथ राष्ट्रिय युवा नीतिले परिलक्षित गरेबमोजिम कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। यसै सन्दर्भमा प्रकाशन हुन लागेको यस पुस्तकले देशका ऊर्जाशील एवम् कर्मठ युवाहरूलाई स्वदेशमै काम गर्ने वातावरण तयार गरी आफ्नो श्रम, सीप र सिर्जनाले राष्ट्रको दिगो विकास र समृद्धिको आकाङ्क्षा साकार तुल्याउनका लागि युवालाई प्रेरित गर्न सहयोग पुऱ्याउनेछ भन्ने विश्वास लिएको छु।

अन्त्यमा, **युवा** को प्रस्तुत अङ्कको प्रकाशनार्थ सक्रिय हुनु हुने सम्पादक मण्डलका सदस्य र लेख तथा रचना उपलब्ध गराउनुहुने सबै विद्वत् वर्गप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

**महेशप्रसाद दहाल**
सचिव
युवा तथा खेलकुद मन्त्रालय

फोन नं.:- ४२००५४२ (प्रशासन), ४२००५५३(योजना), ४२००५४५(युवा), ४२००५५०(खेलकुद), ४२००५४३(आ.प्र.)
फ्याक्स नं.:-४२००५५२, इमेल: info@moys.gov.np वेभसाइट: www.moys.gov.np

# हाम्रो भनाइ

युवा तथा खेलकुद मन्त्रालयले स्थापनाकालदेखि **युवा** को नियमित रूपमा प्रकाशन गर्दै आएको छ । यसै क्रममा यस वर्ष पनि केही नयाँ र उपयोगी सामग्रीहरूसहित **युवा** को अङ्क १७ यहाँहरूको हातमा आएको छ । यस अङ्कमा  अनुभवी व्यक्तित्वहरूका प्रेरणादायी लेखहरूका अतिरिक्त युवाहरूका सफलताका केही रोचक एवम् प्रेरणाप्रद कथाहरू समेट्ने प्रयास गरिएको छ ।

नेपालमा युवाको जनसङ्ख्या धेरै (४०.३५ प्रतिशत) भएको वर्तमान अवस्थामा राज्यले युवाको विकास र सहभागितालाई प्राथमिकतामा राखी उनीहरूलाई स्वदेशमै आफ्नो जाँगर, सीप र श्रम लगाई देश विकास गर्ने वातावरण निर्माण गर्न ढिलो गर्न नहुने अवस्था छ । यसका लागि नेपाल सरकारले राष्ट्रिय युवा नीति जारी गरी सोको कार्यान्वयनका लागि युथ भिजन-२०२५ सहितको दश  वर्षे रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा समेत ल्याइसकेको छ । युवा विकास र सहभागिता अभिवृद्धिका लागि कार्य गर्ने गरी राष्ट्रिय युवा परिषद्को स्थापना भई जिल्ला तहसम्म परिषद्को संरचना विस्तारसमेत भइसकेको छ । युवा क्षेत्र ज्यादै व्यापक र अन्तरसम्बन्धित विषय भएकाले युथ भिजनको कार्यान्वयनमा नेपाल सरकारका युवासम्बद्ध सबै मन्त्रालय, निकायहरू तथा गैरसरकारी, सहकारी र निजी क्षेत्रबीच दरिलो समन्वय, साझेदारी र सहकार्यको आवश्यकता पर्दछ । युवा विकासका सन्दर्भमा सबैभन्दा प्रमुख विषय भनेको युवामा लगानी वृद्धि नै हो तर त्यतिकै महत्त्वपूर्ण विषय युवामा सकारात्मक सोचको विकासमार्फत स्वदेशमा उपलब्ध अवसरहरू देखाउनु र श्रमको सम्मान गर्ने सोच विकास गर्नु रहेको छ ।

युवा तथा खेलकुद मन्त्रालयले युवाहरूलाई नै लक्षित गरी प्रकाशन गर्दै आएको **युवा** को यस अङ्कमा नेपाल सरकारका युवा विकासका नीति, कार्यक्रमहरूका बारेमा जानकारी गराउनुका साथै युथ भिजन-२०२५ र दिगो विकासका लक्ष्यहरू-२०३० को कार्यान्वयनमा युवाको भूमिकालाई उजागर गर्ने प्रयास गरिएको छ। साथै युवाहरूलाई प्रेरणा प्रदान गर्ने खालका ज्ञानवर्द्धक एवम् प्रेरणादायी लेखहरू र स्वदेशमै बसेर नेपाली युवाहरूले हासिल गरेका प्रेरणाप्रद सफलताका कथाहरू प्राथमिकताका साथ समावेश गरिएका छन् । यसमा समाविष्ट  सामग्रीहरूले युवामा स्वदेशमै विद्यमान सम्भावनालाई उपयोग गरी आफ्नै माटोमा सिर्जनाका फूल फुलाउन प्रेरित गर्नेछन् भन्ने दृढ विश्वास लिएका छौँ ।

अन्त्यमा, **युवा** को यस अङ्कका लागि आफ्ना गहन एवम् प्रेरणादायी लेखहरू उपलब्ध गराई सहयोग गर्ने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौँ । साथै विषयवस्तु संयोजनलगायत प्रकाशनका क्रममा निरन्तर मार्गदर्शन गर्नु हुने मन्त्रालयका सचिव श्री महेशप्रसाद दहालज्यू एवम् मन्त्रालयका सहसचिवज्यूहरू लगायत सबैप्रति आभार व्यक्त गर्दछौँ । यसका आगामी अङ्कहरूलाई अझै स्तरीय, रोचक, पठनयोग्य र युवाका लागि थप उपयोगी बनाउँदै लैजाने हाम्रो प्रयासमा यहाँहरूको उचित सहयोग, सल्लाह र सुझावको अपेक्षा गर्दछौँ । धन्यवाद !

२०७४ असार

सम्पादक मण्डल

# विषय सूची


| विषय | लेखक | पेज नं. |
|---|---|---|
| १. युवा होस् त यस्तो | डा. राजु अधिकारी | १ |
| २. युवा जनशक्तिको सार्थक उपयोग | दीपेन्द्रबहादुर क्षेत्री | ६ |
| ३. दिगो विकास, लक्ष्यप्राप्ति र नेपाल | महेशप्रसाद दहाल | १३ |
| ४. गरे सम्भव छ नेपालमा | दिपेश घिमिरे | २० |
| ५. युवा : राष्ट्रका मेरुदण्ड | लेखराज खतिवडा | ३० |
| ६. युवा प्रतिभा सम्मान : अपेक्षा र उपलब्धि | महेन्द्र पौड्याल | ३५ |
| ७. युवालाई आह्वान (कविता) | भवानी खतिवडा | ४१ |
| ८. युवा उद्यमका विषयमा कर्ण शाक्यसँगको अन्तर्वार्ता | गणेश राई | ४२ |
| ९. वैयक्तिक र सामाजिक विकासका लागि युवा स्वयंसेवा | ब्रबिमकुमार के.सी. | ५३ |
| १०. युवा सरोकार र सञ्चार दायित्व | धर्मेन्द्र झा | ५८ |
| ११. युवा उद्यमशीलता र कोषबाट प्रवाह हुने लगानी | डा. प्रेम दंगाल | ६४ |
| १२. सुरक्षा परिषद्को प्रस्ताव नं. २२५० र यसको कार्यान्वयन | रामप्रसाद थपलिया | ६८ |
| १३. वित्तीय साक्षरता : विप्रेषणको उत्पादनशील उपयोग ..... | भागवत आचार्य | ७१ |
| १४. दिगो विकास लक्ष्यप्राप्तिमा युवाको भूमिका | प्रदीप परियार | ७८ |
| १५. युवा उद्यम र लगानीका विषयमा डा. युवराज खतिवडासँगको अन्तर्वार्ता | रोहित भण्डारी | ८२ |
| १६. भ्रमित युवाहरूलाई चिठी | डा. अरुणा उप्रेती | ८९ |
| १७. समृद्धि र विकासमा युवा परिचालनको गुरु योजना | माधव ढुङ्गेल | ९३ |
| १८. कृषि उत्पादन र बजार व्यवस्थापनमा पैँचो पसल | शरण कर्माचार्य | ९८ |
| १९. राष्ट्रनिर्माणमा युवाको भूमिका र नेपालमा यसको अवस्था | सुशीला अर्याल | १०२ |
| २०. सूचनाप्रविधिको सागरमा रोजगारी अपार | इ. महेश पाण्डे | १०६ |
| २१. युवाविकासका नीति, रणनीति र कार्यक्रम | ज्ञानराज सुवेदी | ११० |
| २२. नेपालका सन्दर्भमा मानवविकास र युवाविकास | सुमन अधिकारी सिलवाल | ११५ |
| २३. युवाविकासमा राष्ट्रिय युवा परिषद्को भूमिका | मुक्तिसिंह ठकुरी | १२५ |
| २४. अन्तर्राष्ट्रिय अनुभवको आँखीझ्यालबाट नेपालको युवाविकास | योगेन्द्र शाही | १२९ |
| २५. Skilling Needs And Envisioning Effective Mobilization | Dr. Hari Pradhan | १४१ |
| २६. ICT : Charging Scenario In Nepal | Er. Ganesh Shah | १४७ |
| २७. Young People Are The Key To Achieving SDG | Rabindra Shakya | १५१ |
| २८. युवा तथा खेलकुद मन्त्रालय : विगत, वर्तमान र भावी दिशा | महेन्द्र पौड्याल | १५४ |

# युवा होस् त यस्तो

✍ डा. राजु अधिकारी

आस्ते भग आसीनस्योर्ध्वास्तिष्ठति टिष्ठवः । शेते निपद्य

मानस्य चराति चरतो भगश्चरैवेति ॥

**- एतेरेव ब्राह्मण -३।३**

अर्थात् जो व्यक्ति कुनै काम नगरी बसेर खान्छ उसको भाग्य पनि बसिरहन्छ। जो उभिन्छ उसको भाग्य पनि उभिन्छ । जो सुतेर समय बिताउँछ उसको भाग्य पनि सुत्दछ र जो निरन्तर अघि बढ्दछ उसको भाग्य पनि अगाडि बढिरहन्छ। अर्थात् कर्मद्वारा नै भाग्य बदलिन्छ ।

युवाशक्ति राष्ट्रशक्ति हो। युवाशक्ति युगशक्ति हो। युवाशक्ति समयशक्ति हो। कर्मशील युवा कुनै पनि राष्ट्रको भाग्यनिर्माता हुन्छ। उद्यमशील युवा नै उज्ज्वल भविष्यको आधारस्तभ हो । तर जब युवाशक्ति कर्मशीलतामा भन्दा भाग्यभरोसामा निर्भर हुन्छ तब वर्तमान र भविष्य दुवै युगमाथि अन्धकार छाउँछ। आजको युवा यदाकदा भाग्यवादी भइरहेको भान हुन्छ । कता-कता ऊ थोरै कर्म गर्ने तर प्रतिफलचाहिँ धेरै खोज्ने प्रवृत्तिको सिकार भएझैँ लाग्छ ।

कुनै पनि कामको प्रतिफल सामान्यभन्दा अधिक खोज्ने महत्त्वाकाङ्क्षाले व्यक्तिलाई स्वार्थी र अविवेकी बनाउँछ। यस्ता व्यक्ति चाँडोभन्दा चाँडो धनी र सफल हुन चाहन्छन् । शीघ्रातिशीघ्र धनी र सफल हुने अन्ध आकाङ्क्षा सोचेजस्तो सजिलै पूर्ण हुँदैन । यसो भएपछि उसभित्र अपराधवृत्ति जन्मन थाल्छ । अन्ततोगत्वा व्यक्ति दुई नम्बरी धन्दा गर्ने, लागूपदार्थ सेवन गर्ने, धोकाधडी तथा ठगीतर्फ आकर्षित हुने जस्ता प्रवृत्तिको सिकार हुन्छ । वर्तमान समय भाग्यवादी हैन, कर्मवादी युवाको खोजीमा छ ।

## कर्मशील युवा

थाहा भएकै कुरा हो, अधिकांश युवाशक्ति भविष्यको चिन्ताले चाहिनेभन्दा बढी ग्रसित छन् । आगामी जिन्दगीप्रति चिन्ताग्रस्त हुनु नौलो कुरा होइन तर यसले व्यक्तिलाई अकर्मण्य बनाउँछ । यस्तो व्यक्तिले थाहै नपाई वर्तमानको अपहेलना गरिरहेको हुन्छ । शास्त्रमा भनिएको छ- "गते शोको न कर्तव्यो भविष्यं नैव चिन्तयेत्। वर्तमानेन कालेन वर्तयंति विचक्षणा ।" अर्थात् बितेर गएको समयको चिन्ता कहिल्यै गर्नुहुँदैन, आउँदै नआएको भविष्यको चिन्तामा डुब्नु पनि बुद्धिमानी हैन, बुद्धिमान् व्यक्ति वर्तमानमा जिउँछ र तदनुरूप कर्म गर्छ ।

'क्यारियरको टेन्सन' ले नराम्ररी आक्रान्त

वर्तमान युवापुस्ताले यो शास्त्रवचन राम्रोसँग मनन गर्न आवश्यक छ । यसो भन्दै गर्दा क्यारियरको चिन्तै नगर्नु भन्ने हैन । चिन्ता हैन, चिन्तन गर्ने र तदनुरूप कर्मशील रहने भन्न खोजिएको हो । आज बीउ रोप्ने भोलि नै फल टिप्न खोजिहाल्ने अधैर्य हुनु भाग्यवादी सोचको परिणाम हो । कर्मशील युवा त्यस्तो हुन्छ जो आफूलाई निरन्तर तिखार्दै लैजान्छ र आफ्नो तीक्ष्ण व्यक्तित्वलाई उपयोग गर्दै सुन्दर भविष्यको निर्माण गर्छ ।

## यस्ता युवाको पर्खाइमा छिन् मातृभूमि

टेरिफक्स नामका एक युवाको प्रेरणादायी कर्मशीलता सबैका लागि ज्वलन्त उदाहरण बनेको छ । टेरिफक्स सन् १९५८ मा क्यानडामा जन्मिए । दुर्भाग्यवश उनलाई खुट्टाको क्यान्सर (मेलिग्नेन्ट ट्युमर) भयो । चिकित्सकले उनको एउटा खुट्टो काटिदिए । उनी २२ वर्ष हुँदा यस्तो घटना भएको थियो । यति हुँदा पनि उनी चिन्तित भएनन् । उनले सोचे कि म जति बाँच्छु, एकएक क्षणको उपयोग गर्छु । निरन्तर कर्मशील रहन्छु र केही नयाँ काम गरेर मात्रै प्राण त्याग गर्छु ।

उनको मनोबल अत्यन्त उच्च थियो । उनको सङ्कल्प बल पनि त्यत्तिकै प्रबल थियो । यसबीच उनले एउटा योजना बनाए-एक खुट्टाले म्याराथुन दौड सुरु गर्ने । म्याराथुन दौडको मुख्य उद्देश्य आफूजस्ता क्यान्सर पीडितहरूका लागि प्रेरणा प्रदान गर्ने र क्यान्सरविरुद्ध लड्न धनराशि जुटाउने थियो ।

तपाईंलाई विश्वास नलाग्ला, एक खुट्टाले उनी निरन्तर १४३ दिन दौडिए । उनको अविराम म्याराथुनले ५३७३ किलोमिटरको यात्रा पूरा गऱ्यो । उनको अविचलित साहसले दर्जनौँ देश पार गऱ्यो । उक्त महाअभियानमार्फत उनले झन्डै ६५० मिलियन डलर धनराशि बटुले जुन पछि क्यान्सर रोगीको उपचारार्थ खर्च गर्ने उद्देश्यले एक कोषमा जम्मा गरे । यो उदाहरणीय एवं महान् अभियान पूरा गरेका उनको २४ वर्षको उमेरमा मृत्यु भयो ।

यो हो कर्मशीलता । उनी कहिल्यै आत्महीन भएर बसेनन् । क्यान्सरको पीडा दुनियाँलाई पोख्ने र अरूको दयापात्र भएर जिउने काम गरेनन् । जति बाँचे प्रत्येक पल, प्रत्येक क्षणको अर्थपूर्ण प्रयोग गरेरै बाँचे । भाग्यवादीहरूका लागि युवानक्षत्र टेरिफक्सको यो एउटा परिवर्तनकारी झापड हो । सतत् कर्मशीलताको जीवन्त उदाहरण हो । हाम्रो मातृभूमि पनि आज यस्तै युवा कर्मयोद्धाको पर्खाइमा छिन् ।

## प्रतिभावान् बन्ने साधना

आफूलाई प्रतिभावान् नबनाउने तर जागिरमा तलबचाहिँ धेरै खोज्ने प्रवृत्तिले आज ठूलो युवा जमात पीडित छ । त्यस्तो जागिर पाइयोस् हाजिरबाहेक अर्थोक केही गर्नु नपरोस् । परीक्षामा सर्वश्रेष्ठ कहलाउन पाइयोस् तर पढाइलेखाइ भने गर्नै नपरोस् । मीठोमीठो खान पाइयोस् तर पकाउन र फलाउन भने कहिल्यै नपरोस् । आफ्नो योग्यता, क्षमता र व्यक्तित्व चम्काउन ध्यान नदिने तर सोसफोर्स र नातावाद-कृपावादबाट पदप्रतिष्ठा हासिल गर्ने महत्त्वाकाङ्क्षीहरूको भीड आज यत्रतत्र छ ।

युवाशक्तिभित्र फस्टाउने यो नै सर्वाधिक घातक क्यान्सर हो । बिडम्बना भन्नुपर्छ कि यो

प्रवृत्ति बढ्दो क्रममा छ । जब कि हरेक युवाले हृदयङ्गम गर्नुपर्ने यथार्थ के हो भने प्रतिभावान्का लागि संसारको जुनसुकै सिट पनि खाली छ । जुनसुकै देशमा स्वागत छ र जुनसुकै मान्छे तपाईंको अनुयायी हुन तयार छ । संसारकै प्रतिष्ठित गुगल कम्पनीमा प्रमुख कार्यकारी अधिकृत बने ४३ वर्षे सुन्दर पिच्चाई । उनी भनसुन र चाप्लुसीले हैन, प्रतिभावान् बनेर त्यो स्थानमा पुगे ।

फ्रान्सजस्तो लामो प्रजातान्त्रिक पृष्ठभूमि भएको देशमा भर्खरै निर्वाचित राष्ट्रपति इम्यानुएल म्याक्रोनको जीवनी हेर्नुहोस् । सुन्दा अपत्यारिलो मात्रै हैन, अकल्पनीय लाग्छ। उनले एक वर्षअगाडि मात्रै राजनीतिक दल खोले । अर्को वर्ष भएको चुनावमा जनताबाट चुनिएर युवा राष्ट्रप्रति बने । प्रतिभावान् बन्ने साधनाको विजयका लागि योभन्दा ठूलो उदाहरण अर्को के होला र ?

नेपालको स्याङ्जामा अत्यन्त सामान्य परिवारमा जन्मेका व्यक्ति हुन् बालकृष्ण सुवेदी । जो अहिले आचार्य बालकृष्णका नामले विश्वप्रसिद्ध छन् । पूर्वीय योगदर्शन एवं आयुर्वेदमा विशेषज्ञता राख्ने आचार्यजी अब छिट्टै नै विश्वका धनवान् हरूको सूचीमा पर्ने निश्चितप्रायः छ । हाल उनी भारतका धनवान्हरूको सूचीभित्र परिसकेका छन् । दुई छाक राम्रोसँग खान कठिन हुने परिवारमा जन्मिएर आज यो स्थानमा पुग्नुका पछाडि एउटै कारक तत्त्व छ- त्यो हो उनको प्रतिभावान् बन्ने साधना । प्रतिभावान् बन्नु एक जीवनसाधना हो । जन्मँदै सबैले योग्यता, क्षमता, सामर्थ्य लिएर आएको हुँदैन । दृढता, धैर्यता एवं सतत् सङ्कल्प लिएर आलस्यमुक्त भई निरन्तर ज्ञान र कौशल बढाएपछि प्रतिभा प्रस्फुटन हुन थाल्छ । युगऋषि आचार्य श्रीराम शर्मा भन्नुहुन्छ- "जसले असम्भव मानिएको कामलाई सम्भव गराएर देखाउँछ त्यही प्रतिभा हो ।"

## हुनैपर्छ आत्मबल सम्पन्न

युवा कर्मशील पनि छ, प्रतिभावान् पनि छ तर आत्मबलरहित छ भने त्यो विद्युत्बिनाको यन्त्रजस्तो मात्रै हुन्छ। पखेटा बेगरको पक्षीले जसरी उडान भर्न सक्दैन त्यसैगरी आत्मबलबिनाको युवाजोश लक्ष्योन्मुख हुन सक्दैन। आत्मबल भनेको चुनौती, विषमता, कठिनाइ र आरोहअवरोहलाई विवेकसम्मत तरिकाले सामना गर्ने जीवनऊर्जा हो ।

जहाँ आत्मबल सबल हुन्छ, त्यहाँ शरीरबल र मनोबल पनि स्वतः सक्रिय हुन्छ । अटुट आत्मबलले अन्ततः ब्रह्मबल जन्माउँछ। ब्रह्मबल त्यो बल हो जसको उपस्थितिमा जस्तोसुकै बिघ्न र आपत्ति किन नआइपरोस् जीवन कदापि हार्दैन । आत्मबलले भरिपूर्ण व्यक्ति प्राणवान्, ऊर्जावान् र सामर्थ्यवान् त हुन्छ नै, ऊ धैर्यवान् र विवेकी पनि हुन्छ । आजका धेरैजसो युवा तातो जोशले त सम्पन्न छन् तर अटुट आत्मबलले दरिद्र छन् । यसै कारणले गर्दा सानातिना कारणले नै मनोरोग र डिप्रेसनको सिकार हुन पुग्छन् । खास गरी हाम्रो युवा उमेरका व्यक्ति भीडमा उफ्रिँदा साहसीजस्ता देखिन्छन् तर एक्लो हुँदा त्यसको ठीक विपरीत बलहीन, ओजहीन र शक्तिहीन हुन पुग्दछन् ।

अथर्ववेद ७।७३।१० मा उल्लेख छ - अग्ने शर्ध महते सोभगाय । यसको अर्थ हो - वैभव याने ऐश्वर्य आत्मबलसम्पन्न उत्साहीहरूकै पाउ चुम्दछ । आत्महीन हुनु, दुर्बल हुनु एक प्रकारको

पाप हो। स्वामी विवेकानन्द भन्नुहुन्छ- "बलहीनता नै सबैभन्दा ठूलो पाप हो।"

आत्मबलले भरिएको युवाले नै हरेक परिस्थितिलाई मनस्थितिअनुरूप बदल्ने क्षमता राख्छ। सानै उमेरमा जघन्य रोगले आक्रमण गऱ्यो प्रसिद्ध भौतिकशास्त्री स्टिफन्स हकिन्सलाई । डाक्टरले उनलाई दुई वर्ष अधिक बाँच्दै नबाँच्ने दाबा गरे तर उनले हार मान्ने या विचलित हुने कुरै गरेनन्। हकिन्सले अन्तःकरणदेखि नै ठाने कि म यो मृत्युकारक रोगबाट मर्नेवाला छैन। म यसलाई जितेरै छाड्छु । उनले रोगलाई मात्रै जितेनन्, आफ्नो शारीरिक असक्तताालाई पनि जिते । उनी ज्ञान, खोज र विज्ञानको पराकाष्ठामा पुगे । उनी क्याम्ब्रेज विश्वविद्यालयको प्राध्यापक बने। आजका दिनमा स्टिफन्स हकिन्स पराभौतिक विज्ञान, क्वान्टम भौतिकी र जगत् विज्ञानका सर्वश्रेष्ठ विभूतिका रूपमा प्रतिष्ठित छन् । मृत्युदायक रोगलाई जित्नेदेखि लिएर यो शीर्षस्थ स्थानमा प्रतिष्ठित हुने श्रेय उनको समर्थ आत्मबललाई नै जान्छ।

के तपाइँ पनि आत्मबलसम्पन्न युवा बन्न चाहनुहुन्छ ? त्यसो हो भने तपाइँ यी उपायहरू अपनाउनुहोस्- नियमित योग व्यायाम गर्ने, प्राणायाम गर्ने (प्राणायामले प्राणवान् बनाउँछ)। कम्तीमा तीस मिनेट नियमित ध्यान गर्नुहोस् । आस्तिकतामा विश्वास गर्ने, झुटो नबोल्ने र नगर्ने, अध्ययनशील हुने, महापुरुषहरूको प्रेरणादायी जीवनी पढ्ने, नयाँनयाँ र कठिन स्थानको यात्रा गर्ने, यी कार्य गर्दै रहनोस्। त्यस्तै उच्च आत्मबल भएकाहरूसँग मित्रता गर्ने अनि संवाद गर्ने गर्नुहोस् । कुनै प्रतिज्ञा या सङ्कल्प गर्ने र त्यसलाई पूर्ण गर्ने कामतर्फ लाग्नुहोस् । दोस्रो चरणमा त्यसभन्दा ठूलो प्रतिज्ञा गर्ने र त्यसलाई पनि पूर्ण गर्ने गर्नुहोस्। यसरी क्रमशः ठूलो-ठूलो सङ्कल्प लिने र त्यसलाई प्राणप्रणले पूर्ण गर्दै जाने गरेमा आत्मबलमा जादुमय अभिवर्धन हुन्छ। लागू पदार्थ, नशालु पदार्थ, दुर्व्यसन, कुलत, कुसङ्गत छ भने त्याग्नु राम्रो हुन्छ अन्यथा आत्मबल बढ्न गाह्रो हुन्छ।

## युवा होस् त यस्तो

सबल युवा- समर्थ राष्ट्र । संस्कारवान् युवा- सुदृढ राष्ट्र । उद्यमशील युवा- समृद्ध राष्ट्र। अनुशासित युवा- सशक्त राष्ट्र। संयमित युवा- सन्तुलित राष्ट्र । भन्न खोजिएको के हो भने देशको युवाजस्तो हुन्छ राष्ट्र त्यस्तै हुन्छ । हाम्रो देश युवाहरूको देश हो किनकि यहाँ कुल जनसङ्ख्याको आधा भाग युवाशक्तिले भरिएको छ । कतिपय विकसित देश वृद्ध देश भइसकेका छन्, जहाँ युवा साह्रै थोरै र वृद्ध अत्यधिक मात्रामा छन्। जस्तो कि जापान, नर्वे, जर्मनी आदि।

युवा शब्दको उल्टो 'वायु' शब्द हुन्छ । वास्तवमा युवा त्यो हो जो वायुझैँ प्रवाहमान् एवं गतिशील हुन्छ। उमेर कलिलै छ तर जोश शून्य छ भने त्यो युवा हैन । जब कि उमेर पाको छ तर जोश र प्राण उच्च छ भने त्यो युवा हो । युवामा यौवन हुन्छ। यौवन भनेको उन्नतिशील जिन्दगी, उर्ध्वगामी जिन्दगी। यौवन त्यो हो जसले आफूजस्तै अरू सयौँलाई जन्म दिन्छ। ओइलिएको वृक्षले अरूलाई शीतलता दिँदैन । सुकेको बीउ माटोमा परे पनि उम्रँदैन। यसैलाई यौवनशून्यता भनिन्छ । यौनवशून्य युवावय मातृभूमिको भार

मात्र हो । यसमा सृजनात्मकता हुँदैन । युवा भन्नेबित्तिकै सृजनशील हुनैपर्छ । उदाहरणका रूपमा आदि शङ्कराचार्यलाई लिन सकिन्छ । उनी जम्मा बत्तीस वर्ष मात्रै बाँचे तथापि उनी नित्यनिरन्तर सृजनशील रहे । त्यति अल्प उमेरभित्रै उनले विश्वप्रतिष्ठित ग्रन्थ रचना गरे, भाष्य गरे । चार धाम र चार पीठको स्थापना गरे । पदयात्रा गर्दै हजारौँ कोश यात्रा गरे । यसैलाई युवाशक्ति भनिन्छ । आज नेपाल आमा यस्तै युवासन्तति खोजिरहेकी छन् ।

उपनिषद्मा एउटा भनाइ छ -'युवा स्यात्' अर्थात् सदैव युवा बन । यसको अभिप्राय शरीरले मात्रै तन्नेरी बनिरहोस् भनेको हैन । सदैव प्राणवान् बनौँ । ऊर्जावान् बनौँ । कर्मशील बनौँ । प्रतिभा परिष्कारमा निरन्तर लागी परौँ । सदैव आत्मबलले भरिपूर्ण बनौँ । 'युवा स्यात' भन्ने यस कथनको अर्थ यही हुनुपर्छ अर्थात् कि केवल युवा हैन युवा भन्न मिल्ने युवा बन ।

# युवा जनशक्तिको सार्थक उपयोग

✍ दीपेन्द्रबहादुर क्षेत्री

## १. विषय प्रवेश

युवा शक्ति मुलुकको ठूलो ऊर्जा हो । आफूमा अन्तर्निहित शारीरिक, बौद्धिक र चातुर्यको उपयोगबाट समस्त देश र व्यक्तिगत लाभ उठाउने सामर्थ्य युवा समुदायले राख्दछ । नेपालको विगत कोट्ट्याउँदा गोर्खा भर्ती र अनौपचारिक रूपले काममा बिदेसिने नेपाली युवाको परम्परा रोकिएन; बरु अर्को रूपमा बढेर गएको छ। आज विदेशी सेनामा भर्ती सङ्ख्यात्मक रूपले घटे पनि आकर्षण भने चुलिएको छ। अर्धदक्ष र अदक्ष कार्यदलको सङ्ख्या विश्वका कुनाकुनामा पुगेको छ। मलेसिया र खाडी मुलुकहरूमा विशेष रूपमा घनीभूत छ । विश्वका कतिपय कुनामा घटेका अनपेक्षित वा अपेक्षित घटनामा नेपाली मुछिएको पाइन्छ । काश्मीर, अफगानिस्तानका घटना हुन् वा कोलम्बिया, मेक्सिकोका घटना हुन् नेपालीहरू जोडिएका खबर आइरहन्छन् । केही दिनअघि मात्र अमेरिकाले गैरकानुनी ढङ्गले मेक्सिकोबाट त्यहाँ प्रवेश गरेका नेपाली युवालाई आफ्नै सैनिक थानामा राखी नेपाली पदाधिकारीलाई बुझाएको समाचार सार्वजनिक भएको थियो । विगतमा विदेशी सेनामा संलग्न रहेका नेपालीमध्ये कतिपय पपुवान्युगिनी, मलेसिया र म्यान्मारमा ठूलै समूहमा बसोवास गरेको पाइएको छ। हिजोको तुलनात्मक रूपले अनुदार परिस्थितिमा पनि नेपाली युवा बिदेसिएका थिए । आजको विश्वयीकरण भएको संसारमा उदारवादको प्रभावले हिजोको सीमित प्रवाहलाई ह्वात्तै बढाएर देशभित्र युवाको खडेरी पर्ने सम्भावना बढ्दै गएका बखत फेरि अनुदार प्रवृत्ति देखा पर्दै छ । युरोपमा खास गरी जर्मनीले खेपेको शरणार्थीको आप्रवाहले सो महादेशमा बेलायत, अस्ट्रेलिया, इटालीलगायतका देशमा आप्रवासन नीतिमा आमूल परिवर्तन आएको छ । अमेरिकाले विगतका नीतिहरू उल्ट्याउँदै गर्दा आप्रवासन नीतिमा पनि कठोरपन अवलम्बन गरेकाले त्यहाँ रहेका नेपाली विद्यार्थीलगायत युवा समूहमा खैलाबैला मच्चिएको छ । नेपालको युवा परिचालन र सो ऊर्जा नेपालकै हितमा उपयोग कसरी गर्न सकिएला भन्ने विषयमाथि यस आलेखमा प्रकाश पार्ने प्रयास गरिएको छ ।

## २. युवाको परिभाषा र कानुनी प्रावधान

८० वर्ष नाघेका नेताहरूको बाहुल्य रहेको राजनैतिक दलमा ६० कटेका नेतालाई पनि युवा नेता भनी सम्बोधन गर्ने चलन नेपालमा छ । नेपाली युवासम्बन्धी साहित्यमा युवालाई उमेरका आधारमा निर्क्यौल गर्ने चलन छ । अन्तर्राष्ट्रिय स्तरमा संयुक्त राष्ट्रसङ्घको जनसङ्ख्या, शिक्षा, रोजगारी र स्वास्थ्य पद्धति

विषयक तथ्याङ्क पुस्तक प्रयोजनका लागि १५ देखि २४ वर्ष उमेर समूहका व्यक्तिलाई 'युवा' भनिएको छ । खास गरी स्कुले शिक्षा पूरा गरी महाविद्यालयको शिक्षा हासिल गरेर रोजगारीका बजारमा प्रवेश गर्ने उमेर अवस्थाका आधारमा लिइएको उमेर समूह हो । राष्ट्रमण्डल (कमनवेल्थ) को मान्यतामा युवाको उमेर समूह १५ देखि २९ वर्ष मानिएको छ । अफ्रिकन युथ चार्टरले युवाका रूपमा १५ देखि ३५ वर्ष समूहलाई मान्यता दिएको छ । अफ्रिकी मुलुकको 'नाइजेरियाली राष्ट्रिय युवानीति' मा १८ देखि ३५ वर्षका व्यक्तिलाई युवा मानिएको छ ।

नेपालमा पहिले तीन वर्षीय अन्तरिम योजनाले युवाको उमेर समूह १५ देखि २९ वर्ष तोकेको थियो । चौधौँ योजनाले १६ देखि ४० वर्ष समूहका व्यक्तिहरू 'युवा' हुन् भनी मानेको छ । युथ भिजन २०२५ र राष्ट्रिय युवा नीति २०७२ ले पनि १६ देखि ४० वर्षभित्रका जनसङ्ख्यालाई युवा मानेको छ । यो समूह कुल जनसङ्ख्याको ४० प्रतिशत रहेको पनि जनाइएको छ ।

नेपालको संविधान २०७२ को धारा ५१ को राज्यका नीतिहरूमा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, समाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सृजना गर्ने उल्लेख छ । साथै युवा सशक्तीकरणका लागि शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकासमा सहयोग पुऱ्याउने उल्लेख छ ।

अर्थ मन्त्रालयको बजेट २०७३/७४ ले युथ भिजन २०२५ मा उल्लेख गरिएका पाँच विषयहरू गुणस्तरीय व्यावसायिक शिक्षा, रोजगारी, उद्यमशीलता र सीप विकास, युवा स्वास्थ्य र सामाजिक सुरक्षा, परिचालन र सहभागिता, नेतृत्व विकास र खेलकुद अनि मनोरञ्जन कार्यान्वयनमा ल्याइने उद्घोष गरिएको छ । ८० प्रतिशतभन्दा बढी युवा अनौपचारिक क्षेत्रमा रोजगारीमा संलग्न भएको तथ्याङ्क छ । ५५ प्रतिशत नेपाली घरपरिवारका कम्तीमा एक सदस्य वैदेशिक रोजगारीमा रहेको पनि पाइएको छ । झन्डै ४० लाख जनशक्ति (अधिकांशतः युवा) वैदेशिक रोजगारीमा रहेको अनुमान गरिएको छ । यस किसिमको परिस्थितिमा सुधार ल्याउन चौधौँ योजनामा प्रत्येक निर्वाचन क्षेत्रमा ग्रामीण युवा उद्यम कार्यक्रमअन्तर्गत '१० युवा एक उद्यम कार्यक्रम' भन्ने राष्ट्रिय स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम राखिएको थियो । यसै लयमा बजेट वक्तव्य २०७३/७४ मा '१० युवा एक उद्यम कार्यक्रम' का अतिरिक्त युवा शक्तिले सञ्चालन गर्ने छानिएका उद्यमलाई आवश्यक प्रविधि र बजार प्रवर्द्धनमा अनुदानका साथै उद्यम कार्यक्रमलाई निरन्तरता दिने उल्लेख छ । स्वरोजगारमा इच्छुक उद्यमीलाई सीपमूलक तालिम र सहुलियत दरमा पुँजी उपलब्ध गराउने व्यवस्था पनि बजेट वक्तव्यमा छ ।

## ३. गरिएका कामहरू

युवाको शक्तिलाई सकारात्मक दिशामा उन्मुख गराउन युवाहरूकै प्रयासमा सरकारले राष्ट्रिय युवा नीति २०७२ पारित गरेको छ । यस नीतिअन्तर्गत युवाको सर्वाङ्गीण विकासका लागि राज्यले पुऱ्याउनुपर्ने सहयोग, युवाका गतिविधिलाई

राष्ट्रको सेवामा कसरी परिचालित गर्ने भन्ने आधार भूत पक्षहरूको दिशानिर्देश गरिएको छ । त्यस्तै विश्वमा चलनचल्तीमा रहेका विज्ञान-प्रविधिका साधन र राष्ट्रिय आवश्यकतासमेत दृष्टिगत गरी युथ भिजन २०२५ पनि सार्वजनिक गरिएको छ । मुलुकका चुनौती र अवसरलाई जनता र देशको हितमा उपयोग गर्न युवाका ऊर्जाको महत्त्वपूर्ण भूमिका हुने भएकाले नेतृत्वमा अभ्यस्त गराउँदै अघि बढ्न सो दस्ताबेजले मार्गदर्शन गरेको छ । शारीरिक, मानसिक विकास र अनुशासनको दायरालाई महत्त्व दिई युवा तथा खेलकुद मन्त्रालयको गठनसमेत भएको छ । स्रोत र साधनको अपर्याप्तता र राजनैतिक अस्थिरताजस्ता पक्षहरू प्रबल भइरहेको स्थितिमा मन्त्रालयको उल्लेख्य भूमिका निर्वाह गर्ने परिस्थिति नभए तापनि आगामी दिनमा युवाबारे राज्यले चाल्नुपर्ने कदमबारे दस्ताबेजीकरण भने हुन सकेको विश्वास लिइन्छ ।

बेरोजगारीको समस्याले विदेशतिर लाग्नुपर्ने युवाको बाध्यतालाई मनन गरी सन् २००८ मा युवा तथा साना व्यवसायी स्वरोजगार कोष खडा गरिएको छ । बेरोजगार युवालाई उद्यमसम्बन्धी तालिम दिने र रु. २ लाखसम्मको कर्जा बैङ्क/वित्तीय संस्था/सहकारीबाट उपलब्ध गराउने व्यवस्था पनि गरिएको छ। परियोजनालाई ठूलो तहमा सञ्चालन गर्न चाहनेका हकमा बढीमा २५ जनासम्मको समूहलाई रु. ५० लाखसम्मको कर्जा प्रदान गर्न सकिने व्यवस्था पनि रहेको पाइन्छ । सामूहिक रूपमा काम गर्ने अनि योजना निर्माण गरी उत्पादनका साथै बजारीकरण गर्दै अन्य युवालाई पनि विकल्प प्रदर्शन गर्ने काममा सामूहिक कर्जाले दिशानिर्देश गर्ने अपेक्षा लिइएको छ । यस प्रयोजनका लागि उमेरको दायरा १८ वर्षदेखि ५० वर्षसम्मको सीमा कायम गरिएको छ । पछिल्लो तथ्याङ्कअनुसार (२०७२ असार मसान्तसम्म) २४ बैङ्क/वित्तीय संस्थाहरू र ६२४ सहकारीबाट रु.६२३.९८ करोड बराबर सम्झौता भएको रु. २७२.०६ करोड लगानी भएको छ । २०७३ असार मसान्तसम्म रु. १२६.०६ करोड असुली भएको तथ्याङ्क सार्वजनिक भएको छ । सम्झौता गरिएको रकमभन्दा झन्डै एक तिहाइ मात्र कर्जा प्रवाह हुनुलाई सन्तोषजनक मान्न सकिएन । नेपालका मनाङ र मुस्ताङबाहेकका ७३ जिल्ला समेटेको यस कार्यक्रमबाट ३१,४४० युवाहरू स्वरोजगार भएको तथ्याङ्क प्रकाशित भएको छ ।

## ४.समसामयिक युवा मनस्थिति र अवस्था

विद्याआर्जन गरी श्रमबजारमा प्रवेश गर्ने अवधिदेखि युवा अवस्था सुरु हुने मान्यताअनुसार सो उमेर समूहका जनशक्तिको मानसिकता महत्त्वपूर्ण ठानिन्छ । १०+२ उत्तीर्ण गरिसकेपछि आर्थिक औकातले भ्याएसम्म विदेशमा पढ्ने र श्रम पनि साथसाथै गर्ने मानसिकतामा विद्यार्थी वर्ग रहेको पाइन्छ । अभिभावकहरू पनि आफ्ना सन्ततिको आशयलाई सम्मानित गर्न हर प्रयत्नमा जुटेको पाइन्छ। भविष्यमा आर्थिक रूपले टेवा पनि मिल्न सक्ला भन्ने उम्मिद र प्रमुख रूपमा आफ्नो सन्तान विदेशमा अध्ययन गर्दै छ भन्ने कुरा आफ्नो समुदायमा देखाउन पनि यस्तो प्रयत्न भएको र अरूले अनुसरण गरेको पाइन्छ । अध्ययन जारी राख्न नसक्नेका हकमा अदक्षका हैसियतले सही वैदेशिक श्रमबजारमा होमिने चलनले व्यापकता

पाएको छ ।

वैदेशिक रोजगारबाट केही व्यावहारिक सीप, वित्तीय स्रोत र अनुभव लिई स्वदेशमै केही गरौँ भन्ने भावनाले प्रेरित भई काम थाल्ने चेष्टालाई पनि सकारात्मक रूपमा लिइन्छ । तर विदेशमा व्यवस्थित रूपमा सञ्चालन हुँदै आएको उद्यम व्यवसायमा अभ्यस्त भएका र व्यवस्थापकीय पाटोमा सानो अंशमात्र जिम्मेवारी लिई फर्केका युवा स्वदेशमा केही गर्नसक्ने झिनो अठोट लिएर आएका हुन्छन् तर यहाँको सैद्धान्तिक कोरा आश्वासन र प्रशासनिक एवं बजारको मनोमानी व्यवहारबाट निरूत्साहित हुन पुग्दछ । प्रशासनिक निर्णयहरू लिइँदा उद्यमीबाट कलम चलाएवापत केही अंश आफूलाई पनि चाहिन्छ भन्ने मानसिकताले 'रोयल्टी' को अपेक्षा राखी ढिलासुस्तीका साथै प्रक्रियागत लम्याइबाट अनुभूत गराइन्छ । यी सबै अनपेक्षित परिस्थितिबाट गुज्रँदै केही उद्यमीले वैदेशिक रोजगारबाट फर्केर निजी वा सामूहिक तबरले स्वरोजगार/रोजगारीका अवसर सिर्जना गरेका छन् ।

विदेशमा भोग्नुपर्ने परिस्थितिजन्य जटिलता र विभेदलगायत पारिवारिक सामीप्यबाट अलग हुनुपर्ने बाध्यात्मक अवस्था आर्थिक रूपले केही लाभदायक भए पनि सामाजिक र सांस्कृतिक रूपले ठूलो लागत बेहोर्नुपर्ने अवस्था छ । ज्यानको जोखिम त छँदै छ । स्वदेशमा प्राकृतिक स्रोत र साधनको प्रचुरताको व्याख्या हुने, जलवायु, माटाको प्रकृति, पानीको प्रचुरता आदि मनन गर्दा खाडी मुलुकको शुष्क वातावरणमा कृत्रिम रूपले लिइएको लाभको तुलना गर्दै हौसिनेको सङ्ख्या प्रशस्तै छ । उपलब्ध स्रोतको उचित व्यवस्थापनमा उदासीनता र सार्वजनिक पद अरूको सेवा र सहजीकरणका लागि भन्दा कमाउ धन्दाका लागि हो भन्ने तुच्छ मानसिकताको सिकार युवा वर्ग भएको छ । त्यसैले विश्वका अति जोखिम ठानिएका क्षेत्रमा नेपालीको घनत्व बढी पाइन्छ । विडम्बना भनौँ राज्यले प्रतिबन्ध लगाएका इराक र अफगानिस्तान जस्ता मुलुकमा क्रमशः करिब ४० हजार र १ लाखको सङ्ख्यामा नेपाली जनशक्ति डटेको आकलन गरिन्छ । त्यस्तै क्षेत्रमा गैरकानुनी ढङ्गले नेपाली युवतीहरू पुऱ्याइएका छन् । सरलताका निम्ति नेपाली जस्तोसुकै जोखिम मोल्न सक्षम छन् भनिए पनि अन्य मुलुकका नागरिकले निकृष्ट ठहऱ्याएका काम र उच्च जोखिम क्षेत्रमा हेलिनु नेपाली राष्ट्रियताको अवमूल्यन गर्ने बाटो पनि हो भन्ने मान्नुपर्छ ।

## ५. युवा जमातमा देखिएका समस्या

विद्यालय तहमा नै भौतिक र मानसिक कामप्रति उदासीनता जगाउने वातावरण ऊर्जाशील युवा जमातका अपेक्षामा घातक प्रवृत्ति हो । अभिभावकलाई छल्नु, अवज्ञा गर्नु, गुरुजनलाई आदर भाव नदर्साउनु आजका सहरी माध्यमिक विद्यालयहरूमा व्याप्त प्रवृत्ति हो । स्वच्छन्दता अनि आफूले संसार बुझेको छु भन्ने घातक मानसिकता उपलब्ध सञ्चार उपकरण र गाउँसम्म पुगेको 'केबल नेटवर्क' को परिणति पनि हो । टेलिभिजनको सेवा दूरदराजमा पनि इज्जतको प्रश्न बनाउँदै उपलब्ध गराइनु तर देश अनुकूल शिक्षाप्रद कार्यक्रमको अभाव हुनु तर मनोविनोदी सामग्री, त्यो पनि विदेशीको भद्दा प्रस्तुतिको अन्धानुकरणले कामकर्तव्यप्रति उदासीन भई आमोदी प्रवृत्तिमा व्यग्र बन्ने वातावरण तयार हुनु किमार्थ राम्रो

होइन । सञ्चार माध्यममा नेपाली कार्यक्रमकै गुणस्तरीयताको प्रश्न एकातिर छ भने अर्कातिर अनियन्त्रित भड्किला कार्यक्रम छिमेकी देशबाट सहजै उपलब्ध भइरहेबाट शिक्षा लिने, आदर्शबाट निर्देशित हुनेभन्दा अन्धानुकरणमार्फत श्रम र कर्तव्यप्रति उदासीन बन्ने वातावरणको बढोत्तरीले परिश्रम, जनशक्ति र कर्तव्यपरायणतामा न्यूनता आएको छ । वैदेशिक रोजगारमा पनि यसको प्रभाव देखा पर्दछ ।

देखासिकीकै भरमा भए पनि न्यूनतम तह पार गरेपछि विदेश नै जानुपर्दछ भन्ने विचारले घर गर्दा त्यो जनशक्ति स्वदेशमा रत्तिँदैन । विदेशमा पाइने पारिश्रमिक र स्वदेशमा उपभोग गरेको स्वच्छन्दताको परिकल्पनामा गुज्रेको युवालाई वैदेशिक रोजगारीमा पनि टिक्न हम्मे पर्दछ । वस्तुगत परिस्थितिलाई सही ढङ्गले आकलन गर्न नसक्दा उच्छ्रङ्खलता प्रदर्शन हुन पुगी वैदेशिक रोजगारबाट अलग्गिनुपर्ने अनि मानसिक एवं शारीरिक क्षति बेहोनुपर्ने अवस्था पनि सिर्जना भएको छ ।

मुलुकमा पाउनुपर्ने न्यूनतम सीपसम्बन्धी ज्ञान, सम्बन्धित मुलुकको आर्थिक, सामाजिक र सांस्कृतिक मान्यताको ज्ञानका अभावमा पनि युवाले धोखा पाइरहेका छन् । झुट्टा दुर्व्यवहारको लाञ्छनाले अनाहकमा कारावासको सजाय भोग्नुपर्ने, सडक दुर्घटनामा ज्यान गुमाउनुपर्ने र सुतेकै ठाउँमा जीवनलीला बिसाउनुपर्ने घटना निरन्तर बढिरहेका छन् । यो पक्ष स्वदेशबाट पठाउने एजेन्सीको चलाख्याइँ र सम्बन्धित कामदारको पहिलो विदेशी भूमिमा त टेकौँ, उपाय लागिहाल्छ भन्ने अधूरो मान्यताको फल हो ।

शिक्षा जीवन उपयोगी माध्यम हो भन्नुभन्दा पनि प्रमाणपत्र भएपछि सबै समाधान हुन्छ भन्ने मान्यताले घर जमाउनु भनेको श्रम बजार र औपचारिक शिक्षाबीचको दूरी कायम हुनु हो । व्यावहारिक शिक्षाको अभाव र टारटुर गर्ने प्राविधिक शिक्षासम्बन्धी तालिमले ज्ञान/सीपको अपूर्णता जन्माउने र अपेक्षित नतिजा न्यून रहने कारणले रोजगारदाता र कामदारबीचको अन्तर्द्वन्द्व बढाउने गरेको छ। प्राविधिक शिक्षा, जो व्यवहारमा उतार्न सकिन्छ, मा पर्याप्त ध्यान जान सकेको देखिँदैन ।

कामप्रतिको सम्मान नेपालमा खस्कँदो प्रवृत्ति बन्दै गएको छ। यान्त्रिकीकरण बढ्दै जानु, केही हदसम्म आयआर्जन र आर्थिक स्रोतको जोहो निर्वाहकै रूपमा भए पनि सहज हुनु जस्ता कारणले हत्तपत्त सामान्य काम नछुने प्रवृत्ति बढेको छ । सबैलाई बैङ्कै कर्मचारी बन्नुपर्ने, डेस्कको काममा रमाउने र शारीरिक काम परेमा कुण्ठा व्यक्त गर्ने अवस्था मानवीय प्रवृत्तिभन्दा पनि कामलाई सम्मान गर्न हिच्किचाउने संस्कृतिको द्योतक हो । कपाल काट्ने अनि जुत्ताछाता मर्मत गर्ने जस्ता काममा झन्डै शत प्रतिशत जनशक्ति गैरनेपाली छन्। १५ मिनेट खर्च गरी कपाल काट्नेले आफ्नो सङ्गठनले तोकेको पारिश्रमिक असुल्दै आएको छ । सोही पद्धति जुत्ता टल्काउने, मर्मत गर्नेको पनि हो । यस्ता क्षेत्रमा नेपाली जनशक्ति बेखबर छ। स्तरीयता कायम गरी बजारको अंश ओगट्ने दिशामा गर्नुपर्ने प्रोत्साहन संस्थापन पक्षबाट पनि छैन र बेरोजगार भनिएको युवापङ्क्ति पनि काम सानो हुँदैन भन्ने आदर्शबाट उत्प्रेरित छैन ।

## ६. गर्नुपर्ने काम

सीप, दक्षता र मिहिनेतले जस्तै समस्याको समाधान खोज्न र ऐश्वर्य प्राप्त गर्न सघाउँछ भन्ने भावनाबाट जनशक्तिलाई दीक्षित गरिनुपर्दछ । विद्यालय शिक्षाबाटै व्यावहारिक गृहकार्य, सामुदायिक सेवा भाव प्रवर्द्धन गर्न सामूहिक काममा पनि विद्यार्थीलाई उद्धत गराइए जिम्मेवारीबोध गर्नसक्ने देखिन्छ । माध्यमिक शिक्षाको अवधि जीवनको आधारशिला कायम गर्ने वेला भएकाले पुरानो पिँढीलाई अभिभावक, शिक्षक/शिक्षिका, सामुदायिक अगुवाको सम्मान र उनीहरूका राम्रा गुण अनुसरण गर्न सहजीकरण गरिनुपर्दछ। सकारात्मक पक्षहरू ग्रहण गर्दै आफ्नो प्रतिभाको समेत प्रवर्द्धन गर्ने अवसर मिले असल नागरिक उत्पादनमा टेवा मिल्नेछ ।

राष्ट्रिय विकास सेवाको संज्ञाबाट सञ्चालित कार्यक्रमले ग्रामीण क्षेत्रमा चेतना प्रवर्द्धन गर्न, आपसी सद्भाव बढाउन, देशको वस्तुस्थिति बोध गर्न र व्यक्तिगत सोचको दायरा विस्तृत गर्न मदत पुऱ्याएको थियो । हाल पनि सरकारी छात्रवृत्तिमा एम.डी. र एम.एस. गर्ने विशेषज्ञ चिकित्सकलाई निश्चित अवधिसम्म दुर्गम क्षेत्रमा अनिवार्य रूपले पठाउने व्यवस्था बजेटमा उल्लेख गरिएको छ। अन्य प्राविधिक र अप्राविधिक शिक्षाका उच्च तहमा राष्ट्रिय विकास सेवाको प्रावधान अनिवार्य गर्न सके विविध विधामा ज्ञान र चेतनको अभिवृद्धिका साथै राष्ट्रियता सुदृढ गराउन दह्रो सहयोग मिल्न सक्नेछ। विकास र निर्माणका काममा पनि त्यत्तिकै सहयोग पुग्नेछ । राज्यले व्यवस्थित गर्न नसक्ने कमै हुन्छन्। विगतमा निजी क्षेत्रभन्दा शिक्षण संस्थाबाट दीक्षित जनशक्तिको नकारात्मक दबाबका कारण ऐच्छिक बनाउँदै निमिट्यान्न पारिएको यो प्रविधि ब्युताउँदै राष्ट्र, राष्ट्रियता र मुलुकको चौतर्फी विकासको ढोका पुनः खोल्न आवश्यक देखिन्छ ।

वैदेशिक रोजगारीबाट वैयक्तिक रूपले युवा लाभान्वित भएका छन् तर त्यसको सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक लागत निकै ठूलो छ । राज्यले सटहीका रूपमा सही विदेशी मुद्राको सञ्चिति बढ्दै गएको अनुभूति गरेको छ । तर झन्डै वार्षिक बजेटको आधाआधी, कुल राष्ट्रिय उत्पादनको ३० प्रतिशत जति हुन आउने विप्रेषणको रकमको सदुपयोगितामा ठोस कदम चाल्न सकिएको छैन। केन्द्रीय बैङ्कले चालेको कदम पनि सफल हुन सकेको छैन। सरकारी प्रत्याभूतिमा मध्यम खाले जलस्रोत परियोजना पहिचान गरी विप्रेषणको रकम उपयोग गर्ने उद्घोष गरी जसको व्यवस्थापन निजी क्षेत्रले गर्ने जिम्मेवारी तोकिएमा हाल पनि उक्त रकम जलस्रोत विकासमा उपयोग हुने देखिन्छ । विश्वासको खडेरी परेका वेला अकल्पनीय दुःखले आर्जेको विप्रेषणको रकम खेर जाला भन्ने त्रास रहनु अस्वाभाविक होइन । त्यसको समाधान सरकारले दिन सक्नुपर्दछ ।

युवानीति र युवा दूरदृष्टि सैद्धान्तिक रूपले मार्गदर्शनका दस्ताबेज हुन् । कार्यान्वयनको पाटो नितान्त महत्त्वपूर्ण छ । युवामा नेतृत्व विकास, जोखिम मोल्ने साहसमा होशपूर्ण निर्णय पद्धति विकसित गर्न राज्य सञ्चालनका अङ्गहरूमा उनीहरूलाई सरिक गराउँदै लैजानुपर्दछ। मुलुकको जैविक विविधता, वनजङ्गलको संवर्द्धन, फालिएका टारको सदुपयोग, बढ्दै गएको जमिन बाँझो राख्ने प्रवृत्ति चुनौतीपूर्ण छन् । यस्ता समस्याको

समाधानका लागि राज्यले 'चुनौती कोष' खडा गरी परियोजनाको परिकल्पना, कार्यान्वयन पद्धति र सम्भावित उपलब्धि वा जोखिमका विषयमा युवाक्षमताको उपयोग गरिनुपर्दछ ।

अन्वेषण र वैज्ञानिक कार्यमा संलग्न युवालाई प्रोत्साहन दिने सैद्धान्तिक रटानलाई व्यवहारमा उतार्दै विदेशमा ख्याति कमाएका नेपाली युवालाई नेपालमा निम्त्याई ज्ञानसीपबारे उद्बोधन गर्न लगाउने, विकास र समृद्धिमा लागेका युवालाई अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा १० युवालाई पुरष्कृत र सम्मानित गरिने (आर्थिक सर्वेक्षण २०७३) कुरा उल्लेख भएको छ । यसलाई व्यवहारमै उतारिनुपर्दछ । उपलब्धिको लेखाजोखासहित सम्मान गर्ने परम्परा कायम रहेमा प्रोत्साहन मिल्नेछ ।

## ७. निष्कर्ष

युवा जनशक्ति मुलुकको वर्तमान र भविष्य दुवै हो । नेपालमा यो भनाइ व्यङ्ग्यका रूपमा चित्रित छ । अनुपम प्राकृतिक सम्पदाले युक्त रहेको देशमा अनगिन्ती सम्भावना हुँदाहुँदै पनि युवा जनशक्ति बाहिरिनुपर्ने मनोदशा विडम्बनापूर्ण छ । शिक्षाको गुणस्तर, बदलिँदो राजनीति, आर्थिक परिवेश, जीवनलाई सहज रूपमा ऐयासी रूपले उपयोग गर्नुपर्दछ भन्ने मान्यतालाई राष्ट्रिय आयको उपलब्धता र निकट भविष्यमा प्राप्त गर्नसक्ने सम्भावनाले पुष्ट्याइँ गर्दैन । तैपनि समाज उपभोक्तावादको भुमरीमा फसेको छ । आफ्नो उत्पादन घट्दै जानु, उपभोगमा विलासिता बढ्दै जानुलाई विप्रेषणले थेगेको छ भनी मख्ख पर्नु क्षणिक आनन्द हो तापनि थेग्न सकिने परिस्थिति भने होइन । त्यसैले शैक्षिक वातावरणमा आमूल परिवर्तन, सीपविकासमा विशेष जोड, कामलाई सम्मान गर्ने प्रवृत्तिमा विकास र मिहिनेत गर्ने बानीमा सुधार ल्याउन सके युवाको जोश, जाँगर र गुणवत्ताले राष्ट्रिय अन्तर्राष्ट्रिय दुवै ठाउँमा छवि उजिल्याउन सघाउ पुग्नेछ । राज्य जत्तिको जिम्मेवार ठानिन्छ नागरिकको भविष्यनिर्माणमा त्योभन्दा कम परिवार पनि छैन । त्यसैले व्यक्ति, समुदाय र राज्यले युवाका क्षमताको सदुपयोगका निम्ति सबै प्रयास जारी राख्दै क्रियाशील सक्रियता बढाउनु आवश्यक देखिन्छ ।

पूर्वगर्भनर, नेपाल राष्ट्र बैङ्क

# दिगो विकास, लक्ष्यप्राप्ति र नेपाल

✍ महेशप्रसाद दहाल

## भूमिका

दिगो विकास लक्ष्य समकालीन विकासको चुनौती र अवसर हो। कहीँ पनि विकासबिना समृद्धि असम्भव छ । समृद्धिप्राप्तिका लागि विकासलाई दिगो, धान्न सक्ने र टिकाउ बनाउन जरूरी छ । दिगो विकास वर्तमान विश्वमा विकसित, विकासशील र अल्पविकसित राष्ट्रहरूको साझा ध्येय हो । दिगो विकासद्वारा राष्ट्र र जनताका आकाङ्क्षालाई सम्बोधन गरी समृद्धितर्फ उन्मुख हुने कुरा नै आज सबैका लागि चिन्ताको विषय बनेको छ । विश्वव्यापीकरण, उपभोग प्रवृत्तिमा आएको व्यापक परिवर्तनमा वातावरणीय ह्रास र विश्वव्यापी जलवायु परिवर्तन, स्रोतको अन्धाधुन्ध प्रयोग एवं विश्वव्यापी रूपमा बढ्दै गएको नतिजाका कारण दिगो विकास चुनौतीको विषय बन्दै गएको छ ।

## दिगो विकास

Brundtland Commission (१९८७), Our Common Future Report ले दिगो विकासलाई "Development that meets the needs of the present without compromising the ability of future generations to meet their own needs" भनेको छ । दिगो विकासको मूल लक्ष्य विश्वव्यापी दीर्घकालीन वातावरणीय चासो र मूल्य एवं मन्यतालाई संरक्षण गर्दै आर्थिक विकास र समृद्धितर्फ उन्मुख हुने रहेको छ। दिगो विकासको अवधारणाले विकासका समष्टिगत रणनीतिहरू र वातावरणीय संरक्षणका प्रयासहरूलाई एकीकृत गर्दै विकासलाई दीर्घकालसम्म टिकाउ हुने गरी व्यवस्थापन गर्ने कार्यमा जोड दिन्छ । दिगो विकासका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा गरिने नीति निर्णयहरूमा आर्थिक, वातावरणीय र सामाजिक सरोकारका विषयहरूलाई एकीकृत गर्ने र परिपालनाको सुनिश्चतता गर्ने गराउने कार्यमा जोड दिइन्छ। प्राकृतिक एवं मानवनिर्मित स्रोत, साधन र सम्पदाहरूको संरक्षण, उचित दोहन र एकीकृत परिचालनबाट मात्र दिगो विकास प्राप्त हुनेमा यस अवधारणाले जोड दिन्छ । सारमा भन्नुपर्दा प्राकृतिक स्रोत-साधनको विनाश नगरी संरक्षण र उपयोगबाट बुद्धिमत्तापूर्ण विकासलाई अघि बढाउने विकास अवधारणा नै दिगो विकास हो भन्न सकिन्छ ।

दिगो विकास समावेशी हुनुका अतिरिक्त गरिबी न्यूनीकरण एवं जनताको समृद्धिका लागि पर्यावरणीय रूपमा प्रभावकारी हुनुपर्दछ । यसले वर्तमान मात्र नभई भावी पुस्ताका बारेमा समेत यथेष्ट ध्यान दिएको हुनुपर्दछ । दिगो

विकासले "environment sustainability, economic sustainability and socio-political sustainability" बीच उपयुक्त सन्तुलन र सामञ्जस्यता कायम गर्ने लक्ष्य लिएको हुन्छ ।

## नेपाल र दिगो विकास

नेपाल एक अल्प विकसित राष्ट्र भई न्यून आर्थिक वृद्धि, सामाजिक-आर्थिक अल्पविकसितता, कामदार प्रतिव्यक्ति आय र मानवविकास जस्ता चुनौतीबाट गुज्रिरहेको छ । आन्तरिक द्वन्द्वपश्चात् पनि कमजोर आर्थिक पर्यावरणीय अवस्था, संरचनागत रूपमा विद्यमान गरिबी र असमानता एवं समाजमा गढेर रहेको सामाजिक वञ्चितीकरणबाट अझै नेपाल माथि उठन सकेको छैन । हाम्रो विकास प्रयासमा लैङ्गिक, सामाजिक र भौगोलिक क्षेत्रबीच रहेको गरिबीको ठूलो खाडलले थप चुनौती सृजना गरेको छ । अझै पनि करिब २५ प्रतिशत जनसङ्ख्या निरपेक्ष गरिबीको रेखामुनि रहेको छ । भूकम्पपश्चात् गरिबी अझ बढेको छ ।

संयुक्त राष्ट्रसङ्घको सदस्यका रूपमा नेपाल दिगो विकासको विश्वव्यापी अभियानमा सहस्राब्दी विकास लक्ष्य (MDGs) को तयारी चरणदेखि नै सक्रिय रहँदै आएको छ । नेपालको सामाजिक, आर्थिक एवम् पूर्वाधार विकासमा दिगो विकासका लक्ष्य र उद्देश्यहरू योजनापद्धतिमा एकीकृत र समाहित गरिँदै पनि आइएको छ । विगतदेखि नै राष्ट्रिय आवधिक योजना, क्षेत्रगत र विषयगत योजनाहरूमा दिगो विकासका नीति, रणनीति र कार्यक्रमहरू एकीकृत गर्ने प्रयास भएका छन् । खास गरी मानवविकास र सामाजिक विकासका क्षेत्रमा (MDGs) अन्तर्गत नेपालले हासिल गरेको प्रगति उल्लेखनीय रहेको छ । UN General Assembly ले Sustainable Development Goals (SDGs) पारित गर्नुभन्दा अगाडिदेखि नै नेपालले MDGs मा आधारित भएर सन् 2016-2030 का SDGs का लक्ष्यहरू निर्धारण गर्ने कार्य थालनी गरेको थियो । हाल प्रमुख सूचकसहितको Sustainable Development Goal (2016-2030) National Report तयार गरिएको छ जसमा प्रत्येक SDGs का लागि राष्ट्रिय नीति कस्तो हुने र केकति कार्यक्रमले लक्ष्यप्राप्तिमा सघाउने भन्ने उल्लेख गरिनुका साथै त्यसको विश्लेषण पनि गरिएको छ ।

नेपालले सन् २०३० सम्ममा Middle Incom Countries को सूचीमा पुग्ने लक्ष्य लिएको छ । यसका लागि सन् २०२२ सम्ममा Least Developed Country (LDC) का तहबाट माथि उठ्ने (Graduate) लक्ष्य पनि लिइएको छ । यी दुवै लक्ष्य एवं उद्देश्य परिपूर्ति गर्ने क्रममा नेपालले SDGs को लक्ष्य र सूचकहरू पूरा गर्ने गराउने प्रतिबद्धतासमेत देखाएको छ । जसका लागि राजनैतिक, प्रशासनिक, निजी एवं सामुदायिक क्षेत्र र नागरिक समाजबाट एकीकृत प्रयास हुन जरुरी हुन्छ । यी लक्ष्यहरू परिपूर्ति गर्न युवाशक्तिको भूमिका निकै महत्त्वपूर्ण रहन्छ ।

## दिगो विकासका लक्ष्यहरू (SDGs)

Sustainable Development Goals (SDGs) लाई दिगो विकासका विश्वव्यापी लक्ष्यहरू भनिन्छ । दिगो विकासका लागि विगत ३ दशकदेखि विश्वव्यापी एजेन्डा तय गर्ने प्रयास

भएको पाइन्छ । Millennium Development Goals (MDGs) दिगो विकासका लक्ष्यप्राप्तिको आधारभूत जगका रूपमा रहेको छ । यो विश्वव्यापी आह्वान हो जसका माध्यमबाट सन् २०३० भित्र गरिबीको अन्त्य, पृथ्वीको रक्षा, विश्वशान्ति र समृद्धिको आकाङ्क्षा राखिएको छ । यी विश्वव्यापी दिगो विकासका लक्ष्यहरू UN General Assembly ले 25 September 2015 पारित गरी कार्यान्वयनमा ल्याएको छ । त्यसैले SDGs लाई Development Agenda Beyond 2015 भनेर पनि बुझिन्छ ।

दिगो विकास लक्ष्यअन्तर्गत १७ वटा लक्ष्यहरू निर्धारण गरिएका छन् । MDGs मा प्राप्त उपलब्धिलाई ध्यान दिई climate change, economic inequality, innovation, sustainable consumption, peace and justice जस्ता पक्षहरूलाई समेटेर SDGs निर्धारण गरिएको हो । यी लक्ष्यहरू एकार्कासँग अन्तर्सम्बन्धित भई दिगो विकासप्राप्तिका दिशामा निरन्तर सहयोगी बन्ने अपेक्षा राखिएको छ ।

दिगो विकासको लक्ष्य विश्वव्यापी साझा कार्यसूची हो जसका माध्यमबाट वर्तमान विश्वले भोगिरहेका प्रमुख चुनौतीहरू गरिबी न्यूनीकरण, जलवायु परिवर्तन र आन्तरिक एवं बाह्य द्वन्द्वको अन्त्य गर्ने रणनीतिक योजनाका रूपमा यसले काम गर्नेछ ।

## दिगो विकासका १७ वटा लक्ष्यहरू र आर्थिक समृद्धिप्राप्ति

लक्ष्य १. सबै प्रकारका गरिबीलाई सबै ठाउँबाट अन्त्य गर्ने (End poverty in all its forms everywhere)

लक्ष्य २. भोकमरीको अन्त्य गर्ने, खाद्यसुरक्षा तथा उन्नत पोषण हासिल गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने (End hunger, achieve food security and improved nutrition and promote sustainable agriculture)

लक्ष्य ३. स्वस्थ जीवन सुनिश्चित गर्ने र सबै उमेरका सबै मानिसको कल्याणको प्रवर्द्धन गर्ने (Ensure healthy lives and promote well-being for all at all ages)

लक्ष्य ४. सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा आजीवन सिकाइलाई प्रवर्द्धन गर्ने (Ensure inclusive and equitable quality education and promote lifelong learning opportunities for all)

लक्ष्य ५. लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरूको सशक्तीकरण गर्ने (Achieve gender equality and empower all women and girls)

लक्ष्य ६. सबैका लागि सफा पानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्ने (Ensure availability and sustainable management of water and sanitation for all)

लक्ष्य ७. सबैका लागि खर्चले धान्न सक्ने, भरपर्दो, दिगो तथा आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने (Ensure access to affordable, reliable, sustainable and modern energy for all)

लक्ष्य ८. सबैका लागि समावेशी तथा दिगो

आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रवर्द्धन गर्ने (Promote sustained, inclusive and sustainable economic growth, full and productive employment and decent work for all)

लक्ष्य ९. बलियो पूर्वाधार निर्माण गर्ने, औद्योगीकरणलाई दिगो बनाउने तथा नवीन खोजलाई प्रोत्साहन गर्ने (Build resilient infrastructure, promote inclusive and sustainable industrialization and foster innovation)

लक्ष्य १०. देशभित्रै वा देशहरूबीच रहेको असमानतालाई न्यून गर्ने (Reduce inequality within and among countries)

लक्ष्य ११. सहरहरूलाई समावेशी, सुरक्षित, सबल र दिगो बनाउने (Make cities and human settlements inclusive, safe, resilient and sustainable)

लक्ष्य १२. दिगो उपभोग तथा उत्पादनको ढाँचा सुनिश्चित गर्ने (Ensure sustainable consumption and production patterns)

लक्ष्य १३. जलवायु परिवर्तन तथा यसका प्रभावहरू विरुद्ध लड्न तत्काल कारबाही थाल्ने (Take urgent action to combat climate change and its impacts)

लक्ष्य १४. समुद्र, महासागर र समुद्री स्रोतहरूको संरक्षण तथा दिगो प्रयोग गर्ने (Conserve and sustainably use the oceans, seas and marine resources for sustainable development)

लक्ष्य १५.वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण विरुद्ध लड्ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने (Protect, restore and promote sustainable use of terrestrial ecosystems, sustainably manage forests, combat desertification, and halt and reverse land degradation and halt biodiversity loss)

लक्ष्य १६. न्यायपूर्ण, शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्द्धन गर्ने (Promote peaceful and inclusive societies for sustainable development, provide access to justice for all and build effective, accountable and inclusive institutions at all levels)

लक्ष्य १७. दिगो विकासका लागि विश्वव्यापी साझेदारीलाई पुनर्जीवन दिने (Strengthen the means of implementation and revitalize the Global Partnership for Sustainable Development) ।

## दिगो विकासका चुनौतीहरू

विश्वको कुल जनसङ्ख्याको १७ प्रतिशत प्रतिदिन १.२५ डलरभन्दा कम आम्दानीमा बाँचिरहेको छ जसको तात्पर्य १.२ अर्ब विश्वको जनङ्ख्या निरपेक्ष गरिबीको चपेटामा परेको छ । करिब ८७ करोड जनता कुपोषण र ७८ करोड शुद्ध खानेपानीको सुविधाबाट वञ्चित छन् । प्राकृतिक स्रोत र सम्पदाहरूको Inefficient तथा Wasteful उपयोग बढिरहेको छ। बढ्दो उपभोग प्रवृत्तिले गर्दा प्रकृतिक स्रोतको अभाव र तिनको खिइने क्रम (Depletion) विकराल हुँदै गएको

छ । इन्धनको अत्यधिक प्रयोग, उपभोग प्रवृत्तिमा भएको व्यापक परिवर्तन र प्राकृतिक स्रोत साधनको दुरुपयोगले विश्वव्यापी रूपमा वायु प्रदूषण र गर्मी बढिरहेको छ । मौसम र हावापानी परिवर्तन चुलिँदो छ । समुद्र सतह बढ्ने, हिमाल पग्लने र हिमताल विष्फोट हुनेजस्ता जोखिम बढ्दै गएका छन् । परिणामतः हिमाली पारिस्थितीय प्रणाली (Mountain Eco-System) मा नकारात्मक प्रभाव परिरहेको छ । प्राकृतिक स्रोत साधनको अधिक दोहन र अन्धाधुन्ध उपभोगकै कारण प्राकृतिक प्रकोपहरू खास गरी बाढी, पहिरो, हिम पहिरो, सामुद्रिक सतह बढ्ने, हिउँ पग्लिने र हिमताल विष्फोट हुनेजस्ता जोखिमहरूबाट सम्बद्ध देशहरू प्रभावित बन्न थालेका छन् । इन्धन र ऊर्जाको आवश्यकता परिपूर्ति गर्न आणविक भट्टी र खनिज तेलको उत्पादन बढेको र उत्सर्जित फोहोरमैलाको कमजोर व्यवस्थापनबाट दूषित ग्यासले पर्यावरणीय जोखिम पनि बढ्दै गएको छ । बहुमूल्य एवं लोपोन्मुख जीवजन्तु एवं वनस्पतिको चोरी-निकासी र विनाशमा कमी आएको छैन । देशीय, क्षेत्रीय र विश्वव्यापी राजनीतिक द्वन्द्वको अवस्था, हातहतियारको होडबाजी, धार्मिक र जातीय द्वन्द्वले दिगो विकासका प्रयासहरूमा नकारात्मक प्रभाव पारिरहेका छन् । विश्वव्यापी रूपमा धनी र गरिबबीचको खाडल सघन बन्दै गएको छ । सामाजिक र आर्थिक समानता अनि रोजगारी एवं आयको वितरण समान छैन । प्राकृतिक स्रोतमाथिको अधिकारका प्रश्नहरू उठिरहेका छन् । स्रोतसाधनको वितरण र उपभोगमा समानुपातिक व्यवस्था हुन नसक्दा समाज-समाज र राष्ट्र-राष्ट्रबीचको सम्बन्धमा दूरी बढ्दो छ । परिणामतः अनपेक्षित द्वन्द्व बढ्ने खतरा देखिन्छ । कमजोर शासन (Poor Governance) ले स्रोतसाधनको अधिक राजनीतीकरण, गैरप्राथमिक क्षेत्रमा स्रोतको प्रवाहीकरण, दुर्गम र पिछडिएको क्षेत्र र गरिबी सघन रहेका क्षेत्रमा स्रोतसाधनको न्यून विनियोजनले विकास समानुपातिक बन्न सकेको छैन । अपितु न्यायोचित र दिगो पनि हुन सकेको छैन । SDGs को लक्ष्यप्राप्ति र विश्वव्यापी रूपमा कार्यान्वयनका लागि विकसित दातृ निकायहरूबाट द्विपक्षीय एवं बहुपक्षीय सहयोग अपेक्षित रूपमा जुट्न सकेको छैन । केन्द्र र स्थानीय स्तरमा SDG-based आवधिक योजना बनाउने, कार्यान्वयन गर्ने र सोको अनुगमन गर्ने परिपाटी स्थापित हुन सकेको छैन । नेपालका सन्दर्भमा LDCs बाट Graduate हुन सन् २०२२ सम्ममा प्रतिव्यक्ति आय १६५० अमेरिकी डलर पुऱ्याउनुपर्ने हुन्छ । यसका लागि प्रतिवर्ष १० प्रतिशतको आर्थिक वृद्धि हासिल गर्नु पर्नेछ । वर्तमान अवस्थामा त्यस्तो वृद्धि हासिल गर्ने कार्य निकै चुनौतीपूर्ण छ ।

## दिगो विकासका लागि गर्नुपर्ने प्रयासहरू

SDGs प्राप्तिमा सरकारको सबभन्दा बढी र दह्रो भूमिका रहनुपर्छ । SGDs लक्षित नीति, रणनीति, योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयन मूलतः सरकारको दायित्व पनि हो । सबै तहमा असल शासनको अभ्यास, जनतामा न्याय र सुरक्षाको पहुँचको सुनिश्चितता, समानुपातिक, लैङ्गिक उन्मुख एवं गरिबीमुखी वृद्धिका नीतिहरू बनाउन सरकारको भूमिका महत्त्वपूर्ण हुन्छ । SDG का लागि निजी क्षेत्रको भूमिका पनि सहयोगी एवं महत्त्वपूर्ण हुन्छ । खास गरी आर्थिक वृद्धि, रोजगारी सृजना र सरकारको राजस्व बढाउनमा

निजी क्षेत्रको योगदान रहनुपर्दछ । यसका अतिरिक्त निजी क्षेत्रलाई Corporate Social Responsibility, सामाजिक सुरक्षा, पिछडिएका वर्ग, क्षेत्र र समुदायको संरक्षणमा अपेक्षित योगदान पुऱ्याउने भूमिका निर्वाह गर्न परिचालित गर्न सकिएमा SDGs प्राप्त गर्ने कार्य सहज बन्न जाने देखिन्छ । सहकारी क्षेत्र राष्ट्रको आर्थिक-सामाजिक विकासको महत्त्वपूर्ण आधार हो । सहकारी क्षेत्रमा बढ्दो जनसहभागिताले गर्दा SDGs प्राप्तिमा सरकार र निजी क्षेत्रसँग सहकार्य र हातेमालो गर्दै सहकारी संस्थाहरूलाई स्रोत परिचालन, रोजगारी अभिवृद्धि र स्थानीय स्तरमा मानव संसाधन विकास जस्ता क्षेत्रमा महत्त्वपूर्ण र सहयोगी भूमिका निर्वाह गर्ने गरी परिचालन गर्न आवश्यक देखिन्छ । वातावरण संरक्षण, स्रोतको सदुपयोग, आर्थिक विकासको कार्यसूची र विकास रणनीतिबीच उपयुक्त तालमेल र एकीकरण गर्ने गरी राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा दिगो विकास कार्यान्वयनयोग्य नीति र संयन्त्र विकास अख्तियार गर्ने; समुदायका लागि आवास, खानेपानी, सरसफाइ, शिक्षा, स्वास्थ्य तथा न्यूनतम पूर्वाधार विकास गर्न राज्यले थप लगानी बढाउने; दिगो विकास र संरक्षणसहितको वातावरणीय व्यवस्थापनको चेतना, शिक्षा र जागरण स्थानीय स्तरसम्म पुऱ्याउने रणनीति अवलम्बन गर्न सरकारले विकास साझेदार, निजी क्षेत्र र सामुदायिक क्षेत्रसँग सहकार्यको वाताबरण बनाउने; दिगो विकासका प्रमुख तीन स्तम्भ Economic Growth , Environmental Stewardship र Social Inclusion लाई सँगसँगै लैजाने रणनीति अख्तियार गर्ने; Low Carbon उत्सर्जन गर्ने र प्रदूषणरहित सफा सार्वजनिक यातायातको प्रयोगमा जोड दिने; विकासनिर्माण गर्दा Clean र Energy Efficient Technology को प्रयोगमा जोड दिने; यस्तो प्रविधिलाई प्रोत्साहन प्रणालीसँग आबद्ध गर्ने नीति अख्तियार गर्ने; प्रकोप व्यवस्थापनलाई पूर्वतयारी अवस्थामा राख्ने, सम्बद्ध निकायहरूलाई औजारले सुसम्पन्न गर्ने, दक्षता र सीपसहित तयारी हालतमा राख्ने; प्रकोप हुन नदिन निरोधात्मक उपायहरू अवलम्बन गर्ने; ग्रामीण र गरिबीका क्षेत्रका उत्पादनलाई बजारसम्म सहज पहुँच र बजारीकरणको व्यवस्था मिलाउने; कृषि र पर्यटनलाई रोजगारी वृद्धिको क्षेत्रका रूपमा रूपान्तरण गर्ने; वातावरणीय ह्रास र प्रकृतिक प्रकोप, खाद्यान्न अभाव, बाढी, पहिरो, वनविनाश, चट्याङ, अन्नबालीको नाशजस्ता जोखिमको न्यूनीकरण गर्ने; समग्र शासकीय सुधार, सुशासन, सार्वजनिक खर्चको बुद्धिमत्तापूर्ण व्यवस्थापन, राजस्वको दिगो उपयोग, पुँजीगत खर्चको प्राथमिक क्षेत्रमा सदुपयोग गर्ने गराउने वातावरण बनाउने; विश्वव्यापी रूपमा मौसमी सूचना (Sea level rise, Glacier melting र Co2 Emission) को नियमित अनुगमन गर्ने र उपयुक्त व्यवस्थापनद्वारा जलवायु परिवर्तनलाई नियन्त्रण गर्ने; युवा रोजगारीको अवसर सृजना गर्न युवावर्गमा कामप्रति सकारात्मक सोच र उद्यमशीलता विकास गरी सुरक्षाको प्रत्याभूति दिने; प्रत्यक्ष वैदेशिक लगानी (FDI) लाई तुलनात्मक लाभका सफा ऊर्जा (Clean energy), जलस्रोत, यातायात, कृषि, पर्यटन, सूचना प्रविधि, खानी, बायो-उत्पादन र उत्पादनशील रोजगारीका क्षेत्रमा लगाउने रणनीति र कार्यक्रम ल्याउने जस्ता कार्यलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने हुन्छ ।

## दिगो विकास प्राप्तिमा राज्यको भूमिका

विश्वव्यापी लक्ष्य र उद्देश्य लिएर सन् २०३० सम्ममा गरिबीरहित र वातावरणीय संरक्षणसहितको दिगो विकास हासिल गर्ने अभिलाषा राखेर ल्याइएको SDGs ले विश्वको मुहार परिवर्तन गर्न सकारात्मक योगदान दिने अपेक्षा लिन सकिन्छ । SDGs को लक्ष्य र सूचक प्राप्तिका लागि नेपालले राजनैतिक दल, सरकारी एवं गैरसरकारी संस्था, सामुदायिक संस्था, नागरिक समाज, निजी क्षेत्र र खास गरी युवाहरूबीच सहकार्य र साझेदारी हुने वातावरण बनाउनु जरुरी छ । कार्यमूलक र नतिजामुखी अनुगमन सूचक, संयन्त्र र समीक्षा प्रणालीलाई SDGs को कार्यान्वयनका पक्षमा देशका सम्पूर्ण युवासम्बद्ध सङ्घसंस्था, क्लब, निकाय एवं सरकारी संयन्त्र, राजनैतिक दल र तिनका युवासम्बद्ध भातृ संस्थालाई पूर्ण रूपमा परिचाल गर्नुपर्दछ । यस क्रममा संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद् प्रस्ताव नं.२२५० को युवाशक्ति र सुरक्षालाई राष्ट्रिय कार्ययोजनामा ढाली तीमार्फत युवा परिचालन, शान्ति स्थापना र सुरक्षा प्रवर्द्धन मिलाएर जान सके दिगो विकास लक्ष्यप्राप्ति गर्ने दिशामा थप बल पुग्ने देखिन्छ । कार्यमूलक र नतिजामुखी अनुगमन सूचक, संयन्त्र र समीक्षा प्रणाली कार्यान्वयनमा ल्याउनुपर्दछ ।

सङ्घीय, प्रान्तीय र स्थानीय तहमा SDGs का उद्देश्यहरू प्राप्त हुने गरी उपलब्ध साधनस्रोतको अधिकतम एवं बुद्धिमत्तापूर्ण परिचालन गर्ने र प्रत्येक लक्ष्य र सूचकका तीनै तहमा जिम्मेवारी र जवाफदेही किटान गरेर नियमित समीक्षा गर्ने प्रणाली अवलम्बन गर्नुपर्दछ । SDGs प्राप्तिमा सरकारको भूमिका अग्रणी, नेतृत्वदायी, सहजकर्ता र उत्प्रेरक बन्नुपर्दछ । युवाकार्यक्रमको कार्यान्वयन तहको जिम्मेवारी युवासम्बद्ध निकायहरूलाई दिइनुपर्दछ । त्यसो हुन सके मात्र SDGs को प्राप्तिमा सफलता हासिल हुन सक्ने देखिन्छ ।

सचिव, युवा तथा खेलकुद मन्त्रालय

# गरे सम्भव छ नेपालमा

✍ दिपेश घिमिरे

भर्खरै किशोर अवस्था पार गरेका अधिकांश युवा नेपालमा रोजगारीको अवसर छैन भनेर निराश भएका भेटिन्छन् । नेपालमा बसेर केही काम छैन, यहाँ केही पनि गर्न सकिँदैन, भविष्य छैन भन्छन् । अहिले दश जोड दुई पढिरहेका किशोरकिशोरीलाई उनीहरूको भविष्यका बारेमा सोध्यो भने एकै स्वरमा विदेश पढ्न जाने र उतै सेटल हुने सपना सुनाउँछन् । यीमध्ये कतिको आर्थिक अवस्था मजबुद भएका कारण पढ्नकै लागि युरोप एवं अमेरिकातिर गइरहेका छन् भने आर्थिक अवस्था कमजोर भएकाहरूचाहिँ काम गर्नका लागि दुवई, कतार, साउदी अरब, मलेसियाजस्ता देशतिर लागिरहेका छन् । नेपालमा बसेर केही हुँदैन; बरु भविष्य बर्बाद हुन्छ भन्ने सोचेर युवाहरू बिदेसिने क्रम निरन्तर बढ्दो छ ।

सरकारी तथ्याङ्कलाई विश्लेषण गर्ने हो भने पनि बिदेसिइरहेका युवाका बारेमा डरलाग्दो तस्विर देखिन्छ । सरकारी तथ्याङ्कअनुसार हरेक दिन करिब १५ सय युवायुवती काम तथा अध्ययनका सिलसिलामा बिदेसिइरहेका छन् । वैदेशिक रोजगार विभागकको एक तथ्याङ्कअनुसार आर्थिक वर्ष २०६२/६३ अघि करिब ७ लाख ५० हजार नेपाली रोजगारीका लागि बिदेसिएका थिए । हाल यो सङ्ख्या बढेर झन्डै ४० लाख पुगेको छ । २०६३ सालको सफल जनआन्दोलनपछि २०६४ सालमा नेपालमा गणतन्त्र आयो तर यही गणतान्त्रिक युग सुरु भएपछि पनि स्वदेशमा रोजगारी तथा आर्थिक उपार्जनको उपाय नदेखेर प्रवासिने युवाहरूको सङ्ख्या ह्वात्तै बढ्यो । राजनीतिक वातावरण जतिसुकै खुल्ला भए पनि त्यसले युवालाई उनीहरूको भविष्यप्रति सुनिश्चित हुने वातावरण दिन सकेन । परिणामतः युवाहरू विदेशमै आफ्नो भविष्य र सम्भावना खोज्न बाध्य भइरहेका छन् ।

यस अवधिमा विदेशका पिआर, ग्रिनकार्ड र डिभीका लागि युवाहरू हानाथाप गरिरहेका छन् । कुनै देशको पिआर वा अमेरिकाको डिभी पर्‍यो भने जीवनकै सबैभन्दा ठुलो खुसी ठानेर त्यसमा रमाइरहेका छन् । किन त ? धेरै युवाको एउटै जवाफ आउँछ नेपालमा पैसा कमाउने सम्भावना नदेखेर । नेपालमा बसेर राम्रो आर्थिक उपार्जन गर्न सकिँदैन । त्यसैले सके डिभी, पिआरसहित अमेरिका, युरोप, अष्ट्रेलिया तथा क्यानाडातिर बस्नका लागि प्रयास गर्ने अनि नभए ऋणधन गरेर खाडी देश पस्ने युवाको एकमात्र सपना बनेको छ ।

के नेपालमा रोजगारीका सम्भावना नै छैनन् त ? के नेपालमा बसेर राम्रो आर्थिक उपार्जन गर्न नै सकिँदैन त ? के नेपालमा सानोतिनो

लगानीमा राम्रो आम्दानी गर्ने सम्भावना नै छैन त ? हामीले भेटेका केही युवासाथीहरूको अनुभवले भन्छ नेपालमा जति आर्थिक उपार्जनको बलियो र भरपर्दो सम्भावना अन्यत्र कहीँ पनि छैन । आफ्नो परिवार, नातागोता, इष्टमित्र, साथीभाइसँगै बसेर रमाइलो गर्दै अनि रम्दैरमाउँदै काम गर्ने हो भने अमेरिका, अष्ट्रेलिया, युरोपको जस्तै आर्थिक उपार्जन गर्ने सम्भावना नेपालमै छ । नेपालकै बारी तथा खेतका कान्ला तथा गह्रामा विशाल सम्भावना लुकेका छन् । श्रम र पसिनाले सिँचाइ गर्न सक्ने हो भने दिगो र भरपर्दो आर्थिक स्रोत आफ्नै गाउँघरमा रहेको छ । यो कुनै भावनात्मक कुरो होइन । कुनै भावनामा बगेर पनि यो कुरो लेखिएको होइन । यो त नेपालकै दुर्गम गाउँघरमा बसेर पसिना बगाइरहेका र काम गरिरहेका युवाको अनुभव हो । उहाँहरूको जीवनको विश्वास हो, नेपालमा जति सजिलो किसिमले आर्थिक उपार्जन गर्न अन्यत्र सायदै सम्भव छ । यहाँ जस्तो रोजगारी र आर्थिक उपार्जनका सम्भावना र काम गर्दाको सन्तुष्टि संसारमा सायदै छ । यी युवाको अनुभवमा विदेशका कुनै पनि सहरमा पैसाको रूख र जङ्गल छैन । संसारको कुनै पनि कुनामा रूखमा पैसा फल्दैन । जहाँ पुगे पनि दुःख नगरी पैसा कमाउन सकिँदैन र पसिना नबगाईकन पैसा हात लाग्दैन । उसो भए किन विदेशमा बसेर पसिना बगाउने ? किन नेपालमै नबगाउने भन्ने युवाहरू पनि नेपालमा धेरै छन् । यस लेखमा नेपालमै बसेर राम्रो आर्थिक उपार्जन गरिरहेका केही युवाको अनुभव समेटिएको छ । नेपालमा रोजगारी तथा उद्यमशीलताको सम्भावना, आर्थिक उपार्जनको अवस्थाका बारेमा उनीहरूको अनुभव यस लेखमा समेटिएको छ । मैले यस लेखमा हरेक युवाको छुट्टाछुट्टै अनुभव समेट्ने प्रयास गरेको छु जसले गर्दा उनीहरूको कुरा विस्तृत रूपमा बुझ्न सकियोस् भन्ने उद्देश्य रहेको छ । यसमा मैले नेपालमै बसेर राम्रो आर्थिक उपार्जन गरिरहेका युवाको अनुभव उनीहरूकै शब्दमा राख्ने प्रयास गरेको छु ।

## गाईपालनमा छ भविष्य

✍ नवीन घिमिरे

मेरो घर रामेछापको बाबियाखर्कमा पर्छ । म २०६० सालतिर पहिलो पटक काठमाडौँ भित्रिएको थिएँ । केही अध्ययन पनि गर्ने अनि त्योभन्दा बढी चाहिँ जागिर खाने र राम्रो आर्थिक अवस्था बनाउने सपनाले म काठमाडौँ भित्रिएको थिएँ । गाउँमा पनि आर्थिक अवस्था खासै राम्रो होइन । बिहानबेलुका खानचाहिँ खासै समस्या नभएको भए पनि मेरा लागि घरबाट पैसा आउने र आरामले बसेर पढ्ने अवस्था भने थिएन । त्यसैले मैले यहाँ बाँच्नका लागि धेरै सङ्घर्ष गरेँ । काठमाडौँका गल्लीगल्लीमा म भौँतारिएँ । यहाँका रेस्टुरेन्टमा काम गरेँ । कहिले वेटर भएर त कहिले डान्सर भएर । तर हातमुख जोर्नुबाहेक मैले अरू केही पनि गर्न सकिनँ ।

काठमाडौँले मलाई मर्न पनि दिएन तर सजिलोसँग बाँच्न पनि सहयोग गरेन । तर मैले सङ्घर्ष गर्न छाडिनँ । म चिन्तित भएँ तर थकित भइनँ । म कति वर्ष भाडा नभएर दशैँ मनाउन घर पनि गइनँ । तर मैले यहाँ सङ्घर्ष र मिहिनेत गर्न भने छाडिनँ । मैले राम्रो वातावरण नपाएर आफ्नो

अध्ययनलाई अगाडि बढाउन सकिनँ तर मैले आफ्नै खुट्टामा उभिएर राम्रो आर्थिक प्रगति गर्न सक्छु भन्ने सपनालाई चाहिँ मर्न दिइनँ । कहिलेकाहीँ त महिनामहिनामा मैले जागिर परिवर्तन गरेँ । यस बीचमा कैयौँ पटक विदेश जाने र राम्रो आर्थिक उपार्जन गर्ने सपना पनि देखेँ । तर विदेश गएका साथीहरूको अनुभव तथा पीडाले मलाई त्यस बाटामा पनि अगाडि बढ्न दिएन ।

धेरै वर्षको सङ्घर्ष, मिहिनेत र परिश्रमपछि मैले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा जागिर पाएँ । त्यहाँको आम्दानी पनि राम्रै थियो । त्यहाँको कमाइ म र मेरो परिवारलाई खान र काठमाडौँमा बसेर बच्चालाई पढाउन पर्याप्त थियो । केही पैसा जोगिन्थ्यो पनि । मैले त्यहाँ केही वर्ष काम गरेँ । केही पैसा जोगाएँ पनि । पहिलेका सङ्घर्षका दिनलाई हेर्दा जागिरपछिको मेरो अवस्था साँच्चै नै राम्रो थियो । तर मलाई मनमा आफैले केही गर्नुपर्छ भन्ने लागिरहेको थियो । यस बीचमा मलाई विदेश जाने केही सुनौला अवसरहरू पनि आए । मैले कोरियामा रोजगारीको अवसर पनि पाएँ तर मलाई अब म आफ्नै देशमा केही गर्छु भन्ने लाग्यो । त्यत्रो सङ्घर्ष र पीडा भोग्दाका समयमा त नबिदेसिएको म राम्रो जागिर छाडेर बिदेसिनु उपयुक्त होइन भन्ने कुरा सोच्न पुगेँ । त्यसकारण मैले विदेश जाने कुरा अगाडि नै बढाइनँ; बरु जागिरबाट प्राप्त हुने तलबको केही रकम जम्मा पारेर राख्न थालेँ । यसै क्रममा म काठमाडौँमा के कुराको राम्रो सम्भावना छ, के काम गऱ्यो भने आफ्नै काम गर्न सकिन्छ र राम्रो आम्दानी गर्न सकिन्छ होला भनेर बुझ्न थालेँ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा मेरो रातको ड्युटी थियो । त्यसैले म दिउँसो सकेसम्म काठमाडौँमा गर्न सकिने सम्भावनाका बारेमा खोजी गर्ने र राति काम गर्नुपर्दछ भन्ने सोचाइ बनाउन थालेँ ।

यसै क्रममा मेरो ध्यान गाईपालनमा गयो । काठमाडौँका हरेक कोठाकोठामा दूधको माग छ । अझ फ्रेस दूधको त अत्यन्तै धेरै माग रहेको तर त्यसको आपूर्तिको अवस्था निकै कम रहेको पाएँ । यदि आफैले व्यावसायिक रूपमा गाईपालन गर्ने हो भने र आफैले फ्रेस दूधको आउटलेट खोल्ने र घरघरमा पुऱ्याइदिने हो भने राम्रो आम्दानी गर्न सकिन्छ भन्ने मलाई लाग्यो । यसपछि म गाईपालनका बारेमा आधारभूत कुरा बुझ्नेतिर लागेँ । मैले यसबारेमा विस्तृत ज्ञान लिएँ । काठमाडौँको वरिपरिका गाईफार्ममा पुगेँ । के कसरी व्यावसायिक गाईपालन गर्न सकिन्छ ? यसका लागि कति लगानी चाहिन्छ ? कति श्रम खोज्छ यसले ? र आम्दानी केकस्तो हुन्छ ? जस्ता जिज्ञासाको उत्तर खोज्न म लागिपरेँ । मैले धेरै ज्ञान बटुलेँ । यस क्रममा मलाई के जानकारी भयो भने आफूसँग भएको सानो पुँजी मात्र लगानी गरेर त व्यावसायिक रूपमा गाईपालन गर्न नसकिने रहेछ । त्यसपछि मैले उपयुक्त साझेदारको खोजी गरेँ । यस क्रममा मेरै गाउँका दुईजना भाइहरूसहित हामी तीनजना भएर व्यावसायिक गाईपालनको काम सुरु गऱ्यौँ २०७२ मङ्सिरबाट । केही आफूसँग भएको पैसा र केही चाहिँ ऋण खोजेर हामीले गाईमा लगानी गरेका छौँ ।

अरू कामबाट आम्दानी भए पनि आत्मसन्तुष्टि चाहिँ नहुँदो रहेछ । जागिरबाट पनि मैले सन्तुष्टि पाउन सकिनँ । विदेश जान मलाई कहिल्यै मन लागेन । पसिना बगाउनु नै छ भने

नेपालमै किन नबगाउने भन्ने लागिरह्यो । यस्तो अवस्थामा आत्मस्वाभिमानकै लागि मैले गाईपालन व्यवसायको थालनी गरेको हुँ । यसका लागि इनेस एग्रो फार्मका नामबाट काठमाडौँको गोकर्णेश्वर स्थित सुन्ताखानमा २०७२ मङ्सिरबाट गाईपालन व्यवसायको सुरुवात गरेका थियौं हामीले । पछि २०७३ सालमा उक्त फार्मलाई काभ्रेको नालामा सारेका छौँ ।

राजधानीमा दूधको अत्यधिक माग छ । यसलाई पूर्ति गर्न लाखौं लिटर दूध दैनिक रूपमा आवश्यक पर्दछ । यसलाई हेरेर गाईपालन व्यवसाय रोजेको हुँ । ऋण गरेर सुरुवात गरेको व्यवसायले आजको भोलि कमाइ दिन थाल्नुपर्छ । नत्र ऋणको भार थाम्न गाह्रो पर्छ । गाई खरिद गरेर ल्याएको भोलिपल्टबाटै दूध बेच्न सकिन्छ । अर्कातर्फ पहिला गाउँमा पनि घाँस, स्याउला र गोवर आदिसम्बन्धी काम गरेकै थिएँ । कहिलेकाहीँ कामदारले धोका दिए भने आफैँ गाईको हेरचाह गर्न सक्छु । अहिले हाम्रो फार्ममा ३० वटा गाई छन् । तीमध्ये १९ वटाले दूध दिइरहेका छन् । बाँकी केही दिनपछि ब्याउँदै छन् । अहिले सरदर १ सय ८० लिटर दूध बिकी भइरहेको छ । दूध बिक्रीका लागि शान्तिनगरको नोगेन्द्र कान्छा चोकमा आउटलेट छ । गाईभैँसीका लागि सरकारले ७५ प्रतिशत बिमाको व्यवस्था गरेको छ । बाँकी २५ प्रतिशत अर्थात् २५ सय हाराहारी तिरेपछि एउटा गाईको एक वर्षसम्म बिमा हुन्छ । यस अवधिमा क्षति भए ९० प्रतिशत भुक्तानी पाउने व्यवस्था छ । यसले गर्दा ढुक्कले व्यवसाय सञ्चालन गर्न पाउने अवस्था सिर्जना भएको छ ।

अहिले हाम्रो देशका धेरै जना युवा विदेश गएका छन् । उनीहरूलाई सम्झँदा मन बहकिएर आउँछ। बैङ्क तथा वित्तीय संस्थाको ऋणको किस्ता तिर्नुपर्ने बाध्यताले मलाई सधैं झस्काइरहन्छ । अहिलेसम्म नियमित किस्ता बुझाउन सकिरहेको छु । यदि यही अवस्थालाई मैले टिकाउन सकेँ भने अबको एक वर्षपछि हामी मासिक डेढ/डेढ लाख रुपैयाँ कमाउन सक्छौँ । मेरो जीवनमा केही सर्तहरू पनि छन्, गल्ती छिट्टै महसुस गरी कमजोरीबाट सधैँ पाठ सिक्ने, नराम्रा कुराहरूलाई छोड्दै राम्रा कुराहरू जीवनमा लागू गर्ने, समयको ख्याल गर्ने र निरन्तर काम गरिरहने । यही लक्ष्य लिएर भविष्यमा एक सफल उद्यमी बन्ने सपना बोकेर हिँडिरहेको छु । मलाई जीवनमा यतिखेर एउटै कुरामा सन्तुष्टि छ । म विदेश नगएर आफ्नै माटोमा पसिना बगाइरहेको छु र राम्रो आम्दानीको आधार तयार पारेको छु ।

## अनारबाट आउँदै छ समृद्धि

✍ लोचन बस्नेत

रोजगारीका अभावमा युवाहरू विदेश जानका लागि खुट्टा उचालेर बसेका छन् । मेनपावर धाएका धायै छन् । सके युरोप अमेरिका नसके खाडी नै भए पनि बिदेसिन उद्धत छन् । नेपालमा रोजगारीको अभाव भएको भन्दै राम्रो आम्दानी गर्नका लागि बिदेसिन खोज्ने युवाहरूको सङ्ख्या दिनदिनै बढ्दै गइरहेको छ । तर म आफ्नै बारीका कान्ला तथा खेतका गह्रामा आर्थिक समृद्धि लुकेको छ भनेर विश्वास गर्दछु । नेपालमै बसेर आफ्नै बारीकान्लाको माटोलाई सुम्सुम्याएर राम्रो आम्दानी गरेर सहज रूपमा जीवन बाँच्च सकिन्छ

भन्ने सपना देख्छु । मैले सपना मात्र देखिरहेको छैन । म त्यस सपनालाई पूरा गर्ने अभियानमा छु । यसका लागि मैले मेरै गाउँ ओखलढुङ्गाको गाम्नाङ्टार गाविसमा रहेको आफ्नो बारीकान्लामा अनार खेती गरिरहेको छु । करिब ४ वर्षअगाडि मैले ६ सय बोट अनार लगाएर आफ्नो नेपालमै बसेर आफ्नै माटालाई माया गर्दै समृद्ध बन्ने सपनालाई मलजल गरिरहेको छु ।

मैले पत्रपत्रिकामा पढेको थिएँ कि हरेक वर्ष करिब १० अर्ब रूपैयाँ बराबरको अनार भारतबाट नेपाल आयात हुन्छ । नेपालमा अनारको व्यावसायिक खेती खासै सुरु भएको छैन । केहीले लगाएका भए पनि त्यसका बारेमा आवश्यक पर्ने प्राविधिक ज्ञानको अभावमा कि त पुतलीले अनारको फललाई नष्ट पारिरहेको छ या त लाभा वा झुसिलकीराले खाएर बोटै मरिरहेको छ । यस्तो अवस्थामा पनि म अनारमै आफ्नो समृद्धि देखिरहेको छु । मैले बी.ए. पास गरेको छु । बी.ए. पास गर्ने युवाको सपना राम्रो जागिर खाने नै हुन्छ । तर मेरो दिमागमा राम्रो जागिर खाने कुरा कहिल्यै आएन । मेरो दिमागमा जहिल्यै पनि उत्कृष्ट कृषक बन्ने कुरा मात्र आयो । त्यस्तो किसान जो आफूलाई खान पुग्ने मात्र उत्पादन गर्दैन जसले उत्पादन गरी बेचेर आफ्नो समृद्ध सपना पूरा गर्छ । त्यस्तो किसान जो झुत्रेझाम्रे भएर मात्र हिँड्दैन । बरु जागिरेभन्दा राम्रा कपडा लगाएर र सकेसम्म आफ्नै निजी कारमा यात्रा गर्छ । त्यस्तो किसान जो आफ्नै माटालाई विश्वास गरेर त्यसमा उब्जाएको उत्पादनलाई बिक्री गरी अरूलाई पनि आत्मनिर्भर हुने प्रेरणा दिन्छ ।

यो मेरो बाल्यकालदेखिकै सपना थियो । म विद्यालय तथा क्याम्पसमा अध्ययन गरिरहँदा पनि यही सपना देख्थेँ । क्याम्पसको पढाइ सकेपछि आफ्नो जमिनमा कुनचाहिँ खेतीपाती ठिक हुन्छ भनेर म लामो अध्ययनमा लागेँ । आफ्नो बारीको माटो लगेर मैले विभिन्न स्थानमा परीक्षण गरेँ । परीक्षण गर्ने क्रममा त्यहाँ अनार खेती ठिक हुन्छ भन्ने पाएपछि मैले त्यही अनारमै आफ्नो समृद्धिको लक्षण देखेँ । यस क्रममा रामेछाप सुनारपानीका अनारबाजेसँग परामर्श गरेँ । उहाँले निकै कामलाग्दा एवं उपयोगी सल्लाहहरू दिनुभयो । त्यस्तो सल्लाहका आधारमा मैले उत्कृष्ट जातको अनार आफ्नो बारीमा रोप्ने निर्णय गरेँ । मैले बारीमा रोपेका अनारले अहिले विस्तारै फल दिन थालेका छन् । अबको तीन वर्षपछि यी अनारका बोटहरूले पूर्ण रूपमा उत्पादन दिनेछन् । यसरी अनारले पूर्ण रूपमा उत्पादन दिन थालेपछि मेरो वार्षिक आम्दानी ५० लाखको हाराहारीमा पुग्नेछ । त्यसपछि मेरो सपनाले पहिलो भऱ्याङ उक्लिनेछ ।

मैले सुरुमा बारीमा खेतीपाती मासेर अनारको विरुवा रोप्न खोज्दा मलाई धेरैले विभिन्न किसिमले होच्याउने गर्थे अनि यो बिग्रियो पनि भन्ने गर्दथे । पढेको मान्छे सहर गई जागिर नखाएर के गाउँमै अनारमा अल्झेको होला भनेर भन्थे । परिवारका अन्य सदस्यले पनि यस्तै भन्थे । कसैले पनि मलाई कृषिमा काम गर्न सल्लाह दिएनन् । तर मैले कसैको कुरा सुनिनँ । मैले आफ्नो मनको कुरा मात्रै सुनेँ । त्यही सपनाले मलाई डोऱ्यायो । मैले अन्यत्र कतै पनि मन लगाइनँ । एउटै लक्ष्य र सपना बोकेँ । अरूले कृषि राम्रो पेसा होइन, यसमा आत्मसम्मान तथा आत्मस्वाभिमान छैन भने । तर मैले अरूको कुरा सुनिनँ । मलाई लाग्यो

# किबीमा लुकेको समृद्धि

✍ ताराबहादुर स्याङ्तान

धनी बन्ने, राम्रो आम्दानी गर्ने, समृद्ध जीवन बाँच्ने रहर कसलाई हुँदैन र ? को मानिस आफ्नो जीवन अभावमा बितोस् भन्ने चाहन्छ र ? मेरो सपना पनि बच्चैदेखि समृद्ध जीवन बाँच्ने नै थियो । यस्तो जीवन जहाँ कुनै अभाव नहोस् । आफूले चाहेको अत्यावश्यक कुराबाट विमुख हुनु नपरोस् । तर मलाई सानै उमेरमा यस्तो समृद्धि जीवनमा कहाँबाट आउँछ भन्ने चाहिँ थाहा थिएन । तर म आँखा चिम्लिँदा होस् या खोल्दा होस् समृद्ध जीवन बिताउने सपनाचाहिँ नियमित रूपमा देखिरहन्थेँ ।

मेरो घर मकवानपुर जिल्लाको आग्रा गाउँमा पर्छ । मेरो गाउँ खेतीपातीका दृष्टिले निकै राम्रो र उर्वर नै मानिन्छ । बुबाआमाले हामीलाई यही खेतबारीमा खेती गरेर दुःखसुख भोग्दै पढाउनु भएको हो । परम्परागत किसिमले गरिने खेतीपातीबाट बिहानबेलुका खान र विद्यालय जान मात्रै ठिक्क हुन्थ्यो । विद्यालयमा चाहिने फिस, कापीकलम तथा लुगाफाटोका लागि दुःख नभए पनि मैले बच्चैदेखि देखिएरहेको समृद्ध जीवनचाहिँ भोग्न पाइरहेको थिइनँ ।

एसएलसी पास गरेपछि म त्यही समृद्धिको सपना प्राप्त गर्न काठमाडौँ भित्रिएँ । मैले होटलमा काम गरेँ । जागिर राम्रै थियो । मैले विस्तारै प्रगति गर्दै गएँ । मेरो बढुवा पनि हुँदै गयो । तर मलाई त्यसबाट अलिकति पनि सन्तुष्टि मिलेन । आफ्नो सपनालाई केही पैसामा साटिरहेको छु कि भन्ने मलाई लागिरहन्थ्यो । त्यसपछि म जेटिए पढ्न

कृषिमा जति आत्मसम्मान र आत्मस्वाभिमान अरू कुनै पेसामा छैन । एउटै काममा एकोहोरो र निरन्तर लागिरहँदा अहिले म आफ्नो सपना पूरा गर्ने अवस्थामा पुगेको छु ।

यसै क्रममा युवा तथा खेलकुद मन्त्रालयको युवा सञ्चार रेडियो कार्यक्रममा मैले पटकपटक अन्तर्वार्ता दिएँ । उक्त अन्तर्वार्तापछि मसँग देशभरका ५ हजारभन्दा बढी युवा किसानसँग प्रत्यक्ष सम्पर्क भयो । उहाँहरूमध्ये धेरै जसोले अनार खेती गर्न चाहेको बताउनुभयो । त्यसका लागि बेर्नाको खोजी गर्नुभयो । नेपालमा अनारको बेर्नाको व्यावसायिक उत्पादन नभएका कारण म भारतको नासिका गएँ अनि त्यहाँ मैले अनारका बारेमा अध्ययन पनि गरेँ । अहिले मैले २५ हजार अनारको विरुवा नेपाल ल्याउने व्यवस्था मिलाएको छु ।

मैले अनारमा गरेको कामलाई देखेर युवा तथा खेलकुद मन्त्रालयले २०७३ सालमा एक लाख राशिको उत्कृष्ट युवा उद्यमी पुरस्कारबाट मलाई सम्मानित पनि गरेको छ । पहिले मलाई होच्याउने, गिल्ला गर्नेहरू यतिखेर मेरो नजिक आएका छन् । उनीहरूले पनि व्यावसायिक रूपमा अनार खेती सुरु गरेका छन् । मैले पनि सकेको सहयोग गरिरहेको छु । पुस्ता हस्तान्तरण हुने अर्थात् हजुरबाले लगाएर नातिले समेत त्यसको लाभ लिन सक्ने मध्येको एक फलफूल हो अनार । मेरो समर्पण, निरन्तरता तथा लगनशीलताले गर्दा यही अनारबाट मेरो जीवनमा समृद्धि आउँदै छ ।

थालेँ । मैले राम्रो आम्दानी भइरहेको होटलको जागिर छाडिदिएँ । जेटिएको पढाइ सकेपछि मैले केही समय गैरसरकारी सङ्घसंस्थातिर काम पनि गरेँ । त्यहाँ पनि कमाइ राम्रै थियो तर सन्तुष्टि थिएन । म आफै पनि केही गर्न चाहन्थेँ । म आफ्नो पसिना आफ्नै सपना पूरा गर्नका लागि बगाउन चाहन्छु । पसिनाको जल सिञ्चित गरेर हुर्केको विरुवाले सपना प्राप्त गर्न सहयोग गर्छ भन्नेमा म ढुक्क थिएँ । त्यसैले मैले यो गैरसरकारी संस्थाको जागिर पनि धेरै समय गरिनँ । त्यहाँबाट राजीनामा दिएर म बाहिरिएँ; आफ्नो सपनाको प्राप्तिका लागि ।

यस क्रममा मैले किबी फलका बारेमा जानकारी पाएको थिएँ । नेपालमा उत्पादनको अत्यन्तै राम्रो सम्भावना भएर पनि व्यावसायिक रूपमा यसको खेती हुन नसकेका कारण वर्षेनी करोडौँ रुपैयाँको फल नेपाल आयात गरिरहेको बारेमा मैले जानकारी पाएको थिएँ । सुपरमार्केटमा झन्डै ८ सय रुपैयाँ प्रति किलो बिक्री भइरहेको किबीको नेपालमै व्यावसायिक खेती गर्न सक्ने हो भने मैले देखिरहेको समृद्धिको सपना यसले पूरा गराउँथ्यो कि भन्ने मलाई लागिरहेको थियो । मैले आफ्नो जागिर छाड्नेबित्तिकै यही किबी खेतीको व्यावसायिक उत्पादनका बारेमा बुझ्न थालेँ । मेरो गाउँको माटो परीक्षण गर्दा त्यहाँ पनि यसको व्यावसायिक खेती गर्न सकिने सल्लाह प्राविधिकले दिए । यसपछि मैले व्यावसायिक रूपमा किबी खेतीका लागि काम सुरु गरेँ ।

जागिर खाँदा जोगाएर राखेको केही पैसाले किबीको बेर्ना किन्ने, मल हाल्ने, पाटा सम्याउने र आवश्यक पर्ने अन्य खर्च गर्न थालेँ । केही पैसा ऋण लिएँ । यस काममा मलाई मेरो परिवारको पनि पूर्ण सहयोग रह्यो । मैले आफ्नै गाउँमा बसेर ६ सय ५० बोट किबी लगाएँ । किबीले उत्पादन दिन ३/४ वर्ष समय लगाउँछ । किबीलाई मल पनि उत्तिकै आवश्यक पर्छ । मैले अर्ग्यानिक खेती गर्न चाहेकाले रासायिनक मल राख्ने कुरा पनि भएन । त्यसैले मैले किबीका लागि आवश्यक पर्ने मलका निमित्त बाख्रापालन सुरु गरेँ । मेरो भाइले पनि भेटनरी जेटिए पढेकाले यस कामका लागि अझ सजिलो भयो । त्यसपछि आफ्नै बारीमा व्यावसायिक तरकारी खेती पनि सुरु गरेको छु । यसरी अहिले मेरो किबी खेती, बाख्रापालन र तरकारी खेती एकसाथ चलिरहेको छ । मेरो पूरै परिवार अहिले यही व्यावसायिक खेतीमा संलग्न रहँदै आएको छ ।

अहिले किबीले विस्तारै आम्दानी दिन सुरु गरेको छ । अबको दुई वर्षमा यसले पूर्ण उत्पादन दिन थाल्छ र मैले राम्रो आम्दानी लिन थाल्नेछु । अहिले बाख्रापालन र तरकारी खेतीबाट मासिक एक लाखभन्दा माथि आम्दानी गर्दै आइरहेका छौँ । तर अब किबीले पूर्ण रूपमा उत्पादन दिन थालेपछि मेरो वार्षिक आम्दानी ८० लाखभन्दा माथि हुनेछ भन्ने लाग्छ । किबीले पूर्ण उत्पादन दिन थालेपछि मैले बच्चैदेखि देखिरहेको समृद्धिको सपना विपनामा परिणत हुनेछ । म आफ्नो लक्ष्य पनि हासिल गर्नेछु । म आफ्नै गाउँमा परिवारसँग बसेर समृद्ध जीवन बिताउन पाउनेछु । यदि म विदेश गएको हुन्थेँ भने यति राम्रो आम्दानी मैले कहिल्यै पनि गर्न सक्दिनथेँ । अहिले म जीवनमा जति खुसी छु त्यो खुसी प्राप्त गर्न सक्ने थिइनँ ।

यदि कुनै पनि युवा दत्तचित्त, लगनशील

र धैर्य भएर आफ्नो बारी तथा कान्लामा पसिना बगाउँछ भने उसले त्यसैबाट समृद्ध जीवनको आधार तयार पार्न सक्छ। विदेशमा गएर काम गर्ने युवाको भन्दा धेरै राम्रो आम्दानी आफ्नै गाउँमा परिवारसँगै बसेर गर्न सकिन्छ । त्यसैले युवाले आफ्नो गाउँघरमा केको उत्पादन राम्रो हुन्छ ? के कुरा लगाएर राम्रो आम्दानी गर्न सकिन्छ ? त्यसबारेमा राम्रो जानकारी हासिल गरेर त्यसको व्यावसायिक खेती थाल्ने हो भने अत्यन्तै राम्रो गर्न सकिन्छ भन्ने मलाई लाग्छ। त्यसबाट हामी कहिल्यै पनि नसोचेको सफलता प्राप्त गर्न सक्छौँ भन्ने मेरो अनुभवले बताएको छ।

विदेश गएर फर्किएका मेरा साथीहरू राम्रो कमाइ नभए पनि घुमेर आइयो भन्छन्। म सोच्छु उमेर छँदा मिहिनेत गरेर कमाउन नसक्ने हो भने घुमेर मात्र के हुन्छ र ? मेरा साथीहरू जहाँ घुमेर फर्केका छन् त्यस देशमा त म अबको केही वर्षपछि घुम्नका लागि पर्यटक भएर जानेछु। के विदेशबाट फर्केका साथीहरूले मेरो जस्तो आर्थिक समृद्धिको आधार त्यत्ति सजिलै बनाउन सक्नु होला र ?

## तरकारी खेतीले दिएको सन्तुष्टि

✍ सुरज शाह

यदि महत्त्वाकाङ्क्षालाई अलि परै राखेर आवश्यकतालाई मात्र ध्यान दिने हो भने एउटा युवाको के सपना हुन्छ होला ? नियमित रूपमा भइरहने आम्दानी, त्यही आम्दानीका जगमा राम्रो पढाइ, यही न हो । मेरा सपना पनि यस्तै छन् । मेरो घर दोलखा जिल्लाको भीमेश्वर नगरपालिकाअन्तर्गत मकैबारीमा छ । म अहिले भीमेश्वर क्याम्पस चरिकोट दोलखामा बी.बी.एस. तेस्रो वर्षमा अध्ययन गरिरहेको छु । मेरो सपना पनि नियमित रूपमा आफै आम्दानी गर्ने र पढाइलाई निरन्तर अगाडि बढाउने नै थियो। मेरो उमेरका धेरै साथीहरूको सपना एकै चोटि धेरै कमाउने तर पढाइ नभए पनि फरक पर्दैन भन्ने थियो। मैले यस्तो खहरेको पछि लागेर हुँदैन भन्ने सोचाइको पनि थिएँ । त्यसैले मेरा धेरै साथीहरू विदेश जाँदा पनि मचाहिँ त्यतातिर लागिनँ । म आफ्नै बारीमा पसिना बगाउन सकेमा राम्रो आम्दानी गर्न सकिन्छ भन्ने कुरामा विश्वास गर्थें।

मेरो गाउँ तरकारी खेतीका लागि निकै चर्चित छ। हाम्रो गाउँमा मौसमी तथा बेमौसमी दुवै किसिमका तरकारी उत्पादन हुन्छन्। मैले पनि दशजोड दुईको अध्ययन सक्नेबित्तिकै तरकारी खेती गर्न सुरु गरेँ । धेरै साथीहरू विदेश र काठमाडौँ सहरतिर लाग्दा म कोदालो र डोकोनाम्लो बोकेर खेतबारीतिर लम्किँदै थिएँ। मेरा आफ्नै समस्याहरू पनि थिए । आर्थिक रूपमा अलि कमजोर भएका कारण मेरो काठमाडौँ गएर पढ्ने वा विदेश जाने सम्भावना अलि कमै थियो । तर त्यसभन्दा बढी मलाई मेरै माटोमा विश्वास भएर पनि हो । मेरै गाउँमा तरकारी खेती गरेर एक सिजनमा १२ लाखसम्म कमाउनेहरू थिए । त्यसबाट म लोभिएको थिएँ । त्यसैले म विदेश वा सहरतिर नलागी आफ्नै बारीमा पसिना बगाउन थालेँ । सिँचाइको पनि राम्रो सुविधा भएका कारण मैले सुरु गरेकै वर्ष दुई लाखभन्दा बढी आम्दानी गरेँ। यसपछि मलाई निकै उत्साह मिल्यो । म अझै

मिहिनेत गर्न थालेँ । बिहान क्याम्पसमा पढ्ने म दिउँसो भने तरकारी खेतीमा रमाउन थालेँ । आफ्नै खुट्टामा उभिएर पढ्दा मलाई साह्रै सन्तुष्टि पनि मिल्यो ।

अहिले व्यावसायिक तरकारी खेती सुरु गरेको पनि झन्डै ४ वर्ष हुन थालिसक्यो । यस बीचमा मैले राम्रो आम्दानी पनि गरिरहेको छु भने पढाइ पनि अत्यन्तै राम्रोसँग अगाडि बढिरहेको छ । मसँगका कति साथीहरू विदेश गए; तिनीहरूले राम्रो आम्दानी गर्न नसकेर अहिले यताउति भौँतारिरहेका छन् । मसँगैका कतिपय साथीहरू काठमाडौँ गएका भए पनि तिनीहरू राम्रोसँग पढ्न नसकेर उसैगरी भौँतारिरहेका छन् । म आफ्नै गाउँमा बसेँ । आफ्नै बारीका कान्लामा पसिना बगाएँ । अहिले राम्रो आम्दानी गर्दै पढाइलाई पनि राम्रोसँग अगाडि बढाउन पाउँदा मलाई आनन्दको अनुभव भइरहेको छ । अहिले म वार्षिक ७/८ लाख रुपैयाँ आम्दानी गरिरहेको छु । आफ्नै घरमा परिवारसँगै बसेर यति कमाउन सक्नु भनेको मेरो जीवनको ठूलो सफलता हो भन्ने लाग्छ मलाई ।

त्यसैले विदेश गएर वा सहर गएर मात्र जीवनमा प्रगति गर्न सकिन्छ भन्ने कुरा गलत हो भन्ने मलाई लाग्छ । आफ्नै गाउँघरमा बसेर, आफ्नै माटालाई विश्वास गरेर र सुम्सुम्याएर राम्रो आम्दानी गर्न सकिन्छ अनि सुखद जीवन बिताउन सकिन्छ भन्ने कुरामा मलाई विश्वास छ । अरू साथी पनि बेरोजगार छन् या कुनै रोजगारी पाइएन भनेर निराश भइरहेका छन् होला । हामी बेरोजगार छौँ भने हामीले आफ्नो गाउँघरको बारी र खेतलाई चिन्न नसकेका कारणले भएका हौँ भन्ने लाग्छ मलाई । हामीभित्रै रहेको अथाहा शक्तिलाई बुझ्न नसकेका कारणले नै यस्तो भएको हो भन्ने लाग्छ । त्यसैले आफ्नो माटालाई अनि बारी तथा खेतलाई विश्वास गरेर पसिना बगाउनु भयो भने त्यसले तपाईँको जीवनमा पनि समृद्धिका आधारहरू निर्माण गर्नेछ भन्ने लाग्छ मलाई ।

**अन्त्यमा,**

प्रसिद्ध भारतीय सन्त स्वामी विवेकानन्द एकपटक अमेरिकाको एउटा नदीको किनारमा टहलिँदै थिए । त्यहाँको शान्त वातावरणमा उनी स्वच्छ वायु ग्रहण गर्दै नदीको स्वच्छता देख्दा मुग्ध भइरहेका थिए । त्यसरी टहलिँदा उनमा अपूर्व जोश, जाँगर र उत्साह पैदा भइरहेको थियो । नदी किनारमा टहलिँदा टहलिँदै उनले त्यहाँ एउटा अनौठो दृश्य देखे । त्यहाँ केही युवक एउटा पुलमा उभिएर तैरिरहेका अण्डाका बोक्रालाई गोलीको निशाना बनाउने कोसिस गरिरहेका थिए तर सफल हुन सकिरहेका थिएनन् । यो सब देख्दा स्वामीजीको ओठमा मुस्कान आयो ।

स्वामीजी मुस्कुराएको देखेर एक युवकले रिसाउँदै भन्यो - “यो काम यति सजिलो छैन जति सजिलो तपाईँलाई लागिरहेको छ, महाशय ! तपाईँ पनि यसमा निशाना लगाएर हेर्नुस् । अनि बुझ्नुहुनेछ यो काम कति कठिन छ भनेर ।”

ती युवकको कुरा सुनेर विवेकानन्दले बन्दुक समाए र एकएक गरेर १२ अण्डाको बोक्रालाई गोलीको निशाना बनाए । उनको त्यस्तो अचूक निशाना देखेर युवकहरू चकित परे । तिनले सोचे यी स्वामीले अवश्यै धेरै दिनदेखि बन्दुक चलाइरहेका थिए होलान् । तब त यिनको निशाना यति अचूक थियो । उनीहरूमध्ये एकले भने पनि -

"तपाईंले लामो समयदेखि यसरी गोली चलाउन अभ्यास गर्नुभएको थियो होला अनि त यसरी निशाना लगाउन सफल हुनुभयो नि । तर हामी त भर्खर सिक्दै छौँ । त्यसैले हाम्रा लागि यो कठिन साबित भयो ।"

ती युवकको कुरा सुनेपछि स्वामीले भने बन्दुक चलाउने अभ्यासको त कुरै छाड, आजसम्म मैले बन्दुक समातेको पनि थिइनँ । उनको कुरा पत्याउन युवकहरूलाई कठिन भयो । उनीहरूको अविश्वास देखेपछि स्वामीले भने -"हेर कुनै पनि विषयमा सफलता पाउन मनको संयम र एकाग्रता सबैभन्दा बढी आवश्यक छ । यदि तिमीहरूले पनि संयम र एकाग्रतापूर्वक प्रयास गरेको भए अवश्यै सफलता पाउने थियौ । त्यसैले जे गर्छौ त्यसमा संयम र एकाग्रतापूर्वक लागिरहू । सफलता तिम्रो पाउमै आइपुग्छ ।"

उपप्राध्यापक, त्रिभुवन विश्वविद्यालय

# युवा : राष्ट्रका मेरूदण्ड

✍ लेखराज खतिवडा

## १. विषय प्रवेश

मानवजातिले जीवनमा गर्नुपर्ने जेजस्ता कामहरू हुन्छन् ती काम गर्नका लागि उससँग खास समय रहेको हुन्छ र त्यो समय भनेको उसको युवावस्था नै हो । यस अवस्थामा एक क्षण पनि फुर्सदमा नरही काम गर्नु युवाको मुख्य दायित्व हो । राष्ट्रका सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक आदि हरेक क्षेत्रको विकास तब सम्भव हुन्छ जब युवाहरू जोश एवं जाँगरका साथ कर्मक्षेत्रमा होमिन्छन् । युवाको सक्रियताविना राज्यका कुनै पनि क्षेत्रमा आमूल परिवर्तन सम्भव नभएकाले नै युवालाई राष्ट्रको मेरुदण्ड मानिएको हो । मेरुदण्ड कमजोर हुँदा मानव शरीर काम नलग्ने भएझैँ युवाविना राष्ट्रले विकासका मार्गमा एक कदम पनि पाइला सार्न नसक्ने भएकाले राष्ट्रको सर्वाङ्गीण विकासका लागि युवाको सक्रिय सहभागिता अनिवार्य छ । राष्ट्रको मेरुदण्डका रूपमा रहेका युवाका खासखास कर्तव्य के हुन्, युवाले गर्नुपर्ने काम केकस्ता छन् अनि युवाले गर्न नहुने कामहरू केकस्ता छन् भन्ने विषयमा यस आलेखमा प्रकाश पार्ने जमर्को गरिएको छ । साथै आफ्नो कडा मिहिनेतका कारण सफल भएका केही युवाका सफलताका प्रेरणदायी केही कथाहरू पनि यस लेखमा प्रस्तुत गर्नु वाञ्छनीय ठानिएको छ ।

## २. युवाका दायित्व

युवाले नै देशविकासको गतिलाई अगाडि बढाउने हुँदा उनीहरूले आफ्नो कर्तव्यबारे राम्ररी बुझ्नु आवश्यक छ । सबै नागरिकका हृदयमा राष्ट्रका लागि केही गरेरै मर्ने भावना लुकेको हुन्छ, यद्यपि त्यो भावना पूरा होस् वा नहोस् । नागरिकले राष्ट्रका लागि केही काम गरेर योगदान पुऱ्याउने वेला भनेको उसको युवावस्था नै हो । युवावस्थालाई त्यसै खेर फालेर बस्ने हो भने राष्ट्रका लागि केही गर्ने उसको चाहना किमार्थ पूरा हुन सक्दैन । त्यसैले युवावस्थाको पूर्ण सदुपयोग गरी कुनै महान् कार्य गरेर राष्ट्रका लागि केही योगदान गर्नसक्नु नै सच्चा नागरिकको कर्तव्य हो । राष्ट्रको सर्वाङ्गीण विकास गर्न अनि राष्ट्रमाथि आइपर्ने हरेका खालका सङ्कट टार्न युवाबाहेक अरू कसैले पनि सक्दैन । यस सन्दर्भमा राष्ट्रकवि माधव घिमिरेको *नवयुवक* कविताको प्रस्तुत श्लोक निकै संस्मरणयोग्य छ :

अग्ला सिंहासनहरू हिले क्रूर अन्याय काँपे
सामन्तीका खँडहरमहाँ क्रान्तिका दूत नाचे
काला धब्बा रगतहरूका खुर्किए, स्वार्थ हारे
गर्जी गर्जी जब युवकले ज्यानको बाजी थापे

माथिको यस श्लोकमा कवि घिमिरेले युवाले ज्यानको बाजी थापेर सङ्घर्षका मैदानमा उत्रने हो भने राष्ट्रले जस्तोसुकै समस्याबाट पनि मुक्ति पाउँछ भन्ने विचार व्यक्त गरेका छन् । युवाशक्तिका अगाडि कुनै पनि सामन्ती व्यवस्था टिक्न सक्दैन भन्ने कविको विचार निकै सान्दर्भिक ठहर्छ । नेपालकै सन्दर्भमा हेर्ने हो भने पनि यहाँ भएका ठूल्ठूला राजनीतिक परिवर्तन युवाशक्तिबाटै भएको हो भन्ने कुरा घामझैँ छर्लङ्ग छ। घिमिरेको यसै कविताको तलको श्लोक पनि विशेष स्मरणीय छ :

हावा लागी शिशिर ऋतुका पात काँप्छन् पुराना
डाकी क्वैली कुसुम-वनमा बोल्छ नौलो जमाना
नौला नौला लहरहरूमा जिन्दगी हेर चढ्छ
हाँक्छन् लाखौँ युवकहरूले हेर - संसार हाँस्छ

माथिको यस श्लोकमा कवि घिमिरेले हावाले शिशिर ऋतुमा पुराना पातहरू झारिदिएपछि क्वैलीलाई डाक्दै कुसुम वनमा नवीनता ल्याएझैँ युवाहरूले हाँकेपछि मानव जीवनले नयाँ काँचुली फेर्दछ भन्ने आशय व्यक्त गरेका छन् । यस कवितामा कविले युवाको मुख्य दायित्व के हो भन्नेबारेमा राम्ररी प्रकाश पारेका छन् । यस कवितामा कविले भनेझैँ युवाले आफ्नो दायित्व पूरा गर्ने हो भने देशको आमूल परिवर्तन हुन कत्ति पनि बेर लाग्दैन ।

## ३. युवाले रोज्न नहुने बाटो

युवाका काँधमा परिवार, समाज र राष्ट्रकै जिम्मेवारी भएकाले उनीहरूले ज्यादै विवेकी हुनुपर्ने देखिन्छ । उनीहरूले गलत बाटामा लाग्नुहुँदैन किनभने उनीहरू गलत बाटामा हिँडे भने त्यसको प्रत्यक्ष असर परिवार, समाज र सिङ्गो राष्ट्रमै पर्दछ । यद्यपि अहिले कतिपय युवाहरू गलत बाटामा हिँडी आफ्नो मुख्य जिम्मेवारीबाट विमुख भइरहेका छन् । युवाहरू गलत बाटामा लागेका जस्ता पत्रपत्रिकामा दिनहुँजसो प्रकाशित हुने समाचार पढ्दा हाम्रो समाजको भविष्य के होला भन्नेबारेमा सबैले चिन्ता गर्नुपर्ने अवस्था आएको छ । यस सम्बन्धमा यस पङ्क्तिकारको एउटा तितो अनुभव छ । एक दिन काम विशेषले यस पङ्क्तिकारले काठमाडौँ जिल्ला अदालत पुग्ने अवसर पाएको थियो । त्यहाँको लगभग तीन घण्टाजतिको बसाइमा त्यहाँ रहेको थुनुवा कक्षमा भेटिएका थुनुवाहरूलाई हेर्दा पङ्क्तिकारले त्यहाँ युवा अनुहार मात्र हेर्न पुग्यो । त्यहाँ देखिएका थुनुवाहरूमध्ये अधिकांश पुरुष थिए भने केही मात्र महिला थिए । ती थुनुवाहरू प्रायः सोह्रदेखि तीस वर्षसम्मका देखिन्थे । उनीहरू हत्या, चोरी, लुट, तस्करी, बलात्कार जस्ता घटनामा संलग्न रहेका थिए । युवावस्थामा असल कर्म गरेर परिवार, समाज र राष्ट्रका लागि गहन योगदान पुऱ्याउनुपर्ने युवाहरू त्यसरी आपराधिक क्रियाकलापमा संलग्न भई कैदी जीवन बिताउनुपर्ने परिस्थिति झेल्नुपर्ने अवस्थामा हुनु कदापि सुखद समाचार होइन । यसले राष्ट्रको भविष्य के हुने होला भन्ने चिन्ता सर्वत्र छाएको छ ।

संयुक्त राष्ट्रसङ्घको तथ्याङ्कबमोजिम विश्वभर करिब बीस करोड मानिसले लागूपदार्थको सेवन गर्ने गर्दछन् । यता नेपालमा पनि लागूपदार्थको प्रयोग एवं दुर्व्यसन निरन्तर रूपमा बढ्दै गएको विभिन्न तथ्याङ्कले देखाएको

छ । केन्द्रीय तथ्याङ्क विभागले सन् २०१३ मा गरेको एक अध्ययनमा अहिले नेपालमा रक्सी तथा सुर्तीजन्य पदार्थबाहेक करिब ९१,५३४ लागूपदार्थका प्रयोगकर्ता रहेका छन् र तीमध्ये ७६.९ प्रतिशत तीस वर्षमुनिका रहेको पाइएको छ । त्यस्तै विभिन्न सर्वेक्षणअनुसार नेपालमा कुल जनसङ्ख्याको २५ देखि ७३ प्रतिशतले सुर्तीजन्य पदार्थ र १७.४ प्रतिशतले जाँडरक्सी प्रयोग गर्ने गरेको पाइएको छ । यसरी नेपालका युवाहरू दुर्व्यसनमा फस्दै गएको आँकडाले देखाएको छ । राष्ट्रका मेरुदण्ड मानिएका युवाहरू नै यसरी गलत बाटामा हिँड्नु ज्यादै दुर्भाग्यपूर्ण घटना हो । त्यसैले युवाहरूले वेलैमा सचेत भई लागूपदार्थको सेवन, चोरी, डकैती, लुटपाट, तस्करी, बलात्कार, हत्या जस्ता आपराधिक क्रियाकलाप गर्नै हुँदैन ।

## ४. केही युवाका सफलताका प्रेरक कथा

अहिले नेपालका धेरैजसो युवाहरू कामका सिलसिलामा विदेशतिर भौँतारिइरहेका छन् । तिनीहरूमा स्वदेशमै बसेर केही गर्नुपर्दछ भन्ने भावना पटक्कै छैन । देश पनि हेरिने अनि मुख पनि फेरिने भन्ठानेर युवाहरू विदेशतिर हुँइकिन चम्किरहेका छन् । विदेशतिर नगएका धेरै युवाहरू दुर्व्यसनमा लागेर पथभ्रष्ट भइरहेका छन् । देशका युवाहरूको अवस्था यस्तो भयावह रहे पनि यहाँका केही युवाहरूले भने उत्कृष्ट काम गरेर लोभलाग्दो सफलता हासिल गरिरहेका छन् । स्वदेशमै बसेर राम्रो काम गर्ने ती युवाका सफलताका कथाहरू जति रोचक छन् त्यत्तिकै प्रेरणादायी पनि छन् ।

उत्कृष्ट काम गरेर सफल हुने युवाहरूमध्ये युगेश पाण्डे र अङ्कित शाह सबैका लागि प्रेरणाका पात्र बनेका छन् । काठमाडौँको सेन्ट जेभियर्सबाट प्लस टु उत्तीर्ण गरेका पाण्डे र बूढानीलकण्ठबाट ए लेभल उत्तीर्ण गरेका शाहले हासिल गरेको सफलता निकै प्रेरणाप्रद छ । यी दुवैले यस्तो प्रविधिको विकास गरेका छन् जसबाट पक्षघातका बिरामीले निकै राहत महसुस गर्नेछन् । यिनीहरूले आविष्कार गरेको 'ईईजी' नामको मेसिनका सहायताले पक्षघातका बिरामीहरूले आफ्नो मनका कुरा आफ्ना अभिभावक तथा रेखदेख गर्ने व्यक्तिसमक्ष पुऱ्याउन सक्दछन् । यस मेसिनमार्फत पक्षघातका रोगीका मनको चाहना एवं आवश्यकता अभिभावक वा रेखदेख गर्नेको मोबाइलमा सन्देशका रूपमा आउँछ । पक्षघातका बिरामीका शरीरमा जडान गरिएको ईईजी नामको मेसिनले बिरामीको दिमागबाट उत्पन्न भएको माइक्रोभोल्ट (बिटा ब्रेन वेभ) को विश्लेषण गरेर कम्प्युटर सफ्टवेयरमार्फत मोबाइलमा सूचना दिन्छ । नेपालका यी दुई युवाले आविष्कार गरेको यस मेसिनलाई विज्ञान क्षेत्रकै एक महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ । आफ्नो अथक प्रयासबाट यस किसिमको उपयोगी मेसिन बनाउने यी दुई युवा साँच्चिकै प्रेरणाका स्रोत बनेका छन् ।

कडा मिहिनेतबाट सफलताको शिखर चुमेका सुजितकुमार दर्नाल सबैका लागि प्रेरणाका स्रोत बनेका छन् । मोरङको लेटाङका उनी लुगा सिलाउँदै एमबिबिएस टपर बनेका छन् । गरिब परिवारमा जन्मेका दर्नाल विदाका समयमा सिलाइको काम गर्दै बचेको समयमा पढेर अहिले डाक्टर बनेका छन् । रातदिन दुःख गरेका दर्नाल गरिबीका बाबजुद पनि पढाइमा डटिरहे । फलस्वरूप उनी त्रिविअन्तर्गत एक हजारभन्दा

बढी डाक्टर विद्यार्थीलाई उछिन्दै ८०.८२ प्रतिशत अङ्क ल्याएर सर्वोत्कृष्ट भए । यसका लागि उनले गरेको प्रयास निकै सराहनीय छ र त्यसका लागि उनले आफ्नो उत्कृष्ट प्रतिभाको प्रदर्शन गर्दै केही सहयोगी हातहरू जुटाउन पनि सके । फलस्वरूप अहिले उनी सफलताको मिठो स्वाद चाख्ने भाग्यशाली युवा बनेका छन् । उनको यस किसिमको सफलता निश्चय नै अरू युवाका लागि प्रेरणादायी बनेको छ ।

आफ्नो अथक प्रयासबाट सफल हुने युवहरूका लहरमा कुमुद सिंह र रवीन्द्र श्रेष्ठ पर्दछन् । उनीहरू कफी खेतीबाट सफल भएर अहिले चर्चाको शिखरमा पुगेका छन् । काठमाडौं विश्वविद्यालयमा व्यवस्थापनमा स्नातकोत्तर गर्दै गरेका सिंह र श्रेष्ठलाई त्यसवेला कफीबारे केही पनि जानकारी थिएन । अझ कफी कसरी उत्पादन हुन्छ भन्नेबारेमा त उनीहरूलाई केही पनि थाहा थिएन । उनीहरूले कफी खेती गर्ने सोचाइ बनाएर सुरुमा धेरै विज्ञहरूसँगबाट जानकारी हासिल गरे । त्यसका लागि उनीहरूले चालीस लाख ऋण लिएर धान हुने खेत किने । यस सिलसिलामा उनीहरूले अल्पाइन कफी स्टेट प्रा.लि. नामक कम्पनी दर्ता गराए । उनीहरूले लामो समयको प्रयासपछि २०६५ सालतिर कफी रोपे । कफी हुर्कन तीन वर्ष लाग्छ । त्यसैले उनीहरूले २०६५ सालमा रोपेको कफीका बोटबाट २०६८ सालमा कफी टिपे । यद्यपि ती तीन वर्ष उनीहरूका लागि सहज थिएन । एकातिर बैङ्कको ब्याज तिरिरहनुपरेको थियो भने अर्कातर्फ पहिलो लटको कफी फल्ने समय व्यग्र भएर कुरिरहनुपरेको थियो । यद्यपि तीन वर्षको प्रतीक्षाको फल भने उनीहरूले मीठो चाख्न पाए । अहिले काठमाडौँको लाजिम्पाटमा कम्पनीको आफ्नै प्रशोधन केन्द्र छ जहाँ उत्पादित कफीले नेपाली बजारको करिब १०/१५ प्रतिशत माग धान्ने गरेको छ । उनीहरू पनि कफीबाट राम्रो आम्दानी गरेर सफल जीवन बिताइरहेका छन् । उनीहरूको यस किसिमको प्रयासको जति सराहना गरे पनि कमै हुन्छ ।

## ५. युवाले स्वदेशलाई नै रोज्नुपर्ने

युवाले कामका लागि विदेशतिर जाने सोचाइ कदापि राख्नुहुँदैन । स्वदेशमै काम गरेर राम्रो फल पाइन्छ भने परिवार एवम् आफन्तहरूबाट टाढा बसेर धेरै पैसा कमाउनुको पनि कुनै अर्थ रहँदैन । विदेशी भूमिमा अर्काका लागि काम गर्नु भनेको आफ्नै श्रमको अपमान गर्नु हो । त्यसैले युवाहरूले विदेश जाने सोचाइ कहिल्यै राख्नुहुँदैन अनि स्वदेशमै केही गरेर बाँच्ने अठोट लिनुपर्दछ । स्वदेशमा युवाहरूले गर्ने क्षेत्र पनि एउटा मात्र छैन, यहाँ काम गर्ने हो भने त्यसका लागि अनेक क्षेत्र छन् । घरेलु उद्योग, कृषि, पशुपालन, माछापालन, व्यापार आदिमध्ये आफ्नो रुचि भएको कुनै पनि काम युवाहरूले स्वदेशमै बसेर गर्न सक्दछन् । यसो गर्दा एकातिर उनीहरूको श्रम राष्ट्रकै लागि उपयोगी हुन्छ भने अर्कातिर उनीहरूले परिवार तथा आफन्तबाट टाढिनु पनि पर्दैन । स्वदेशमै अनेक विकल्प भएकाले युवाहरूले कामका लागि विदेशतिर पलायन हुने होइन, स्वदेशमै केही काम गर्ने अठोट लिनुपर्दछ ।

## ६.निष्कर्ष

युवा नै राष्ट्रको सर्वाङ्गीण विकासका वाहक हुन् । उनीहरूकै प्रयासबाट देशका

सामाजिक, आर्थिक, सांस्कृतिक आदि विविध क्षेत्रको विकास सम्भव हुन्छ । यसका लागि उनीहरूमा राष्ट्रका लागि गरेरै देखाउने इच्छाशक्ति हुनु जरूरी छ । उनीहरूमा सकारात्मक सोच हुनु पनि जरूरी छ। युवाहरूले चोरी, डकैती, लुटपाट, तस्करी, बलात्कार, हत्या जस्ता आपराधिक गतिविधिहरूबाट टाढै रहनु पनि आवश्यक छ । सकारात्मक सोचाइ लिई राष्ट्रका लागि आफूलाई समर्पित गर्ने हो भने युवाहरूले पक्कै पनि देशको मुहार फेर्न सक्नेछन् । युवाहरूबाटै देशको काँचुली फेरिने भएकाले नै उनीहरूलाई राष्ट्रको मेरुदण्ड मानिएको हो । त्यसैले देशको विकासका लागि युवाहरूले खरो रूपमा आफूलाई उतार्नु जरूरी छ ।

उपप्राध्यापक, त्रिभुवन विश्वविद्यालय

# राष्ट्रिय युवा प्रतिभा सम्मान : अपेक्षा र उपलब्धि

✍ महेन्द्र पौड्याल

नेपाल सरकारले पहिलो पटक २०५२ सालमा संस्कृति, युवा तथा खेलकुद मन्त्रालयका नाममा छुट्टै मन्त्रालयको स्थापना गरे पनि त्यो लामो समयसम्म रहन सकेन। २०५७ सालमा खेलकुद तथा युवालाई शिक्षा मन्त्रालयमा गाभी छुट्टै महाशाखामा व्यवस्थापन गरियो। पछिल्लो पटक लोकतन्त्रको स्थापनापछि २०६५ सालमा पुनः छुट्टै मन्त्रालयका रूपमा युवा तथा खेलकुद मन्त्रालयको स्थापना भएको हो। युवा र खेलकुद क्षेत्रको समग्र विकासको जिम्मेवार निकायका रूपमा गठन गरिएको यस मन्त्राललाई नेपाल सरकार कार्यविभाजन नियमावली, २०७२ ले निम्नलिखित कार्यक्षेत्र तोकेको छ :

- युवा तथा खेलकुदसम्बन्धी नीति, योजना, कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- युवा परिचालन तथा राष्ट्रिय युवा विकास,
- युवा तथा खेलकुदसम्बन्धी विषयको अध्ययन, अनुसन्धान र सर्वेक्षण,
- युवालयको सञ्चालन र युवालयसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क र समन्वय,
- युवा जनशक्तिको प्रशिक्षण र तालिम,
- युवा तथा खेलकुदसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध तथा प्रतिनिधित्व,
- खेलकुदसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रम,
- युवा जागरण तथा विकाससम्बन्धी कार्यक्रम,
- युवा तथा खेलकुदसम्बन्धी विषयमा सरकारी र गैरसरकारी सङ्घसंस्थाको परिचालन तथा क्षमता विकास,
- राष्ट्रिय खेलकुद परिषद् तथा खेलकुदसम्बन्धी अन्य राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्था,
- नेपाल स्काउट।

उल्लिखित जिम्मेवारी वहन गर्न युवा तथा खेलकुद मन्त्रालयले प्रारम्भदेखि नै पहल गर्दै आएको छ। खेलकुद क्षेत्रको विकासका लागि २०१५ सालमा राष्ट्रिय खेलकुद परिषद्को स्थापना भई धेरथोर काम हुँदै आएको भए पनि युवाको समग्र विकास र सहभागिताका लागि संस्थागत प्रयासको थालनी २०६६ सालमा राष्ट्रिय युवा नीति जारी भएसँगै भएको पाइन्छ। राष्ट्रिय युवा नीतिले परिलक्षित गरेअनुसार युवा तथा खेलकुद मन्त्रालयको पहलमा आवधिक योजना र वार्षिक योजनामा युवा विकासका नीति र कार्यक्रम समावेश गर्ने कार्यको थालनी भयो। त्यसरी थालनी गरिएका तथा हाल सञ्चालित प्रमुख कार्यक्रमहरू

हुन् : युवा साझेदारी कार्यक्रम, युवा सीप तथा नेतृत्व विकास तालिम, राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यक्रम, युवा अनुभव आदान-प्रदान कार्यक्रम, सबै जिल्लामा युवा सूचना केन्द्र सञ्चालन, कुलत तथा दुर्व्यसन विरुद्ध युवा जागरण अभियान र राहत कार्यक्रम, किशोर किशोरीको विकास, प्राथमिकता र विशेष प्राथमिकताका समूहको युवाका लागि क्षमता विकास तालिम कार्यक्रम, युवा सञ्चार (रेडियो तथा टेलिभिजन) कार्यक्रम, ग्रामीण युवा उद्यम कार्यक्रम, युवा परामर्श कार्यक्रम, युवा स्वयंसेवा (समाजका लागि युवाको एक दिन) कार्यक्रमलगायतका कार्यक्रम रहेका छन् । यद्यपि यी कार्यक्रमहरू आमयुवाका आवश्यकता र आकाङ्क्षालाई सम्बोधन गर्न पर्याप्त नभएको र केही कार्यक्रमहरू प्रभावकारी हुन नसकेको हुँदा त्यस्ता कार्यक्रमलाई निरन्तरता दिइएको छैन । तर केही कार्यक्रमहरू भने परिमाणात्मक रूपमा सानो आकारका भए पनि गुणात्मक रूपमा भने धेरै हदसम्म प्रभावकारी भएको पाइएको छ । तीमध्ये राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यक्रमको प्रभावकारिताका विषयमा यहाँ समीक्षा गर्ने प्रयास गरिएको छ ।

२०६६ सालमा जारी भएको राष्ट्रिय युवा नीतिमा 'मुलुकका विभिन्न क्षेत्रमा विशेष योगदान गरेका युवा प्रतिभालाई राज्यका तर्फबाट सम्मान गरिनेछ' भन्ने उल्लेख छ । साथै उक्त नीतिले प्रतिभावान् र परम्परागत पेसामा आबद्ध युवालाई प्रोत्साहन गरी प्रतिभा पलायन हुनबाट जोगाउनु पर्ने कुरामा जोड दिएको छ । राष्ट्रिय युवा नीतिले परिलक्षित गरेबमोजिम कार्यक्रम अगाडि बढाउने सन्दर्भमा नेपाल सरकारले आ.व. २०६६/०६७ देखि नै राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यक्रम कार्यान्वयनमा ल्याएको हो । सुरुका वर्षमा विभिन्न क्षेत्रमा उत्कृष्ट कार्य गरेका पाँचजना युवालाई प्रदान गरिएको यो सम्मान आ.व. २०७२/०७३ सम्म आइपुग्दा हरेक वर्ष १० जनालाई प्रदान गरिएको छ । यो सम्मान प्राप्त गर्ने युवा वा युवाले नेतृत्व गरेका युवा संस्थालाई नगद एक लाख रुपैयाँसहित सम्मानपत्र प्रदान गरिन्छ । राष्ट्रिय युवा प्रतिभा सम्मानलाई व्यवस्थित गर्न युवा तथा खेलकुद मन्त्रालयद्वारा तयार पारिएको राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यविधिले निम्नलिखित क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हासिल गरेका वा उल्लेखनीय योगदान पुर्‍याएका युवा वा युवाले नेतृत्व गरेका युवा संस्थाहरूलाई सम्मानका लागि छनोट गर्ने व्यवस्था गरेको छ :

- युवा प्रतिभा सम्मानका क्षेत्रः कृषि, शिक्षा, उद्यमशीलता, विज्ञान तथा सूचना प्रविधि, स्वास्थ्य, पर्यटन प्रवर्द्धन, वातावरण संरक्षण, समाज सेवा/स्वयंसेवा, शान्ति स्थापना, साहित्य, कला, संस्कृति संवर्द्धन, साहसिक कार्य, अन्तर्राष्ट्रिय जगत्मा नेपाललाई चिनाउन गरेका योगदान र कीर्तिमानी कार्य, अध्ययन अनुसन्धान, युवा सशक्तीकरण, नेतृत्व विकास र सहभागिता, सामाजिक विकृति नियन्त्रण, दुर्व्यसन नियन्त्रण, अपराध तथा हिंसा नियन्त्रण, समावेशी सहभागिता र अवसरको सिर्जना आदि युवा प्रतिभा सम्मानका क्षेत्रका रूपमा रहेका छन् ।
- युवा प्रतिभा सम्मानका आधारहरूः १६ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको युवा वा सोही उमेरका युवाले नेतृत्व गरेका संस्था, फौजदारी अभियोगमा दोषी नठहरिएको र युवा संस्थाका हकमा प्रचलित कानुनबमोजिम दर्ता भई अद्यावधिक गरिएको हुनु पर्नेछ ।

साथै त्यस्ता युवा वा युवा संस्थाले गरेका उपलब्धि वा योगदानको मूल्याङ्कन गर्दा अनुकरणात्मकता, प्रेरणाप्रद, सिर्जनशीलता, मौलिकता, नवीनताका साथै तिनबाट पर्ने सामाजिक प्रभाव, आर्थिक प्रभाव, त्यसमा लागेको लगानी, विशेष प्राथमिकता र प्राथमिकताका समूहका युवामा पारेको प्रभाव र सोको प्रचारप्रसार आदि युवा प्रतिभा सम्मानका आधारका रूपमा रहेका छन् ।

यस कार्यक्रमबाट आ.व. २०६६/०६७ देखि २०७२/०७३ सम्ममा स्वदेश तथा विदेशमा क्रियाशील रही विभिन्न क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गरेका र महत्त्वपूर्ण योगदान पुर्‍याएका ३७ जना युवा सम्मानित भइसकेका छन् र यो क्रम निरन्तर जारी रहने अवस्था छ । त्यसै गरी राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यक्रमको प्रभावकारिताबाट उत्साहित भएर युवा तथा खेलकुद मन्त्रालयले कुनै क्षेत्रमा आफ्नो प्रतिभाबाट महत्त्वपूर्ण उपलब्धि हासिल गरेका युवाका अतिरिक्त विभिन्न क्षेत्रमा आफ्नो प्रतिभा र प्रयत्नबाट समाजलाई योगदान दिन वा उपलब्धि हासिल गरी आमयुवालाई प्रेरित गर्न क्रियाशील युवा प्रतिभा तथा उद्यमी युवाहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले आ.व. २०७१/०७२ बाट युवा प्रतिभा तथा उद्यमी प्रोत्साहन कार्यक्रम कार्यान्यनमा ल्याएको छ । यस कार्यक्रमअन्तर्गत प्रोत्साहन एवं सम्मान प्राप्त गर्ने युवाहरूलाई नगद ५० हजारसहित सम्मानपत्रबाट सम्मानित गरिन्छ । यसबाट हालसम्म ८२ जना युवाहरू सम्मानित भइसकेका छन् । चालू आ.व. २०७३/०७४ बाट यो कार्यक्रम ७५ जिल्लाका जिल्ला युवा समितिबाट १/१ जना गरी ७५ जनालाई प्रदान गर्ने गरी व्यवस्थापन गरिएको छ । यस प्रकार दुवै कार्यक्रमबाट हालसम्म ११९ जना युवा सम्मानित भएका छन् ।

राष्ट्रिय युवा प्रतिभा सम्मान र युवा प्रतिभा तथा उद्यमी प्रोत्साहन कार्यक्रमबाट नेपाल सरकारले राखेका अपेक्षाहरू यस प्रकार छन् :

- समाज तथा राष्ट्रका लागि उल्लेखनीय योगदान दिने तथा आमयुवाका लागि अनुकरणीय र प्रेरणादायी कार्य गर्ने युवाको पहिचान हुने,
- अनुकरणीय र प्रेरणादायी कार्य गर्ने युवा पुरस्कृत भई युवा स्वयं थप उपलब्धि प्राप्तिका लागि प्रेरित हुनाका साथै अरूलाई पनि प्रेरित गर्न प्रोत्साहन मिल्ने,
- कृषि, पशुपालन, पर्यटन, उद्यम, स्वयंसेवा, वातावरण संरक्षण, खोज अनुसन्धान र सूचना प्रविधिको विकास र उपयोगजस्ता क्षेत्रमा युवालाई आकर्षित गर्न मदत पुग्ने,
- प्रतिभा पलायनमा कमी ल्याउने,
- श्रमको सम्मान गर्ने संस्कृतिको विकासमा सहयोग पुगी युवालाई आफ्नै देशमा श्रम गर्न प्रेरित गर्ने,
- ग्रामीण तथा दुर्गम क्षेत्रमा व्यावसायिक कृषि, पशुपालन, सामाजिक विकासमा संलग्न युवा सम्मानित हुँदा आमयुवा र समाजमा श्रम, सीप, उद्यम र सिर्जनाको विकास हुन्छ भन्ने विश्वास जगाउन सकिने,
- युवामा सकारात्मक सोच विकास भई स्वदेशमा उपलब्ध स्रोतसाधन र अवसरको उपयोगमा लाग्न प्रेरित गर्न सकिने,
- सम्मानित युवामा देश र समाजप्रतिको

जिम्मेवारी बोध भई उत्प्रेरकका रूपमा कार्य गर्न वातावरण सिर्जना हुने,

- वैदेशिक रोजगारीबाट प्राप्त सीप र साधनलाई नेपाली माटोमा उपयोग गरी स्वरोजगार र आत्मनिर्भर बन्न युवालाई प्रेरित गर्न सकिने,
- आफ्नो जमिन बाँझो राखेर अरूको माटोमा पसिना बगाउन भौँतारिने युवा पङ्क्तिलाई देशभित्र उपलब्ध अवसरप्रति अभिमुख गराउन सकिने,
- कृषि, पशुपालन र पर्यटनको विकासमा युवा संलग्नता अभिवृद्धिमार्फत स्वरोजगारका अवसर निर्माण भई देशको आर्थिक विकासमा टेवा पुग्ने,
- युवालाई सामाजसेवा र स्वयंसेवामा सहभागी हुने वातावरण निर्माणमा सहयोग पुग्ने,
- सङ्घीय शासनप्रणालीलाई सुदृढ बनाउन सबै तहमा नेतृत्व लिनसक्ने गरी युवाको नेतृत्व विकासमा सहयोग पुग्ने आदि ।

## राष्ट्रिय युवा प्रतिभा सम्मान र उद्यमी प्रोत्साहन कार्यक्रमबाट प्राप्त उपलब्धिहरू

यस कार्यक्रमका लागि विनियोजित बजेट र सम्मानित हुने युवाको सङ्ख्याका दृष्टिले सानो परिणामको भएकाले यसबाट प्रत्यक्ष र ठोस रूपमा उल्लेख्य प्रगति भएको नदेखिन सक्छ । तर यस कार्यक्रमबाट विभिन्न क्षेत्रका र ज्यादाजसो आफ्नै माटोमा श्रम, सीप र जाँगर लगाएर सिर्जनाका फूल फुलाउने युवा सम्मानित हुने भएकाले अप्रत्यक्ष रूपमा यसबाट आमयुवामा सकारात्मक सोचको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइएको छ । यस कुरालाई पुष्टि गर्ने केही दृष्टान्तहरू यस प्रकार छन् :

## युवाका कार्यलाई पहिचान र प्रोत्साहन

यस कार्यक्रमबाट युवाले विभिन्न क्षेत्रमा गरेका योगदान र तिनले हासिल गरेका उपलब्धिले पहिचान र प्रोत्साहन प्राप्त गरेका छन् । प्रतिनिधिमूलक रूपमा भए पनि हालसम्म समाजका विभिन्न क्षेत्र र वर्गका ११९ जना युवा तथा युवाले नेतृत्व गरेका संस्थामार्फत सम्मान प्राप्त गरेका छन् । यस्ता युवामा चीनको सियान विश्वविद्यालयमा क्यान्सरको उपचारमा अनुसन्धानरत युवा वैज्ञानिक डा. राजीव झा, समाजसेवाको उत्कृष्ट उदाहरण प्रस्तुत गर्ने युवाजोडी सिताराम कट्टेल र कुञ्जना घिमिरेदेखि लिएर ढुङ्गामा मूर्ति कुँद्ने शिल्पी मानिने डडेल्धुराका सुन्न र बोल्नसमेत नसक्ने दलित युवासम्म रहेका छन् । यसबाट सबै तह र स्तरका युवाका कामले पहिचान र सम्मान प्राप्त गरेका छन् । यसलाई कार्यक्रमको महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ ।

## युवामा सकारात्मक सोचको विकास

यस कार्यक्रमबाट बौद्धिक प्रतिभाभन्दा पनि सिर्जनात्मक प्रतिभा प्रदर्शन गर्ने परिश्रमी युवाहरू सम्मानित हुने हुँदा आमयुवामा सकारात्मक सोच विकास हुनाका साथै श्रमप्रति सम्मान गर्ने भावको विकासमा सहयोग पुगेको छ । जस्तै, युवा उद्यमीका रूपमा लमजुङका बाख्रापालक किसान युवा बैँसबहादुर तामाङ पुरस्कृत हुनु, काठमाडौँको तारे होटलको जागिर छाडी गाउँ फर्केर किबी खेती गर्ने मकवानपुर आग्राका युवा ताराबहादुर स्याङतान, पैँचो पसल

प्रा.लि. स्थापना गरेर कृषकका उत्पादनलाई घरघरमा गई सङ्कलन गरेर उचित मूल्य दिने र कृषकलाई सेवा र सहयोग गर्ने कार्यको नेतृत्व गर्ने गुल्मीका युवा ध्रुव न्यौपाने, पोखरा लेखनाथमा व्यावसायिक भैँसीपालन गरी एक वर्षमा ३ करोडको दूध बेच्ने युवा उद्यमी दीपक तिमल्सिना, कुखुरापालन व्यवसायबाट परिवारको आर्थिक अवस्था मजबुत बनाउने कञ्चनपुरकी युवा लक्ष्मी चौधरी, परम्परागत बाजा सारङ्गी निर्माण गरी आयआर्जन गर्न सफल दाङकी युवा बालिका गन्धर्व आदि यस्ता प्रतिनिधि युवा हुन् जसले बौद्धिकभन्दा पनि सिर्जनात्मक प्रतिभाबाट सफलता हासिल गरी समाजमा सकारात्मक सोचको विकासमा योगदान दिएका छन् । यसबाट श्रमले राष्ट्रिय सम्मान प्राप्त गरेको सन्देश गएको छ । विभिन्न स्थानबाट युवाले प्रेरणा लिएको र विदेश जाने सोच त्यागेर देशभित्रै परिश्रम गर्न थालेको पाइएको छ ।

## युवामा जिम्मेवारीबोध बढेको

सम्मानित युवाको सामाजिक पहिचान बढेसँगै सम्मानित युवामा सामाजिक जिम्मेवारी बहन गर्ने तत्परता बढेको पाइएको छ । उदाहरणका लागि २०७४ मा राष्ट्रिय युवा प्रतिभाबाट सम्मानित देशकै ठूलो अनारको व्यावसायिक फाराम सञ्चालक ओखलढुङ्गाका युवा लोचन बस्नेतलाई युवा प्रतिभा सम्मानले दिएको पहिचानका कारण देशभरबाट ठूलो सङ्ख्यामा अनार खेती गर्ने तत्परता देखाई सहयोगको अपेक्षासहित फोन सम्पर्क गरेपछि आफूमा सामाजिक दायित्व बढेको बोध गरी उनले युवालाई देशव्यापी रूपमा अनार खेतीमा प्रेरित गरी स्वरोगार र उद्यमी बनाउने र आगामी दश वर्षभित्र नेपाललाई अनारमा आत्मनिर्भर बनाउन योगदान गर्ने उद्देश्यले भक्तपुरमा र ओखलढुङ्गाको गामनाङटारमा अनारको नर्सरी स्थापना गरी युवालाई उपलब्ध गराउने अत्यन्तै उदाहरणीय कार्य गरेका छन् । उनले आफूलाई यस कार्यका लागि युवा प्रतिभा सम्मानले प्रेरित गरेको कुरा बताएका छन् । त्यस्तै, मकवानपुरको आग्राका युवा ताराबहादुर स्याङ्तानले व्यावसायिक किबी खेतीका लागि २०७३ मा युवा उद्यमी सम्मान पाएपछि आफ्नो कार्यलाई राष्ट्रले पहिचान दिएको र त्यसबाट आफ्नो जिम्मेवारी पनि बढेको कुरा बताउने गरेका छन् । यही जिम्मेवारीबोधका कारण उनी मकवानपुरको आग्रा गाउँका अरू युवालाई पनि किबी खेती गर्न र सोका लागि आवश्यक मल उत्पादन गर्न बाख्रापालनमा प्रेरित गर्दै गाउँलाई नै किबी हबका रूपमा विकास गरी कृषि पर्यटन (Agro - Tourism) को विकास गर्ने प्रयासमा लागेका छन् । यी प्रतिनिधिमूलक दृष्टान्त मात्र हुन् ।

## नीति, योजना र कार्यक्रम तर्जुमामा सहयोग

युवा प्रतिभा सम्मानबाट सम्मानित युवाहरू विभिन्न विधाका सफल व्यक्ति भएका कारण उनीहरूसँग व्यावहारिक ज्ञान र ताजा अनुभव हुन्छन् । युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय युवा परिषद्ले राष्ट्रिय युवा नीति र युथ भिजन कार्यान्वयनका रणनीति, योजना र कार्यक्रम तर्जुमा गर्दा त्यस्ता युवाहरूसँग छलफल र परामर्श गर्दा युवाका लागि उपयुक्त र व्यावहारिक कार्यक्रम पहिचान भई तिनको कार्यान्वयन प्रभावकारी बनाउन सक्ने अवसर प्रदान गरेको छ । यस अवसरलाई उपयोग गरी लाभ लिन मन्त्रालयले सम्मानित युवाको मञ्च

निर्माण गरी उनीहरूबाट सल्लाहसुझाव लिने व्यवस्था मिलाउन सक्नुपर्दछ ।

## निष्कर्ष

युवाको क्षमता विकास, अर्थपूर्ण सहभागिता र नेतृत्वबाट नै विकास, दिगो शान्ति र समृद्धि सम्भव हुने भएकाले सन् २०३० सम्मका दिगो विकासका लक्ष्य (https://sustainabledevelopment.un.org/sdgs) र संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को प्रस्ताव नं. २२५०: ...युवा, शान्ति र सुरक्षा' जस्ता अन्तर्राष्ट्रिय दस्ताबेजहरूले युवालाई सकारात्मक योगदान गर्ने अवसर प्रदान गर्दै युवाले गरेका कार्यलाई प्रोत्साहन प्रदान गर्न सके मात्र युवा विकासका वाहक बन्न सक्छन् भन्ने कुरामा विशेष जोड दिएका छन्  भने हाम्रा युवानीति, युथ भिजन र आवधिक योजनाहरूले पनि युवाको क्षमता विकास अनि युवा प्रतिभाको पहिचान र प्रोत्साहनमा जोड दिएका छन् ।

निश्चय नै देशको विकासमा युवाको भूमिका अहम् हुन्छ । त्यसका लागि युवालाई आफ्नो प्रतिभाअनुसार श्रम र सीपले आफ्नै देशको माटो भिजाउने वातावरण राज्यले सिर्जना गर्न सक्नुपर्दछ । तर सचेत र सबल युवाले पनि राज्यको मात्र मुख ताकेर वा राज्यलाई मात्र दोषी देखाएर कुण्ठा र निराशा बोकी आफ्नो यौवन र ऊर्जा परदेशमा खर्चने हो भने देश कदापि बन्न सक्दैन र हाम्रा सन्ततिको पनि नियति यही हुनेछ । यस्ता निराशा र नकारात्मक सोचलाई आशामा बदल्ने एउटा महत्त्वपूर्ण उपाय भनेको सकारात्मक सोच नै हो । त्यसका लागि हामीले हाम्रै माटामा हाम्रै युवाले गरेका सङ्घर्ष र हासिल गरेका सफलताका कथालाई बाहिर ल्याई तिनलाई प्रोत्साहन र सम्मान गर्दै आमयुवामा श्रमप्रति सम्मान र उद्यमशीलता विकास गर्न प्रेरित गर्न आवश्यक छ। यसै आवश्यकतालाई सम्बोधन गर्न ल्याइएको युवा प्रतिभा सम्मान कार्यक्रमले थोरै भए पनि योगदान गरेको छ। आगामी दिनमा यस कार्यक्रमको दायरा फराकिलो र व्यवस्थित गर्दै लान जरुरी छ ।

## सन्दर्भ सामग्री


नेपाल सरकार. नेपाल सरकार कार्य विभाजन नियमावली. काठमाडौँः कानुन मन्त्रालय. २०७२ ।

नेपाल सरकार. राष्ट्रिय युवा नीति .काठमाडौँः युवा तथा खेलकुद मन्त्रालय. २०७२ ।

नेपाल सरकार. युथ भिजन-२०२५. काठमाडौँः युवा तथा खेलकुद मन्त्रालय. २०७२ ।

नेपाल सरकार. राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यविधि. काठमाडौँ :युवा तथा खेलकुद मन्त्रालय. २०७२ ।

United Nations (2015). UNSCR 2250: Youth, Peace and Security. Found in https://www.un.org/press/en/2015/sc12149.doc.htm.

United Nations (2015). Sustainable Development Goals. Found in https://sustainabledevelopment.un.org/sdgs.


उपसचिव, युवा तथा खेलकुद मन्त्रालय

**कविता**

# युवालाई आह्वान

✍ भवानी खतिवडा

यो आह्वान छ देशका युवकले जाग्नै
पर्‍यो देशमा
आफ्नो लक्ष्य यतै बनाउन सधैँ लाग्नै
पर्‍यो देशमा
अर्काको घरमा बसेर तिमीले के पाउने
हो अब ?
ज्यूँदै छन् अझ रोगका चुलीहरू नाघ्नै
पर्‍यो देशमा ॥ १ ॥

भो भो तर्क वितर्क धेर नगरी फर्केर
आऊ अब
आफ्नो बुद्धि विवेक वर्गत सबै लौ लौ
खन्याऊ अब
लौ आफ्नै घरभित्र आई पसिना आफ्ना
चुहाऊ अब
आफ्ना देश र देशवासीहरूमा माथा
झुकाऊ अब ॥ २ ॥

हाम्रै स्वच्छ हिमाल तालहरू छन् मैदान छन्
बारी छन्
पाखा छन् र पहाड खोँचहरू छन्
उद्यान छन् घारी छन्
उब्जाऊ अब खेतफाँटहरू बाली बिनै
खाली छन्
पुर्खाको यशले उपार्जित अझै मेची
महाकाली छन् ॥ ३ ॥

ऊर्जामा धनधान्यमा जमिनमा हामीहरू
अग्र छौँ
सेवाभाव र देशभक्ति सबमा हामीहरू
तीव्र छौँ
हुन्थ्यो स्वर्गसमान देश तिमीले ऊर्जा
लगाएपछि
यो ऊर्जामय देशलाई तिमीले आई
सिँगारेपछि ॥ ४ ॥

ऊर्जा स्रोत अनन्त छन् तर यहाँ लामो
खडेरी पर्‍यो
सत्ता स्वार्थ भएर देश अहिले सारै
पछाडि पर्‍यो
ऊर्जाशील हिमालका सपूत हो फर्केर
आऊ अब
माटोमा पसिना चुहाउनुपर्‍यो हजार
छन् वैभव ॥ ५ ॥

खाडी र समुद्रपारितिरको यात्रा
टुटाऊ अब
आफ्ना पौरखी पाखुराहरू यहाँ आई
जुटाऊ अब
आफ्नै खेत र बारीभित्र पसिना आई
छुटाऊ अब
तन्नेरीहरू हो जुटेर पहरो आई
फुटाऊ अब ॥ ६ ॥

# युवा उद्यमका विषयमा कर्ण शाक्यसँगको अन्तर्वार्ता

✍ गणेश राई

युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत वार्षिक प्रकाशन 'युवा' का निम्ति पर्यटन उद्यमी कर्ण शाक्यसित कान्तिपुर दैनिकसम्बद्ध पत्रकार गणेश राईले २०७३ चैत २९ गते लिएको अन्तर्वार्ता :

**राम्रो छ भनेर हेऱ्यो भने यो देश नेपाल कम राम्रो छ !**

-कर्ण शाक्य, संरक्षणविद्

**तपाईं संरक्षणविद्, पर्यटनविद्, सफल उद्यमी हुनुहुन्छ । तपाईंकै मूल्याङ्कनमा कर्ण शाक्यको खास परिचय के हो ?**

शाक्य : पहिले आफूले आफूलाई खोज्नुपर्छ । सबभन्दा पहिले म के विचार गर्छु -मानिसको कमजोरी के हो भने उसले अरूलाई खोज्न सक्छ। हेर्न सक्छ। जोख्न सक्छ। मूल्याङ्कन गर्न सक्छ। सबै सक्छ। तर मानिसको कमजोरी के हो भने आफूले आफूलाई खोज्न नजान्ने। आफूले आफुलाई चिन्न नजान्ने । आफूले आफुलाई मूल्याङ्कन गर्न नजान्ने । मानिस यही सोचले गुज्रिन्छ । मैले जीवनमा कहिल्यै पनि सोचेको थिइनँ, आज यस ठाउँमा आइपुग्छु भनेर कहिल्यै पनि सोचेको थिइनँ, किताब लेख्न सक्छु भनेर । कहिल्यै पनि सोचेको थिइनँ, यत्तिका होटेल सञ्चालन गर्छु भनेर । मैले कहिल्यै पनि सोचेको थिइनँ, म समाजसेवाको काम गर्न सक्छु भनेर । म पनि एउटा परिबन्द, परिवेश र समयले परिवर्तन गरेको मान्छे हो । अब आएर मैले आफूभित्र भगवान्ले मलाई के दिएका छन् ? मेरा आमाबाबुले जन्माउँदा के दिएका छन् ? अनि ए, म खत्तम मान्छे त होइन जस्तो लाग्थ्यो तर म केही गर्न सक्ने मान्छे हुँ भनेर मैले आफूलाई चिनेँ । त्यसैले मेरो चाहिँ सोचमा म अरूले हेर्ने बेलामा तपाईंले भनेजस्तै धनवान् मान्छे होला । कसरी यो मान्छे धनाढ्य हो, उद्यमी हो भन्यो भने मलाई चाहिँ न्याय गरेजस्तो लाग्दैन ।

सबभन्दा पहिले के भन्न चाहन्छु भने मैले आफूलाई परिचय गराउनु पर्दा म सर्वप्रथम एक वनविज्ञ हुँ । जीवनमा मैले धेरै वर्ष अध्ययन गरेँ र मैले आफ्नो जीवनमा वनजङ्गल हेरेको छु । मलाई गर्व छ, मैले जीवनमा डोल्पा, मुस्ताङ, मनाङलगायत जहाँ मान्छे हिँडेर जानुपर्थ्यो, त्यो जम्मै हेरिसकेको छु । जसले गर्दाखेरी त्यो ज्ञानबाट मैले आज *सोच, खोज, मोज र म सक्छु* भन्ने किताब लेख्न सकेँ । यदि म उद्यमी मात्र भइदिएको भए, व्यापारीमात्र भइदिएको भए, खालि बैङ्कमा पैसा राख्ने मान्छे मात्र भइदिएको भए,

म ती किताब लेख्न सक्दिनथेँ । ममा जे छ अहिले सम्पूर्ण सम्हाल्न सकेँ । वनविज्ञ भएका नाताले प्रकृतिप्रेमी भएँ । प्रकृतिप्रेमी भइसकेपछि प्रकृति संरक्षणविद् भएँ । नेपाल सम्पदा सङ्घको अध्यक्ष भइसकेपछि सम्पदाका बारेमा ज्ञान लिएँ । बुझेँ । कला, संस्कृतिका बारेमा बुझेँ । त्यसको महत्त्व बुझेँ । त्यसको संरक्षण गर्नुपर्छ भन्नेबारेमा बुझेँ ।

मेरा श्रीमती र छोरीको क्यान्सरबाट देहावसान भएपछि त्यस पीडालाई प्रेरणा बनाउँदै नेपाल क्यान्सर अस्पताल बनाउने पक्षमा केही काम गर्न सकेँ । जब म वनजङ्गललगायत हरेक ठाउँ घुमेँ, मैले पर्यटन र प्रकृतिलाई समावेशीकरण गरेर पर्यटन हुनसक्ने रहेछ भन्ने जानेँ । आज जुन पर्यटनका बारे हामी सोच्छौँ । बुझ्छौँ । मेरो चाहिँ धारणा अरूभन्दा अलिक फरक छ । जब प्रकृति र संस्कृति यो देशमा मासिन्छ तब हाम्रो पर्यटन मासिन्छ । प्रकृति भनेको नदी पनि हो । जुन नदी बागमती र विष्णुमती बागद्वार र विष्णुद्वारको मुहानबाट बग्ने हो । संस्कृति र प्रकृतिको मुहानबाट पर्यटनको नदी बग्छ । जब प्रकृति र संस्कृतिको मुहान खतम हुन्छ । पर्यटन स्वतः खतम भएर जान्छ । राज्यले, पर्यटन उद्यमीले, तीन करोड जनताले के बुझ्नुपर्छ भने यो देश नेपाललाई पर्यटन गन्तव्य स्थलका रूपमा, विश्वको पर्यटन मानचित्रमा अग्रणी भूमिकामा राख्ने हो भने सबभन्दा पहिले हामीले गर्नुपर्ने भनेको यहाँको संस्कृति, यहाँको पर्यटनलाई एकदम संरक्षण गरेर राख्नुपर्छ । त्यसले गर्दा हाम्रो पर्यटनको भविष्य निर्धारण गर्छ । यदि संस्कृति र प्रकृतिलाई चटक्क बिर्सेर डलरमात्रै हो, पैसामात्रै हो, पर्यटकमात्रै घुमाउन ल्याउनुपर्छ भनेर सोच्नु अनर्थ हुन्छ । सिङ्गापुरले लाखौँ पर्यटक भित्र्याउँछ भनेर हामीले त्यस्तै होडबाजीमा सोच्ने हो भने निरर्थक हुन्छ । पर्यटनको दिगो विकास गर्नका निमित्त हामी सबै तीन करोड जनता, राज्य, मन्त्री, नेता, नीति निर्माताले बुझ्नुपर्ने भनेको नेपालमा पर्यटक किन आउँछन् ? किनभने हामीकहाँ प्रकृति छ । विविध संस्कृति छ । जुन अरू देशमा छैन ।

**तपाईंले सोच, खोज, म सक्छु र मोज गरी चारवटा पुस्तक लेख्नुभयो । ती प्रकाशनमा पनि आए अनि अहिले चाहिँ के लेख्दै हुनुहुन्छ ?**

शाक्य : (हाँसो) अहिले नलेखूँ भनेर विचार गरेको हो । किनभने मेरो आँखा धेरै कमजोर भयो । जब बुढेसकाल लाग्छ नि (शाक्यले २०७३ चैत २३ गते ७५औँ जन्मोत्सव मनाइसकेका छन्) । भगवान्ले केही न केही खोसेर लैजान्छ । कसैको आँखाको शक्ति कम हुँदै जान्छ । कसैको कानको शक्ति कम हुँदै जान्छ । कसैको ढाड दुख्छ । मेरो चाहिँ मलाई लाग्छ, भगवान्ले ल अब पुग्यो भनेर आँखाको शक्ति लिएर गएजस्तो लाग्छ । टाढाको देख्छु तर नजिकको देख्न सक्तिनँ । नजिकको देख्ने बेलामा माथिको परेला खस्छ । जब माथिको परेला खस्छ, त्यसलाई तान्न सक्तिनँ, ब्रेनमा नर्भ कमजोर भएको हुनाले । अमिताभ बच्चन (बलिउडका नायक) को त्यही रोग भएको भनेर सुनेको छु । त्यही रोग मलाई पनि लागेको छ । नर्भ कमजोर भएपछि आँखाको माथिको परेला तान्न सकिँदैन रहेछ । अनि यसो (आँखा चिम्लिँदै) बन्द गर्नुपर्छ । पाँच-दश मिनेट बन्द गरेपछि फेरि खोल्न सकिन्छ । त्यस्तो अवस्था छ । डाक्टरले कम्प्युटर

नहेर्नू, किताब नहेर्नू भनेको छ । जीवनमा आफूले सबभन्दा मनपर्ने चीज छोडेर, त्यागेर साससमात्रै त के बाँच्नु होइन ? सास भनेको त जीवन रहेसम्म त रहने हो नि । जीवन धान्नका निमित्त होइन । जीवन बाँच्नका निमित्त हो । आँखा चिम्लेर बस्नुको के अर्थ ? अर्थपूर्ण जीवन बाँच्ने हो । जुन बेलासम्म रमाइलो हुन्छ, त्यस बेलासम्म जीवन हुन्छ । जब रमाइलो खतम हुन्छ, त्यो जीवन सास भएर पनि लाससरह हुन्छ । म अर्थहीन जीवन किमार्थ बाँच्न सक्दिनँ ।

अहिले ट्वीटर र फेसबुकमा लेखेर पोस्ट गर्ने गरेको छु । मेरो मनमा अनेक प्रकारका कुराहरू आइरहन्छन् । मलाई भगवान्ले ब्रेन दिएका छन् । कुनै चीज म सोच्छु । म कसरी सोच्छु भने त्यो असम्भव कुरो सोच्तिनँ । म आकाशको तारा झारेर मेरो स्वास्नीको चुल्ठोमा लगाउने कुरा सोच्दिनँ । म यथार्थ सोच्छु । जीवनलाई म दर्शनका रूपबाट हेर्दिनँ । जीवनलाई यथार्थ रूपमा सोच्छु । त्यसैले कुनै पनि बेला सोच पढ्नोस् । खोज, म सक्छु या मोज पढ्नोस् । त्यहाँ मैले मेरो गुनासो पोखेको छु भने त्यहाँ सम्भावनाको कुरा पनि देखाएको छु । म गुनासोमात्र त्यसै पोख्दिनँ । म त्यसैमा समस्या देखाउँदिनँ । समस्या त्यो बेला देखाउने अधिकार छ जुन बेला समस्या दिन सक्छु । समाधान पनि कस्तो ? भएको आर्थिक स्रोत र भएको जनशक्ति परिचालन गरेर यथार्थ रूपमा गर्नसक्ने काम मात्रै हामीले गर्नुपर्छ । हुनै नसक्ने कुरा, सुनले ढाक्ने कुरा, हीराले जोड्ने कुरा, त्यो चाहिँ नेताहरूलाई दिई दिऊँ । सपना बिक्री गर्ने कुरा त नेतालाई दिई दिऊँ । म धरातलमा पाइला टेकेर काम गर्ने श्रमजीवी उद्यमी भएकाले म त्यो कुरामात्र सोच्छु जुन कुरा गर्न सकिन्छ ।

**सकारात्मक सोचका पुस्तकहरू प्रकाशनमा आए । हजारौँ प्रति बिक्री वितरण भएका छन् । सुरुमा आफूलाई लेखक, साहित्यकारका रूपमा स्वीकार्नु भएन । अहिले आफूलाई लेखक, साहित्यकारका रूपमा चिनाउनुहुन्छ ?**

शाक्य : अहिले पनि म आफूलाई साहित्यकार होइन भनिरहेको छु । किनभने म त बाह्र वर्षसम्म नेपाली बोल्न नजानेको मान्छे । नेवारीमात्रै बोल्ने । हाम्रो नेवारीमा त र ट हुँदैन । हाम्रो ट एउटामात्र हुन्छ । त हो कि ट मेरो कानले सुन्दैसुन्दैन । ठ मात्रै हुन्छ । ड मात्रै हुन्छ । मलाई अहिले पनि ह्रस्वदीर्घ आउँदैन । मलाई त्यो शब्दको सञ्जाल पनि आउँदैन । मलाई त्यो साहित्यको व्याख्या आउँदैन । मनमा आएको कुरा जिब्रोले बताउँदैन । म किताब लेख्ने बेला मनमा जे आउँछ र मनको कुरा सबै पानापानामा सुरूक्क राखिदिन्छु । त्यसभन्दा बाहेक फाटफुट शब्द हेरेर, डिक्सनरीको राम्रोराम्रो शब्द छानेर साहित्यमा ढालेर म किताब लेख्दिनँ । त्यसैले म अहिले पनि साहित्यकार होइन । मात्र लेखक हुँ । कस्तो लेखक भने आफूले भोगेको, आफूले अनुभव गरेको र मेरो भोगाइबाट, मैले गरेको गल्तीबाट, सिकेको भोगाइबाट अरूले पनि सिकोस् । देशै बनाऊ त भन्न सक्दिनँ । आफूले आफूलाई समेट्न सक्यो र आफूले आफूलाई सोचेर परिवर्तन गर्न सक्यो भने राम्रो हो । आफू परिवर्तन नभई अरूलाई परिवर्तन गर्न सकिँदैन । त्यो मेरो जीवनको सबभन्दा ठूलो दर्शन हो ।

अहिले म सोच समूह खोल्दै छु । किताबबाट

कमाएको सबै पैसा मैले क.शा.को. (कर्ण शाक्य कोष) मा ५० लाख जम्मा गरेर अक्षय कोष खडा गरेको छु । त्यो अक्षयकोषको ब्याज क.स.को. (कर्ण सकारात्मक कोष) मा जान्छ। मलाई आफ्नो कृतिबाट कमाएको पैसा सबभन्दा मन पर्छ । कृतिबाट कमाएको पैसा खर्च गर्न मन पर्दैन । (कार्यकक्षमै रहेकी पत्नीलाई देखाउँदै) पुस्तकबाट कमाएको पैसा मेरो श्रीमतीलाई दुई पैसा पनि दिन्नँ । म यति कन्जुस छु त्यो पैसामा । म समाजसेवा गर्छु त्यो पैसाबाट । कसैलाई दिन्छु, धेरै त म दिन सक्दिनँ । तर दिनुपर्नेलाई दिएको छु । कसैलाई भन्दिनँ । किनभने मैले दिएको कुरा अरूलाई भन्यो भने पैसा लिनआउने मान्छे धेरै हुन्छन् । त्यसैले जसलाई आवश्यक हुन्छ, प्राइभेटली दिन्छु । जस्तै क्यान्सर रोगीलाई थोरै दिएको छु । मन परेको ठाउँमा दिन्छु । जस्तै, तिलगङ्गा आँखा अस्पतालमा दिएको छु। त्यहाँको व्यवस्था कति राम्रो छ । डाक्टर सन्दुक रुइतले कस्तो फ्यान्टास्टिक काम गरिराख्नुभएको छ । एउटा धर्तीपुत्र हो रुइत भन्ने मान्छे । डाक्टर रुइत संसारमा कहीँ पनि जाने हो भने उसले सुनको दरबार बनाएर दिनसक्छ । तर, 'म कहीँ पनि जान्नँ, म यो देशको सेवा गर्छु' भनेर समर्पित हुन्छु । हामीले कसैलाई मन्दिर नबनाऊ भनेको छैन । कमसेकम काम गर्ने मान्छेलाई सहयोग गर्‍यो भने समाजलाई, देशलाई चाँडो सेवा पुग्छ ।

**तपाईंले 'एकचोटि मात्रै जन्मिने हाम्रो यो जीवनमा किन शान्तिसित बाँच्न सक्दैनौं ?' भनेर सोच पुस्तक लेख्नुभयो। उतिखेर मुलुकमा सशस्त्र द्वन्द्व र सबैतिर निराशा थियो। सशस्त्र द्वन्द्व टुङ्गिएको १० वर्ष भयो । उतिखेर र अहिले के भिन्नता महसुस गर्दै हुनुहुन्छ ?**

शाक्य : धेरै भिन्नता पाएको छु । त्यो भिन्नता आउँछ भनेर आजभन्दा १२ वर्षअघि आशा गरेको, सोचेको हो । सकारात्मक सोचका कारण मलाई कुनै पनि ताजुब छैन कि यो देश आजभन्दा दश वर्ष पहिले जे सोचेको थियो त्यही भएको छ ।

**पछिल्लो दशकमा नेपाली समाजले हासिल गरेका राष्ट्रिय लाभ केके हुन् ?**

शाक्य : राष्ट्रिय लाभ धेरै खोज्न जानुपर्छ। खोज्ने प्रक्रिया हुन्छ । कुन दृष्टिकोणले खोज्नुहुन्छ । नकारात्मक कहिल्यै पुगेन, पुगेन, पुगेन मात्र हुन्छ। सकारात्मक दृष्टिकोणले खोज्यो भने त्यसमा पुग्यो, पुग्यो, पुग्यो हुन्छ। मैले यही चीज युवा मन्त्रालयलाई भन्न चाहेको हो । हाम्रो नेपालमा नर्क पनि यहीँ छ र स्वर्ग पनि यहीँ छ। नकारात्मक दृष्टिकोणले हेरे नर्कैनर्क छ । सकारात्मक दृष्टिले हेर्‍यो भने यो देश स्वर्गैस्वर्ग छ। यत्ति कुरा हामीले बुझ्नुपर्छ यहाँ। त्यसैले यो स्वर्गको स्वरूप हामीले युवालाई देखाउनुपर्छ। दैनिक जुन युवा पलायन भइरहेको छ, यो कस्तो लस (घाटा) हो ? सुन बग्नुमा ठूलो लस होइन ? हीरा चोरिनुमा ठूलो लस होइन ? अझ म त भन्छु, मन्दिर चोरेर गए मलाई प्रोब्लम छैन । मन्दिरको देउता चोरेर गयो रे प्रोब्लम छैन। जुन बेलासम्म देउता बनाउने यो हात हुन्छ, त्यो बेलासम्म मलाई प्रोब्लम छैन। त्यो बनाएको हो। अर्को बनाउन सकिन्छ। सिर्जनशील हात त छ । त्यसैले अहिले जुन स्थितिले युवा पलायन भइरहेको छ, यो धेरै नकारात्मक पिक्चर हो । यो देश 'खतम छ, खतम छ' भनेर हेर्‍यो भने खतम

छ । राम्रो छ भनेर हेर्‍यो भने यो देश कम राम्रो छ !

मैले एउटा ट्वीटमा लेखेको थिएँ- तपाईं विदेश जानुहुन्छ । हाफपाइन्ट लगाएर ढल्किँदै हिँडेको, चिल्लो कारको अगाडि-पछाडि बसेको, चिल्ला सडक र गगनचुम्बी घरहरूलाई दायाँ-बायाँ पारेर खिचेका फोटाहरूले मात्र सामाजिक सञ्जाल नभर्नुहोस् । विदेशमा बस्दा गरिने सङ्घर्ष र परिश्रमका कहानीहरू पनि राखिदिनुस् । हरेक महिना बैङ्कको किस्ताले दिने पीडा पनि सुनाउनुहोस् । अस्पतालको खटाइ, सुपरमार्केटको खटाइ पनि सुनाउनुहोस् । के काम गर्दै हुनुहुन्छ, त्यो पनि बताइदिनुहोस् । कामका सिलसिलामा हुने मानसिक तनाव र पीडाहरू पनि भनिदिनुहोस् । विदेशमा बस्दा घरपरिवार, समाज, रीतिरिवाज, चाडपर्व आदि सामाजिक कुराहरूका कारणले हुने पीडा पनि सुनाउनुहोस् । कति समय खट्नुहुन्छ भनिदिनुहोस् । सामाजिक सञ्जालमा देखिने तपाईंको मोजमस्तीको जीवनशैली (ग्ल्यामरस लाइफ स्टाइल) को लोभलाग्दो कारणले नेपालका बस्तीहरू छिन्नभिन्न र उजाड भइसके । ड्रिङ्स बियर खानुहुन्छ । राम्रो तस्बिर पठाउनुहुन्छ । अनि यहाँका मान्छेले ओहो उसले प्रगति गर्‍यो । म पनि जाऊँ , म पनि जाऊँ भन्छ । नेपालका भित्ताभित्ता अनि हरेक पाखापखेरा अहिले खालीखाली छन् । गाउँमा गयो भने बुढाबुढी मात्रै छन् । बच्चामात्रै छन् । त्यो ब्रेन र मसल पावर सबै विदेश गयो भने यो देश कसले सञ्चालन गर्ने ? यो नै अहिलेको महत्त्वपूर्ण पक्ष हो । तसर्थ युवाले यसतर्फ सोच्नैपर्छ ।

## बाँझो बारीलाई अब कसले सम्हाल्ने ?

शाक्य : म यही विषयमा आउँदै छु । सोच समूह त्यसै कारण मैले खडा गरेको हो । सोच समूह भनेको अहिले नकारात्मक कुराको न पनि ननिकाल्ने । हुँदैन, भएन, पुगेन भन्ने शब्द ननिकाल्ने । महिनाको दुई चोटि, एकएक घण्टा, बीस वर्ष नाघेका युवा, बीसजना सँगै बसेर, होटेल-रेस्टुरेन्टमा होइन प्रकृतिको काखमा । नदीको तीरमा । तालको किनारमा बसेर । प्रकृतिलाई केन्द्रमा रहेर 'न' भन्ने शब्द नकारेर राम्रो चीज के छ ? ए फलानाले त धेरै राम्रो गर्नुभयो नि । हो, यसो गर्नुपर्दो रहेछ अनि त्यो झलमायाले त खेतमा पाँच किलोको काउली उमारिछे नि । हो र, कसरी ? ओ हो । अनि रामबहादुरको छोरो खेत बेचेर विदेश गयो । विदेशमा बस्न नसकेर फर्केर आई कुखुरापालन गरिरहेको छ, हजारवटा । बस, चाहियो हामीलाई सकारात्मक कुरा । उसले गरेपछि म पनि गर्न सक्छु नि । यहाँ भएन, त्यो भएन भन्नेमात्रै भयो भने मान्छे भाग्छ । जहाँ आश हुँदैन त्यहाँ मान्छे बस्दैन । आश देखाउनुपर्‍यो । विश्वास जगाउनुपर्‍यो, यो देशमा केही गर्न सकिन्छ । यी कुराहरू गर्न सकारात्मक सोच समूह खडा गरिएको हो । यो कुनै सङ्घसंस्था जस्तो होइन ।

सबभन्दा पहिलो कुरा समाजलाई परिवर्तन गर्ने भनेको म आफैं परिवर्तन हुनुपर्‍यो । मलाई वा तपाईंलाई, अरूले के गर्नुपर्ने भन्ने कुरा थाहा छ । मैले के गर्नुपर्ने भन्ने कुरा थाहा छैन । नेपालमा खड्किएको यही हो । प्रधानमन्त्रीले यो गर्नुपर्‍यो । सचिवले यो गर्नुपर्‍यो । सेक्सन अफिसरले यो गर्नुपर्‍यो । खेलाडीले यसो गर्नुपर्‍यो । वाह, सबले गर्नुपर्ने कुरा थाहा छ । उसलाई चाहिँ आफूले

गर्नुपर्ने कुरा थाहा छैन । यसरी समाज बन्न सक्दैन । सबभन्दा पहिले मैले आफूले गर्नुपर्ने सामान्य कुरा केहो भने जहाँ पायो त्यही थुक्नु भएन ।

सोच समूहको काम के हो ? सबभन्दा पहिले मैले अर्काबाट इज्जत प्राप्त गर्नका निमित्त आफूले उसलाई इज्जत दिनुपर्‍यो । पैसा लाग्दैन । कुनै पनि विकासको काम पैसाले गर्ने होइन । दिमागले गर्ने हो । सोच समूहले गाउँगाउँमा गर्न खोजेको कुरा यही हो । जस्तो, दाँत माभ्दैन । कुरा गर्न आउँदा सास ठुस्स गन्हाउँछ । उसको अगाडि कोही मान्छे बस्छ ? पाँच रूपैयाँमा टुथपेस्ट आउँछ । कपाल भ्याँग्र्याँङ्ग भएर बस्छ । दुई रूपैयाँमा काइँयो किन्न पाउँछ । कोर्न पैसा चाहिँदैन । मोजा गन्हाइरहेको हुन्छ, धुँदैन । अरूको छेउमा बस्नै नहुने गरी गन्हाउँछ । त्यो धुन पैसा लाग्दैन ।

बस, जिन्दगीमा इज्जत देऊ । अरूले इज्जत दिन्छ । यी सानासाना कुराहरू गरेर अघि बढ्न सोच समूह खडा गरेको हो । अब चाहिँ जीवनको मेरो लक्ष्य यही हो ।

**सन् १९८२ मा अमेरिकाको हवाईमा सम्पन्न सांस्कृतिक सम्पदा संरक्षण गोष्ठीमा नेपालको जीएनपी भन्दा जीएनएच (ग्रस नेसनल ह्यापिनेस) कुल राष्ट्रिय सन्तुष्टि अति उच्च रहेको कुरा प्रस्तुत गर्दा सम्मेलनले निचोडमा हापी (एचएपीआई/हेरिटेज अफ एसिया एन्ड प्यासिफिक आइल्यान्ड) नामकरण भएको उल्लेख गर्नुभएको छ । अहिले नेपालीको जीएनएचको परिधि कति फराकिलो भएको अनुमान गर्नुहुन्छ ?**

शाक्य : म वैज्ञानिक त होइन । यो मैले आजभन्दा २८ वर्ष पहिले भनेको कुरा हो । आज त्यही शब्दलाई भुटानका राजाले जीएनएच (ग्रस एन्ड ह्यापिनेस) भनेर उल्लेख गरेका छन् । धेरै राम्रो कुरा हो । हामीले नेपालमा यही कुरा लागू गर्नु छ । म संसारको कुनै पनि ठाउँमा ट्राभल गर्न सक्छु । तर म बस्न सक्दिनँ । मलाई यहाँको सुखको अनुभव, आनन्दको अनुभव, आउनोस् बस्नोस् भन्ने अनुभवले तानिहाल्छ । सुखको तराजुमा तौलिने बेलामा धनले तौलन सक्दैन । सुन तौलन सक्छ । हीरा, मोती तौलन सक्छ । तर सुख भन्ने चीज कहीँ तौलिन सक्तैन । त्यो मनभित्र बस्छ । त्यो सुख मनभित्र बस्ने हुँदा हामी नेपाली (छिमेकी नेपालीको कुरा बेग्लै हो) बिहान आलु खाए पनि हाँस्छ । दिउँसो आलु खाए पनि हाँस्छ । राति आलु खाए पनि हाँस्छ । कोही मान्छे त्यसरी हाँस्न सक्छ ? म त संसार घुमेको छु । सबै मान्छेले जीवनमा केही प्राप्त गर्नसक्यो भने हाँस्न सक्छ । प्राप्त गर्न सकेन भने त्यो रुन्छ । मुख अँध्यारो हुन्छ । तर हामी त बिहान खान नपाए पनि हाँस्छौं । साँझ खान नपाए पनि हाँस्छौं । भनाइको मतलब यो होइन कि हाँसेर मात्रै पुग्दैन । त्यो जीवनको यथार्थ हो । हामी खुसी छौँ । तर राज्यले, देशले, नेताहरूले चाहिँ यो खुसी भएको मान्छेलाई अझ खुसी पार्न अरू देशजस्तो विकास गर्‍यो भने यो खुसी चौगुना हुन्छ ।

यो खुसी कति छ भन्ने कुरा म भन्न सक्तिनँ । त्यो एक माना, दुई माना वा एक किलो, दुई किलो भनेर नाप्ने चीज पनि होइन । तर नाप्नुपर्ने के हो भने हाँसो, हाँसो पनि कस्तो हाँसो ? यो

ओठले हाँसेजस्तो हाँसो होइन । एयर होस्टेस हाँसेजस्तो हाँसो होइन । (निधार देखाउँदै) मुहारको कपाल हाँसेपछि सुख हाँस्छ । मुखले मात्र हाँस्दैन । मान्छे, दुई किसिमले हाँस्छ । एउटा मुखले हाँस्छ, अर्को ब्रह्मले हाँस्छ । मुखले मात्र हाँसेको हाँसो कस्मेटिक (बनावटी) हाँसो हो । हामी नेपालीले हाँस्ने कस्मेटिक हाँसो होइन, चेहराको हाँसो हो ।

## नेपालीको हाँसो बढेकै हो त ?

शाक्य : हेर्नोस्, नकारात्मक विचार भोको पेटबाट आउँदैन । भोको मनबाट आउँछ । हामी नेपालीको भोको पेट होला । हाँसिरहेका छन् । भोको पेट कहाँबाट आउँछ भने जब मन लोभी हुन्छ । जब एस्पेक्टेसन (अपेक्षा) बढी हुन्छ । जब टायर बाल्ने इच्छा हुन्छ । ढुङ्गा उठाएर ऐना फुटाल्न मन लाग्छ । त्यो मान्छे भनेको जे भए पनि नपुग्ने । मान्छे जब पुग्दैन, पुगेनको मृगतृष्णाले उसलाई सताउँछ, त्यो मान्छे कहीँ अट्दैन ।

## नेपाल सरकार युवा मन्त्रालयले राष्ट्रिय युवा परिषद् गठन गरेको छ । युवा मन्त्रालय, युवा परिषद् र यसले गरेको कामलाई तपाईंले कसरी लिनुभएको छ ?

शाक्य : त्यस बारेमा मलाई केही पनि थाहा छैन । अस्ति सचिवज्यूसित कुरा हुँदा के बुझेँ भने उहाँहरूले युवालाई महत्त्व दिनुभएको रहेछ । त्यो प्रयास धेरै राम्रो छ । युवा मन्त्रालय या राज्यले भनौँ कमसेकम स्वरोजगार गर्ने अभियानलाई अगाडि ल्याउनुपर्‍यो । यहीँ गर्न सकिन्छ भन्नेतर्फ जोड दिनुपर्‍यो । एकचोटि स्वरोजगार अभियानमा लागिसकेपछि यहाँ धेरै काम हुन्छ । मन्त्रालयले यहाँ केके काम गर्न सकिन्छ भनेर पहिल्याउनुपर्‍यो । वास्तविक रूपमा यहाँ स्वरोजगारप्रति उसलाई विश्वास दिलाउनुपर्‍यो । नेपालमा सम्भव छ भनेर सम्भावनाहरू देखाउनुपर्‍यो । मन्त्रालयले तुरुन्तै गर्न सक्ने सानासाना, ठूल्ठूलो होइन, सानसाना कुटिर उद्योगहरू कसरी सञ्चालन गर्ने भन्नेबारे तालिमहरू दिन सक्नुपर्‍यो । खेलकुदमात्र होइन । खेलकुदमा हामीले धेरै राम्रो गरेका छौँ । मलाई त्यसमा केही भन्नु छैन । म त्यसमा धेरै गौरव गर्छु । क्रिकेटमा हामीले धेरै राम्रो गरेका छौँ । म एउटा उद्यमी भएको नाताले एउटै चीजमा डर छ कि यहाँ भएभरको युवा समूह बाहिर (विदेश) पलायन भइरहेको छ । त्यसलाई रोक्नका निमित्त वातावरण सिर्जना गरिनुपर्छ, जुन गाह्रो छैन ।

## नेपालको जनसाङ्ख्यिक इतिहासमा सन् २०११ को तथ्याङ्कअनुसार सबैभन्दा बढी युवाको हिस्सा (४०.३५ प्रतिशत) रहेको छ जसलाई जनसाङ्ख्यिक लाभांश भनिन्छ । यस अवसरको सदुपयोग कसरी गर्न सकिन्छ ?

शाक्य : अहिले विदेश जानेको रफ्तार धेरै छ । तर आउनेहरू पनि छन् । मलाई लाग्छ, आउने धेरै छन् । उताबाट दुःख पाएर, फ्रस्ट्रेसन भएर । जीवन भनेको मृगतृष्णामा बाँच्छ । यहाँ जग्गा बेचेर उता गयो । उता त्यो कमाउने वातावरण भएन । दुःख पाई फेरि फर्केर स्वदेशमै काम गरिरहेका छन् । सयौँ जना मान्छे फर्केर आएर राम्रो उद्यम गरिरहेका छन् । विदेशबाट फर्केर यहीँ करोडपति भइरहेका छन् । काम गर्न गाह्रो छैन

यहाँ । काम गर्ने ठाउँ यहाँ प्रशस्त छन् । असनमा बिहान चार बजेदेखि दश बजेसम्म चिया पकाउने मान्छेले महिनाको डेढ लाख कमाउँछ । अरू केही पनि गर्नुपर्दैन । भूगोल पार्कमा म:म: मात्रै बेच्नेले महिनामा असी हजार कमाउँछ । एकजना सुधा बस्नेत भन्ने मान्छे छ । उसले रिसाइकलबाट पेन्सिल बनाएर कमाइरहेको छ । यो सोच समूहले गर्न खोजिरहेको त्यही हो ।

यहाँ दुई किसिमका नायक हुन्छन् । लिखित इतिहासको नायक र अलिखित इतिहासको नायक । ढुङ्गा फ्याँक्ने मान्छे, टायर बाल्ने मान्छे नेता भएको थाहा छ । पत्रपत्रिकाको फ्रन्ट पेजमा आउँछ । हिरो बनाइदिएको हुन्छ । हिरो बनाउनु हुन्छ/हुँदैन मलाई थाहा छैन । मलाई के थाहा छ भने अलिखित इतिहासको नायक छ, जो ककनीमा बसेर रेन्बोट्राउट माछा उत्पादन गरेर नेपालीलाई ख्वाइरहेको छ । मेरा लागि हिरो त्यो हो । उसको नाउँ थाहा छैन । वनमाराले वन मा-यो, वन मा-यो भनेर हामी धेरै करायौँ । अहिले दुई-चारजना युवा बहिनीहरूले त्यही वनमाराबाट ब्रिकेट बनाए । उनीहरूको नाम थाहा छैन । ती मेरा लागि अलिखित इतिहासका नायक हुन् ।

हिजोसम्म ए बाबु नेपालमा पाइने फलफूलका नाम बताऊ त भनेर सोध्यो भने 'एउटा भोगटे, अर्को नास्पाति...' भनेर गन्नुपर्ने हुन्थ्यो । आज नेपालमा केके पाइन्छन् भनेर सोध्यो भने एबोकार्डो पाउँछ । स्ट्रबेरी पाउँछ । किवी पाउँछ । त्यो उत्पादन गर्ने को हुन् चिन्नुभएको छ ? जब त्यो अलिखित इतिहासका हराइरहेका नायकलाई तपाईं (पत्रकार) ले नायक बनाउनुहुन्छ तब देश आफैं बिस्तारै अगाडि बढ्न थाल्छ । मिडियाले यो खोज्न जरूरी छ । अब म सोच समूहमार्फत त्यस्तालाई हिरो बनाउन खोजिरहेको छु ।

## यहाँ अवसरको कमी होइन, सोचको कमीचाहिँ हो ?

शाक्य : अवश्य, शत प्रतिशत यही हो । कुनै पनि उद्योग र व्यापार पैसाले चल्ने होइन । उद्योग, व्यापार, विकास भनेको सोच र दिमागले चल्ने हो । मान्छेलाई सधैँ अपुगले अगाडि बढाउँछ । जब मान्छेलाई सबै चीज पुग्दो हुन्छ, त्यो अल्छे हुन्छ । त्यसैले नेपालको परिस्थिति हेर्नुस् । जसले सफलता हासिल गरेको छ, त्यो चाहे राजनीतिक क्षेत्र होस् या उद्योग, एकादेशमा त्यो जुत्ता नलगाई हिँड्थ्यो । चाहे, बाबुराम भट्टराई या भगवान् कोइराला भन्नोस् । चाहे म आफैं । पन्ध्र वर्षसम्म मैले जुत्ता लगाएकै थिइनँ । जब मान्छेलाई अपुगले सताउँछ, तब उसले आफ्नो गन्तव्य हेर्छ । तपाईंले छोराछोरीलाई पुग्दो दिनोस् ती अल्छी भएर काम नलग्ने हुन्छन् ।

महसुस गर्ने धेरै कुराहरू छन् । अङ्ग्रेजीमा एउटा भनाइ छ नि 'द ग्रास इज अल्वेज ग्रिनर अन अदर साइड' (घाँस टाढाबाट सधैँ हरियो नै देखिन्छ) जबसम्म नेपालीले दुःख पाउँदैन, तबसम्म नेपालको सुख अनुभूत गर्न सक्दैन । चाहे ऊ अमेरिकामा किन नबसोस् । अमेरिकाको दुःख थाहा पाएपछि ए स्वर्ग त मेरो देश हो भनेर महसुस गर्छ । बुझ्छ । यहाँ अवसर धेरै छन् । भगवान्ले हाम्रो देशलाई संस्कृति र प्रकृतिका रूपमा चाहिँ महान् ढुकुटी दिएका छन् । ढुकुटीभित्र पस्नमात्रै हामीले नसकेको हो । ढुकुटीभित्र के छ ? अहिलेसम्म थाहा छैन । ढुकुटीभित्र धेरै चीज छन् । त्यसलाई हामीले

नबुझेको मात्रै हो ।

## सकारात्मक सोचका लागि केके गर्नुपर्ने देखिन्छ ?

शाक्य : त्यसका निम्ति मैले सोच समूह अवधारणा लिखित रूपमै सार्वजनिक गरेको छु । अहिले हाम्रो देश नकारात्मक सोच र हीनताबाधले ग्रस्त छ । हीन र हेयको दरिद्र मानसिकता नत्यागेसम्म जस्तोसुकै राजनीतिक, सामाजिक, धार्मिक र आर्थिक परिवर्तन भए पनि जनता सचेत नागरिक बन्न सक्दैनन् । जुन बेलासम्म विवेकको नियमले नागरिकलाई नियमन गर्न सक्दैन त्यस बेलासम्म कुनै पनि नियम, कानुन, विधान र संविधानले मात्र देश उँभो लाग्न सक्दैन । यो देश बनाउन हामीले सकारात्मक सोच जागृत गराउनै पर्छ । सोच समूहको उद्देश्य सक्दैन, हुँदैन, भएन, मिल्दैन भन्ने जस्ता नकारात्मक शब्दलाई नकारेर गाउँघर, छिमेक, टोल, स्वदेश, विदेशका उत्साहवर्द्धक, प्रेरणादायी सफलताका कथा सुन्ने र सुनाउने हो ।

समूहमा बीस वर्षमाथिका कम्तीमा बीसजना सदस्य हप्ताको एक दिन एक घण्टा प्रकृतिको रमाइलो काख नदीकिनार, तलाउनजिक, बगैँचाको छहारी वा वरपीपलको चौतारीमा बसेर सकारात्मक कुराकानी गर्नेछन् । व्यावहारिक धरातलमा बसेर सीमित स्रोत र सीमित जनशक्ति परिचालन गरी केकस्ता कुटिर उद्योग स्थापना गर्न सकिन्छ भन्नेबारे छलफल गर्नेछन् । छलफल गर्दा 'न' भावलाई नकारिनेछ । कसैलाई पनि आलोचना, गालीगलौज गरिने छैन । कुनै किसिमको गुनासो पोखिँदैन । कहिल्यै पनि कुनै दुःखदायी, हतोत्साही, निराशाजनक वा वितृष्णाका कुरा गरिने छैनन् । राजनीतिक, धार्मिक, साम्प्रदायिक, जातीय मुद्दा र विषयवस्तु कहिल्यै उठाइने छैनन् । सोच समूहका सदस्यले 'हाम्रो देश नेपाल हो, हामी सब नेपाली हौँ, हाम्रो जात नेपाली हो, हाम्रो धर्म नेपाली हो र हाम्रो कर्म पनि नेपाली हो, हामीले नेपालमै धेरै गर्न सक्छौँ' भन्ने भावनाले अभिप्रेरित भई भेटघाट तथा छलफल गर्नेछन् । कसैबाट चन्दा, दान, अनुदान केही लिने छैनन् ।

यो समूह कतै दर्ता हुने छैन । कुनै सदस्यबाट शुल्क उठाउने छैन । समूहको कुनै कार्यालय, छाप, लेटरप्याड केही हुने छैन । मात्र एकजना संयोजक रहन्छ र अरू सदस्य । महिनैपिच्छे संयोजक फेरिनेछ । भेटघाट र छलफलका कार्यक्रममा सीमित रहनेछ । स्वदेशमै उद्यम, कृषि, धार्मिक र सामाजिक कार्यक्रमा मितव्ययिता अपनाउने, समृद्धिको खोजी, साना कुटिर उद्योग, प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदा क्षेत्रको प्रवर्द्धनका कुराहरू हुनेछन् । कशाकोबाट 'नागरिक अभियान- आफैंबाट', 'प्रतिभाको खोजी' र 'समृद्ध नेपाल' शीर्षकका पुस्तिका प्रकाशित छन् । यसलाई आधार बनाएर एउटा सभ्य र समुन्नत समाज निर्माण गर्न, नागरिक बन्न र बनाउन आवश्यक आधारबारे छलफल हुनेछ । सङ्घर्षशील, सफल र प्रेरणादायी व्यक्तिका जीवनी सुन्ने, सुनाउने, स्थानीय सफल व्यक्तिलाई वक्ताका रूपमा आमन्त्रण गरेर प्रवचन तथा अन्तर्क्रिया गर्ने गराउने हुनसक्छ । यस समूहमा जुनसुकै विचार, भाषा, जातजाति, सम्प्रदायका व्यक्ति सदस्य बन्न सक्छन् तर समूहका छलफलमा सहभागी हुँदा आफ्नो राजनीतिक र साम्प्रदायिक विचारबाट निरपेक्ष रहनुपर्नेछ । धूम्रपान, मद्यपानमुक्त हुनेछ ।

क. शा. को. हामी सबैको हो । यसका निम्ति मैले

५० लाखको अक्षयकोष जम्मा गरेको छु। कोषको ब्याजबाट सकारात्मक सोच अभिवृद्धि गर्ने लेख, पुस्तक प्रकाशन गरिनेछ । कशाकोबाट प्रकाशन हुने सम्पूर्ण लेख, पुस्तिका सरल नेपाली भाषामा हुनेछन् ताकि सबै पाठकले पढ्न र ग्रहण गर्न सकून्। ९८ प्रतिशत आमजनताको मन परिवर्तन नगरेसम्म २ प्रतिशत बुद्धिजीवीले मात्र देश उँभो लगाउन सक्दैन ।

**वैदेशिक रोजगारीका निम्ति युवा पलायन रोकिएको छैन । रोक्न के गर्नुपर्ला ?**

शाक्य : सबैभन्दा पहिले स्वरोजगारको अभियान अहिलेको आवश्यकता हो । यहाँ पर्यटन क्षेत्रमा असङ्ख्य सम्भावना छ। ठूल्ठूलो होटेल बनाउनुपर्छ भन्ने मेरो सुझाव छैन। त्यसरी बनाउने मान्छेलाई त सुझाव दिनुपरेन। ऊ आफैंलाई थाहा छ। जो मान्छेसित पैसा छैन। जो मान्छे यहीँ बसेर काम गर्न चाहन्छ। अहिले सम्बोधन गर्नुपर्ने समूह यही हो । जोकोहीले सबभन्दा पहिले श्रमको सम्मान गर्न सिक्नुपर्छ। पैसा एकैचोटि करोडौं कमाइँदैन। पैसा सानो ठाउँबाट कमाउने हो। एकैचोटि ठूलो बिजिनेस गर्ने होइन । युवाहरूले पैसा नभएर पनि गर्नसक्ने क्षेत्र रोज्नुपर्छ। सेयर बेच्न सक्छ। मःमः बनाएर बेच्न सक्छ। मोटरसाइकलमा राखेर किताब पसल गर्न सक्छ। मोटरसाइकलमा तुरून्तै अरूको घरमा सामान पुऱ्याइदिन सक्छ । सबैको मोटर हुँदैन। हुनेहरूसँग मिलेर सेवा दिन सक्छ। यो सोचेर खोज्ने कुरा हो।

अवसर भनेको समस्यालाई पहिचान गर्ने र समाधानलाई हेर्ने हो । समस्या र समाधानका बीचमा अवसर पाइन्छ । जस्तै, सानो उदाहरण लिऊँ- दशैँमा नयाँ नोट सबैलाई मनपर्छ। टीका लगाइदिनुपऱ्यो । पप्लुटिप्लु खेल्नैपऱ्यो । बैङ्कमा गयो, सयौँको लाइन हुन्छ । कहाँ लाइन बस्ने ? त्यो देखेर एकजनाले सोच्यो, नयाँ नोट लिनुपर्ने। लाइन बस्नुपर्ने समस्या र समाधानका बीचमा अवसर देख्यो । त्यसपछि उसले स्वास्नी र छोराछोरीलाई लाइनमा बसाएर धमाधम नयाँ नोट साट्यो। टीका लगाउन दुईचार दिन अगाडि बैङ्कको अगाडि चट्ट नाङ्लोमा नयाँ नोट फिजाएर बस्यो । मान्छे आउँछन्, अब लाइनमा बस्ने कि त्यो नोट किन्ने ? कति भनेर सोध्दा सय रूपैयाँमा नब्बे रूपैयाँ लिन पाइन्छ । दश रूपैयाँ नाफा लिन्छ। त्यसो गर्दा उसले दिनमा दशौँ हजार दाम कमायो। त्यसले बुद्धि आफै निकाल्यो।

तर यहाँ कस्तो छ भने विदेशमा गएर लासलाई सफा गर्नसक्छ मान्छे। बीए, एमए पढेको केटा। विदेशमा गएर उँटको गोठालो गर्नसक्ने। अमेरिका गएर भाँडा माझ्न सक्ने । अमेरिकामा हातले ट्वाइलेट सफा गर्नसक्ने अनि यहाँ चाहिँ कुखुराको मासु बेच्न भन्यो भने, 'ए, त्यो काम पनि मैले गर्ने हो र ?' त्यो मानसिकताबाट युवालाई मुक्त गराउनुपर्छ । श्रम भनेको सम्मान हो । पसिना भनेको सम्मान हो। हामीले पनि कसैले श्रम गरेर खायो भने वा बाह्र तथा बीए पास गरेको मान्छेले यस्तो राम्ररी काम गऱ्यो भने उसलाई 'स्याबास्' भनिदिनुपर्छ। समाजले स्याबासी दिन कन्जुस्याइँ गर्नुहुँदैन । त्यो अलिखित इतिहासका नेतालाई श्रमले अँगालो हाल्छ। चुम्मा दिन्छ। पहिले पहिले बिहार र युपीका मान्छे घरघरै तरकारी बेच्न आउँथे । अहिले बहिनीहरूले साइकलमा तरकारी बेचिरहेका छन्। हामी केटाहरू कुरामात्रै गरिरहने,

सिन्का नभाँचीकन । पप्लुटिप्लुमात्रै खेल्छौँ । संसारमा आफूभन्दा माथिका सबै चोर आफूभन्दा तलका सबै खतम, म मात्रै ठिक भन्नेछ । त्यसका निम्ति मैले 'नागरिक अभियान आफैबाट' भन्ने अवधारणा अघि सारेको छु ।

त्यसैले उद्योग भनेको पैसाले होइन विचारले गर्ने हो । उद्योग गर्नका निम्ति सपना हेर्नुपर्छ । सपना साकार गर्नुपर्छ । सपना साकार गर्ने बेलामा आफ्नो औकात हेर्नुपर्छ । आफ्नो घाँटीले निल्नसक्ने काम गर्नुपर्छ । लालग्राम बोकेर करोडको सपना देख्नुभएन । लालग्रामले लाखभित्र हेर्नुपर्छ । उद्योग भनेको आज गरेर बिस्तारै अघि जाने हो । रातारात दाम कमाइँदैन । उद्योगमा दुई चीज छन् । व्यापारले नाफा र नोक्सानमात्रै हेर्छ । उद्योगले भोलि हेर्छ । दिगो विकास हेर्छ । इन्टरप्रेनरसिप भनेको भोलिका लागि सोच्दै जाने हो ।

# वैयक्तिक र सामाजिक विकासका लागि युवा स्वयंसेवा

✍ ब्रबिमकुमार के.सी.

## १. अवधारणाको पुनर्व्याख्या

युवा र स्वयंसेवाका बारेमा चर्चा गर्नुअघि सायद फेरि पनि एकपटक युवा शब्दको अन्तर्य, त्यसले बोक्ने मर्म र अवधारणाका बारेमा प्रस्ट पार्नु वाञ्छनीय हुन्छ । नेपालमा सन् २००० पछिको समयदेखि व्यापकता पाउन थालेका सामाजिक युवा संस्थाहरूले केही अघिसम्म युवाको परिभाषा, युवा कसलाई भन्ने र किन भन्ने लगायतका सबालहरू उठाएको यदाकदा सुनिने गरिन्थ्यो जुन वर्तमान अवस्थामा झनै सेलाएर गएको छ । युवालाई उमेर समूहका आधारमा व्याख्या गर्दा कुन उमेर समूहसम्म व्याख्या गरिनुपर्छ भन्ने चर्चा सेलाएर जाँदा किन कसैलाई युवा भन्ने वा किन खास उमेर समूहका लागि लगानी गर्ने भन्ने डिस्कोर्स पनि कमजोर भएर गएको पाइन्छ ।

युवा भन्नाले एउटा खास उमेर समूहभित्र पनि किशोरावस्था पार गरेर वयस्क हुनु अघिको सङ्क्रमणको समय भनेर नबुझी कोरा भावनाका आधारमा बुझ्ने र त्यहीअनुसारको अपव्याख्या गर्दा युवा अवधारणाबारेमा स्पष्ट पार्नुपर्ने अवस्था आइपरेको हो ।

हुनत नेपाल सरकारले १६ देखि ४० वर्ष उमेर समूहलाई युवा भनेर परिभाषित गरेको छ तर त्यसरी परिभाषित गर्नुपर्ने वैज्ञानिक आधारहरू परिभाषा गर्दा प्रस्ट पारिएको भने पाइँदैन। युवालाई उमेरका आधारमा परिभाषित गर्ने राज्यको औपचारिक प्रयासतर्फ फर्कँदा २०५२ सालमा पुग्नुपर्ने हुन्छ जतिबेला डा. केदारभक्त माथेमाको संयोजकत्वमा उच्चस्तरीय युवासम्बन्धी कार्यदल गठन भएको थियो । विभिन्न क्षेत्रका विज्ञहरू सम्मिलित सो कार्यदलले नेपालका सन्र्दभमा १६ देखि २९ उमेर समूहलाई युवा भनेर परिभाषित गर्नुपर्ने र राज्यले युवाका लागि नीति तथा कार्यक्रमहरू तर्जुमा गर्दा सोही उमेर समूहलाई ध्यान दिनुपर्ने सुझाव दिएको थियो । त्यसको झन्डै १२ वर्षपछि आएको राष्ट्रिय युवानीतिले १२ वर्षअघि निकै ठूलो मिहिनेतका साथ भएको अध्ययनलाई नजरअन्दाज गर्दै १६-४० को नयाँ परिभाषा लिएर आयो । विश्वमै मलेसिया (१९९७ मा मलेसियामा बनेको युवा नीतिले १६-४० लाई युवा भनेर परिभाषित गरे तापनि मलेसियाले युवा कार्यक्रम भनेर १६-२५ उमेर समूहले केन्द्रित गरेको पाइन्छ) भन्दा बाहेक अरू कुनै पनि देशले गरेको परिभाषालाई नेपालका सन्दर्भमा पनि गरियो । छिमेकी मुलुक भारतलाई हेर्दा पनि सन् २००३ मा पहिलो पटक जारी गरेको युवानीतिलाई सन् २०१४ मा परिमार्जन गर्दै १६-३५ लाई घटाएर १६-२९ बनायो । सूचना तथा प्रविधिमाथि

सुलभ पहुँच र ज्ञानका स्रोतहरू सहज बन्दै जाँदा किशोरकिशोरीहरू छिटै परिपक्व हुने वातावरण बन्दै गएकाले युवाको परिभाषा गर्दा युवा उमेर घटाउनुपर्ने मत विश्वव्यापी रूपमा बलियो बन्दै गइरहेको छ ।

## २. स्वयंसेवा

स्वयंसेवा (अङ्ग्रेजीमा भोलुन्टरिज्म) को शास्त्रीय अर्थ आजभोलि चलनचल्तीको बुझाइभन्दा अलि भिन्न नै छ। फ्रान्सेली भाषाबाट १६ औँ शताब्दीताका प्रचलनमा आउन सुरु गरेको यस शब्दको प्रयोग सन् १७५५ तिर अङ्ग्रेजी शब्दकोशमा प्रवेश पाएपछि व्यापक बन्दै गएको पाइन्छ । स्वयंसेवी (भोलुन्टर) को शास्त्रीय अर्थ ती व्यक्ति हुन् जो सैनिक सेवामा होमिन तयार हुन्छन् । गैरसैनिक क्षेत्रमा भने यसको प्रयोग सन् १६३० बाट हुन थालेको पाइन्छ । स्वयंसेवाको शास्त्रीय व्याख्या जसरी गरिएको भए तापनि कुनै पनि आर्थिक वा भौतिक लाभको अपेक्षा र आङ्काक्षा नराखी गर्ने सेवा नै स्वयंसेवा हो ।

मूलतः सैन्य क्षेत्रबाट स्वयंसेवाको शास्त्रीय मान्यताको विकास भए पनि सामाजिक क्षेत्रमा र विपत्ति परेका बखत आर्थिक लाभविना काम गर्ने संस्थागत र सङ्गठित प्रयत्नहरू १९ औँ शताब्दीबाट व्यापक बन्दै गयो । विशेष गरी धार्मिक सङ्घसंस्थाहरूले गरिब र विपन्नहरूका लागि सामाजिक सेवा गर्न त्यस्ता स्वयंसेवी संस्थाहरूको जन्म र विकास हुँदै गएको पाइन्छ ।

१९ औँ शताब्दीकै सेरोफेरोमा दि सालभेसन आर्मीको जन्म भयो । हाल लन्डनमा केन्द्रीय कार्यालय रहेको यस संस्थाले विश्वव्यापी रूपमा झन्डै पन्ध्र लाख सदस्य भएको दाबी गर्दछ ।

यसैगरी योङ्ग मेन्स क्रिस्चियन एसोसियसनको जन्म १८४४ मा लन्डनमा भयो जसको मुख्य कार्यालय हाल स्विट्जरल्यान्डको जेनेभामा रहेको छ। मूल रूपमा धार्मिक संस्था भए पनि यसले विपद् परेका बेलामा विभिन्न सामाजिक कृयाकलापहरू गर्ने र अन्य मानवीय गतिविधिहरू आजसम्म जारी राखेको छ । बिसौँ शताब्दीको थालनीसँगै स्वयंसेवी संस्थाहरूको बढोत्तरी हुँदै गएको पाइन्छ । रोटरी इन्टरनेसनल, किवानिस इन्टरनेसनल, लायन्स क्लब इन्टरनेसनल जस्ता अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूको जन्म र वृद्धि हुँदै गयो । रोटरीले आफ्नो युवा भगिनी संस्थाका रूपमा रोटऱ्याक्ट र लायन्सले लियो क्लबहरूको थालनी गरेर व्यावसायिक व्यक्ति र व्यक्तित्वलाई मात्रै होइन युवाहरूलाई पनि नेतृत्व विकास र सामाजिक सेवाका गतिविधिहरूमा जोड्ने प्रयत्नको सुरुवात गरे जुन संस्थाहरू हालसम्म पनि विश्वव्यापी रूपमै क्रियाशील छन् ।

सन् १८६३ मा रेडकसको स्थापना र विश्व स्काउट अभियानको संस्थागत प्रयास सन् १९२२ मा भएपछि स्वयंसेवा गर्न संस्थागत प्रयत्नहरू अझ बढी बलियो भएर गएको पाइन्छ। दोस्रो विश्वयुद्धको समाप्तिपछि भने विश्वभरि नै गैरनाफामूलक संस्थाहरू खोल्ने लहरले तीव्रता पायो ।

## ४. युवा र स्वयंसेवा

संसारभर अहिले १.२ अरब मानिसहरू १५ देखि २४ भित्रका छन् जुन विश्वकै हालसम्मको

सबैभन्दा बढी जनसङ्ख्या हो । विश्वभरि गरिने स्वयंसेवामा पनि एक अध्ययनअनुसार झन्डै ३५ अर्ब घण्टा त्यस उमेर समूहका युवाले सामाजिक र विपद्का विभिन्न अवस्थाहरूमा स्वयंसेवी भएर योगदान पुऱ्याउने गर्दछन् । जनसाङ्ख्यिक दृष्टिकोणले नेपाल अहिले जनसाङ्ख्यिक लाभांशको उपयोग गर्न पाउने अवस्थामा छ। सन् २०११ को जनगणनाअनुसार ७५ प्रतिशत जनसङ्ख्या ४० वर्षमुनि र ७० प्रतिशत जनसङ्ख्या ३५ वर्षभन्दा मुनि रहेको यस अवस्था (जहाँ गरिखान सक्ने उमेर समूह अधिक रहेको अवस्था) लाई जनसाङ्ख्यिक बोनस, जनसङ्ख्यामा युवा उभारलगायतका परिभाषाले सम्बोधित गर्ने गरिन्छ । सन् २०१५ नेपाली इतिहासमै सबैभन्दा धेरै युवा भएको वर्ष थियो, युवा उभारको यो अवस्था २०३८ सम्म मात्र रहनेछ (युनिसेफः २०१२) । त्यसपछि गरिखानसक्ने युवाको जनसङ्ख्याभन्दा वृद्धवृद्धाको जनसङ्ख्या बढी हुने गर्दछ । युवा उभारको यस्तो विशिष्ट जनसाङ्ख्यिक बोनसको अवस्था सधैँ मुलुकहरूका लागि फाइदाजनक हुँदैन । युवा जनसङ्ख्या राजनीतिक, सामाजिक र आर्थिक अस्थिरताका कारक बनिदिन सक्छ । जर्मन समाजशास्त्री गुनार हेन्सनले (हेन्सनः २००६) सन् २००६ मा नेपालको जस्तै युवा उभार भएका ४० वटा देशको अध्ययन गर्दा ९० प्रतिशत मुलुकहरू आन्तरिक द्वन्द्वबाट गुज्रिरहेका थिए । तसर्थ युवाको जनसङ्ख्या धेरै हुनुले आन्तरिक द्वन्द्व हुने सम्भावनालाई अझ व्यापक र बलियो बनाउँछ । तर यही जनसङ्ख्यामा युवा उभारको अवस्था वा जनसाङ्ख्यिक लाभांशको अवस्थालाई युवाको विकास र युवाको नेतृत्वमा विकासको अवधारणामा लगानी गर्दै व्यापक रूपमा काम गर्न सकियो भने त्यसले देशको गुणात्मक विकासका लागि पनि निकै सहयोग गर्न सक्छ। युवा स्वयंसेवा युवाको नेतृत्वक्षमताको विकास र सशक्तीकरणका लागि एउटा बलियो सम्भावित क्षेत्र पनि हो ।

## ५.युवा स्वयंसेवाको औचित्य

युवा स्वयंसेवालाई कहिलेकाहीँ बेरोजगार युवाहरूका लागि एउटा तात्कालीन इन्गेज हुने क्षेत्रका रूपमा मात्र पनि लिइएको पाइन्छ । तर स्वयंसेवा अरूका लागि केही गरेसँगै त्यसले निजी क्षमता विकास र सशक्तीकरणमा पनि उत्तिकै सहयोग गर्दछ । एक अध्ययनले स्वयंसेवाको अनुभव भएका युवाहरूको अन्यभन्दा रोजगारी पाउने सम्भावना झन्डै ३० प्रतिशतले बढी भएको देखाएको छ । माध्यमिक तहदेखि उच्च तहसम्म अध्ययनरत युवाहरूका लागि स्वयंसेवा व्यावहारिक ज्ञान सिक्ने, समाजका समस्या र चुनौतीहरूलाई नजिकबाट बुझ्ने महत्त्वपूर्ण अवसर पनि हो ।

स्वयंसेवाको महत्त्वलाई बुझेर स्वयंसेवामार्फत समाज र विश्व बुझ्ने र सकारात्मक विकासका लागि योगदान दिने अवसर सृजना गर्दै संयुक्त राष्ट्रसङ्घले संयुक्त राष्ट्रसङ्घीय स्वयंसेवा कार्यक्रम पनि सञ्चालन गरिरहेको छ जसमार्फत प्रत्येक वर्ष झन्डै एक हजार युवाले देशभित्र र देशबाहिर स्वयंसेवी भएर काम गर्ने अवसर पाइरहेका छन् ।

युवाहरूले नयाँ ऊर्जा, नयाँ ज्ञान, नयाँ सीप र नयाँ प्रविधिप्रतिको लगावका कारण कुनै पनि काम छिटोछरितोसँग गर्न सक्छन् । सामाजिक वा अन्य किसिमका समस्याहरूलाई सल्टाउन अथवा विपद् समयमा युवाका यस्ता

गुणहरूले सम्बन्धित सेवाग्राहीसम्म द्रूत गतिमा सेवासुविधाहरू पुग्न सक्छन् ।

## ६.स्वयंसेवाका प्रकार

सामान्य रूपमा स्वयंसेवा दुई अवस्थामा गरिन्छ । पहिलो जहिले प्राकृतिक वा अन्य किसिमका प्रकोप र विपद् समयमा अर्थात् इमर्जेन्सीका समयमा वा आफ्नो अनुकूल समय भएको वा फुर्सद भएका समयको सदुपयोग गर्ने अवस्थामा । तर पनि स्वयंसेवी भएर खटिने समय, अवस्थाका आधारमा स्वयंसेवालाई निम्न तरिकाले पनि वर्गीकरण गर्न सकिन्छ :

### क) छोटो अवधिको स्वयंसेवा

छोटो अवधिका लागि कुनै घटना, दुर्घटना वा सामाजिक कार्यक्रममा आफ्नो सीपसहित गरिने स्वयंसेवा नै सामयिक वा छोटो अवधिको स्वयंसेवा हो । नियमित रूपमा भन्दा निश्चित समयसम्म यस्ता स्वयंसेवीहरूले काम गर्ने गर्दछन् ।

### ख) नियमित स्वयंसेवा

कुनै सङ्घसंस्थामा आबद्ध भएर कुनै निश्चित काम गर्न लागि गरिने स्वयंसेवा नियमित स्वयंसेवा हो । यस्ता स्वयंसेवीहरूलाई आजकल इन्टर्न पनि भनिने गरिन्छ ।

### ग) विशिष्ट स्वयंसेवा

निश्चित समय कुनै पेसामा बिताएर आफ्नो क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरूले समय वा स्रोत समाजको हितमा लगाउन गरिने स्वयंसेवा नै विशिष्ट स्वयंसेवा हो ।

युवाहरूका लागि माथिल्ला दुई किसिमका स्वयंसेवा उपयुक्त हुन सक्छन्, जहाँ नयाँ काम सिक्ने, नयाँ साथी बनाउने र नयाँ अनुभव बढाउने अवसर प्राप्त हुन्छ ।

## ७. नेपालमा परोपकार र स्वयंसेवा

नेपालमा स्वयंसेवाभन्दा पनि परोपकार शब्दको प्रचलन बढी रहेको देखिन्छ । राज्य र सामाजिक क्षेत्रबाट संस्थागत प्रयासहरू पछि सुरु भएका भए तापनि नेपालका विभिन्न जनजातिहरूका बीचमा स्वयंसेवा गर्ने संस्कृति ऐतिहासिक रूपमै बलियो भएको पाइन्छ । थारू समुदायमा बढ्घर, भलमन्साजस्ता सबैले मान्ने सामाजिक दायित्व बोकेका व्यक्तिहरूले सामाजिक कामहरू गर्ने निर्णय लिने प्रचलन पाइन्छ । यसैगरी नेवार समुदायमा गुठी, तामाङ समुदायमा ढिकुर र पहाडी समुदायमा पर्मजस्ता परम्पराहरू रहेका पाइन्छन् । त्यस्ता खालको परम्परामा असहाय र दीनदुःखीको सेवा र हेरचाह गर्ने अभ्यास आजपर्यन्त पाइन्छ । संस्थागत रूपमा हेर्दा वि.सं १९४७ मा दयावीरसिंह कंसकारले परोपकार औषधालयको स्थापना गरी दीनदुःखीहरूको सेवा गर्न थालेका थिए, त्यसैगरी तुलसीमेहर श्रेष्ठले चर्खा प्रचारक संस्थामार्फत पनि परोपकारी कार्यहरू सुरु गरेका थिए ।

सन् १९५२ मा नेपाल स्काउट र सन् १९६३ मा नेपाल रेडक्रस सोसाइटीको स्थापनापछि कुनै घटना हुँदा र भइपरिआएका बखत स्वास्थ्य, सुरक्षा र सामाजिक विकासका क्षेत्रमा युवा स्वयंसेवकहरू खट्ने अवसरको विकास हुँदै गयो ।

अनौपचारिक तरिकाले गाउँघरमा पर्म,

चाडपर्व/मेला वा कुनै सामाजिक र सांस्कृतिक गतिविधिमा स्वयंसेवी भएर काम गर्ने प्रचलन नेपालमा निकै पुरानो नै हो । तर संस्थागत तरिकाले युवाहरूको नेतृत्व र सहभागिताको उत्कर्ष रूप भने २०७२ वैशाखको भूकम्पपछिको अवस्थामा देखियो । नेपालभित्र त्यस समयमा झन्डै ५ लाखले स्वयंसेवी भएर भूकम्प प्रभावितका लागि सहयोग गरेको अनुमान गरिन्छ । यसैगरी नेपालबाहिर रहेका लाखौँ नेपालीले आर्थिक सहयोग सङ्कलन गरेर निस्वार्थ ढङ्गले गरेको स्वयंसेवा पनि उल्लखेनीय रहेको थियो । याक्टफर क्वेक, ऐल्लो हाउस, विलिभर्स, विवेकशील नेपाली लगायतका सयौँ संस्थाले हजारौँ युवाहरूलाई गाउँगाउँमा सेवा गर्ने अवसर प्रदान गरे । तत्कालको उद्धार र राहतका क्रममा मात्रै होइन पुनर्लाभ र पुनर्निर्माणको प्रकृयामा पनि युवाहरूको सहभागिता बलियो गरी हुनु जरुरी छ ।

यसैगरी बागमती सरसफाइ अभियानजस्ता राष्ट्रिय स्तरका ठूला अभियानहरूमा पनि युवाहरूको उल्लेख्य सहभागिता देखिएको थियो । स्थानीय स्तरमा मन्दिर सरसफाइ, सडक बनाउने, देउसीभैलो खेल्दै आर्थिक स्रोत सङ्कलन गरेर सामाजिक कार्य गर्ने लगायतका गतिविधिहरू भइरहेकै छन् ।

संयुक्त राष्ट्रसङ्घले तयार पारेको युवा रणनीतिमा पनि युवा स्वयंसेवालाई युवाको सर्वाङ्गीण विकासका लागि महत्त्वपूर्ण पाटो मानेको छ । दिगो विकासका लक्ष्यहरूलाई प्राप्त गर्न युवाहरूको सहभागिता केन्द्रदेखि स्थानीय स्तरसम्म हुनुपर्छ भन्ने मान्यता राखिएको छ । यसैगरी नेपाल सरकारले बनाएको युवानीति र युथ भिजन २०२५ मा युवा स्वंसेवालाई जोड दिइएको पाइन्छ । यद्यपि, कार्यान्वयका चुनौतीहरू नयाँ होइनन् । राज्यको पुनर्संरचनाले नयाँ गति लिएको अवस्थामा युवा स्वयंसेवाका अवसरहरू स्थानीय स्तरमा व्यापक बनाउन सकियो भने त्यसले युवा स्वयंमलाई, समाजलाई र राज्यलाई पनि फाइदा हुने नै छ ।

# युवा सरोकार र सञ्चार दायित्व

✍ धर्मेन्द्र झा

युवाबारे विभिन्न मुलुकद्वारा फरकफरक तरिकाले परिभाषित गर्ने गरिएको छ। सामान्यतया शारीरिक र मानसिक विकासका दृष्टिले युवा भन्नाले किशोर अवस्था र वयस्क अवस्थाबीचको उमेर समूहलाई जनाउँछ। यो वर्ग जनसङ्ख्याको सर्वाधिक सक्रिय, ऊर्जावान् र गतिशील समूह हो। अधिकांश देशमा युवाको उमेर १५-३५ वर्षका बीचमा कायम गरिएको पाइन्छ। अन्तर्राष्ट्रिय अभ्यास हेर्दा बङ्गलादेश र  फिलिपिन्समा १५-३० वर्ष उमेर समूहलाई युवा मानिएको छ भने भारतमा १६-२९ वर्षलाई युवा समूहका रूपमा परिभाषित गरिएको छ। त्यस्तै चीनमा १८-३५, जर्मनीमा १४-२६, दक्षिण अफ्रिकामा १५-२९ वर्ष समूहलाई युवाको परिधिभित्र समेटिएको छ। संयुक्त राष्ट्रसङ्घ र विश्व बैङ्कजस्ता अन्तर्राष्ट्रिय संस्थाले १५ देखि २४ वर्षको उमेर समूहलाई युवा मानेको पाइन्छ।

नेपालमा पनि युवालाई परिभाषित गर्ने प्रयास भएको पाइन्छ। राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवा नीति, २०७२ ले १६ देखि ४० वर्षलाई युवा उमेर समूह निर्धारण गरेको छ। नेपालको जनसङ्ख्याको १६ देखि ४० वर्ष उमेर समूहलाई हेर्दा यो कुल जनसङ्ख्याको ४० प्रतिशतभन्दा बढी हुन आउँछ। आगामी दशकहरूमा यो प्रतिशत अझै बढ्ने निश्चित छ।

विडम्बना नै मान्नुपर्छ नेपाल सरकारका विभिन्न निकायमा युवा उमेर समूहबारे अझै एकरूपता कायम हुन सकेको छैन। युथ भिजन -२०२५ मा १६ देखि २४ वर्ष र २५ देखि ४० वर्षको उमेर समूहमा विभाजन गरी समूहगत प्राथमिकता निर्धारण गरिएको छ। अन्तरिम योजनाले १५ देखि २९ लाई युवा मानेको छ भने कृषि विकास मन्त्रालयले ५० वर्षसम्मका लाई युवाका रूपमा समेट्ने प्रयत्न गरेको छ।  यसै क्रममा अन्य गैरसरकारी निकाय र राजनीतिक सङ्गठनमा युवाको परिभाषाबारे फरकफरक मापन विद्यमान छन्।

## युवा सम्बोधनबारे नेपालको प्रयास

ढिलै सही विश्वका अन्य मुलुकझैँ नेपालमा पनि युवालाई सम्बोधन गर्ने दृष्टिले केही प्रयास भएका छन्। युवाविकास तथा परिचालनका लागि २०६५ सालमा नेपाल सरकारले युवा तथा खेलकुद मन्त्रालय स्थापना गरेको कुरा विशेष स्मरणीय छ। यस्तै २०७२ मा राष्ट्रिय युवा परिषद्को स्थापना गरिएको छ भने २०७३ सालमा जिल्ला युवा समितिको कार्यालय पनि स्थापना गरिनुलाई यस क्षेत्रमा निकै सकारात्मक मान्नुपर्छ। तेह्रौं

योजनाको आधारपत्र (२०७०/०७१–२०७२/०७३) मा युवामा उद्यमशीलता र क्षमता अभिवृद्धि गर्ने, स्वरोजगार र आयआर्जन कार्यक्रममा सक्रिय बनाउने र राष्ट्रिय विकासको नेतृत्व गर्नसक्ने गरी सशक्तीकरण गर्ने रणनीति तय गरिनु सुखद छ। राष्ट्रिय युवा नीति २०७२ मा युवा विकासका व्यापक विषयवस्तु नीतिगत रूपमा समावेश गरिनुलाई अर्को कोशे ढुङ्गाका रूपमा लिन सकिन्छ। यस क्रममा राष्ट्रिय युवा परिषद् गठन गर्न युवा परिषद् ऐन २०७२ र नियमावली २०७३ जारी हुनु स्वयंमा सकारात्मक पक्ष हो। यस क्रममा सरकारले राष्ट्रिय युवा नीति, २०७२ कार्यान्वयन गर्न युथ भिजन - २०२५ सहितको दश वर्षे रणनीतिक योजना तयार गरेर कार्यान्वयनको प्रयास थालेको छ। सरकारले युवाबारे विभिन्न कार्यक्रमको तर्जुमा गरे पनि नीतिगत रूपमा एकरूपता नहुँदा यदाकदा समस्या सिर्जना हुने गरेका छन्। सरकारले युवालाई सम्बोधन गर्न एक मन्त्रालयकै स्थापना गरिसकेका परिप्रेक्ष्यमा युवासम्बन्धी नीति र कार्यक्रमहरूको कार्यान्वयनका लागि सोही मन्त्रालयलाई जिम्मेबार बनाउनुपर्नेमा त्यसो हुन सकेको छैन, जो उपलब्धिप्राप्तिका दृष्टिले दुःखद छ।

हाल नेपाल सरकारका युवासम्बन्धी कार्यक्रमहरू अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, कृषि मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, शान्ति तथा पुनःनिर्माण मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमार्फत छुट्टाछुट्टै रूपमा सञ्चालित हुँदै आएका छन्। यसै श्रेणीमा शिक्षा मन्त्रालय, रक्षा मन्त्रालय, गृह मन्त्रालय, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय र उद्योग मन्त्रालय पनि पर्दछन्।

## नेपालको अवस्था

विश्व युवाविकास सूचकाङ्क अवलोकन गर्दा नेपाल १४५ औँ स्थानमा परेको पाउन सकिन्छ। दक्षिण एसियाली मुलुकमा नेपालको युवाविकास सूचकाङ्क सबैभन्दा कमजोर छ। युवाविकाससम्बन्धी नेपालको अवस्था दयनीय रहेको छ। सरकारी तथ्याङ्कमा नेपालमा पूर्ण बेरोजगार युवाको दर २.३ प्रतिशत छ भने अर्ध बेरोजगार युवाको दर करिब ३६ प्रतिशत छ। अन्तर ाष्ट्रिय श्रम सङ्गठनका अनुसार पूर्ण बेरोजगारी दर १९.२ प्रतिशत र अर्ध बेरोजगारी दर २८.३ प्रतिशत छ। यसमा सीमान्तकृत, अल्पसङ्ख्यक, आदिवासी र अपाङ्गता भएका युवामा बेरोजगारी दर उच्च रहेको छ। युवा श्रमशक्तिको झन्डै आधा भाग अझै गुजारामुखी कृषिमा आश्रित छ। वैदेशिक रोजगारीमा जाने वार्षिक पाँच लाख ३८ हजार युवामध्ये ७४ प्रतिशत अदक्ष छन्। नेपाली अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको रेमिट्यान्स भित्र्याउनेहरू अदक्ष हुनु निकै दुःखद छ। यस्तै विप्रेषण गार्हस्थ उत्पादनको २९ प्रतिशत पुगेको भए पनि यसको निकै सानो अंशमात्र उत्पादनका क्षेत्रमा प्रवाहित भएको छ।

## सम्भावना र अवसरहरू

युवा विकासका दृष्टिले नेपालको अवस्था निराशाजनक रहे पनि अवसरहरू छँदै छैनन् भन्ने होइन तर यस दिशामा चुनौती पनि उत्तिकै छन्। नेपालमा लोकतान्त्रिक सङ्घीय शासन प्रणाली

र विकासमा सार्थक सहभागिताको अवसरको उपस्थितिमा युवालाई सम्बोधन गर्न सकिने प्रशस्त अवसर छन् । यहाँ कृषि, जडीबुटी, पर्यटन, जलस्रोत, वन आदिजस्ता प्राकृतिक स्रोतको प्रचुरता छ र यी क्षेत्रमा युवालाई सहभागी गराउन सकिन्छ । यस्तै पछिल्ला दिनमा बैङ्क, सहकारी, लघुवित्तको सञ्जालबाट आर्थिक साधनस्रोतमा बढ्दो पहुँचको अवसर सिर्जना भएको छ, यसलाई पनि सकारात्मक ढङ्गबाट प्रयोग गर्न सकिन्छ । गुणस्तरीय र व्यावसायिक शिक्षाको विकासले उद्यमशीलता र सेवा क्षेत्रको विकास भई सृजना हुने गुणस्तरीय रोजगारीको अवसर पनि नेपालमा छ ।

लक्षित समूह एवं भौगोलिक क्षेत्र केन्द्रित विभिन्न कार्यक्रमको विस्तार र सचेतना विस्तारमा विकास साझेदारको बढ्दो सञ्जाल सिर्जना हुनु युवाका पक्षमा सुखद छ । यस क्रममा जागृत युवा र राष्ट्रिय युवा परिषद् र संरचनाको स्थापना हुनु महत्त्वपूर्ण छ । वैदेशिक रोजगारीमा रहेको र गैरआवासीय नेपाली युवाबाट प्राप्त सीप, अनुभव र पुँजीलाई उत्पादनशील क्षेत्रमा प्रयोग गर्दै आन्तरिक रोजगारी सिर्जनाको अवसर पनि पछिल्ला दिनमा बढेको छ । यसैगरी दुई ठूला छिमेकी अर्थतन्त्रमाझ नेपालमा बढ्दो वैदेशिक लगानीको सम्भावना पनि बढेको छ ।

## युवाका वर्तमान समस्या तथा चुनौतीहरू

यति हुँदाहुँदै पनि नेपाली युवाको विकासका दिशामा केही समस्या र चुनौती पनि छन् । गुणस्तरीय, समयसापेक्ष र रोजगारमूलक शिक्षाको अभाव यस्तै मुख्य समस्या हुन् । यसै गरी व्यावसायिक सीप र प्रविधिको पहुँचबाट टाढा, गन्तव्य विहीनता, बेरोजगारी र अर्ध बेरोजगारी, युवा पलायन, राजनीतिक अस्थिरता, युवाको कमजोर स्वास्थ्य, न्यून पोषण र गिर्दो मनोबल थप चुनौती हुन् । यसैगरी युवामैत्री लगानी तथा उद्यमको वातावरणको अभाव अर्को समस्या हो । लैङ्गिक, क्षेत्रीय, जातीय विभेद, बहिष्करण र विश्वव्यापीकरण तथा उदारीकरणका प्रभावले ल्याएका चुनौतीलाई पनि थप समस्याका रूपमा व्याख्या गर्न सकिन्छ ।

## पत्रकारितामा युवा सहभागिता

यस्तो अवस्थामा युवाशक्तिको समुचित विकास र उपयोगका लागि सरोकारवालाले सक्रिय भूमिका निर्वाह गर्नु जरुरी छ। लोकतन्त्रको अभिन्न अङ्ग पत्रकारिताले युवाका सामग्रीलाई प्राथमिकतामा राखेर युवाविकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नसक्छ । पत्रकारिताले युवाका मुद्दा, समस्या, अवस्था आदिको उठान गरी आवश्यक नीति तर्जुमा गर्न र गराउन सहजकर्ताको भूमिका निर्वाह गर्ने अपेक्षा गर्नु अनुचित होइन । सम्भवतः पछिल्ला दिनमा यही कुरालाई दृष्टिगत गरेर पनि हुन सक्छ युवा स्वयं पत्रकारितामा सक्रिय हुन थालेका छन् र लोकतन्त्रले यसका पक्षमा वातावरण निर्माण गर्न पनि सघाएको छ ।

२०४६ सालको जनआन्दोलनपछि पत्रकारितामा आकर्षण बढ्दो छ । ०६२/०६३ को दोस्रो जनआन्दोलनपछि यस मनोदिशामा थप विकास भएको अनुभव गरिएको छ। आमसञ्चार र पत्रकारिता अध्ययनमा युवाको आकर्षण बढ्दो छ । यस अवधिमा सञ्चार माध्यमको सङ्ख्यामा

अतुलनीय वृद्धि भएको छ । करिब दश हजार पत्रपत्रिका, सात सय रेडियो, सयको हाराहारीमा टेलिभिजन, पाँच हजार बढी अनलाइन अस्तित्वमा छन् । यस्तै दश हजार बढी पत्रकार नेपाल पत्रकार महासङ्घमा आबद्ध (पत्रकार महासङ्घको महाधिवेशनसँगै १२ हजार पुग्ने सम्भावना) छन् । हाम्रा लागि यो सकारात्मक नै मान्नुपर्ने कुरा हो । महासङ्घमा आबद्धमध्ये ७० प्रतिशतजति युवा सदस्य छन् । पछिल्ला दिनमा छापाभन्दा विद्युतीय सञ्चार माध्यममा युवाको आकर्षण बढी देखिएको छ । खुसीको कुरा के छ भने मिडियाको नीतिनिर्माण र नेतृत्व तहमा अधिकांश युवा पत्रकार छन् । यसको सकारात्मक प्रभाव नेपाली पत्रकारितामा अनुभव गरिएको छ ।

## युवा पत्रकारिता : वर्तमान अवस्था

युवा संलग्नताका दृष्टिले नेपाली पत्रकारिता आशलाग्दो देखिए पनि अपेक्षित उपलब्धि अनुभव गर्न सकिएको छैन जुन दुःखद कुरो हो । नेपाली पत्रकारितामा युवा विषयलाई नसमेटिएको भने होइन तर विशिष्टीकृत कभरेज छैन, कभरेजमा उदासीनता छ । युवा विषय समेट्ने सन्दर्भमा योजनाबद्ध प्रयास भएको देखिँदैन । बढी घटनाकेन्द्रित छन् । प्रायःजसो सञ्चार माध्यममा युवा बिट नहुनु अर्को दुःखद पक्ष हो । अन्य विषयका तुलनामा सञ्चार माध्यमले युवाका नाममा धेरै हिस्सा खेलकुदमा खर्चिन्छन् । माथि भनिसकियो पत्रकारितामा युवा संलग्नता बढी देखिए पनि ती युवा आफ्नाबारे भन्नलेख्न उदासीन देखिएका छन् । यसका विपरीत युवाका नाममा अपराध, सिनेमा, यौन र खेलकुदसँग सम्बन्धित सामग्री बढी प्रयोग भइरहेका छन् । यस दिशामा सरकारी सञ्चार माध्यम पनि प्रायः उदासीन देखिएका छन् । यी सञ्चार माध्यममा पनि तुलनात्मक रूपमा युवा विषय प्राथमिकतामा छैनन् ।

बुझ्नुपर्ने एउटा महत्त्वपूर्ण कुरा के हो भने युवा ग्ल्यामरमात्र होइनन्, उसका संवेदना पनि महत्त्वपूर्ण हुन्छन् । पत्रकारिता आधुनिक तर समाचारकक्ष परम्परावादी हुँदा युवाका थुप्रै विषय 'गोप्य' मानसिकताबाट निर्देशित हुनु अर्को विडम्बना हो । वर्तमानको नेपाली पत्रकारिताको मसिनो गरी विश्लेषण गरेका खण्डमा पत्रकारितामा 'राजनीतिक युवा' हाबी रहेको पाउन सकिन्छ । राजनीतिभन्दा अन्य क्षेत्रका युवाको उपस्थिति सामग्रीका रूपमा न्यून रहेको यथार्थ हाम्रासामु छ । अन्य क्षेत्रको युवा 'विषय' बन्न कि त अत्यन्त ठूलो उपलब्धि प्राप्त हुनुपर्छ नभए भनसुनको भर पर्नुपर्छ ।

## युवा पत्रकारिताका समस्या

माथिको विश्लेषणका आधारमा भन्नुपर्दा निम्न विषयलाई युवा पत्रकारिताको समस्याका रूपमा चित्रित गर्न सकिन्छ :

- युवालक्षित कार्यक्रम, समाचार, सूचनामूलक सामग्रीको अभाव
- युवाका सीप, क्षमता, दक्षता, योगदानलाई प्रोत्साहित गर्ने सामग्री न्यून
- युवाका समस्या र अप्ठ्याराको पहिचान गर्ने र तिनको समाधानका लागि पहल गर्ने सामग्रीको अभाव
- पत्रपत्रिकामा युवाका सवाललाई नसमेटिनु
- युवाले सञ्चालन गरेका अभियान, गतिविधिको पर्याप्त सामग्रीको अभाव
- युवाका बारेमा समाचार लेख्ने पत्रकारको

अभाव

- युवा बिट बन्न नसक्नु
- युवाका बारेमा समाचार लेख्ने पत्रकार हरूको सङ्गठनको अभाव

त्यसै गरी यस दिशामा केही नीतिगत समस्या पनि अनुभव गरिएका छन् । यिनको सम्बोधनका लागि सम्बन्धित सरोकारवालाले गम्भीरतापूर्वक सोच्नु जरुरी छ । यहाँ केही नीतिगत समस्यालाई बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ :

- समग्र युवा नीति नहुनु (गत वर्षमात्र युवानीति सार्वजनिक भएको छ) ।
- सञ्चार नीतिमा पनि युवाकेन्द्रित विषय समेटिएका छैनन् ।
- पत्रकार आचारसंहिता २०७३ ले युवालाई समेटेको छैन ।
- अस्मिता हनने हुने गरी बेरोकटोक विज्ञापनको अवस्था छ ।
- नेपाल पत्रकार महासङ्घलगायतका पत्रकारसम्बद्ध सङ्घसंस्थाहरूको प्राथमिकतामा युवा विषय नपर्नु ।
- अनुगमनमा समस्या ।
- युवासम्बन्धी अध्ययन अध्यापनको अभाव । यससम्बन्धी पाठ्यक्रम र पाठ्यसामग्री आवश्यक ।

## सञ्चारमाध्यममा युवाका मुद्दा

वर्तमानमा नीतिगत र योजनाबद्ध ढङ्गबाट युवाका मुद्दा सञ्चार माध्यममा उठाउनु जरुरी छ । शिक्षा, रोजगारी, स्वास्थ्य, सामाजिक सुरक्षा/सामाजिक संरचनामा परिवर्तनजस्ता केही यस्ता मुद्दा छन् जसलाई नेपाली पत्रकारिताले प्राथमिकतामा राख्नु आवश्यक छ । यसैगरी पत्रकारिताले प्राथमिकतामा राख्नुपर्ने अन्य मुद्दाहरूमा खेलकुद, मनोरञ्जन, सिनेमा, युवा परिचालन, सहभागिता र नेतृत्व विकास, लैङ्गिक, क्षेत्रीय, जातीय विभेद र बहिष्करण, युवामैत्री लगानी तथा उद्यम, पलायन, ब्रेनड्रेन, क्षमता अभिवृद्धि आदि रहेका छन् ।

यस्तै सुशासन, कुण्ठा र निराशा, यौन, युवा मनोविज्ञान, अपराध, आधुनिक प्रविधिको विकास, फेसन/ स्टाइल/पहिरन/ग्ल्यामर, केरियर/ व्यक्तित्व विकास, सूचना–सञ्चार/सामाजिक सञ्जाल, जेन्डर, सामाजिक समावेशीपन र पुस्तान्तरसँग सम्बन्धित विषय पनि युवासँग सम्बन्धित केही यस्ता महत्त्वपूर्ण विषय हुन् जसको उठान गर्नु जरुरी छ ।

## पत्रकारितामा युवा बिट

पत्रकारिताको वर्तमान युग भनेको बिटको अर्थात् विशेषज्ञताको युग हो । पहिलेको पत्रकारितामा एकैजना पत्रकारले सबै थोक रिपोर्टिङ गर्नुपर्ने बाध्यात्मक अवस्था थियो तर अहिले अवस्थामा परिवर्तन आएको छ, पत्रकारितामा बिटको प्रचलन सुरु भएको छ र यस अवस्थाले नेपाली पत्रकारितामा पनि प्रवेश पाएको छ । युवा विषय स्वयंमा एक बिट हो तर नेपाली पत्रकारितामा अहिले पनि यसलाई बिटका रूपमा स्वीकार गरिएको छैन । युवाकै सम्बन्धमा कुरा गर्दा यसका सहायक बिटहरू निम्न हुन सक्छन् :

- **युवा नीति** (परिचालन, सहभागिता र

नेतृत्व विकास, लैङ्गिक, क्षेत्रीय, जातीय विभेद र बहिष्करण आदि)

- **शिक्षा तथा स्वास्थ्य** (औपचारिक, अनौपचारिक, व्यावसायिक, नयाँ विषय, विद्यालय, क्याम्पस, राष्ट्रिय र अन्तर्राष्ट्रिय विश्वविद्यालय, विज्ञान, सूचना तथा सञ्चार, प्रविधि, स्वास्थ्यसम्बन्धी विभिन्न पक्ष आदि)
- **अर्थ** (रोजगारी, युवामैत्री लगानी तथा उद्यम, व्यवसाय, पर्यटन, कृषि, बैङ्किङ, वित्तीय क्षेत्र आदि)
- **खेलकुद**
- **मनोरञ्जन** (सिनेमा, नाटक, गीतसङ्गीत)
- **समाज** (स्वास्थ्य र सामाजिक सुरक्षा, पलायन, ब्रेनड्रेन, कुण्ठा र निराशा, यौन शिक्षा, अपराध, रचनात्मकता, विशिष्ट उपलब्धि, सामाजिक सुरक्षा)
- **लाइफ स्टाइल** (फेसन, रहनसहन, खानपान, पहिरन, ग्ल्यामर)
- **करियर/व्यक्तित्व विकास**

## अब के गर्ने ?

यस अवस्थामा प्रश्न उठ्छ, अब के गर्ने ? निश्चित रूपमा यो विषय कुनै एक वा दुई खास वर्ग, समूह र व्यक्तिको होइन । यो संयुक्त दायित्वको विषय हो । युवाका विकासको सन्दर्भ पत्रकार, मिडिया हाउस, सम्बन्धित सङ्घसंस्था र सरकार सबैको दायित्व हो ।

युवासम्बन्धी विषय उठान गर्न मिडिया हाउसले युवासम्बन्धी समाचार लेख्ने युवा बिटलाई स्थापित गर्न जरुरी छ । यस्तै युवाका सवालमा पत्रकारिता गर्ने व्यक्तिहरू सङ्गठित हुने, नियमित रूपमा युवाका सवाललाई समेटेर समाचार लेख्ने, युवाको मात्र सवालका रूपमा उनीहरूको समस्या तथा सम्भावनालाई समेटेर नियमित रूपमा समाचार प्रकाशित गर्ने जस्ता काम गर्नु जरुरी छ ।

यसैगरी युवा मन्त्रालयले नियमित रूपमा युवा पत्रकारलाई आफ्ना सामाग्रीहरू प्रवाह गर्ने वातावरण मिलाउने, क्षेत्रगत रूपमा मन्त्रालयहरूले युवाका लागि लक्षित गरेका कार्यक्रमहरूका बारेमा पत्रकारले खोजी गरी प्रकाशन तथा प्रसारण गर्ने दायित्व निर्वाह गर्नु आवश्यक छ । यस क्रममा सूचनाको हक प्रयोग गरेर पनि युवा सवालको उठान गर्न सकिन्छ । यस्तै युवा मन्त्रालय अलग्गै बनाउने पहल गर्नु पनि जरुरी छ ।

पूर्वसभापति, नेपाल पत्रकार महासङ्घ

# युवा उद्यमशीलता र कोषबाट प्रवाह हुने लगानी

✍ डा. प्रेम दंगाल

## १. स्वरोजगार उत्पादन वृद्धिका लागि

आर्थिक रूपले पिछडिएका विपन्न वर्ग, महिला, दलित, आदिवासी, जनजाति, द्वन्द्वपीडित, अपाङ्ग, घाइते परिवार एवं युवा तथा परम्परागत सीप भएका जातजातिहरूलाई व्यावसायिक खेती, कृषिजन्य उद्योग वा सेवामूलक स्वरोजगार कार्यक्रम सञ्चालन गर्न सहुलियत ब्याजदरमा कर्जा प्रदान गर्ने उद्देश्यले ०६५ सालमा युवा तथा साना व्यवसायी स्वरोजगार कोष स्थापना गरिएको हो । कोषले अहिले ७३ जिल्लामा आफ्नो कार्यक्रम अघि बढाइरहेको छ । देशमै पुँजीको व्यवस्था गरी देशको उत्पादनशील र सीपयुक्त युवा जनशक्तिलाई पुँजी र कामका अभावमा विदेश पलायन हुने प्रवृत्तिलाई निरुत्साहित गर्ने उद्देश्य रहेको छ । कोषले लगानी गर्ने कर्जाका विशेषताहरूमा पहिलो हो : कोषले प्रदान गर्ने कर्जामा प्रचलित बजारदरभन्दा सस्तो ब्याजदर हुन्छ । दोस्रो हो : यो कर्जा विनाधितो प्रदान गरिन्छ । तेस्रो हो : व्यवसायी तथा व्यवसायीले सञ्चालन गर्ने व्यवसाय दुवैको निःशुल्क विमाको व्यवस्था गरी विमाको सम्पूर्ण प्रिमियम नेपाल सरकारले तिरिदिने गर्दछ । यसरी जोखिम न्यूनीकरण गरिएको छ । चौथो हो : कर्जा लगानी गर्नुभन्दा अगाडि व्यवसायीहरूलाई आवश्यक पर्ने तालिम उपलब्ध गराइन्छ । पाँचौं हो : असल व्यवसायीलाई नेपाल सरकारले ६० प्रतिशत ब्याज अनुदान प्रदान गरेको छ । यो ज्यादै महत्त्वपूर्ण विषय हो । छैटौं हो : व्यवसायीले उद्देश्यअनुरूप लगानी गरेको छ वा छैन त्यसबारे कोषको केन्द्र तथा जिल्ला संयन्त्रबाट नियमित अनुगमनको व्यवस्था गरिएको छ। त्यसै गरी व्यवसायीले राम्ररी व्यवसाय सञ्चालन गरेका अवस्थामा कर्जा माग भएमा १५० प्रतिशतसम्म थप कर्जाको व्यवस्था गरिएको छ । यी सबै विशेषतालाई हेर्दा बजारमा कहीँ पनि नभएका सुविधाहरू कोषले उपलब्ध गराएको छ ।

## २. परियोजना लागत हेरेर ऋण वृद्धि

युवा तथा साना व्यवसायी स्वरोजगार कोषको मुख्य उद्देश्य वित्तीय पहुँच नभएका सीमान्तकृत समुदाय, पिछडिएका वर्ग, द्वन्द्व प्रभावित र न्यून आय भएका वर्गलाई वित्तीय पहुँच पुऱ्याउने हो । गाउँगाउँमा लगानी विस्तार गरेर वैदेशिक रोजगारीमा जाने युवाहरूको सङ्ख्या कम गर्ने उद्देश्यअनुसार काम भइरहेको छ । अहिले केही सुधारका काम पनि अघि बढाइएको छ। विगतमा २ लाख रुपैयाँसम्म विनाधितो कर्जा उपलब्ध गराउँदै आएकोमा त्यसलाई बढाएर ५ लाख बनाइएको छ । यो निर्णय समयसापेक्ष

छ । अहिलेको मूल्यवृद्धि तथा परियोजनासमेतको लागतलाई दृष्टिगत गरी ऋणको यस सीमालाई वृद्धि गरिएको हो । त्यसै गरी कोषसँग कर्जा लिई राम्रो काम गरिरहेका पुराना सहकारीलाई प्रति सहकारी ५० लाख रुपैयाँसम्म उपलब्ध गराउँदै आएकोमा १ करोड बनाइएको छ भने नयाँ सहकारीलाई ५० लाख कर्जा उपलब्ध गराइन्छ ।

## ३. प्रत्येक स्थानीय तहमा १ करोड लगानी

कोषले प्रत्येक स्थानीय तहमा एकएक वटा नमुना परियोजना अघि बढाउने सोच बनाएको छ । त्यसअनुसार प्रत्येक स्थानीय तहमा एक करोड रुपैयाँका दरले लगानी गर्ने योजना छ । बैङ्क तथा वित्तीय संस्था वा सहकारीमार्फत प्रस्ताव लिएर राम्रो प्रस्तावमा लगानी गर्ने हो । ७ सय १९ वटा स्थानीय तह बन्ने तय भएका अवस्थामा ७ अर्ब १९ करोड लगानी हुन्छ । यसले रोजगारी सिर्जना गर्न र उत्पादन बढाउन सहयोग गर्छ । कृषि, पशुलगायतका क्षेत्रको व्यवसायीकरण र बजारीकरणमा सहजीकरण गर्न सहयोग गर्छ । उपभोक्तालाई बजारसम्मको सहज पहुँचको आधार तयार पार्ने यसको योजना छ । यो कार्यक्रम लागू गर्न आवश्यक कार्यविधि बन्दै छ । यसलाई छिट्टै निर्णयमा पनि पुऱ्याइँदै छ ।

## ४. फास्ट ट्र्याकबाट ऋण

कोषले फास्ट ट्र्याकबाट ऋण दिने योजना अघि सारेको छ । कोष नेपाल सरकारको संयन्त्र हो । सरकारको संयन्त्र भएकाले जनताको पैसा जोखिममा नपरोस् भन्ने कुरा सधैँ ध्यानमा राख्नुपर्दछ । यस संस्थाद्वारा निजी क्षेत्रबाट लगानी गरेजस्तो फटाफट आजको भोलि ऋण उपलब्ध गराउन सकिन्छ । हामीले ज्यादै धेरै प्रक्रिया र मापदण्ड पूरा गरेपछि मात्रै ऋण प्रवाह गरिन्छ । बैङ्क तथा वित्तीय संस्थाले यहाँ प्रवेश गर्नका लागि पनि अनेकौँ मापदण्ड पूरा गर्नुपर्छ । त्यसैका आधारमा कोषले लगानी गर्दछ । कोषको लगानीको सुनिश्चितता र रोजगारी सिर्जनाका लागि यस्ता मापदण्ड बनाइएको हो । यसरी लगानी गर्दा कोषले सबैलाई अवसर दिनुपर्ने दायित्व पनि रहेकै छ । जुन बैङ्कले धेरै ब्याज दिन्छ त्यसैमा लगानी गर्छ । कोष भनेको त सबैलाई सेवा गर्न खुलेको हो । सबैलाई समान पहुँच दिनुपर्ने हुन्छ । त्यसो भएको हुनाले फास्ट ट्र्याकबाट सेवा दिने गरी काम गर्न खोजिएको हो । कोषले मागेको प्रस्तावअनुसार देशैभरबाट आवेदन आउँछन् । तिनीहरूको विविध पक्षको विश्लेषण गर्नुपर्छ जसका कारण ऋण उपलब्ध गराउन धेरै समय लाग्छ । अनुगमन गर्न झन्झटिलो पनि छ । अनुगमनका क्रममा सबै वित्तीय संस्था वा सहकारीहरू उपयुक्त नभेटिन पनि सक्छ । यस्तो अवस्थामा ऋण लिन खोज्ने व्यक्तिले समयमा सेवा नपाउन सक्छ । आज आवेदन गर्दा वर्ष दिनपछि पनि ऋण नपाउन सक्छ। त्यसैले फास्ट ट्र्याकबाट ऋण दिने निर्णय गरिएको हो । यसको कार्यविधि तयार हुँदै छ । स्थानीय स्तरमा कोषको कार्यालय छैन । व्यवस्थित संरचना पनि नभएको अवस्था छ । स्थानीय स्तरमा कर्मचारी रहने, अनुगमन गर्ने जस्तो व्यवस्था छैन । जिल्लामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहेको संयोजन समितिबाट नै ऋण दिनुपर्ने अवस्था छ । फास्ट ट्र्याकबाट ऋण दिने भनेको चाहिँ व्यवसायीले चाहेकै समयमा छोटो प्रक्रिया अपनाई ऋण दिने प्रयास हो । यसका लागि केही कुरा परिवर्तन गर्न जरुरी छ ।

फास्ट ट्र्याककबाट ऋण दिँदा धितो लिने व्यवस्था गरिएको छ । यसको पनि कार्यविधिलाई अन्तिम रूप दिई निर्णय भएपछि छिट्टै लागू हुन्छ ।

## ५. ब्याजदर पुनरावलोकन

अहिले प्रतिस्पर्धाको जमाना छ । बैङ्क तथा वित्तीय संस्थाहरू ऋण लिनुहोस् भनेर घरमै पुग्छन् । निजी क्षेत्रका बैङ्क तथा वित्तीय संस्थाले एक दिनमै ऋण दिन्छन् । तर यस संयन्त्रले एक वर्ष लगाउँछ । बैङ्क तथा वित्तीय संस्थाले तरलता कम भएकाले ब्याज बढाएका छन् । भोलि पैसा बजारमा आउने बित्तिकै यो समस्या हल हुन्छ । सामान्य अवस्थामा बैङ्कहरूले ब्याज घटाइरहेका छन् । अर्कातर्फ लघुवित्तले चरम शोषण गरिरहेका छन् । त्यसो हुनाले ब्याजदर घटाएर धेरै लगानी बढाउन खोजिएको हो । धेरै नागरिकले हाम्रो कर्जा उपयोग गरून् भन्ने सोच हो । त्यही भएकाले ब्याजदर १२ प्रतिशतबाट १० प्रतिशत बनाइएको हो । सबै किस्ता भुक्तानी गर्ने असल व्यवसायीलाई ६० प्रतिशत अनुदान दिने व्यवस्था छ । यसरी अन्तिममा ४ प्रतिशत मात्रै ब्याज तिरे पुग्छ । प्रारम्भिक सहकारीलाई दिने थोक कर्जाको दर ५ प्रतिशत बनाइएको छ । यो ७ बाट घटाइएको हो । कर्जा प्रवाह धेरै गरून् भनेर प्रति व्यवसायी ५ सयका दरले सहकारीलाई कर्जा व्यवस्थापन शुल्क दिने गरेका छौँ । बैङ्क तथा वित्तीय संस्था र केन्द्रीय स्तरका सहकारीले यस कोषबाट कर्जा लिएका अवस्थामा थप १ प्रतिशत घटाएर ४ प्रतिशत कायम गरिएको छ ।

## ६. बैङ्कमार्फत लगानी गर्ने

धितो लिने व्यवस्था भएपछि बैङ्क तथा वित्तीय संस्था परिचालन गरेर ऋण दिने व्यवस्था कार्यान्वयनमा लैजाने योजना छ । धितो भएपछि बैङ्कहरूको लगानी पनि बढ्छ । विनाधितो उनीहरूले जोखिम लिन चाँहदैनन् । यी सबै व्यवस्था कार्यान्वयन गर्नुका पछाडिको उद्देश्य भनेको छिटोछरितो तरिकाबाट ऋण उपलब्ध गराउनु नै हो । त्यसो भयो भने मात्रै कोषको उपादेयता हुन्छ । आवेदन दिएको १ वर्षपछि ऋण दिँदा त्यसको के अर्थ ? त्यसैले यो व्यवस्था कार्यान्वयन गरेर अघि बढ्न खोजिएको हो ।

## ७. स्रोत बलियो छ

अहिले यस कोषमा स्रोतको कुनै कमी छैन । अहिले बैङ्क तथा वित्तीय संस्थाले वार्षिक २०/२२ खर्ब निक्षेप सङ्कलन गर्छन् । उनीहरूको त्यसमा सेयर पुँजीको रकम छ । वाणिज्य बैङ्कहरूले ८ अर्ब पुऱ्याउनु पर्ने व्यवस्था छ । त्यसले मर्जर, हकप्रद, बोनसलगायका उपकरण प्रयोग गरेर वित्तीय संस्था मजबुद बन्दै छन् । जसले उनीहरूको लगानी क्षमता पनि बढाइरहेको छ । बैङ्क तथा वित्तीय संस्थाहरुले सङ्कलन गरेको सम्पूर्ण निक्षेपको ८० प्रतिशतसम्म लगानी गर्ने हो भने पनि करिब १७/१८ खर्ब लगानी हुन्छ । त्यसको ५ प्रतिशत विपन्न वर्गका लागि कर्जामा लगाउनु पर्ने व्यवस्था छ । त्यो रकम भनेको करिब ८५/९० अर्बको हाराहारीमा हुन्छ र त्यसको ३३ प्रतिशत रकम भनेको करिब २५/३० अर्ब रुपैयाँ यस कोषमा आउँछ । त्यसैले कोषमा स्रोतको समस्या छैन । तर हामीले लगानी गर्न सकेका छैनौँ । धेरैभन्दा धेरै लगानी गर्नका लागि पहल गर्ने कोषको योजना हो । यसअघि गरिएका कार्यक्रमलाई पनि अघि बढाउने र अब

एक एकाइ एक नमुना व्यवसाय, फास्ट ट्र्याकमा ऋणलगायतका व्यवस्थाबाट अघि बढ्दा मात्र गाउँगाउँमा वित्तीय पहुँच पुऱ्याई रोजगारी सिर्जना गर्न सकिन्छ । यो वर्ष न्यूनतम १०-१२ अर्ब लगानी गर्ने सोच बनाइएको छ। यस्ता अवस्थामा ५० हजार रोजगारी सिर्जना गर्न सकिन्छ ।

## ८. अर्को वर्ष १ लाख स्वरोजगार बन्छन्

यो वर्ष सुधारका धेरै काम हुँदै छन्। यस वर्ष नीतिगत, कानुनी तथा संस्थागत सुधारमा बढी समय लागेको छ । यस कोषबाट पहिले पहिले तीन किस्तामा रकम दिने गरिएको थियो । अब दुई किस्ता गरेर ५०/५० प्रतिशत रकम दिन खोजिएको छ । यसले पटकपटक अनुगमन गर्नुपर्ने झन्झटको अन्त्यसँगै पैसा पनि धेरै जाँदा व्यवसाय सुरु गर्न खोज्नेलाई पनि ठोस रकम उपलब्ध हुन्छ । अहिले ५० हजारलाई स्वरोजगार बनाइनेछ । अर्को वर्ष १ लाख जना स्वरोजगार हुन्छन् । कार्ययोजना लागू गरेर द्रूत गतिमा काम अघि बढाउने तयारी छ। मुलुकको आर्थिक विकास र बेरोजगारीको समस्या अन्त्यका लागि पनि त्यही काम गर्नुपर्ने अवस्था छ । यही अनुपातमा अघि बढ्दा अबको ४ वर्षमा ४ लाखलाई स्वरोजगार बनाउन सकिने सम्भावना मैले देखेको छु र यही प्रतिबद्धताका साथ काममा जुटेको छु । यसका लागि सबैभन्दा ठूलो सहयोग अर्थ मन्त्रालय र कोषमा क्रियाशील कर्मचारीको छ र सधैँ हुनेछ । त्यसै गरी कर्मचारी व्यवस्थापन र जिल्लाजिल्लामा कार्यालय व्यवस्थापनलगायतका धेरै काम गर्नुपर्ने अवस्था छ ।

कार्यकारी उपाध्यक्ष,
युवा तथा साना व्यवसायी स्वरोजगार कोष

# सुरक्षा परिषद्को प्रस्ताव नं. २२५० र यसको कार्यान्वयन

✍ रामप्रसाद थपलिया

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को प्रस्ताव नं २२५० र राष्ट्रिय कार्ययोजनाका लागि युवाका क्षेत्रमा सरकारी तथा गैरसरकारी निकायहरूबाट छुट्टाछुट्टै वा संयुक्त प्रयासमा विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

युवासँग सम्बन्धित कार्यक्रमहरू विशेष गरी केन्द्रीय स्तरका भएकाले केन्द्र र केही मात्रामा जिल्ला तहमा सञ्चालन हुने गरेका छन् । यी कार्यक्रमहरूलाई जिल्ला तहसम्म मात्र नभई गाउँगाउँसम्म पुऱ्याउन संस्थागत रूपबाटै थप प्रयास गर्नुपर्ने अवस्था रहेको छ ।

युवा लक्षित कृयाकलापहरूलाई योजनाबद्ध रूपमा तयार गर्ने, यस्ता कार्यक्रमहरूलाई स्थानीय तहसम्म विस्तार गर्ने, स्थानीय तहको योजना प्रकृयामा समावेश गर्नुपर्ने लगायतका कृयाकलापहरूका लागि एकीकृत रूपमै नीतिगत स्पष्टता, सङ्गठनात्मक/संरचनात्मक जिम्मेवारी, सरोकारवालाहरूको पहिचान र जिम्मेवारीका साथै आवश्यक पर्ने स्रोत-साधनको व्यवस्थापन गर्न कदम चाल्नुपर्ने स्थिति रहेको छ ।

यसै परिदृश्यलाई ध्यानमा राखी सन् २०१५ मै संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को प्रस्ताव नं. २२५० जुन युवाहरूको सहभागितामा शान्ति र सुरक्षाको प्रत्याभूति गर्ने, युवा वर्गको हित र समुन्नति गर्ने, हिंसाजन्य तथा कुलतबाट जोगाउँदै सकारात्मकतातर्फ अग्रसर गराउने, सामाजिक विकासका हरेक क्षेत्रमा युवाको भूमिका र जिम्मेवारीको साझेदारी गराउने स्पष्ट दृष्टिकोणका साथ वयस्क युवायुवतीहरूलाई स्वतन्त्र, निर्भीक नागरिकको जिम्मेवारी लिनसक्ने गरी तयार गर्न शिक्षा, रोजगारीका अवसरहरूमा छनोट गर्न सक्षम बनाउँदै व्यक्तित्व निर्माणमा सक्षम बनाउन उपयुक्त र सहज वातावरण तयार गर्न राज्यका तर्फबाट ठोस कृयाकलापहरू सञ्चालन गर्ने प्रयोजनका लागि उक्त प्रस्तावले अङ्गीकार गरेका नीति तथा सिद्धान्तहरूलाई व्यवहारमा ल्याउन एक राष्ट्रिय कार्ययोजना तर्जुमा गर्न जरुरी रहेका कुराको महसुस गरी सुरुवाती कार्य मन्त्रालयले अगाडि बढाएको छ ।

नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्रका हैसियतले विगतमा संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० को राष्ट्रिय कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिएको थियो । यसको प्रभाव तत्तत् क्षेत्रमा सकारात्मक रूपमा परेको स्थितिलाई दृष्टिगत गरी युवावर्गको हकहित र अधिकार तथा कर्तव्यप्रति जागरूक र सजग बनाउन दिगो विकासका लक्ष्यहरूको प्राप्तिमा युवाहरूको भूमिका अभिवृद्धि गर्ने गरी मूलतः युवाहरूलाई सहभागी गराउने, संरक्षण र संवर्द्धन गर्दै युवाहरूलाई गलत कृयाकलापहरूतर्फ उद्यत हुनै नदिने वातावरणको निर्माण गर्ने, सामाजिक विकासका हर क्षेत्रमा साझेदारी गराउने वातावरण तयार गर्ने र आफ्नो व्यक्तित्व निर्माणका

लागि शिक्षा र रोजगारीमा छनोट गर्न सक्ने गरी क्षमता विकास गर्न राज्यका तर्फबाट विभिन्न कृयाकलापहरू सञ्चालन गर्न जारी युवा नीति, २०७२, १० वर्षे युथ भिजन, २०२५ का साथै दिगो विकासका लक्ष्यहरूको प्राप्तिमा युवाहरूको भूमिकालाई स्थान दिने गरी एक राष्ट्रिय कार्य योजना (National Youth Action Plan) तर्जुमा गर्न यस मन्त्रालयले गरेका सिफारिसलाई नेपाल सरकार (मन्त्रीपरिषद्) ले मिति २०७४।२।८ तदनुसार २२ मे २०१७ मा संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को प्रस्ताव नं. २२५० को कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजना तर्जुमा गर्ने, सो कार्यको संयोजन यस मन्त्रालयले गर्ने, तर्जुमा कार्यमा सरकारी तथा गैरसरकारी निकायहरूको सहभागिता जुटाई युवासम्बन्धी कार्यक्रमहरूको तर्जुमा कार्यान्वयन, सोको अनुगमन र मूल्याङ्कन गर्ने गरी कार्य अघि बढाउने सैद्धान्तिक सहमति भई प्रारम्भिक कार्य सुरु गरिएको छ ।

## कार्ययोजनामा समावेश हुने क्षेत्रहरू

१. **सहभागिता (Participation)** - युवाहरूलाई समाजका सबै क्षेत्रमा समावेशी प्रतिनिधित्व र सहभागिताका लागि स्थानीय तह, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा सहभागिताको सुनिश्चितता गराउन यस कार्ययोजनाले ध्यान दिनेछ । शान्ति सम्झौताको कार्यान्वयनका क्रममा हालसम्मको अनुभवलाई आत्मसात् गरी उत्थानशील समाजनिर्माणका लागि आगामी समयमा सञ्चालन गर्नुपर्ने क्रियाकलापहरूलाई एकीकृत र व्यवस्थित रूपमा सञ्चालन र सहभागी गराई समग्र युवाहरूको सशक्तीकरण गर्न यस कार्ययोजनाको तर्जुमाले सहयोग पुऱ्याउनेछ ।

२. **संरक्षण (Protection)**- युवाहरूलाई यौन तथा लैङ्गिक हिंसाबाट सुरक्षित राख्दै व्यक्तिको नागरिक हक र जिम्मेवारीप्रति सजग एवं सचेत गराउँदै नागरिकको जीउधनको सुरक्षाको प्रत्याभूति गर्ने गरी विभिन्न सरोकारवालाहरूमार्फत सञ्चालन भइहेका कृयाकलापहरूको पहिचान गर्न र सोको परिमार्जनसहित युवाहरूको हकहितको प्रवर्द्धन, संरक्षण र संवर्द्धन गर्न कार्ययोजनाले सेतुको कार्य गर्ने अपेक्षा राखिएको छ ।

३. **Prevention (रोकथाम)** -एकपटक द्वन्द्वमा फसेको मुलुकले आयातित रूपमा उत्थानशील अर्थतन्त्रको विकास र संवृद्धि हासिल गर्न नसके त्यसको परिणति पुनः द्वन्द्वउन्मुख परि स्थितिमा जकेडिनुपर्ने तथ्य हाम्रा सामु छ ।

यसरी अर्थतन्त्रमा सकारात्मक संवृद्धिका लागि अन्य सबै पक्षको सहभागिताका साथै युवाहरूको संलग्नतालाई सकारात्मक रूपमा परिचालन गर्न युवा सम्बद्ध उपयुक्त नीति, रणनीतिको कार्यान्वयन गर्न आवश्यक पर्ने संस्थागत व्यवस्थापन, संरचनात्मक परिवर्तनका साथै युवाहरूलाई पहिचानअनुरूप राज्यबाट गर्ने व्यवहारमा तदनुकूल परिमार्जन जरुरी पर्ने हुन्छ । सबै युवाहरूलाई एउटै प्रकारको नीति र कार्यक्रमले नसमेट्न सक्छ। युवाहरूको भूमिकालाई सबल, सक्षम र प्रभावकारी बनाउनका लागि फरकफरक उपायहरू र विधिहरूको अवलम्बन गर्नुपर्ने हुन्छ । पूर्वलडाकुहरू, कलेज छोडेका विद्यार्थीहरू, राजनैतिक दलका भातृ सङ्गठनमा आबद्ध युवाहरूको चेतनास्तर पनि फरकफरक हुन्छ । यिनै पृष्ठभूमिमा युवालाई शान्ति कायम गर्न, स्थानीय आर्थिक

सामाजिक विकासमा सहभागी तुल्याउन अनि रोजगारी र आर्थिक अवसर उपलब्ध गराउँदै प्राविधिक शिक्षा तथा उद्यमशीलता प्रवर्द्धन गर्दै समग्र रूपमा मुलुकको राजनैतिक अग्रगमनमा लगाउने गरी समग्र युवाहरूलाई त्यसतर्फ उन्मुख गराई परिचालन गर्न र नकारात्मकतातर्फ युवाहरूको भूमिकालाई प्रवाहित हुन नदिने राजनैतिक वातावरण निर्माण गर्ने गरी कार्यान्वयन तर्जुमा सञ्चालन गर्ने प्रयास यस कार्ययोजनाले गर्नेछ ।

४. **साझेदारी (Partnership)** -संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्रका हैसियतले हाम्रो मुलुकमा शान्तिस्थापनाका प्रयत्नमा युवाहरूको आवश्यकता र महत्त्वलाई आत्मसात् गर्दै युवालक्षित विभिन्न कार्यक्रमहरू सञ्चालन भइ नै रहेका छन् । युवाहरूको भूमिकालाई समाजका हरेक पक्षमा प्रवर्द्धन गर्न, परिवर्तनको संवाहकका रूपमा महत्त्वपूर्ण भूमिका निभाउन सक्ने बनाउन युवाहरूको राजनैतिक, वित्तीय, प्राविधिकलगायतका पक्षमा आमूल सुधार गर्नुपर्ने अवस्था छ ।

स्थानीय समुदाय, नागरिक समाज तथा विभिन्न गैरसरकारी गतिविधिहरूलाई नियमन र व्यवस्थित गर्न जरुरी छ । अन्यथा युवाहरू ध्वंसात्मक अतिवादतर्फ उन्मुख हुनसक्ने स्थितिलाई दृष्टिगत गरी त्यसतर्फ समयमै सबै सरोकारवाला निकायहरूको भूमिका र जिम्मेवारीको पुनः परिभाषा गर्दै स्थानीय तहमा सञ्चालन हुने/गरिने विभिन्न कृयाकलापहरूमा युवाहरूको साझेदारी गर्ने गराउने र युवाहरूको अपनत्व बढाउने गरी कृयाकलापहरू गर्न गराउन र सोको प्रभावकारी नियमनका लागि यस कार्ययोजनाले विशेष ध्यान दिनेछ ।

५. **स्वतन्त्र र पुनःसमायोजन (Disengagement Reintegration)** -मानिस जन्मजात स्वतन्त्र रहन चाहन्छ । तथापि विकासोन्मुख मुलुकहरूमा मानवविकास सूचकाङ्कका आधारमा समाजका सीमित व्यक्तिहरूमा मात्र स्रोत-साधन रहने, उत्पादनका साधनहरूमा सबैको पहुँच नरहने, वितरण व्यवस्थामा सरकारी नियमन कमजोर हुने जस्ता चरित्र विद्यमान हुने हुन्छन् ।

सशस्त्र द्वन्द्वबाट पिल्सिएको मुलुकमा द्वन्द्वको असर र प्रभाव लामो समयसम्म रहने स्थिति रहन्छ । शिक्षामा रोजाइको अवसर नहुनु, व्यक्तित्वनिर्माणमा जन्मको पारिवारिक पृष्ठभूमि र अवसरको पहुँचले महत्त्वपूर्ण प्रभाव पार्नु र रोजगारीका अवसरहरू अत्यन्तै कम रहनुले व्यक्तिलाई स्वतन्त्र हुन चुनौती दिइरहेका हुन्छन् । त्यस्तै द्वन्द्वका अवस्थाबाट अग्रगामी शान्तिको प्रवर्द्धनतर्फ समाहित युवाहरूलाई परिवर्तित परिस्थितिअनुरूप सकारात्मक समृद्धितर्फ अग्रसर गराउन विशेष कार्यक्रमहरू जरुरी पर्ने हुन्छ जुन यस कार्ययोजनाको निर्माणले पूरा गर्नेछ ।

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले अनुमोदन गरेको 'युवा, शान्ति र सुरक्षा' प्रस्तावको कार्यान्वयनमा उक्त प्रस्तावको सैद्धान्तिक अवधारणालाई स्वीकारी सोहीअनुरूपका कृयाकलाप सञ्चालन गर्ने उद्देश्यका साथ राष्ट्रिय कार्ययोजनाको तर्जुमा भएमा यसले आगामी समयमा युवाहरूको सकारात्मक परिचालनका लागि महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

# वित्तीय साक्षरता : विप्रेषणको उत्पादनशील उपयोग र स्वरोजगार

✍ भागवत आचार्य

## विषय प्रवेश

पैसा कमाउनुभन्दा सोको सदुपयोग गर्नु र जीवनस्तर माथि उठाउनु अझ महत्त्वपूर्ण विषय हो। पैसाको सदुपयोगिता र जीवनस्तर अभिवृद्धिको विषय वित्तीय साक्षरताअन्तर्गत नै पर्दछ। विगत केही वर्षदेखि नेपालीहरूको मौद्रिक आय निकै बढेको छ। सरकारी आँकडामा विप्रेषण आयकै कारण गरिबी घटेको पनि देखिएको छ। तर सो गरिबी न्यूनीकरण कति दिगो छ त ? प्रस्तुत लेखमा वित्तीय साक्षरताका पृष्ठभूमिमा नेपाली युवाहरूका लागि रेमिट्यान्सको उत्पादनशील उपयोगमार्फत स्वरोजगार सिर्जना र जीवनस्तर अभिवृद्धिसम्बन्धी विषयलाई समेटिएको छ।

## योजनामा वित्तीय साक्षरता नीति

नेपालको अर्थतन्त्र विप्रेषणमय बनेको छ। नेपालमा वार्षिक दश खर्ब जति विप्रेषण भित्रिन्छ। सो विप्रेषण आय प्राप्त गर्ने परिवार न्यून आयवर्ग रहेको छ। राष्ट्रिय जनगणना - २०६८ र राष्ट्रिय योजना आयोगको तथ्याङ्कअनुसार नेपालमा २१.६ प्रतिशत अर्थात् करिब ५७ लाख जनता अझै पनि गरिबीको रेखामुनि रहेका छन्। २०७२ सालको भूकम्प र भारतीय नाकाबन्दीले नेपाली अर्थतन्त्रमा पुऱ्याएको क्षति तथा यसले सिर्जना गरेको गरिबीलाई समेत यकिन गर्ने हो भने गरिबीको रेखामुनिको यो आँकडा अझ बढ्नेछ। नेपालको विकास योजना नीतिनिर्माताका लागि यो टाउको दुखाइको विषय हो। यो विशाल जनसङ्ख्यालाई गरिबीबाट मुक्त गराउनु र न्यूनतम मानव सुहाउँदो जीवनस्तर कायम गर्न सक्षम बनाउनु मुलुकको प्रमुख आवश्यकता र चुनौती दुवै हो।

विगत १५ वर्षको अवधिमा नेपालमा उल्लेख्य रूपमा गरिबी न्यूनीकरण भई ४२ प्रतिशतबाट २१.६ प्रतिशतमा झर्नुको कारण रेमिट्यान्स आयलाई मानिएको छ। विप्रेषण आयको दिगोपन, यसको उत्पादनशील उपयोग तथा दिगो आयआर्जन सुनिश्चित नभएसम्म यो उपलब्धि दिगो नहुने र जीवनस्तर सुधार हुन नसक्ने यथार्थलाई दृष्टिगत गर्दा नेपालको यो गरिबी न्यूनीरकणलाई स्थायी भन्न सकिने अवस्था छैन। उपर्युक्त सन्दर्भमा नेपालमा औपचारिक रूपमा रहेको ५७ लाखभन्दा बढी गरिब जनताको जीवनस्तर सुधार गर्नका लागि एक महत्त्वपूर्ण उपाय भनेको परम्परागत पेसाको व्यवसायीकरणमार्फत स्वरोजगार सिर्जना गर्नु नै हो।

गरिबी न्यूनीकरणको आधारका रूपमा आय, उपभोग, स्वास्थ्य, शिक्षा, सरसफाइ लगायतलाई मानिएको भए पनि दिगो उपायका

रूपमा उद्यम व्यवसायलाई नै लिनुपर्दछ । यसले मात्र दिगो आयआर्जन हुने र जीवनस्तर स्थायी रूपमा माथि उठ्न सक्दछ । रेमिट्यान्स आयका कारण उपभोग बढ्दा नेपालको गरिबी घटेको देखिएको छ तर सोबाट जीवनस्तरको दिगो अभिवृद्धि भएको छ कि छैन भन्ने कुरा विश्लेषणको विषय हो । सरकार वा कुनै संस्थाले पैसा बाँडेर मात्र कसैको जीवनस्तर सुधार हुँदैन भन्ने कुरा पनि अनुभवसिद्ध भइसकेको छ । गरिबलाई माछा मारेर होइन सीपसहित बल्छी दिए मात्र न्यून आय भएका वर्गको जीवनस्तर सुध्रन्छ । यसमा पनि युवा पुरुष र महिलालाई रोजगार बनाएमा आर्थिक उन्नति, सामाजिक विकास तथा सशक्तीकरणमा योगदान पुग्न जान्छ । स्वरोजगार सिर्जनाका लागि उद्यम -व्यवसाय गरी आयआर्जन गर्ने, सोका लागि वित्तीय स्रोतबारे जानकारी प्रदान गर्ने, आर्थिक स्रोत साधनको सदुपयोग गर्ने, विनाधितो युवा वर्गका लागि सामूहिक कर्जासेवा प्राप्त हुने सम्बन्धी सूचना प्रदान गर्ने लगायतका विषयबारे जानकारी दिने गरी वित्तीय साक्षरता कार्यक्रमलाई युवाकेन्द्री बनाउनु अहिलेको आवश्यकता हो ।

## स्वरोजगार सिर्जना र गरिबी निवारण

नेपालमा स्वरोजगार सिर्जनाको अपार सम्भावना भएर पनि यससम्बन्धी चेतनाको अभावमा स्वयम् रोजगार सिर्जना गर्ने प्रवृत्ति विकास हुन सकेको छैन । यस चेतनाको विस्तार कार्यलाई वित्तीय साक्षरता कार्यक्रमले सघाउन सक्छ । नेपालमा हालसम्म वित्तीय सेवाको आपूर्ति पक्षलाई अधिक महत्त्व दिइयो जसका कारण अहिले गाउँगाउँसम्म वित्तीय सेवाको प्रगाढता बढ्दै गएको छ तर सो सेवाको माग पक्ष भने अहिलेसम्म पनि अत्यन्त न्यून रहेको छ । वित्तीय सेवाको माग पक्षलाई प्रवर्द्धन र विस्तार गर्ने तथा सर्वसाधारण जनतालाई सो सेवाबाट लाभान्वित बनाउने सशक्त माध्यम वित्तीय साक्षरता हो ।

वित्तीय साक्षरताको मुख्य उद्देश्य नै उद्यम व्यवसायका लागि आवश्यक वित्तीय स्रोतबारे सर्वसाधारणलाई जानकारी प्रदान गर्ने र व्यावसायिकता अभिवृद्धिमार्फत मुलुकमा उत्पादन, रोजगारी तथा आय सिर्जना गरी गरिबी न्यूनीकरणमार्फत जनताको जीवनस्तर अभिवृद्धि गर्नु हो । वित्तीय समावेशिता (Finfncial Inclusion) प्रवर्द्धन गर्ने महत्त्वपूर्ण अस्त्र भनेको नै वित्तीय साक्षरता हो । वित्तीय साक्षरताको यही महत्त्वलाई दृष्टिगत गरी नेपाल सरकारले तेह्रौं त्रिवर्षीय योजनादेखि वित्तीय साक्षरता विस्तारलाई उच्च प्राथमिकता दिएको छ । मुलुकमा उच्च पुँजीनिर्माणका लागि बचत प्रोत्साहन गर्ने, उत्पादन अभिवृद्धिका लागि व्यावसायिक लगानी प्रवर्द्धन गर्ने नीति चालू योजनामा समेत रहेको छ । वित्तीय साक्षरता कार्यक्रम सञ्चालनमा हरेक देशमा केन्द्रीय बैङ्कले अगुवाइ गर्ने गरे पनि केन्द्रीय बैङ्क एक्लैले यस कार्यलाई अघि बढाएर परिणाममा पुऱ्याउन सक्ने कुरा सम्भव छैन । केन्द्रीय बैङ्कले नेपाल सरकार, बैङ्क तथा वित्तीय संस्था, नागरिक समाज, सञ्चार क्षेत्रका बीचमा समन्वयकारी भूमिका निर्वाह गर्नुपर्दछ ।

नेपालमा गरिबी निवारणको बलियो अस्त्र भनेको नै स्वरोजगार सिर्जना हो । दुईतिहाइ जनसङ्ख्या कृषि व्यवसायमा संलग्न रहेको नेपालमा सोही पेसालाई व्यावसायिक रूप दिएर नै साना किसानहरूको आर्थिक अवस्था माथि उकास्न

सकिन्छ । गत आर्थिक वर्षमा औपचारिक रूपमा ४० अर्ब बराबरको खाद्यान्न नेपालले आयात गर्नुपर्‍यो । नेपालका आधाजसो घरपरिवारले कुनै न कुनै रूपमा रेमिट्यान्स प्राप्त गर्दछन् । यस सन्दर्भमा सो आयलाई आम्दानीमूलक र उत्पादक लगानीतर्फ प्रवाह गर्न सकेमा नै गरिबी निवारणले दिगो रूप प्राप्त गर्न सक्तछ । विदेशको कमाइलाई यहाँ उपयोग गर्ने भनेका प्रायः युवा महिलाहरू रहेका छन् जसले सोको सही सदुपयोग गर्न सक्तछन् । रेमिट्यान्सको उपयोग उपभोगमा हुन जाँदा विदेशको आय न्यून हुँदा अथवा बन्द हुँदा गरिबी बढ्न जाने सम्भावना रहन्छ । यसैले विदेशको कमाइलाई न्यूनतम उपभोगमा लगाई उद्यम व्यवसायमा लगानीका लागि प्रोत्साहन गर्न युवा पुरुष तथा महिलालाई लक्षित गरी वित्तीय सञ्चेतना कार्यक्रम सञ्चालन गरी व्यावसायिकता अभिवृद्धि गर्नु अहिलेको प्राथमिक आवश्यकता हो ।

अहिले पहाडी क्षेत्रका विद्यार्थीहरूको मन एसईई वा बाह्र कक्षा पढेपछि स्वदेशमा त्यत्ति रहँदैन । यसो हुनुमा पहिलो, शैक्षिक वेरोजगारीको विद्यमान भयावह अवस्थाका कारण पढेर पनि पढाइअनुसारको पेसा पाइँदैन र अन्त्यमा विदेशै जानु छ भने किन मरिहत्ते गरेर पढ्ने भन्ने मनस्थितिले काम गरेको छ । यसलाई घचेट्ने कारणका रूपमा लिन सकिन्छ । दोस्रो, वर्तमान भूमण्डलीकरणको युगमा विश्व यति साँघुरो भएको छ कि मान्छेको आवागमनको पहुँच विश्वव्यापी बनिसकेको छ । नेपालको कठिन जीवनशैलीका बाबजुद विदेशको सुकिलोमुकिलो रसरङ्गमय जीवन तथा वैदेशिक रोजगारमय राष्ट्रिय पर्यावरणका कारण किशोरकालदेखि नै युवाहरूमा विदेशमोह बसिसक्ने गरेको छ । यही कारणले गर्दा अहिले चालिस लाखभन्दा बढी नेपाली युवाहरू विदेशमा कार्यरत छन् र तिनले पठाएको रेमिट्यान्स अर्थात् विप्रेषणले नेपाली अर्थतन्त्र धानिरहेको स्थिति छ । यसरी युवाहरू बिदेसिँदा एकातिर मुलुकभित्र वस्तु तथा सेवाको उत्पादन कम भएको छ भने खाद्यान्नको माग उच्च हुन गई सोको परिपूर्तिका लागि आयात उच्च हुन पुगेको छ ।

> "रेमिट्यान्सको उत्पादनशील उपयोग गर्न सकेमा त्यो वरदान हुन सक्छ तर उपभोगमा मात्र खर्च गरेमा अर्थतन्त्रको विकासमा विष बन्न पनि सक्छ भन्ने कुरालाई सरकार तथा विदेशको कमाइ प्राप्त गर्ने वालाले बेलैमा बुझ्न जरूरी छ ।"

वैदेशिक रोजगार र विदेशका कमाइको अर्को पक्ष भनेको नेपाली युवाहरू विदेश जाने, पैसा कमाएर पनि ल्याउने तर सो कमाइको उत्पादक लगानी हुन नसक्ता युवाहरूको जीवनस्तर माथि जान नसकिरहेको नेपालको विद्यमान परिस्थितिमा सो रेमिट्यान्सको सदुपयोगिता तथा जीवनस्तर अभिवृद्धिसम्बन्धी विषय अत्यन्त पेचिलो बन्दै गएको छ । एकातिर उत्पादन कम हुनु र अर्कातिर रेमिट्यान्सको उत्पादनशील उपयोग हुन नसक्दा नेपालको व्यापार घाटा उच्च हुन गई राष्ट्रिय अर्थतन्त्र नै समस्याग्रस्त बन्दै गएको परिप्रेक्ष्यमा सोसम्बन्धी छलफल गर्नु वाञ्छनीय हुन्छ ।

## विप्रेषणको उत्पादनशील उपयोग

विप्रेषण शब्दले विदेशको कमाइलाई जनाउँछ । नेपालका सहरी, अर्धसहरी र ग्रामीण

सबै क्षेत्रबाट जनसाधारणहरू आयआर्जन गर्ने उद्देश्यले मुलुकबाहिर गएका छन् । पहुँचवालाहरू युरोप, अमेरिका, अस्ट्रेलिया गएका छन् भने सर्वसाधारणहरू कोरिया, खाडी राष्ट्र तथा मलेसिया गएका छन् । यो क्रम बढ्दो छ । वैदेशिक रोजगारमा गएका ती युवाहरूले वर्षेनी खर्बौं रुपैयाँ नेपाल पठाइरहेका छन् । आर्थिक वर्ष २०७२/७३ मा यसरी प्राप्त कुल विप्रेषण रकम ६६५ अर्ब रहेको छ ।

नेपालमा प्राप्त हुने विप्रेषण कुल गार्हस्थ्य उत्पादन अनुपात २९.६ प्रतिशत पुगेको छ । कुल वैदेशिक रोजगारीमा जाने नेपालीमध्ये ११ प्रतिशत अंश महिलाको रहेको छ । घरायसी खर्चका लागि चाहिने आम्दानी प्राप्त हुनुका साथै सर्वसाधारणको आर्थिक स्थिति सुध्रिएको छ । बैङ्क तथा रेमिट्यान्स कम्पनीहरूबाट प्राप्त यस्तो आम्दानीले व्यवसाय विस्तारका लागि महत्त्वपूर्ण काम गरेको छ । यसबाट रोजगारी सिर्जना, उत्पादन अभिवृद्धि तथा आय सिर्जना भई गरिबी निवारणमा समेत योगदान पुगिरहेको स्थिति छ ।

विप्रेषणबाट प्राप्त रकमले नेपाली अर्थतन्त्रमा गरेको योगदान उल्लेख्य रहे पनि सोको दिगोपन, गरिबी न्यूनीकरणको स्थायित्व, वैदेशिक रोजगारबाट नेपाली सामाजिक जीवनमा परेको प्रभाव सम्बन्धमा विभिन्न चिन्ता व्यक्त गर्ने गरिन्छ । वैदेशिक रोजगारमा जाने अधिकांश कामदारहरू ग्रामीण, अर्धशिक्षित तथा अशिक्षित, कम सीप र दक्षता भएका व्यक्तिहरू रहेका छन् । ती युवाहरूलाई विदेशको अमूल्य कमाइलाई आफ्नो दिगो आय अभिवृद्धिका साथै राष्ट्रिय विकासमा यसरी लगाउन सकिन्छ भन्ने कुराको चेतना प्रदान गर्न सकिएमा यसको उचित उपयोगको सम्भावना बढ्छ । केही वर्षअघिको अध्ययनअनुसार नेपालमा प्राप्त विप्रेषणको ७८.९ प्रतिशत उपभोगमा, ७.१ प्रतिशत ऋण तिर्नमा, ४.५ प्रतिशत शिक्षामा, ४.५ प्रतिशत घरजग्गालगायत सम्पत्ति खरिदमा, २.४ प्रतिशत पुँजीनिर्माणमा, २.६ प्रतिशत स्वास्थ्यलगायतका क्षेत्रमा खर्च भएको देखिएको छ । यस अवस्थाले के देखाउँछ भने विप्रेषणको उपयोग मूलतः दैनिक गुजारा चलाउने माध्यम मात्र बनेको छ ।

वैदेशिक रोजगारीमा गएका र रेमिट्यान्स पठाउने युवा तथा तिनका घर परिवारले निम्नलिखित विषयमा ध्यान पुऱ्याउनु नितान्त आवश्यक छ ।

## विदेशको कमाइ उपयोगमा ध्यान दिनुपर्ने कुराहरू

- पैसा कमाउनु मात्रै ठूलो कुरा होइन अपितु त्यसले जीवनस्तर माथि जानुपर्दछ । केही समय कमायो, खायो गरेर मात्र जीवनस्तर माथि जाँदैन । विदेशको कमाइबाट प्राप्त आम्दानीलाई स्वदेशमा दिगो आम्दानी हुने व्यवसायमा लगानी गर्नु नितान्त आवश्यक छ ।
- वैदेशिक रोजगार भनेको बढीमा १०/१२ वर्षको कमाइ हो । न्यून आय वर्गका मानिसले वैदेशिक रोजगारबाट फर्केर आएपछि आफ्नै पाखापखेरामा खनीखोस्री गरेर जीवन धान्ने हो । यसैले उमेरमै वैदेशिक रोजगारीमा गएर उमेर मात्रै खेर फाल्ने, पछि पढ्न पनि नसक्ने र बानी बिगार्ने, घरबारीहरू बझ्याउने जस्ता

महाभूलहरू कहिल्यै गर्नहुँदैन । अहिलेको अवस्था के छ भने विदेशको कमाइ हुन्जेल श्रीमती, छोराछोरीलाई सहरमा राख्ने, महँगा स्कुलमा पढाउने, यसले ग्रामीण पहाडका घरबारी बाँझै रहने र पछि पाखापखेराका घरबारी आवाद गर्न पनि नसक्ने र दिगो आम्दानीको अभावमा सहरिया खर्च धान्न पनि नसकिने कारणले पारिवारिक झगडा हुने, परिवार नै विखण्डित हुने र पारिवारिक सन्तुलन नै धराशायी हुने स्थिति उत्पन्न भइरहेको छ । यसैले वैदेशिक रोजगारीमा जाने युवाहरूले छोटो समयको कमाइको सदुपयोग गरी स्वदेशमै उत्पादक लगानी गर्नुपर्छ भन्ने कुरा कहिल्यै भुल्नहुँदैन ।

- विदेशको कमाइले मात्रै कसैको पनि जीवनस्तर माथि जान सक्तैन । सोको सदुपयोग गरी स्वरोजगार सिर्जना, आय आर्जन, उत्पादनशील व्यवसाय, परम्परागत व्यवसायको आधुनिकीकरण गरेमा रेमिट्यान्सबाट धेरैको जीवनस्तर माथि पुग्ने गर्दछ ।

- विदेशको रसरङ्गमय जीवनमा भुलेर आफ्नो कमाइ उतै सिध्याउने तर घरपरिवारको आर्थिक अवस्था भने साहुको ऋण तिर्न समेत नसकी विघटनको स्थितिमा पुगेको पनि देखिएको छ। यस प्रकारको दुर्घटनाबाट बच्न बैलेमा सजग हुनु जरुरी छ ।

- अहिले धेरै युवाहरूले जागिर खोज्ने तर जागिर नपाउँदा निराश भई देश र सरकारप्रति नकारात्मक टिप्पणी गर्ने गरेको सुनिन्छ । कुनै पनि देशका सम्पूर्ण जनतालाई सरकार वा निजी क्षेत्रले जागिर दिन कुनै पनि देशमा सम्भवै छैन । यस सन्दर्भमा जागिर खोज्ने विषय होइन, जागिर त आफैले सिर्जना गर्नुपर्दछ । घरमै उच्च आय दिने कृषि, पशुपालन, तरकारी खेतीलगायत ठाउँअनुसारका सम्भावित उच्च मूल्यका नगदे बालीलगायत आधुनिक व्यवसाय गरेमा जागिरको पैसा घरैमा प्राप्त हुन्छ । यसलाई स्वरोजगार भन्ने गरिन्छ ।

- स्वरोजगार सिर्जना गर्न घर छोडेर अन्यत्र जानै पर्दैन। नेपाली ग्रामीण क्षेत्रमा बाख्रापालन अहिले उच्च लाभ दिने व्यवसाय बनेको छ । अलैँची खेती, कफी खेती, जडीबुटी व्यवसाय, माछापालन, कुखुरापालन, अदुवा, बेसार, प्याज, लसुनजस्ता उच्च मूल्यका सजिला खेती गरेमा व्यक्तिको छिट्टै आर्थिक उन्नति हुने निश्चित छ ।

- विदेशको कमाइ भित्र्याई परम्परागत रूपमा दुईवटा मात्र खसी पाल्नुका सट्टा कम्तीमा १५-२० वटा पुऱ्याउने, उच्च मूल्य हुने लोकल कुखुराका लागि खोर बनाई ५०-६० वटा सम्म पाल्ने, आफूलाई मात्र खान नभएर कम्तीमा २/४ रोपनी जग्गामा लसुन, प्याज, अदुवा, बेसारजस्ता फसल लगाउँदा सोबाट उच्च आम्दानी हुने देखिन्छ ।

- यस प्रकारका घरमा गरिने व्यवसायले परिवारलाई पनि रोजगारी दिने, विदेशको कमाइभन्दा राम्रो आम्दानी पनि हुने,

पारिवारिक खुसी कायम रहने र बढ्ने मात्र नभई राष्ट्रिय अर्थतन्त्रमा योगदानसमेत पुग्न जाने देखिन्छ ।

- यदि विदेशको कमाइबाट टिभी, फ्रिज, कारजस्ता विलासिताका सामानमा खर्च गर्ने, बिहे, व्रतबन्ध, जन्मोत्सव, पास्नीजस्ता उपभोगमूलक अनुत्पादक कार्यमा खर्च गरेमा सोबाट पुनः आम्दानी प्राप्त नहुने हुँदा पश्चात्तापमा पर्नुपर्दछ । विदेशबाट प्राप्त विप्रेषणलाई घर, जग्गा, गरगहना, गाडीलगायतका अनुत्पादक क्षेत्रमा प्रयोग गर्ने प्रचलनलाई न्यूनीकरण गरी त्यस्तो रकमलाई उद्योग, व्यवसाय लगायतका उत्पादनशील क्षेत्रमा लगानी गरेमा व्यक्ति, समाज र राष्ट्र सबै लाभान्वित हुन सक्दछन् ।

- विदेशको कमाइ स्वदेश पठाउँदा केही सेवा शुल्क तिर्नु पर्ने भए पनि बैङ्क, वित्तीय संस्था वा अनुमति प्राप्त मनी ट्रान्सफर कम्पनीहरूबाट पठाउनु नितान्त आवश्यक छ । हुन्डी प्रयोग गर्दा रकम बुझाएको प्रमाणको अभावमा धेरै व्यक्तिहरूको पैसा डुबेको र नोक्सानीमा परेको कुरालाई हामीले मनन गर्नु आवश्यक छ । विदेशमा आर्जन गरेको रकम औपचारिक माध्यमबाट नपठाई कुनै निजी व्यापारी, एजेन्ट, व्यक्ति वा दर्ता नभएका एजेन्सीमार्फत स्वदेशमा पठाउने वा स्वदेशबाट विदेशमा पठाउने कार्यलाई हुण्डी भनिन्छ । नेपालमा हुन्डीमार्फत रकमान्तर गर्नु वा विप्रेषण पठाउनु गैरकानुनी कार्य हो । बैङ्क वा रेमिट्यान्स कम्पनीबाट रकमान्तर गर्नु नै सुरक्षित, भरपर्दो र औपचारिक तरिका हो ।

- हुण्डी कारोवार कुनै पनि सरकारी निकायहरूमा दर्ता नहुने भएकाले यसबाट पैसा पठाउँदा पैसा डुब्न सक्ने, सम्पत्तिको स्रोत नखुल्ने, दाबी गर्नका लागि कुनै लिखित प्रमाण नरहने र गैरकानुनी कारोवार भएकाले हुण्डीको कारोवारमा संलग्न दुवै पक्ष सम्पत्ति शुद्धीकरणसम्बन्धी कारवाहीको भागीदार हुन सक्दछन् । हुण्डीबाट प्राप्त रकम अनौपचारिक वा गैरकानुनी प्रयोजनमा प्रयोग हुन सक्ने हुँदा मुलुकको अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्न सक्दछ । यसले नेपालको कमाइ विदेशतिर पलायन हुन सक्दछ । गैरकानुनी क्रियाकलापले प्रोत्साहन पाउन सक्दछ । यसैले हुण्डीको यस यथार्थबारेमा आफूले पनि जानकारी राख्ने र सबैलाई जानकारी गराउनु तथा हुण्डीबाट पैसा पठाउने कार्यलाई निरुत्साहित गर्नु हरेक नागरिकको कर्तव्य हो ।

- विदेशको कमाइ प्राप्त गर्ने सबैले उद्यम व्यवसायमा लगानी गर्न व्यावहारिक कारणले सम्भव नभएको अवस्थामा सो कमाइ बैङ्क वा वित्तीय संस्थामा खाता खोली राखेमा सो कमाइलाई अन्य उद्यमी व्यवसायीले उद्यममा लगानी गर्न पुँजी जुट्ने हुँदा सोको सदुपयोग हुन जाने तथा राष्ट्रिय अर्थतन्त्रमा रोजगारी सिर्जना, आयआर्जन तथा उत्पादन अभिवृद्धि गर्नमा योगदान पुग्दछ । यसैले बैङ्किङ बानीको विकास गरी बचत गर्ने तथा कर्जा लिई

उद्यम गर्ने बारेमा टोलटोलमा छलफल गर्ने, एकअर्कालाई भन्ने र अरूको समेत उन्नतिमा सहयोग पुग्नुका साथै देशको विकासमा समेत योगदान पुग्दछ ।

## निष्कर्ष

कुनै पनि व्यवसायबाट मान्छेको आर्थिक-सामाजिक उन्नति र जीवनस्तर अभिवृद्धि हुनुपर्छ । अझ महत्त्वपूर्ण कुरा यो जीवनस्तर अभिवृद्धिले दिगो रूपसमेत प्राप्त गर्नुपर्दछ । छोटो समयमा देखावटी जीवन बाँच्ने तर पछि दुःख पाउने स्थिति हुनु अनुचित मात्र नभई आत्मघातीसमेत हुने गर्दछ । तसर्थ वैदेशिक रोजगारीमा जाँदा घरपरिवारको सुरक्षा, आम्दानीको दिगोपन, जीवनस्तर अभिवृद्धि र यसको दिगोपन, पारिवारिक सन्तुलन र स्वरोजगार सिर्जना लगायतका विषयलाई मनन गरी कार्यान्वयन गर्न सके यसले व्यक्तिको जीवनस्तर माथि त जान्छ नै पारिवारिक तथा सामाजिक उन्नति पनि हुन सक्तछ ।

सहायक निर्देशक, नेपाल राष्ट्र बैङ्क

# दिगो विकास लक्ष्यप्राप्तिमा युवाको भूमिका

✍ प्रदीप परियार

सन् २०१५ को सेप्टेम्बर २५ देखि २७ सम्म संयुक्त राष्ट्रसङ्घमा भएको विश्वका १५० भन्दा बढी देशका सरकार प्रमुख र उच्चपदस्थ अधिकारी सम्मिलित बैठकले आगामी १५ वर्षका लागि अर्थात् सन् २०३० सम्मका लागि तय गरेको दिगो विकासको १७ वटा लक्ष्य पूरा गर्न युवाको नेतृत्वदायी भूमिकाको परिकल्पना गर्दै यस वर्षको अन्तर्राष्ट्रिय युवा दिवसको नारा तय भएको थियो ।

सन् २०३० भित्र १७ वटा दिगो विकासका लक्ष्यहरूमार्फत संसारलाई न्यायपूर्ण र समृद्ध बनाउने भनेर १५० भन्दा बढी राष्ट्रले प्रतिबद्धता जनाएका छन् । विश्वको विकासको एजेन्डाका रूपमा दिगो विकासका लक्ष्यहरू तय गरिएका छन् । दिगो विकासका लक्ष्यहरू तय गरिने प्रकृया पनि सहभागितामूलक थियो भनेर संयुक्त राष्ट्रसङ्घले दोहोऱ्याइरहेको छ । दिगो विकासका लक्ष्यहरू अझ प्रस्टसँग बुझ्नका लागि यी पाँच 'पी' (Five p's) बुझ्नु जरुरी छ :

- पहिलो 'पी' का रूपमा People अर्थात् जनता - दिगो विकासका लक्ष्यहरू सबैका लागि हो चाहे त्यो जुनसुकै रङको, जातको धर्म मान्ने साङ्ग वा अपाङ्ग या लैङ्गिक अल्पसङ्ख्यक होस् दिगो विकासले कसैलाई पनि छोड्नुहुँदैन भन्दछ ।
- दोस्रो 'पी' का रूपमा Planet अर्थात् संसार भनेर भनिएको छ, अहिले जलवायु परिवर्तनले संसारलाई नै असर गरिरहेको छ यसलाई जोगाउन विशेष कार्यक्रम गरि नुपर्दछ भन्ने हो ।
- तेस्रो 'पी' का रूपमा Peace अर्थात् शान्तिको चर्चा गरिएको छ । विनाशान्ति कुनै पनि देश वा समुदायको विकास असम्भव जस्तै छ । त्यसैले शान्ति स्थापनाका लागि सबै संरचनाहरू उत्तरदायी, पारदर्शी र आवश्यक प्रतिक्रिया जनाउने खालको हुनुपर्दछ भन्ने हो ।
- चौथो 'पी' का रूपमा Prosperity अर्थात् समृद्धिको चर्चा गरिएको छ । यसले दिगो आर्थिक वृद्धि हाम्रो जीवनकालमा हुनुपर्दछ र पछिल्लो आउने पुस्तालाई समेत आनन्दको जीवन बाँच्ने अवस्थाको सृजना गरिनुपर्दछ भन्ने हो ।
- पाँचौं 'पी' का रूपमा Partnership अर्थात् साझेदारीको चर्चा गरिएको छ । दिगो विकासको विश्वव्यापी सबाललाई सबै मिलेर साझेदारीमा सफल पार्नुपर्छ भन्ने हो । यी सबैको कार्यान्वयनका लागि युवा केन्द्रित उत्तरदायी संरचनाको निर्माण गरी सबै सरकारहरूलाई दिगो विकास

कार्यान्वयनका लागि आवश्यक सहयोग र उत्तरदायी बनाउनुपर्दछ ।

नेपालका सन्दर्भमा युवाका क्षेत्रमा सरकारी र गैरसरकारी क्षेत्रबाट केही महत्त्वपूर्ण काम भएका छन् । युवा तथा खेलकुद मन्त्रालय स्थापना हुनु, २०६६ मा पहिलो पटक राष्ट्रिय युवा नीति बन्नु, मन्त्रालयले जिल्लाजिल्लामा युवा सूचना केन्द्रको स्थापना गर्नु, राष्ट्रिय युवा नीतिले परिकल्पना गरेको राष्ट्रिय युवा परिषद् निर्माणका लागि युवा परिषद् गठन ऐनअनुरुप पहिलो पटक राष्ट्रिय युवा परिषद् बन्नु र यही बीचमा राष्ट्रिय युवा नीतिको परिमार्जन र युथ भिजन २०२५ निर्माणका लागि कार्यदल बन्नु र कार्यदलले तयार पारेको परिमार्जित राष्ट्रिय युवा नीति र युथ भिजन २०२५ मन्त्रीपरिषद्बाट पारित भई कार्यान्वयनका लागि अगाडि बढ्नुलाई नीतिगत उपलब्धिकै रूपमा लिनुपर्दछ । यद्यपि हाम्रा बीचमा यक्ष प्रश्न के छ भने यस्तो नीतिगत परिवर्तन हुँदा पनि किन युवाको समस्या समाधान हुन सकिरहेको छैन त ?

नीतिगत परिवर्तनमा मात्रै हैन अहिले युवाको सबाल नीतिनिर्माणकर्ता र नेताहरूसमेत उठाउन बाध्य भएका छन् । सबाल उठ्नु मात्रै आफैमा समाधान हैन, तर यसले के उजागर गर्दछ भने सतहमा आएको सबाललाई नजरअन्दाज चाहिँ गर्न मिल्दैन भन्ने कुरालाई प्रस्ट पारेको छ । नेपालमा मात्रै हैन संसारभरि नै युवाको सबाल प्रमुखताका साथ उठिरहेको छ । सम्भवतः यसैले होला संयुक्त राष्ट्रसङ्घका तत्कालीन महासचिव वान कि मुनले युवादूत नै नियुक्त गरेर युवाको सबाललाई युवाकै नेतृत्वमार्फत सम्बोधन गर्ने प्रयास गरेका थिए । संयुक्त राष्ट्रसङ्घ जनसङ्ख्याकोषका अनुसार १० देखि २४ वर्ष उमेर समूहका १.८ विलियन युवा जनसङ्ख्या छ । यो इतिहासमा सबैभन्दा बढी युवा जनसङ्ख्या भएको समय हो । अर्को तथ्यचाहिँ युवाको जनसङ्ख्या अतिकम विकसित देशहरूमा बढी छ ।

नेपालका सन्दर्भमा १६ देखि ४० वर्ष उमेर समूहलाई राष्ट्रिय युवा नीतिअनुसार युवा मान्ने गरिन्छ । यसरी हेर्दा नेपालको पछिल्लो जनगणना २०६८ अनुसार नेपालको कुल जनसङ्ख्या २ करोड ६४ लाख ९४ हजार ५ सय ४ मध्ये १ करोड ६८ लाख ९ हजार ८ सय बयालिस युवा छन् । झन्डै देशको आधा जनसङ्ख्या युवा समूहभित्र पर्दछ । त्यसमध्ये ५४.५ प्रतिशत महिला र ४५.८ प्रतिशत पुरुष रहेका छन् । कुनै पनि देशमा युवा जनसङ्ख्या धेरै हुनुलाई अवसर र चुनौती दुवैका रूपमा लिने गरिन्छ । यस्तो बढी युवा जनसङ्ख्या हुनुलाई जनसाङ्ख्यिक लाभ अर्थात् बोनस पपुलेसनका रूपमा लिने गरिन्छ । सदैव कुनै पनि देशमा यस्तो आँकडा स्थिर रहँदैन । सन् २०१५ उच्च युवा जनसङ्ख्या रहेको वर्ष थियो भने अब बिस्तारै युवा जनसङ्ख्याको आँकडा घट्ने क्रममा जान्छ । संसारको विकासक्रमलाई हेर्ने हो भने युवा जनसङ्ख्या बढी भएका वेला उनीहरूको नेतृत्वको समुचित प्रयोग र सहभागिताको सुनिश्चितता गर्न सकियो भने छिटोछिटो विकास र प्रगति भएको देखिन्छ । तर नेपालका सन्दर्भमा युवाको पूर्ण सम्भाव्यता उपयोग हुन सकेको छैन । नेपालका सन्दर्भमा युवाको उपयोगिता आन्दोलनमा मात्रै सीमित भएको देखिन्छ, आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षा र त्यसलाई संस्थागत

गर्ने प्रकृयामा युवाको भूमिकालाई जहिले पनि नजरअन्दाज गरिँदै आइएको छ जसका कारण आन्दोलनबाट प्राप्त उपलब्धि गुम्ने र बारम्बार आन्दोलन गर्नुपर्ने बाध्यता हामीबीच छ । यद्यपि गणतन्त्रको स्थापनापश्चात् मुलुकमा नयाँ संविधान त आयो तर अझै धेरै संरचना बनाउनुपर्ने र संरचना संस्थागत गर्नुपर्ने कुरा भने अझै बाँकी नै छ । परिवर्तनलाई संस्थागत गर्ने प्रकृयामा युवाको सहभागिताको सुनिश्चितता गर्न नसकिएका कारण युवामा निराशा बढ्ने र विदेश पलायनसमेत बढिरहेको छ । यस्तो अवस्थामा दिगो विकासको लक्ष्य प्राप्त गर्न युवाको नेतृत्वदायी भूमिका कसरी निर्माण गर्न सकिन्छ भन्ने अहम् प्रश्न हाम्रा बीचमा छ ।

कुनै पनि राष्ट्रको भविष्य युवाको भविष्यसँग जोडिएको हुन्छ । युवाका समस्या, सबाल र सम्भावनाको उचित पहिचान गरी उनीहरूको आवश्यकता र आकाङ्क्षालाई सम्बोधन गरियो अनि राष्ट्रनिर्माणका सबै प्रक्रियाहरूमा युवाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सकियो भने मात्रै राष्ट्रले विकास तथा उन्नतिको बाटो पहिल्याउन सक्छ । यसका लागि युवाको आवश्यकता सम्बोधन हुनु जरुरी छ । स्वरोजगार, रोजगारी, उद्यमशीलता र सीपविकास पहिलो आवश्यकताका रूपमा खडा भएको छ । एक अरब युवा बेरोजगार भएका अवस्थामा अहिलेको प्रमुख आवश्यकता भनेको युवामा लगानी बढाउने र युवा जनशक्तिको सदुपयोग गर्ने नै हो । सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरू पूरा गर्न पनि युवाको नेतृत्वदायी भूमिका आवश्यक र अपरिहार्य छ । यस्तो गर्न सकिए मात्रै दिगो विकासको लक्ष्य सन् २०३० सम्म पूरा गर्न अवश्यै सकिन्छ । यद्यपि दिगो विकासका लक्ष्यहरू पूरा गर्नु कम चुनौतीपूर्ण कार्य होइन । देश सङ्घीयतामार्फत काठमाडौँमा केन्द्रित शासकीय अधिकार गाउँगाउँसम्म पुग्न लागेका अवस्थामा दिगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गरिनुपर्दछ । दिगो विकासका लक्ष्यहरू पूरा गर्न Five P’s को सिद्धान्तअनुरुप कार्यक्रमको योजना बनाउनुपर्दछ साथै त्यही अनुरूप बजेटको व्यवस्था गरिनुपर्दछ । नेपालका सन्दर्भमा कार्यक्रम र बजेट भए तापनि कार्यसञ्चालन प्रणाली अत्यन्तै फित( लो भएका कारण संस्थागत क्षमता अभिवृद्धि गरिनु जरूरी छ । साथसाथै कार्य प्रगति विवरण समय तालिकाअनुरूप भयो कि भएन भनेर सार्वजनिक गर्ने र अनुगमन गर्ने व्यवस्था मिलाएका खण्डमा मात्रै दिगो विकासका लक्ष्यहरू पूरा गर्न सकिन्छ ।

दिगो विकासको लक्ष्यप्राप्तिका लागि युवाको नेतृत्वदायी भूमिका सुनिश्चित गर्ने र उनीहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सकिएका खण्डमा मात्रै दिगो विकासका लक्ष्यहरू प्राप्तिको सफलता निर्भर गर्दछ । त्यसैले युवालाई सुन्नु जरुरी छ । उनीहरूको समस्या एवं नयाँ सोचलाई सुनेका खण्डमा उनीहरूले नयाँनयाँ कुराहरू सोच्ने र चुनौतीपूर्ण समस्या समाधानका उपायहरू निस्कन सक्दछन् ।

युवालाई जहिले पनि परिवर्तनका संवाहक मान्ने गरिन्छ र उनीहरूलाई सबै खाले परिवर्तनमा परिचालन पनि गरिन्छ । अहिले दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि युवालाई परिवर्तनको संवाहकका रूपमा सकारात्मक ढङ्गमा परिचालन गरिनुपर्दछ ।

युवाले जहिले पनि नयाँनयाँ खोज एवं अनुसन्धान गर्न रुचाउने भएकाले उनीहरूलाई दिगो विकासका लक्ष्य प्राप्त गर्दा आइपर्ने समस्या समाधानका लागि नयाँ प्रविधिको प्रयोग गर्न प्रोत्साहित गर्नुपर्दछप र अनुकूल वातावरण पनि बनाइनुपर्दछ ।

२१ औँ शताब्दीका युवा सामाजिक सञ्जालसमेत प्रयोग गर्ने र संसारका कुरा सजिलै थाहा पाउने अवस्थामा रहेको हुँदा दिगो विकासका लक्ष्यहरू सजिलै गाउँगाउँसम्म पुऱ्याउने सूचनाका संवाहकका रूपमा उनीहरूलाई सही ढङ्गमा प्रयोग गरिनुपर्दछ ।

युवा भविष्यका नेता मात्र हैनन् वर्तमानका पनि नेता हुन् । उनीहरूले नेतृत्व पनि लिन सक्दछन् भनेर दिगो विकासको लक्ष्य प्राप्तिका लागि युवालाई नेतृत्वदायी भूमिका दिइनुपर्दछ । तब मात्रै सन् २०३० भित्र हामीले चाहेको जस्तो न्यायपूर्ण र समृद्ध नेपाल बनाउन सक्दछौँ । साथसाथै दिगो विकासका लक्ष्यहरू पनि पूरा हुनेछन् ।

# युवा उद्यम र लगानीका विषयमा डा. युवराज खतिवडासँगको अन्तर्वार्ता

✍ रोहित भण्डारी

डा. युवराज खतिवडा पूर्वगभर्नर तथा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष हुनुहुन्छ । नेपालको वर्तमान अर्थतन्त्र ट्र्याकमा रहेको र आर्थिक विकासले गति लिन थालेको उहाँको विश्लेषण छ । युवा रोजगारीका सन्दर्भमा जागिरे मानसिकताभन्दा पनि युवाहरूमा स्वरोजगार मानसिकताको विकास हुनुपर्ने उहाँको बुझाइ छ । देशको समग्र अर्थतन्त्र तथा युवा रोजगारीका विषयमा उहाँसँग पत्रकार रोहित भण्डारीले युवा बुलेटिनका लागि कुराकानी गर्नुभएको छ । प्रस्तुत छ डा. खतिवडासँग गरिएको कुराकानी :

**तपाईं पूर्वगभर्नर अनि राष्ट्रिय योजना आयोगको पूर्वउपाध्यक्ष पनि । देशको वर्तमान अर्थतन्त्रलाई कसरी हेर्नुभएको छ ?**

अहिलेको अर्थतन्त्र समग्रमा ट्र्याकमा नै छ । खास गरी संविधान जारी भइसकेपछि सम्पत्तिमाथि नागरिकका हकको सुनिश्चितता, लोकतान्त्रिक राज्यप्रणाली, मिश्रित अर्थतन्त्र र स्वतन्त्र न्यायपालिका ( जहाँ कानुनको सुनिश्चितता हुन्छ) का कुराले निजी क्षेत्रको भूमिकालाई उत्साहित बनाएको छ । अहिले उल्लेख्य रूपमा त्यो देखिएको त छैन तैपनि त्यो वातावरण बनेको छ । दोस्रो कुराचाहिँ सरकारको पनि क्षमता बढ्दै छ । खास गरी राज्यको राजस्व उठाउने क्षमता बढ्दै छ । सहकारी क्षेत्रमा पनि क्षमता बढ्दै छ त्यसले गर्दा आर्थिक कृयाकलापहरू विस्तार हुँदै छन् । भूकम्प र नाकाबन्दीको लामो असर पनि क्रमशः हट्दै छ । मौसम अनुकूल भयो र विद्युत् आपूर्ति क्षमता पनि बढाउँदै लान सकियो भने नेपाललाई कम्तीमा पनि ६ प्रतिशत या त्योभन्दा माथिको आर्थिक वृद्धिदर हासिल गर्दै जानका लागि कुनै समस्या छैन ।

दुई तिनवटा कुराले म राम्रो अवसर देख्छु । दुई ठूला छिमेकीहरूको अर्थतन्त्रले हामीलाई फाइदा नै हुने देखिन्छ । खास गरी पर्यटन र कृषि वस्तुको निकासीका लागि भारत र चीन हाम्रा महत्त्वपूर्ण बजार हुन् अनि दोस्रो भनेको हामी जहाँजहाँ लगानी गर्दै छौँ प्रतिफल आउन थाल्ने बेला भएको छ । हामीले ठूलो मात्रामा पूर्वाधारमा गरेका लगानीहरूमध्येको एक मेलम्चीको प्रतिफल आउन थाल्ने बेला भएको छ भने माथिल्लो तामाकोशीको प्रतिफल पनि आउन थाल्ने बेला भएको छ । सरकारले अघि सारेका केही योजनाहरूका कारण पनि आर्थिक कृयाकलापहरू विस्तार हुने सम्भावना बढेर गएको छ । ४ लेन, ६ लेनका सडकहरू, रेल वे योजनाहरू, उत्तर र दक्षिण जोड्ने सडक योजनाहरू, एयरपोर्टका

योजनाहरू यसका उदाहरण हुन् ।

**त्यसो भए अबचाहिँ आर्थिक विकासले गति लिन थाल्यो भन्न मिल्ने भयो होइन ?**

स्वाभाविक रूपमा हो । तैपनि मान्छेहरू अझै पर्ख र हेरको अवस्थामा चाहिँ छन् । पहिलो कारण समयमा हामीले कानुन निर्माण गर्न सकेका छैनौँ । अझै पनि विशेष आर्थिक क्षेत्रको ऐन आएको छैन । हामीले कतिपय आर्थिक क्षेत्रका ऐनहरूलाई अगाडि बढाउन सकेका छैनौँ । बैङ्किङ ऐन लामो समयपछि आयो तर विदेशी विनिमयसम्बन्धी, कम्पनी ऐनसम्बन्धी पनि धेरै कुराहरू सुधार गर्दै लैजानुपर्ने छ तर त्यो आइसकेको छैन । तैपनि अब पछाडि फर्किनुपर्ने स्थितिचाहिँ छैन । दोस्रो कुरा संविधान निर्माणका क्रममा हिजो सबै मान्छे त्यतै दौडन्थे । राजनीतिक मुद्दाहरू सल्टाउनुपर्ने अवस्था थियो तर अब त्यो अवस्था धेरै हटिसक्यो । अब सबै आर्थिक मुद्दामा नै केन्द्रित हुने समय आएको छ । समग्रमा आन्तरिक बजार पनि विस्तार हुँदै छ । रेमिट्यान्सका कारणले आन्तरिक बजारहरू विस्तार भइरहँदा व्यापार, पर्यटन, यातायातलगायत धेरै क्षेत्रहरू अत्यन्तै छिटो बढ्ने सम्भावना मैले देखेको छु ।

**अबचाहिँ युवा र रोजगारीको विषयमा कुरा गरौँ, यतिबेला युवाहरूको मुख्य समस्या भनेको बेरोजगारी समस्या नै हो । यसको समाधानका लागि राज्यको भूमिका कस्तो हुनुपर्छ र स्वयं युवाहरूको भूमिका कस्तो हुनुपर्छ ?**

पहिलो त आर्थिक कृयाकलापहरू बढ्दै जाँदा नेपालमा जुन किसिमका श्रमका अवसरहरू सृजना हुन्छन् र जुन किसिमको जनशक्ति शिक्षा प्रणालीले तयार गर्दै जान्छ त्यति नै परिणामको रोजगारी सृजना हुनलाई समय लाग्छ । लगातार दुई अङ्कको आर्थिक वृद्धि लामो समयसम्म भएन भने पूर्ण रूपमा नेपालभित्रै सम्पूर्ण युवाले रोजगारी पाउने अवस्था सृजना हुँदैन । दोस्रो त्यहाँभित्र पनि रोजगारका सघन क्षेत्रहरूको विकास भएन भने हुँदैन । जस्तै : कृषि, पर्यटन, निर्माणजस्ता क्षेत्रहरू जहाँ बढी रोजगारी हुन्छ ती क्षेत्रको विकास भएन भने बैङ्क, वित्तीय क्षेत्र वा थोक बजारको आर्थिक कृयाकलाप बढेर रोजगारी बढ्दैन । पर्याप्त रोजगारी आर्थिक वृद्धिले सृजना गर्छ या गर्दैन अनि त्यसरी सृजना भएको रोजगारी हामीले उत्पादन गरेको जनशक्तिलाई हुन्छ या हुँदैन र श्रमशक्ति तथा श्रमबजारको आवश्यकता मिल्छ या मिल्दैन भन्नेतर्फ पनि विचार पुऱ्याउनुपर्छ । यसको अहिलेसम्मको सोझो उत्तरचाहिँ मिलेको छैन भन्ने हो । राज्यले उत्पादन गरिरहेको जनशक्ति प्राविधिक अथवा व्यावसायिक व्यक्तिहरूभन्दा सामान्य तबरको छ । यसमा राज्यले ध्यान दिनुपर्छ अनि स्वयं युवाहरूले पनि अब सरकारी जागिरकै डिग्री लिन्छु, लोकसेवा दिन्छु अथवा कुनै संस्थानमा खुल्यो भने जागिरमा आवेदन दिन्छु भन्नका लागि उच्च शिक्षालाई हेर्नुहुँदैन । हामीले विदेश गएपछि जुनसुकै काम गर्न पनि तयार हुने तर मुलुकभित्रचाहिँ हामीलाई सम्मानित हुने खालको पेसा नै चाहिने । यस किसिमको मानसिकताबाट बाहिर आउन सक्नुपर्छ । हरेक श्रमलाई काम गर्नेले पनि र समाजले पनि सम्मान गरिदिने हो भने सानै कामबाट पनि राम्रो गर्न सकिन्छ ।

**बेरोजगारी समस्या समाधानका लागि हामीसँग योजना नै नभएको त होइन होला, केमा चुक्यौं हामी ?**

हामी लामो समय यस्तो राजनीतिक सङ्क्रमणबाट गुज्रियौं कि हाम्रा संरचनाहरू बन्नुभन्दा पनि भत्कँदै गए। ठूला परियोजनाहरूका लगानी ढिलोढिलो हुँदै गए । त्यसले गर्दा जहाँ रोजगारी सृजना गर्ने किसिमका आर्थिक वृद्धिका क्षेत्र हुन् ती अघि आउँदै आएनन् । जस्तो कि उत्पादनमूलक उद्योगहरू घट्दै गए। अत्यन्तै धेरै रोजगारी सृजना हुने निर्माणक्षेत्रका काम त लामो समयसम्म केही पनि भएनन् । कृषिजन्य उद्योग तथा व्यवसायमा पनि उस्तै सुस्तता आयो। कृषिमा बढी मान्छे भए तर छिटो कृषिको आधुनिकीकरण नहुँदा कृषिभन्दा बाहिर पनि रोजगारी सृजना भएन। अर्को हामी चुकेको पर्यटनमा हो। हामीले सन् २००८ मा नै झन्डै १० लाख पर्यटक त ल्याइसकेको हो नि भिजिट नेपाल इयर भनेर । हामीले २० लाख पर्यटक भित्र्याउन सक्ने हो भने १० लाख रोजगारी त त्यहीँ आउँछ। अहिले हामी ७/८ लाखमा बसिराखेका छौं । पर्यटकको आगमन मुलुकभित्रको शान्ति सुरक्षा, होटल लगायतका पूर्वाधारको विकास, एयरपोर्ट जस्ता कुरामा भर पर्छ तर त्यसमा पनि चुक्यौं हामी ।

पर्यटन बोर्डलाई साधनस्रोतयुक्त बनाउने भनेर राष्ट्रिय योजना आयोगको उपाध्यक्ष हुँदा मैले नै निकै मिहिनेत गरेर प्रति पर्यटक पाँच सय रुपैयाँ र पछि एक हजार रुपैयाँ लिने गरी स्रोत बनाइयो । फलस्वरूप सुरुमा ४/५ करोड पनि बजेट नभएको पर्यटन बोर्डको बजेट अहिले ८०/९० करोड रुपैयाँ पुगेको छ । तर नयाँ प्रोडक्टहरू विकास गर्ने, नयाँ मार्केटिङ गर्ने काम गर्न सकिएको छैन। पर्यटन सम्भावनाको विषयमा कुरा गर्ने हो भने पनि हाम्रा दुई छिमेकी देश भारत र चीनमा अबको १५ वर्षभित्रमा डेढ अर्ब मान्छे मध्यम वर्गीय हुँदै छन्। ती मध्यम वर्गीय मान्छेमध्ये १ प्रतिशत मान्छे मात्रै विदेश भ्रमणमा निस्कने हो भने डेढ करोड मान्छे निस्कन्छन्। ती डेढ करोड मान्छेमध्ये पनि १० प्रतिशत मान्छे मात्रै ल्याउन सक्ने हो भने पनि १५ लाख मान्छे ल्याउन सकिन्छ । यति ठूलो सम्भावना छ । ती मान्छे आउनेबित्तिकै थप ५ लाख मान्छेलाई रोजगारी दिन सकिन्छ । त्यसैले अबको प्रयास भनेको निर्माण, पर्यटन र अरू केही सेवा व्यवसायहरूलाई अघि बढाउनेतर्फ नै हुनुपर्छ।

**नेपालकै कतिपय उद्योगहरूमा काम गर्ने मान्छेको निकै अभाव भइरहेको सुनिन्छ तर नेपाली युवाहरू नेपालमा रोजगारी पाइएन भनेर धमाधम बिदेसिँदै छन्। यसलाई कसरी बुझ्ने ?**

बाध्यता मात्रै होइन कतिपयको रहर पनि हो । एकताका बाध्यता थियो तर त्यो विस्तारै हटिसकेको छ । जतिबेला देशमा सशस्त्र युद्ध थियो त्यतिबेला गाउँमा बस्न सक्ने स्थिति पनि थिएन। उतिबेला बाध्यता भए पनि पछिल्लो समय यसलाई प्रतिष्ठाको विषय बनाइयो । विदेशमा काम गर्न जानुलाई ठूलै उपलब्धिका रूपमा लिन थालियो। सामाजिक सोच नै त्यस्तो भयो। अर्को कुराले पनि प्रभाव पार्‍यो। जस्तो कि यहाँ अत्यन्तै बेरोजगारी तथा अर्धबेरोजगारी भइरहँदा श्रमिकले

पाउने ज्याला अत्यन्त न्यून थियो । आजपर्यन्त पनि नेपालमा काम गर्ने मान्छेहरूमध्ये एक चौथाइ गरिबीको रेखामुनि छन् । उनीहरूले दिनभरि गरेको कामबाट खान पनि पुग्दैन । सन् २०११ तिर हेर्ने हो भने श्रमिकको ज्याला ६ हजार रुपैयाँ थियो । मासिक ६ हजार रुपैयाँबाट उसले के गर्छ ? तर अहिले हेर्नुस् त कृषिमा अलिकति ज्याला बढी हुन थालेपछि मान्छे बस्न थालेका छन्, निर्माणमा पनि त्यस्तै छ । तपाईंले भनेजस्तै अहिले त ती क्षेत्रमा काम गर्ने मान्छेकै अभाव छ । तर त्यति हुँदाहुँदै पनि कामका अवसर कहाँ छन् हामीले त्यो बताउन सकेका छैनौँ । मान्छेले अखबार हेरेर अनि रेडियो सुनेर कामका अवसर त्यत्ति धेरै बुझ्दो रहेनछ । छिमेकीले जे गर्छ त्यही गर्दो रहेछ । सामान्य सीप भएको मान्छेले नेपालमा नै राम्रो आम्दानी गरिरहेको छ भन्ने कुरा कतिपयलाई थाहा नै छैन । श्रम सूचनाको अभाव छ । श्रमको माग र आपूर्ति पक्षलाई मिलान गरिदिने संयन्त्रको पनि अभाव छ । फेरि अर्को कुरा वैदेशिक रोजगारीमा जानै हुँदैन भन्ने पनि होइन । वैदेशिक रोजगारीमा जाँदा आधुनिक समाज, मुलुक र परिवेश हेर्न पाइने हुँदा घुमेर आऊँ भन्ने पनि युवाहरूलाई लाग्छ । त्यो स्वाभाविकै हो तर त्योचाहिँ क्षणिक कुरा हो । एकपटक गएर फर्केपछि युवा फेरि जाने स्थिति नबनोस् भन्नेतर्फ राज्य सचेत हुनुपर्छ । जसरी ऊ जाँदा लेबर डेस्क हुन्छ आउँदा पनि त्यसको सीप, क्षमता, अनुभवलगायतका कुरा रेकर्ड गर्ने व्यवस्था भयो भने धेरै हदसम्म स्वदेशमै रोजगारीको अवस्था सृजना गर्नका लागि सहयोग पुग्छ ।

**नेपाली युवाहरूको स्वरोजगारको बाधकचाहिँ के हो ? लगानी, सीप, इच्छाशक्ति या अरू केही ?**

यो सबै हो । एउटाचाहिँ के हो भने सानासाना उद्यमीहरूलाई राज्यले राम्रो वातावरण तय गरिदिनुपर्छ । पुँजी, प्रविधि र बजारव्यवस्था राज्यको पनि दायित्व हो । तालिम दिने अनि लौ गरिखाऊ भन्ने प्रवृत्तिले पनि अलिकति काम नगरेको हो हाम्रा सन्दर्भमा । दोस्रोचाहिँ साह्रै थोरै पुँजीबाट व्यवसाय सुरु गरेकाहरू अलि माथि जान खोज्छन् तर बैङ्कले पत्याउँदैन । दुई लाखभन्दा बढीको कारोबार गर्ने भएपछि लघुवित्तले अहिले छोडिसक्यो भन्दा पनि हुन्छ । त्यसो भएपछि अहिले कैयन् साना उद्यमीहरू व्यावसायिक रूपमा टुहुरोजस्तै भएका छन् । न बैङ्कले पत्याउँछ न लघुवित्तमा नै ऊ बसिरहन सक्छ । तसर्थ साना एवं मझौला व्यवसायलाई प्रवर्द्धन गर्ने बैङ्किङ प्रणालीको खाँचो देखिन्छ । साना किसान बैङ्क जस्ता संस्थाहरूलाई अघि बढाउन सकियो भने त्यो पनि प्रभावकारी हुन सक्छ जस्तो मलाई लाग्छ । अर्को कुरा भनेको ऐन नै हो । हामीले रोजगार प्रत्याभूति ऐनको कुरा गर्‍यौँ तर त्यसलाई गलत तबरले व्याख्या गर्‍यौँ हामीले । युवालाई कहीँ काम दिन सकेनौँ भने भत्ता दिन्छौँ भन्ने जस्तो गलत नीति लिएर हामी हिँड्न लाग्यौँ भने खराब हुन्छ । त्यो गर्ने नहुने काम हामीले नीतिमा लेख्यौँ । युवा पुस्ताले कमाउन सक्दैन भने कसले चाहिँ कमाएर उसलाई दिने ? ऋण लिएर भत्ता दिने अनि त्यो ऋणचाहिँ भोलि जन्मने छोराछोरीले तिर्ने ? त्यो त भएन नि । त्यसो हुनाले यो भत्ताको कुरा गलत

छ । रोजगारीको ग्यारेन्टी गर्नुपर्छ । त्यसको अर्थ निश्चित अवधिको रोजगारीको व्यवस्था गर्नुपर्छ तर बजारमा उपलब्ध भएको रोजगारी मर्यादित तबरले गर्नचाहिँ युवा तयार हुनैपर्छ । म त यति पढेको मान्छे म कहाँ यस्तो काम गर्छु भन्न हुँदैन । त्यसैले रोजगारी प्रत्याभूति ऐन ल्याएर कमसेकम एउटा घरको कम्तीमा पनि एउटा युवाले रोजगारीमा आबद्ध हुने अवस्थाको सृजना गर्नुपर्छ ।

**युवाहरूलाई स्वरोजगार बनाउनका लागि अहिले बैङ्क तथा वित्तीय संस्थाहरूले जुन खालको भूमिका निर्वाह गरिरहेका छन् उनीहरूको अझ थप भूमिका के हुन सक्छ ?**

पहिलो त के हो भने बैङ्क तथा वित्तीय संस्थाहरूले सामाजिक जिम्मेवारी सोचेकै छैनन् । उनीहरूलाई सानोतिनो ऋण होइन ठूलो–ठूलो ऋण दिएर नाफा कमाउने ध्यान नै बढी छ । युवाहरू ठूलो सङ्ख्यामा बेरोजगार हुने, आर्थिक वृद्धिदर कम हुने तर बैङ्क तथा वित्तीय संस्थाहरूचाहिँ नाफामा गएको गयै हुने, यस्तो कसरी हुन्छ ? त्यो उनीहरूलाई जति बुझाउँदा पनि बुझेको स्थिति छैन । उनीहरू अन्धो प्रतिस्पर्धामा छन् । शैक्षिक प्रमाणपत्र धितो राखेर ऋण दिनै चाहँदैनन् । ऋण तिर्दैन भनेर पन्छिन खोजिरहेका छन् । ऋण लिएका सबैको कम्प्युटरमा विस्तृत रेकर्ड राख्ने, कहीँ ऊ डिफल्टर भयो भने उसले पाउने सुविधाबाट वञ्चित गरिदिने, भोलि पासपोर्ट नै बनाउनुपर्ला वा राज्यका अरू सुविधा लिनुपर्ला, घरमा धारा–पानी जोड्नुपर्ला, घरको नक्सा पास गर्नुपर्ला, नागरिकता लिनुपर्ला, अरू कुनै व्यवसाय गर्नुपर्ला, जग्गा पास गर्नुपर्ला - ती सबै प्रकृयामा रोकिने भएपछि त्यो नागरिक ऋण तिर्न बाध्य भइहाल्छ नि । त्यति गर्ने व्यवस्था पनि हामीले गर्न सकेका छैनौँ । जसरी कर्जा सूचना केन्द्रमा सम्पूर्ण ऋणीको प्रोफाइल हुन्छ त्यसैगरी एउटा सफ्टवेयर बनाएर ऋण लिनेको सम्पूर्ण प्रोफाइल तयार गर्ने र नतिर्नेलाई कालो सूचीमा राखिदिने व्यवस्था हुने हो भने कसले तिर्दैन ऋण ? दोस्रो अब बैङ्क तथा वित्तीय संस्थाहरूलाई साना मझौला उद्योगमा नगई धेरै ठूलो–ठूलो कुरा गरेर मात्रै हुनेवाला छैन । यत्तिका धेरै संस्था छन् अनि चार गुणा पुँजी बढाउनुपर्ने अवस्था छ । यस्तो अवस्थामा त्यो पुँजी कहाँ लगानी गर्ने ? ठूला उद्योगमा मात्रै लगानी गर्छु र व्यापार बढाउँछु भनेर त सम्भव छैन । त्यसैले अब वित्तीय संस्थाहरूले युवा केन्द्रित कार्यक्रम अलि थपेर ल्याउँदा राम्रो हुन्छ । खास गरी अहिले कृषिका उद्यमीहरू र साना मझौला पर्यटनदेखि कतिपयमा बैङ्कहरूको एक्स्पोजर बढ्दै पनि छ तर उनीहरूको एउटा कुराचाहिँ राज्यले पनि सुनिदिनुपर्छ । त्यो भनेको पूर्वाधार, बजार र सुरक्षाको कुरा हो । लघुवित्तको अहिले निश्चित सीमा छ त्यसले मात्रै समृद्धि आउँदैन । गरिबीबाट माथि मात्रै गइन्छ तर समृद्धिमा जाने भनेको चाहिँ लघुवित्तभन्दा माथिको बाटो हो । लघुवित्तबाट मात्रै कारोबार गरेर माथि जान खोजेकाहरूलाई बैङ्कहरूले पिकअप गर्नुपर्छ अब । निक्षेपका सन्दर्भमा बैङ्क तथा वित्तीय संस्थाहरू रेमिट्यान्सको मात्रै भर परेर हुँदैन । उनीहरूका लागि निक्षेपको यो दिगो स्रोत पनि होइन । त्यसैले निक्षेप बढाउनका लागि पनि मुलुकभित्र कारोबार र आयको अवसर बढाइदिनुपर्छ ।

**अर्को कुरा, रेमिट्यान्सको उपयोगिताका विषयमा पनि बेलाबेलामा प्रश्न उठ्छ, उपभोग्य वस्तुमा मात्रै खर्च भयो विकास निर्माणमा लगाउन सकिएन भन्ने प्रश्न । केकस्ता योजना बनाइए भने रेमिट्यान्सको सही उपयोग होला ?**

यसमा धेरै लामो प्रयास पनि गरिएको हो । योजना आयोग र राष्ट्र बैङ्कमा रहँदा म आफैँले पनि दुई तीनवटा प्रयास गरेँ । पहिलो कुरा त उपभोगमा मात्रै गयो भन्ने कुरालाई आंशिक रूपमा मात्रै बुझौँ, पूर्ण रूपमा त्यो होइन । छोराछोरीलाई राम्रो शिक्षा दिएका छन्, आफ्ना आमाबाबु र परिवारलाई राम्रो स्वास्थ्य दिएका छन्, यी सबै कुरा अनुत्पादक होइनन् । आवास, शिक्षा र स्वास्थ्यचाहिँ नागरिकको हक हो भनेर संविधानमा लेख्ने अनि उनीहरूले त्यहाँ गरेको खर्चचाहिँ अनुत्पादक भयो भन्ने कुराचाहिँ मिल्दैन । दोस्रो कुरा– हामी नेपालभित्र बस्नेले चाहिँ कति बचत गर्‍यौँ त ? गत वर्ष एक सय रुपैयाँ आम्दानी गर्दा चार रुपैयाँ मात्रै बचाएको हो । अहिलेचाहिँ सय रुपैयाँमा दश रुपैयाँ बचाउँछौँ भनेर भर्खरै तथ्याङ्क विभागले भनेको छ । हामीले पनि बचाउने त त्यही दश प्रतिशत त रहेछ नि । अनि वैदेशिक रोजगारीमा गएकाहरूलाई चाहिँ कमाएको सबै बचाऊ भन्न पनि त भएन । उनीहरूका पनि त व्यावहारिक कुराहरू हुन्छन् नि तर यसका बाबजुत पनि जति बचेको हुन्छ त्यसलाई उत्पादनमूलक काममा लगाऔँ भन्नेचाहिँ सबैको कुरा हो । म योजना आयोगमा हुँदा धेरै प्रयासपछि वैदेशिक रोजगार बचतपत्र भनेर ल्याइयो तर त्यो बचतपत्रबारे हामीले नागरिकलाई बुझाउन नै सकेनौँ । यो किन्ने प्रकृया पनि झन्झटिलो भयो । त्यसैले प्रभावकारी भएन । दोस्रो कुराचाहिँ म्युचुअल फन्डको कुरा । रोजगारीमा गएकाहरूले अलिकति भए पनि शेयर बजारमा लगानी गरून् न त भनेर एनआरएनहरूले पनि भन्नुभयो र हामीले म्युचुअल फन्ड कम्पनी खोल्नलाई दियौँ । म्युचुअल फन्ड कम्पनी खुल्यो पनि तर बाहिर जानेहरूले पर्याप्त मात्रामा त्यसमा लगानी गरेको पाइएन । यसले के देखियो भने यो वित्तीय उपकरणमा लगानी गर्न वैदेशिक रोजगारीमा जानेहरू तयार भइसकेका छैनन् । वित्तीय साक्षरताको अभाव, जोखिम लिन सक्ने क्षमताको कमीजस्ता कारणले उनीहरू हच्किएको जस्तो देखियो । त्यसपछि तेस्रो प्रयास जलविद्युत्मा लगाउनुपर्‍यो भनेर अहिले रेमिट हाइड्रोको कुरा आइरहेको छ । जलविद्युत् लगानी तथा विकास संस्थामार्फत त्यो अघि बढ्यो पनि । त्यसबाहेक सरकार आफैंले पनि बुढी गण्डकीमा आह्वान गरिसकेको छ । सँगै अरू धेरै आयोजनाहरूमा पनि अवसर दिने भनेको छ तर एउटा कुरा के हो भने स्टोरेज प्रोजेक्टहरू जुन महँगा छन्, जसको प्रतिफल आउनलाई समय लाग्छ त्यसबारे सर्वसाधारण लगानीकर्तालाई राम्रोसँग बुझाइदिनुपर्छ । त्यसपछि अर्को कुरा औपचारिक माध्यमबाट रेमिट्यान्स पठाउन बाध्य पार्ने कामचाहिँ गर्नुपर्छ ।

**अन्त्यमा नेपालमा केही पनि गर्न सकिँदैन भनेर निराश भएका नेपाली युवाहरूलाई चाहिँ के भन्न चाहनुहुन्छ ?**

पहिलो कुरा त रोजगारी विश्वव्यापी

चुनौती हो भन्ने कुरा बुझ्नुपर्छ । नेपालमा मात्रै होइन अन्य देशमा पनि अहिले यो समस्या छ । अर्को कुरा बजारमा सृजना भएका रोजगारीका अवसरअनुसारको आफ्नो शिक्षा, सीप नहुनाले पनि यस्तो भइरहेको छ । जागिर कहाँ खुल्ला, रोजगारीको अवसर कहाँ सृजना होला भनेर अब त्यसका पछि दगुर्ने होइन । रोजगारी जहाँ सृजना गर्न सकिन्छ त्यहाँ चाहिँ कुद्ने हो । पुँजी कहाँबाट परिचालन गर्न सकिन्छ, प्रविधि कहाँबाट ल्याउन सकिन्छ त्यसमा राज्यले के सहयोग गर्न सक्छ र हामीले के गर्नुपर्छ भन्ने विषयमा युवा पुस्ता केन्द्रित हुनुपर्‍यो । निजी क्षेत्रलाई पनि मेरो आग्रह के हो भने युवा पुस्तालाई उद्योग व्यवसायसँग जोड्न ढिलो गर्नुभएन । बैङ्क तथा वित्तीय संस्थामा इन्टर्नसिप भए पनि औद्योगिक क्षेत्रमा त्यति धेरै इन्टर्नसिप हामीकहाँ छैन । निजी क्षेत्रले त्यो अवसर दिनुपर्‍यो र युवाले पनि खोज्नुपर्‍यो । मुलुक मैले बनाउने हो अरूले बनाइदिएको मुलुकलाई मैले उपयोग मात्रै गर्ने होइन भन्ने सकारात्मक भावना युवाहरूमा जागृत हुनुपर्‍यो ।

# भ्रमित युवाहरूलाई चिठी

✍ डा.अरुणा उप्रेती

प्रिय किशोरकिशोरी तथा युवायुवतीहरू,

तिमीहरू अहिलेको नयाँ युगमा सामाजिक सञ्जालमा जोडिएका छौ । हरेक दिन नयाँनयाँ साथी बन्छन्, नयाँनयाँ खबर पाइन्छ र फेसबुकमा बनेका साथीसँग कति मनको कुरा पनि गरिन्छ, धेरै साथीहरू भए भनेर आनन्द पनि आउँछ, फोन नम्बर साटासाट गरेर भेटघाट पनि गरिन्छ । कतिसँग यस्तै भेटघाटबाट प्रगाढ मैत्रीसम्बन्ध पनि कायम हुन्छ । कतिसँग भेटघाट नभए पनि समाचार आदानप्रदान हुन्छ। सामाजिक सञ्जालमा रहनु आधुनिक युगको जीवनशैली नै बनेको छ । तर हतार गरेर जसलाई पायो उसलाई साथी बनाई उससँग आफ्ना अन्तरङ्ग कुराहरू खोलेर, भेटघाट गरेर, अझ कतिपयले त फेसबुकबाट नै प्रेम गरेर विवाह गर्ने र पछि समस्यामा पर्ने, धोखाखाने, हिंसाको सिकार हुने अवस्था पनि कति छन् कति ।

कति पटक बाटामा हिँड्दा कुनै अपरिचितले मोटरमा राखेर कतै घुम्न मदत गऱ्यो भने उसैसँग बसेर कफी पिउने, फिल्म हेर्न जाने, फेसबुकमा 'एड' गर्दा र पछि प्रेम परेझैँ लाग्ने गर्दा जीवन नै खतरामा परेका घटनाहरू बारम्बार सुनिन्छन् । तर सामाजिक सञ्जालबाट भेट हुने धेरै युवायुवतीलाई चाहिँ यस्तो कुरा त अरूलाई पो हुन्छ, मेरो फेसबुक साथी त राम्रो छ भन्ठानेर पछि प्रेममा धोका पाउँदा मानसिक रूपमा नै बिरामी परेका घटनाहरू पनि भएका भेटिन्छन् । तर यति भए पनि प्रायः युवायुवतीलाई चेत आउँदैन । किशोरावस्थामा र युवावस्थामा सबै कुरा रङ्गिन लाग्छन् । विशेष गरी युवकलाई त कुनै युवतीले राम्रोसँग कुराकानी गरिदिइन् भने उनी प्रेममा परिन् भन्ने भ्रम पर्न जान्छ ।

कैलालीकी यशोदा १६ वर्षकी हुँदा उनको २० वर्षीय राम नामक युवकसँग बारम्बार बाटोमा भेट भइरहन्थ्यो । १० कक्षामा सरकारी स्कुलमा पढ्ने यशोदालाई रामका बारेमा केही पनि थाहा थिएन । उसको घर धनगढी बजार नजिकै छ भन्ने मात्र थाहा थियो । एक दिन स्कुल जाँदै गर्दा रामले उनको नाम सोध्यो, यशोदाले नाम, स्कुल, घर आदिका बारेमा सबै कुरा भनिन् । रामले पनि आफ्नो घरका बारेमा सबै कुरा भन्यो । भोलिपल्टदेखि उनीहरूको दिनदिनै भेट हुन थाल्यो। यशोदाले रामका बारेमा आफ्ना केही साथीलाई पनि भनिन् । घरमा चाहिँ कसैलाई केही पनि भनेकी थिइनन् । एक दिन रामले छुट्टीका बेला फिल्म हेर्न जाने प्रस्ताव राख्यो । यशोदा पनि दश कक्षाका लागि विशेष पढाइ हुन्छ भन्दै घरका सबैलाई ढाँटेर फिल्म हेर्न गइन् ।

रामले यशोदालाई आफू कलेजमा पनि पढ्ने र एउटा संस्थानमा काम पनि गर्ने गरेको भनी बताएको थियो । यशोदाले उसका सबै कुरा आँखा चिम्लेर पत्याइन्, उसका कुरामा पूरै विश्वास गरिन् । रामले कुराकानी गर्न सजिलो हुन्छ भनेर एउटा मोबाइल पनि यशोदालाई उपहार दियो । यशोदा खुसी भइन् । घरमा उनले आफ्नो मोबाइलका बारेमा कसैलाई थाहा दिएकी थिइनन् तर एक दिन आमाले मोबाइल देखेपछि त्यसबारे सोध्दा बाटामा पाएको भनेर यशोदाले ढाँटिन् । उनी रातिराति रामसँग धेरै कुरा गर्थिन् । एक दिन रामले शनिवारका दिन भारतको पलियातिर घुम्न जाऊँ भनेपछि यशोदाले आमासँग "साथीहरूसँग पलिया घुम्न जाऊँ" भनेर आज्ञा मागिन् । साथीसँग जाने भनेपछि आमाले "पलिया गएर छिटै आउनू" भनिन् ।

राम र यशोदाले पलिया गएर फिल्म हेर्ने र उतै खाने कार्यक्रम पनि बनाएका थिए । पलिया गएपछि उनीहरूले फिल्म हेरे, खाना खाए, साँझ परिसकेको थियो । धनगढी जाने अन्तिम बस पनि छुटिसकेको थियो । यशोदा त डराइन्, अब कसरी घरजाने भनेर ? रामले चाहिँ "नडराऊ, आज होटेलमा बसौँला, भोलि बिहानै घर जाउली । तिमी र म त एकअर्कालाई प्रेम गर्छौं । केही समयपछि विवाह पनि गरौँला" भनेपछि चाहिँ यशोदा झसङ्ग भइन् । कतै रामले केही बदमासी त गर्न लाग्यो कि भनेर उनी चनाखो पनि भइन् । होटेलमा पुगेपछि राम र यशोदालाई देखेर होटेलकी मालिक्नीले "राम, कताबाट आएको, कति दिनका लागि कोठा चाहियो" भन्दा रामले गोलमोल जबाफ दियो । पहिले पनि राम त्यहाँ आउँदो रहेछ । ती महिला चलाख रहिछन्, यसरी रामलाई उमेर नपुगेकी एउटी नेपाली केटीलाई लिएर होटेलमा बस्न आउनुमा केही रहस्य अवश्यै छ भन्ने उनलाई लाग्यो । उनले रामलाई कोठा हेर्न पठाएजस्तो गरेर यशोदालाई केही कुरा सोधिन् र बुझिन् कि रामले त यशोदालाई फन्दामा पो पारेको रहेछ । राम कोठा हेरेर आएपछि मालिक्नीले सोधिन् "तिमीहरू श्रीमान्श्रीमती हौ ?" राम अनकनायो । मालिक्नीले भनिन् "तिमीहरू त श्रीमान्श्रीमती नभएको र यशोदा पनि बालिग नभएकीले म तिमीहरूलाई कोठा दिन सक्दिनँ ।" यशोदा त होटेल मालिक्नीका सुनेर रुन थालिन् । मालिक्नीले रामलाई भनिन् "म प्रहरीलाई बोलाउँछु र तिमीहरूलाई प्रहरीको जिम्मा लगाउँछु ।" यो कुरा सुनेर दुवै जना डराए । राम त पिसाब फेर्न जान्छु भनेर त्यहाँबाट भाग्यो । यशोदाले धेरै बेर कुरेपछि मालिक्नीले भनिन् "तिमी त एउटा बदमासको फन्दामा परेकी रहिछौ । यसले थुप्रै यस्तै केटी यहाँ ल्याउँछ र कता लैजान्छ थाहा छैन । अरूहरू त ठुला उमेरका भएकाले मैले केही बोल्न सकेकी थिइनँ । तिमी त साह्रै सानी रहिछौ । आज यहीँ बस, भोलि बिहान म तिमीलाई धनगढी जाने टिकट कटाइदिन्छु ।" धनगढीबाट पलिया बसमा जाँदा ३ घण्टा लाग्छ । यशोदाको मनमा ढ्याङ्ग्रो ठोक्यो । आमालाई ढाँटेर, रामसँग सम्बन्ध बढाएर, उससँग उपहार लिएर धेरै गल्ती गरिएछ भन्ने उनलाई लाग्यो । धन्य होटेलकी मालिक्नी विवेकशील रहिछन् । उनले यशोदालाई बचाइन् । भोलिपल्ट बिहानै बस चढेर यशोदा आफ्नो घर पुगिन् । आमा त उनलाई देखेर रुन थालिन् । यशोदाले बल्ल आमालाई सबै कुरा भनिन् र यसो नगर्ने वचन दिइन् । रामसँग त्यसपछि यशोदाको

कहिल्यै भेट भएन । शायद राम त्यस सहरबाट भाग्यो कि ?

कसरी एकछिनको चिनजानले गहिरो मित्रता गाढिँदा समस्या पर्न सक्छ भन्ने यो एक सत्य उदाहरण हो । यस्ता थुप्रै घटनाहरू गाउँघरमा बारम्बार भइरहन्छन् । धेरैजसो केटीहरू फन्दामा पर्छन् भने कहिलेकाहीँ युवकहरूलाई पनि कति केटीहरूले नक्कली प्रेममा फसाएर पैसा, मोबाइल र गहना उपहार लिन्छन् अनि पछि धोका दिन्छन् । यसले गर्दा कति पटक युवकहरूले त आत्महत्यासमेत गरेको समाचार पनि सुनिन्छ ।

यसरी फेसबुकमा एक दिनको भेटघाटले ठगिने युवायुवतीबाहेक अनेक थरीका विज्ञापनका माध्यमबाट ठगिने अरू पनि धेरै छन् । विदेशमा रोजगारीका नाममा ठगिने युवाहरूका बारेमा प्राय:जसो पत्रपत्रिकामा आएकै हुन्छ तर जसरी भए पनि विदेश जाने भूत चढेकाहरूलाई यस्ता समाचारले छुँदैनन् । “विदेश जान फलानो मेनपावरमा सम्पर्क राख्नुहोस् । हामीले पठाएका मानिसहरूले महिनामा एक लाख कमाउँछन्” भन्ने विज्ञापन देखेपछि १०-२० लाख खर्च गरेर भए पनि युवाहरू विदेश जान चाहन्छन् । यसो गर्दा त्यस्तो कम्पनीले ठग्न खोजेको हो कि भनेर सोधपुछ गर्नेतर्फ कसैले पनि चासो दिएको पाइँदैन । कति ठगहरूले चाहिँ नेपाल वा भारतमा बसी आफू अष्ट्रेलिया वा पोर्चुगलमा बसेर काम गरिरहेको, घर किनेको, राम्रो गाडी किनेको र अझै त्यस ठाउँमा कामदार चाहिने भएकाले काम गर्न इच्छुक व्यक्तिले रु. १० लाख दिए छिटो काम बन्ने कुरामा फँसाएपछि पैसा कमाइने लोभमा हुरुक्कै भएर हाम फाल्ने युवाहरूको कथा दर्दनाक नै छ।

फेसबुकमा एक युवकले एउटी अनिता नाम गरेकी युवतीलाई म्यासेज पठाएर अष्ट्रेलिया आउन लोभ्याए । पैसाचाहिँ नगद नै एक साथीलाई दिल्लीमा दिए पनि हुन्छ भनेर पनि तिनले भने । अनेक थरीका मीठामीठा कुरा गरेर झन्डै २० लाख ठगेपछि अनितालाई “भिसा लिन दिल्लीमा आउनू” भनेर युवकले भनेपछि अनिता खुसी भएर दिल्ली गइन् । दिल्लीमा पासपोर्ट लिएर पुगेकी अनितालाई दुई महिना दरियागञ्जको एक होटेलमा बस्नुपर्‍यो । फेसबुकमा भेटिएका ती युवकले अनितालाई टेलिफोन गर्दैनथे, फेसबुकमा नै म्यासेज पठाउँथे । केही दिन पर्खन भन्दाभन्दै दुई महिना बसेपछि बल्ल अनिताका मनमा चिसो पस्यो । उनले काठमाडौँका केही साथीहरूलाई ती युवकका बारेमा बुझ्नका लागि गुहारिन् । खोज्दै जाँदा के पत्ता लाग्यो भने ती युवक त भारतमा नै रहेछन् । अनिता अष्ट्रेलियाको सपना छोडेर काठमाडौँ फर्किन् र प्रहरीकहाँ उजुरी दिन गइन् । दिल्लीमा बसेर काठमाडौँमा अनितालाई ठग्ने युवक कहिले प्रहरीको हातमा आउला ठेगाना छैन तर अनिताले आफ्नो हातबाट रु. २० लाख गुमाइसकिन् । त्यो पैसा फर्केर आउनेमा उनलाई कुनै आशा छैन। अहिले उनी कसरी आफ्नो मूर्खताले र अष्ट्रेलिया जसरी भए पनि जाने लालसाले गर्दा ठगिएकामा पुछुतो मानिरहेकी छन् । तर त्यसरी नै अझ कति युवायुवतीहरू ठगिँदै छन् कसैले भन्न सक्दैन किनभने ठगिएका केही व्यक्तिमात्र प्रहरीकहाँ उजुर गर्न आउँछन् । त्यसरी लोभलाग्दो विज्ञापनले ठगिनेहरू नेपालमै पनि राम्रो काम पाइने आाशामा ठगिन्छन् । “कुकको आवश्यकता छ, महिनामा रु. २० हजार तलब, तालिम दिएपछि जापान वा अमेरिकामा कामका लागि पनि मदत

गरिनेछ, भनेको ठाउँमा जाँदा काम सुरु गर्न पहिले रु. २०,००० बुझाउनु पर्ने र दुई हप्तापछि काम र तालिम सँगै हुनेछ" भन्नेजस्ता विज्ञापन पढेपछि तत्कालै रु. २०,००० दिइहाल्ने धेरै युवाहरू पनि ठगिएका भेटिन्छन् । रु. २०,००० दिएपछि तालिममा जान तयार भएका युवाहरू ३ हप्तासम्म केही खबर नआउँदा ठगिएको आभास पाउँछन् । त्यस्ता युवाहरूले पैसा बुझाउँदाका ठाउँमा गएर हेर्दा त त्यहाँ त ठूलो भोटे ताल्चा लगाइरहेको देखिएपछि मात्र आफू ठगिएको कुरा बुझेर तालुमा हात लगाउनु परेका दृश्यहरू पनि धेरै देखिन्छन् । थुप्रै युवाहरूलाई विज्ञापनका भरमा नै प्रतिव्यक्ति रु. २०,००० का दरले लाखौँ रुपियाँ ठगी गरेर बेपत्ता हुने विज्ञापनदाताहरू पनि प्रशस्त छन् । विज्ञापनदाताबाट ठगिने त्यस्ता युवाहरूसँग न पैसा दिएको कुनै बिल नै हुन्छ न पैसा दिएको व्यक्तिको नाम वा मोबाइल नम्बर नै हुन्छ। आँखा चिम्लेर विज्ञापनदातामाथि विश्वास गर्ने कति युवाहरू यसरी ठगिएका छन्, तिनको लेखाजोखा कहाँ हुन्छ र !

त्यसै गरी यौनसम्बन्धी विविध समस्या, नपुंसकता हटाउने, मोटो मानिसलाई पातलो पार्ने, कमर पातलो बनाउने भन्नेजस्ता अनेक थरीका विज्ञापन देखेर फस्ने युवाहरूले आफ्नो मूर्खताले गर्दा पैसा त गुमाउँछन् नै, आफ्नो छँदाखाँदाको स्वास्थ्य पनि गुमाउँछन् । कुनै पनि फुटपाथको औषधीले वा कमरपेटीले कसैलाई पनि एकै हप्तामा पातलो गराउँदैन । मोटोपन घटाउन खाना कम गर्नैपर्छ, व्यायाम गर्नैपर्छ भन्ने कुरा नबुझीकन नै त्यसरी जथाभावी विज्ञापनका भरमा पर्ने युवायुवतीहरू जबसम्म आफू ठगिएको थाहा पाउँछन् तबसम्म धेरै ढिलो भइसकेको हुन्छ । कति युवतीहरूले पातलो हुने औषधी खाएपछि बिरामी परेर अस्पताल भर्ना हुनु परेका घटनाहरू पनि देखिएका छन् । त्यसैले युवाहरूले कुनै पनि विज्ञापनका भ्रममा नपरेर वैज्ञानिक तथ्यहरूलाई आत्मसात् गरी विज्ञापनमा भनिएको कुरा वास्तविक हुन सक्छन् कि सक्दैनन् भनी जान्नु आवश्यक छ । बुझेर सही कदम चाल्ने हो भने अनि विदेश जाने युवायुवतीले पनि फोनका भरमा प्रेम गर्ने होइन । युवायुवतीहरूले हावाका तालमा अरूमाथि विश्वास नगरी वास्तविकता बुझेर मात्र कदम चाल्ने हो भने उनीहरू त्यसरी चौतर्फी रूपमा ठगिनबाट बच्न सक्थे कि !

# समृद्धि र विकासमा युवा परिचालनको गुरु योजना

✍ माधव ढुङ्गेल

धेरै लामो समयको युवाहरूको आन्दोलन र पहलकदमीको परिणामस्वरूप नेपालमा नेपाली युवाहरूको नेतृत्वदायी सरकारी संस्थाका रूपमा राष्ट्रिय युवा परिषद् गठन भएको छ । आज हाम्रो साथमा राष्ट्रिय युवा नीति २०७२, युथ भिजन २०२५, युवा परिषद् ऐन २०७२ र युवा परिषद् नियमावली २०७३ नेपाल सरकारले जारी गरिसकेको नीति, दृष्टिकोण र कार्यक्रमको खाका छ ।

नेपालको युवा नीतिले १६ देखि ४० वर्ष उमेर समूहलाई युवाका रूपमा परिभाषित गरेको छ । एक करोड सात लाखको हाराहारीमा रहेको यो सङ्ख्या कुल जनसङ्ख्याको ४०.३५ प्रतिशत हुन आउँछ । हाम्रो नीति र दृष्टिकोणले यस युवा समूहलाई दुई भागमा विभाजन गरी १६ देखि २४ वर्ष उमेर समूहलाई क्षमता विकासको चरण र २५ देखि ४० वर्ष उमेर समूहलाई उद्यमी व्यवसायी विकासको चरणका रूपमा परिभाषित गरेको छ ।

नेपाल सरकारद्वारा जारी गरिएको युवा नीति र दृष्टिकोणलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने योजनाका साथ छुट्टै ऐन पारित गरी युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत रहने गरी एउटा स्वायत्त निकायका रूपमा गतवर्ष स्थापना गरिएको युवाहरूको साझा र नितान्त नयाँ सरकारी संस्थाको नाम हो राष्ट्रिय युवा परिषद् ।

ऐनको व्यवस्थाबमोजिम युवा तथा खेलकुद मन्त्री परिषद्को अध्यक्ष रहने व्यवस्था छ भने नेपाल सरकार मन्त्री परिषद्को निर्णयले कार्यकारी उपाध्यक्ष मनोनयन गर्ने व्यवस्था रहेको छ । युवाको मुद्दा बहुआयामिक भएकाले सम्पर्क र समन्वय आवश्यक ठानी अर्थ, शिक्षा, उद्योग, कृषि, युवा तथा खेलकुद, श्रम तथा रोजगार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिवहरू र राष्ट्रिय योजना आयोग सचिवालयका सचिव परिषद्को बोर्ड सदस्य हुने व्यवस्था रहेको छ । यसैगरी ५० प्रतिशत महिला हुने गरी विभिन्न क्षेत्र समेटेर समावेशी २५ जना युवाहरू मन्त्रालयले मनोनयन गर्ने व्यवस्था छ । साथै राष्ट्रिय युवा परिषद्का वरिष्ठतम कर्मचारी (सहसचिव) परिषद्को सदस्य सचिवको भूमिकामा रहने व्यवस्थासहित ३६ जनाको राष्ट्रिय युवा परिषद्को केन्द्रीय बोर्ड रहेको छ ।

यतिवेला हामी नेपाल सरकारका सहसचिव प्रशासन प्रमुख रहने गरी निजामती सेवासहित ३२ जना कर्मचारीबाट राष्ट्रिय युवा परिषद्को केन्द्रीय कार्यालय सञ्चालन गरिरहेका छौँ भने परिषद्को केन्द्रीय बोर्डको निर्णयले ७५

जिल्लामध्ये ६० जिल्लामा जिल्ला युवा समितिका अध्यक्षहरू मनोनयन गरी सक्रिय बनाइएको छ । ७५ वटै जिल्लामा जिल्ला युवा समितिको कार्यालय स्थापना गरिएको छ भने नेपाल सरकारका उपसचिव कार्यालय प्रमुख रहने गरी एकजना कम्प्युटर अपरेटर सहित ३ जनाको समूह खटाई सकिएको अवस्था छ । केन्द्रदेखि जिल्लासम्म अफिस व्यवस्थापनका अलावा यसै वर्षदेखि केही महत्त्वपूर्ण युवालक्षित कार्यक्रमहरू राष्ट्रिय युवा परिषद्ले कार्यान्वयनमा ल्याएको छ ।

परिषद्को केन्द्रीय कार्यालयको औपचारिक उद्घाटन समारोह, महामहिम राष्ट्रपतिको समुपस्थितिमा अन्तर्राष्ट्रिय युवा दिवस, नेपाली युवाहरूको अन्तर्राष्ट्रिय सम्मेलन, लागूपदार्थको दुर्व्यसनी विरुद्ध युवाहरूलाई सचेतना, ग्रामीण युवा उद्यम कार्यक्रम, युवा लक्षित राष्ट्रिय युवा स्वरोजगार कार्यक्रम, युवाहरूलाई सकारात्मक काउन्सेलिङ, युवाहरूका लागि व्यावसायिक सीप विकास तालिम, समाजका लागि युवाको एक दिन, युवा प्रतिभा पहिचान र प्रोत्साहन, युवा प्रतिभा सम्मान, टेलिभिजन कार्यक्रम आदि कार्यक्रमहरू यसै वर्ष कार्यान्वयनका चरणमा रहेका छन् । युवालक्षित कार्यक्रम सञ्चालन गर्ने नेपाल सरकारका विभिन्न निकायहरू, सहकारी संस्थाहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाहरूसँग समेत समन्वय र सहकार्यसहितको सम्झौता गरी कार्यान्वयनको सूक्ष्म योजना समेत बनिरहेको अवस्था छ । यही नेपाल सरकारले बनाएको नीति, दृष्टिकोण र कार्यक्रम अनि मन्त्रालय र परिषद्ले गरेको कामको परिणामस्वरूप गत दुई वर्षअघि विश्व युवा विकास सूचकाङ्कमा १४५ औँ स्थानमा रहेको नेपालको युवा सूचकाङ्क ७७ नम्बरमा आइपुगेको जानकारी गराउन चाहन्छु । यसै वर्ष ६८ वटा राष्ट्रलाई उछिनेर नेपाल अगाडि आएको छ ।

युथ भिजन २०२५ ले तय गरेका पाँच आधार स्तम्भहरूका रूपमा रहेका गुणस्तरीय शिक्षा र व्यावसायिकता, युवा उद्यमशीलता, रोजगारी र सीप विकास, युवा सहभागिता, परिचालन र नेतृत्व विकास, युवा स्वास्थ्य र सामाजिक सुरक्षा, युवाका लागि खेलकुद र मनोरञ्जनलाई मूल आधार मानी राष्ट्रिय युवा परिषद्ले कार्ययोजना बनाई अगाडि बढिरहेको छ । नेपालले युवाको विकासका क्षेत्रमा बनाउने भावी योजनाहरू पनि यसैलाई आधार मानी अगाडि बढाउनुपर्छ भन्ने आवश्यकता महसुस गरी आगामी वर्षका लागि निम्न कार्यक्रम कार्यान्वयनको कार्ययोजना प्रस्तुत गरिएको छ ।

## शैक्षिक संस्थामा विद्यार्थी युवा क्लब

नेपाल आज ७८०० माध्यमिक विद्यालय, ३६०० उच्च माध्यमिक विद्यालय र ११०० क्याम्पसहरू रहेका छन् । एकमुष्ट रूपमा यो सङ्ख्या १२५०० हुन आउँछ । यी सबै शैक्षिक संस्थामा १६ देखि २४ वर्षका युवाहरू पढ्छन् । “जहाँ युवा त्यहाँ राष्ट्रिय युवा परिषद्” भन्ने मान्यतालाई अङ्गीकार गर्ने योजनाका साथ शैक्षिक संस्थाहरूमा पुग्न आवश्यक भएको ठहर गर्दै प्रत्येक शैक्षिक संस्थामा व्यवस्थित कार्ययोजना बनाई “विद्यार्थी युवा क्लब” निर्माण गरिने योजना रहेको छ । यस्तो क्लबमा १६ वर्षमाथिका सबै विद्यार्थी युवाहरूलाई सदस्य

बनाई प्रत्येक एक वर्षमा यसको नेतृत्व परिवर्तन गरिनु पर्नेछ । करोडौं रुपैयाँ खर्च गरी युवाहरू बटुलेर नेतृत्व विकासका लागि महिनौं लगाई दिइएको तालिमभन्दा स्ववियु निर्वाचनमा भाग लिएको युवाले धेरै कला र क्षमता विकास गर्न सक्दछ भन्ने कुरा भर्खर सम्पन्न भएको स्ववियुको निर्वाचनबाट पनि प्रस्ट हुन्छ । यस्ता क्लबको नेतृत्व निर्माण र यसको नेतृत्व परिवर्तनको लोकतान्त्रिक पद्धति, युवाहरूको नेतृत्व विकास र नेतृत्व क्षमताको एउटा आयाम हुन सक्दछ । तर यस्ता क्लबहरूलाई सीप विकास, रोजगार र उद्यमशीलतामा केन्द्रित गरिनु आवश्यक छ ।

## शैक्षिक संस्थाको योजनामा एक उद्यम

ग्रामीण क्षेत्रमा प्रायः स्कुल वा उपलब्ध क्याम्पसमा अध्ययन गरिसकेका युवाहरूले गाउँ छाडिसकेको अवस्था छ । ती युवाहरू कि सदरमुकाममा छन् कि राजधानीमा कि रोजगारीका सिलसिलामा विदेशमा छन् । गाउँमा सबैभन्दा चिन्तन मनन गर्न सक्ने समुदाय भनेको कि शिक्षक कि स्कुल या कलेजको व्यवस्थापन समितिमा सङ्गठित भएकाहरू नै हुन् । यिनै सामाजिक चिन्तकहरूको मस्तिष्कलाई मध्यनजर गरी आफ्नै शैक्षिक संस्थाको आसपासका क्षेत्रमा एउटा उपयुक्त उद्यमको सुरुवात गर्न सकिन्छ । विद्यार्थीहरूका अभिभावकसमक्ष प्रस्ताव राखेर तिनै विद्यार्थीको क्षमता विकास, शारीरिक र मानसिक विकासका क्षेत्रमा खर्च गर्ने गरी सोही शैक्षिक संस्थामा निर्माण गरिएको विद्यार्थी युवा क्लबको अपनत्वमा रहने गरी उद्यम सञ्चालनका लागि एउटा निश्चित कोष जम्मा गर्न सकिन्छ । विद्यार्थीबाट जति पैसा जम्मा गरिन्छ त्यति नै पैसा राज्यको निकायबाट थपिदिएर एउटा बास्केट फन्ड निर्माण गरिनुपर्दछ र विद्यार्थीहरूलाई पालैपालो स्वयंसेवकीय काममा सरिक गराउने र शैक्षिक संस्थाले एकजना शिक्षकलाई उद्यम इन्चार्ज बनाउने हो भने एक वर्षमा यस्तो उद्यमले मध्यम स्तरको उद्यमको रूप लिन सक्दछ । केही वर्षपछि यस्तो उद्यम उद्योगमा रूपान्तरण हुन पनि सक्दछ ।

## वडाहरूमा उद्यमी युवा क्लबको स्थापना

स्थानीय तह पुनर्संरचना आयोगको प्रतिवेदनअनुसार देशले अवलम्बन गरेको नयाँ संरचना अनुसार ७४४ गाउँ र नगरभित्र सबैभन्दा तल्लो एकाइका रूपमा ६६८१ वडा रहेका छन् । युथ भिजन २०२५ ले परिकल्पना गरेको २५ देखि ४० वर्ष उमेर समूहका युवाहरूलाई व्यावसायिक बनाउने लक्ष्यबमोजिम ४० वर्षमुनिका सबै युवाहरूका बीचबाट वडावडामा उद्यमी युवा क्लब निर्माण गर्ने र प्रत्येक एक वर्षमा नेतृत्व परिवर्तन गरिने प्रावधानको व्यवस्था गरिनुपर्दछ । यसबाट युवाहरूमा भरपुर नेतृत्व विकास र लोकतान्त्रिक संस्कारको विकास हुँदै जानेछ । यिनै युवा क्लबहरूकै नेतृत्वमा समाजमा स्वयंसवेकीय काम गराउन सकिन्छ । व्यावसायिक सीप विकासका तालिमहरू चलाउन सकिन्छ, उद्यमको विकास गर्न सकिन्छ । अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूका कार्यक्रमहरूमा पनि यिनै युवाहरूमार्फत स्थानीय क्षेत्रमा हरेक कार्यक्रम गर्न गराउन सकिन्छ जसले युवालाई उत्साहित र सबल बनाइरहेको हुन्छ । एक वडामा कम्तीमा एक उद्यमको योजना बनाई युवाहरूलाई उद्यम प्रस्ताव गर्न लगाउने र उपयुक्त उद्यम

सुरु गर्न चाहने युवा समूहहरूलाई उद्यम प्रपोजलअनुसारको निश्चित फन्ड जम्मा गर्न लगाउने र राज्यका तर्फबाट त्यति नै थपिदिने हो भने यी उद्यमहरू पनि मध्यम स्तरमा रूपान्तरण हुन सक्दछन् र पछि यसको स्तर वृद्धि गर्दै उद्योग बनाउन सकिन्छ ।

यसरी झन्डै २०,००० (बीस हजार) को सङ्ख्यामा युवा क्लबहरू निर्माण गर्ने र यी सबै क्लबहरूका माध्यमबाट एक उद्यम खडा गर्ने नीति अवलम्बन गर्ने हो भने पहिलो वर्षमा यी उद्योगहरूले सामान्य गति लिने अनुमान गर्न सकिन्छ । यीमध्ये १० प्रतिशत उद्यमहरू मात्रै मध्यम स्तरको उद्यममा उकालो लाग्ने देखिए भने त्यो सङ्ख्या २००० हुन आउँछ । त्यसमध्ये १० प्रतिशतले मात्रै उद्योग बन्ने बाटो लिन सके भने त्यो सङ्ख्या २०० हुन आउँछ । यसबाट निम्न फाइदा र प्रभावको परिणाम निस्कन सक्दछ :

१. प्रतिवर्ष ५ लाख ३८ हजारको अनुपातमा विदेश जाने युवाहरूको सङ्ख्यामा व्यापक सुधार हुने निश्चित छ ।

२. युवाहरूले आफ्नै देशभित्र सपना देख्न थाल्दछन् ।

३. युवाहरूले लोकतान्त्रिक संस्कार सिक्नेछन् अनि राजनीति र सामाजिक नेतृत्वमा एउटा गुणस्तरीयता आउन सक्दछ ।

४. युवाहरूको नेतृत्व विकासमा गुणात्मक परिवर्तन आउन सक्दछ ।

५. प्रत्येक युवा आफ्नो गाउँभित्र उद्यम खोज्ने अनुसन्धानकर्ता/चिन्तक बन्न सक्दछन् ।

६. सबै नेपाली युवाहरूको सहभागिता र सहकार्य हुन सक्दछ ।

७. सबै युवाहरूले स्वयंसेवकीय कामको महत्त्व र प्रभावलाई राम्ररी बुझ्न सक्नेछन् ।

८. युवाहरूका माध्यमबाट देश औद्योगीकरणका दिशामा अगाडि बढ्न सक्छ ।

९. शिक्षामा समेत गुणस्तरीयताको व्यापक वृद्धि हुँदै जानेछ ।

१०. सबै युवा सक्रिय र जागरूक हुन सक्नेछन् ।

## कक्षा १० को परीक्षापछि एक साता सकारात्मक परामर्श सञ्चालन

पछिल्लो प्रहरीको रिपोर्टलाई हेर्ने हो भने आपराधिक घटनाहरूबाट मारिनेको सङ्ख्या ६०० तर आत्महत्या गरी मर्ने युवा किशोरकिशोरीहरूको सङ्ख्या ४०,००० पुगेको अवस्था छ । यो एउटा भयावह चित्र हो । यही उमेरमा दुर्व्यसनीमा लाग्ने युवाहरू त्यत्तिकै छन् । सडक बालबालिकाहरूबाट विकास भएका युवाहरूको अवस्था पनि भयावह छ। नेपालीहरूको सकारात्मक सोच्ने संस्कृति निर्माण गर्ने हो भने पनि सानै उमेरबाट सकारात्मक परामर्श आवश्यक हुन्छ । बिग्रिसकेपछि त उपचार गर्ने हो । बिग्रनै नदिन के गर्ने ? त्यो धेरै महत्त्वपूर्ण कुरा हो । त्यसैले यस्ता युवालाई एउटा स्पेसल कोर्स (पाठ्यक्रम) तयार पारेर एक हप्ता काउन्सेलिङ कक्षा अनिवार्य गर्ने व्यवस्था गरिनुपर्दछ । युवाहरूलाई माथिल्लो अध्ययनको विषय छनोट, जीवनदर्शन, समय, जीवनोपयोगी सीप, संस्कार, अधिकार र कर्तव्यको भरपुर ज्ञान हुनेछ र युवाहरूमा जस्तोसुबै अप्ठ्यारो अवस्थामा

पनि सामाधान गर्न सक्ने सहनशक्तिको विकास हुनेछ ।

## माध्यमिक तह (कक्षा १२) समाप्त भएपछि तालिम र स्वयंसेवा

युवा परिषद्ले शिक्षा मन्त्रालयसँग सहकार्य गर्न सक्दछ । परिषद्का तर्फबाट आवश्यकताका आधारमा प्रारम्भिक तालिम दिने विषयहरूको एउटा लिस्ट तयार गर्न सकिन्छ । ती विषयहरू छनोटका लागि प्रत्येक उच्च माध्यमिक विद्यालयहरूमा फाराम पठाउन सकिन्छ । विद्यार्थीहरूले आफ्नो इच्छाअनुसारको विषय भरी पठाउनेछन् । स्वयंसेवा गर्ने क्षेत्र पनि त्यही हुनेछ । एक महिने प्रारम्भिक तालिम गराइसकेपछि इच्छाएको क्षेत्रमा २ महिना स्वयंसेवक बनाएर पठाउने व्यवस्था गरिनुपर्दछ । यस्तो स्वयंसेवामा एउटा ठूलै प्रतिस्पर्धा जस्तो गराउन सकियो भने ठूलो परिणाम पनि निस्कन सक्दछ । यस्तो तालिम र स्वयंसेवकीय काममा सहभागी भएका युवाहरूलाई परिषद्का तर्फबाट प्रमाणपत्र प्रदान गरिनुपर्दछ ताकि जहाँसुकै अनुभवको प्रमाणपत्रका रूपमा यसले वैधानिकता प्राप्त गरोस् ।

स्नातक र स्नातकोत्तर तह उत्तीर्ण गरेका विद्यार्थीहरूलाई पेड भोलिन्टियरका रूपमा ग्रामीण क्षेत्रमा पठाउने र उनीहरूको पनि प्रभाव र कृति मूल्याङ्कनको मापदण्ड बनाई प्रमाणपत्रको व्यवस्था गरिनुपर्दछ । लोकसेवा र अन्य अवसरमा यो योगदानको मूल्य स्थापित गराउन सके अझै यसको महत्त्व प्रभावकारी हुन सक्दछ र सबै युवाहरूले यसमा सहभागी हुन इच्छासमेत जाहेर गर्ने निश्चित छ ।

## सङ्घसंस्थाको परिचालन

ऐनको व्यवस्थाबमोजिम युवाक्षेत्रमा काम गर्ने गैरसरकारी सङ्घसंस्थाहरूलाई राष्ट्रिय युवा परिषद्ले सम्बन्धनका दायरामा ल्याउनु त पर्छ नै त्यस प्रक्रियालाई अगाडि बढाउँदै परिषद्को सहकार्यमा एउटा विशेष कामको सुरुवात गर्ने योजना बनाउने र सामाजिक आवश्यकताका रोजगारी सृजना गर्दै युवाहरूलाई उद्यमी बनाउने बाटामा लाने गरी कार्ययोजना निर्माण गर्न सकिन्छ । ती हेयर ड्रेसिङ, ब्युटी पार्लर, मोटरसाइकल वर्कसप, मोबाइल मर्मत केन्द्र या मोबाइल कफी सप, सरसफाइ वा सेवा आदि हुन सक्दछन् ।

यसरी राजनीतिक क्षेत्रका युवाहरूलाई पनि सृजनात्मक कामका अभियानमा परिचालित गर्ने योजना बनाउने र समग्रमा सरकारी, सहकारी र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी क्षेत्रसँग सहकार्य र सम्झौता गरेर कामको सूक्ष्म योजना बनाई परिणामलाई केन्द्रमा राखेर काम गर्ने हो भने नेपाली युवाहरूका माध्यमबाट देशको काँचुली फेर्न सकिन्छ भन्ने विश्वास मैले लिएको छु ।

कार्यकारी उपाध्यक्ष, राष्ट्रिय युवा परिषद्

# कृषि उत्पादन र बजार व्यवस्थापनमा पौंचो पसल

✍ शरण कर्माचार्य

स्वामी नजाऊ छाडी विदेश

स्वामी नजाऊ छाडी विदेश

यस्तो राम्रो रमाइलो देश

छाडी जाँदैन म त विदेश.......

मास्टर रत्नदास प्रकाशले रेडियो नेपालमा विदेश नजान आह्वान गर्दै गीत गुन्जाएको दशकौं बितिसकेको छ । प्रकृतिले दिएको अनुपम उपहार आफ्नै पोल्टामा भएर पनि कस्तूरीले नाभी नचिनेझैं नेपालीमा विदेशप्रेम भने कहिल्यै घटेन । कहिले मलायाका लाहुरे र कहिले फोक्ल्यान्डको टापु नेपाली युवाको गन्तव्य बन्दै गएका छन् । गोरखा पल्टन हुँदै मुग्लान र पछिल्लो समय मलेसिया, साउदी जस्ता विदेशतिर जानु युवाको बाध्यता बनिसकेको छ । अन्तर्राष्ट्रिय विमानस्थलमा बाकसमा बन्द नेपाली नउत्रिएको दिन अनौठो मान्नुपर्ने अवस्था आएको छ। तर ती सबै कार्यहरू हामी विवश भई चुपचाप हेरिरहेका छौं ।

राष्ट्र जब रेमिट्यान्सबाट चल्न थाल्दछ, मुलुक जब विदेशी सामान आयात गर्दा उठेको भन्सार र राजश्वबाट गर्व गर्दछ र देश जब दालभातमै परनिर्भर बन्न थाल्दछ त्यतिबेला भन्नुपर्दछ, देश असफल भयो । वर्षौंदेखि विदेशी वेश्यालयहरूमा नेपाली चेलीको चित्कार सुन्दै र त्यसको अन्त्यका लागि आवाज उठाउँदै आएका हामी नेपालीले ती चेलीका चित्कार त रोक्न सकेनौं नै दिन प्रतिदिन युवाहरूलाई विदेशी भूमिमा बेच्दै भित्रिएको धनराशिमा रमाउन थालेका छौं ।

हामीले यस्तो अवस्थामा मुलुकलाई उन्नति र आर्थिक प्रगतिका पथमा डोऱ्याउने नीति अवलम्बन गर्न सकेनौं भने युवा मस्तिष्कमा हिजोको सिक्किमे संस्कृति भित्रिने सम्भावना बढेर जानेछ । जब युवाहरूले आफ्नै जन्मभूमिलाई धिक्कार्दै विदेशी भूमिप्रति भक्ति प्रकट गर्नेछन् त्यतिबेला मुलुक कुन दिशामा जानेछ त्यो सजिलै अनुमान गर्न सकिन्छ ।

मुलुकको यस्तै अवस्था र युवाहरूको पलायन भएको परिदृश्यको पेरिफेरीबाट पैंचोको जन्म भएको हो भन्दा फरक पर्दैन । गरे के हुँदैन भन्ने भावनालाई सार्थकता दिन पैंचोका पछिल्ला गतिविधिहरूले आशाको किरण देखाएका छन् । सम्भवतः एउटै मुलुक जहाँ तराई, पहाड र हिमाल उपलब्ध छ, त्यो मुलुक भनेको नेपाल हो । एकाध घण्टाको दूरी पार गर्दा मधेसबाट पहाड र पहाडबाट हिमाल पुग्न सकिने नेपालजस्तो देश किन परनिर्भर बन्दै छ ? यसप्रति सबैको चासो

हुनुपर्ने हो, तर बिडम्बना मुलुकको अवस्थाप्रति कोही कसैले पनि कहीँ कतै चिन्ता गरेको देख्न नपाइने देश पनि हो नेपाल । नेपालको विद्यमान परिस्थितिलाई चिर्न राजनीतिक क्षेत्र उदासीन रहे पनि नेपालको पश्चिम क्षेत्रका केही युवाले थालेको एउटा कदम भने यतिबेला आशाको त्यान्द्रो बन्न खोजेको छ भन्दा फरक पर्दैन ।

नेपाललाई नारामा कृषि प्रधान देश भनिए पनि उपयुक्त कृषिनीति बन्न नसक्दा वर्षभरि मिहिनेत गर्ने किसानहरूले प्रतिफल पाउन सकेका छैनन् । किसानहरूको उत्पादन त्यसै सडेर गइरहेको छ भने किसानहरूसँग भण्डारण हुँदासम्म मूल्य नपाउने र भण्डार रित्तिएपछि अरू कसैले मूल्य निर्धारण गर्ने परिपाटी रहिआएको छ । ग्रामीण भेगमा कृषि पेसा अपनाइरहेका किसानहरूलाई उपयुक्त मल, बीउ तथा कृषि सामग्री उपलब्ध गराई कृषि उत्पादन गर्न अभिप्रेरित गर्ने र उनीहरूको उत्पादनलाई उचित मूल्य प्रदान गरी बजारीकरण गर्न मात्र सक्ने हो भने पनि युवाको विदेशपलायनको गतिलाई धेरै हदसम्म रोक्न सकिन्छ । पछिल्लो समय गुल्मी जिल्लाबाट सुरु भएको पैँचो अभियानले मुलुकमा एउटा आशा देखाएको मात्र छैन, जिल्लामा बिदेसिएका युवाहरूलाई रोक्न पनि सफल भएको छ । बेरोजगारीका कारण हरेक वर्ष लाखौँको सङ्ख्यामा बिदेसिइरहेका युवालाई स्वरोजगार प्रदान गर्दै बिदेसिने बाध्यताबाट रोक्न पैँचो पसल थोरै मात्र भए पनि सफल देखिएको छ ।

सङ्गठित बजारका अभावमा व्यवस्थित व्यापार विस्तार हुन नसकिरहेका अवस्थामा मुलुकको दूरदराजमा व्यवस्थित व्यवसायमा किसानहरूको पहुँच अभिवृद्धि गर्ने उद्देश्यले नेपालमै पहिलो प्रयोगका रूपमा पैँचो पसलको सुरुवात भएको थियो । परम्परामा सीमित हुन पुगेको वस्तु विनिमय प्रथालाई आधार मान्दै ग्रामीण क्षेत्रका आमजनताको उत्पादनको सही सदुपयोग र उपयुक्त बजार प्रबर्धन गर्न पैँचो पसल खोलिएको थियो ।

ग्रामीण क्षेत्रका जनतालाई आवश्यक पर्ने आधारभूत वस्तुहरूको वितरण तथा उपयुक्त बजारका अभावमा खेर गइरहेका गाउँका उत्पादनहरूलाई बजारको पहुँचसम्म पुऱ्याउने मुख्य उद्देश्यका साथ यतिबेला गुल्मी, पाल्पा, अर्घाखाँचीलगायतका जिल्लामा पैँचो अभियान सञ्चालनमा रहेको छ । पैँचोका सञ्चालकहरूले गाउँका किसानहरूको उत्पादनसँग प्रत्यक्ष उपभोक्ताको सम्बन्ध स्थापित गर्न पैँचो पसललाई सेतुका रूपमा उभ्याउने प्रयास गरिरहेका छन् ।

बजारमा गुणस्तरहीन र अखाद्य वस्तुको बाहुल्य भइरहेका बेला पैँचोको सञ्चालनले धरै गाउँले एवं स्थानीयवासीको जीवनस्तर नै परिवर्तन गरिदिएको छ । गतवर्षबाट गुल्मीको रिडीमा आफ्नै प्रशोधन उद्योग स्थापना गरी किसानहरूले उत्पादन गरेका अर्गानिक एवं विश्व स्वास्थ्य सङ्गठनबाट मान्यताप्राप्त आइपीएम पद्धतिका कृषि उपजहरूलाई प्राथमिकताका साथ बजार व्यवस्थापन गर्ने तथा गुणस्तर परीक्षण गरी उपभोक्तालाई गुणस्तरीय सामग्री उपलब्ध गराउने प्रतिबद्धतासमेत पैँचोले व्यक्त गरेको छ । पैँचोले यतिबेला गुल्मी जिल्लाको बलेटक्सारमा प्रधान कार्यालय स्थापना गरी गुल्मीको सदरमुकाम तम्घास, बलेटक्सार, दिगाम,

हुँगा, हर्दिनेटा, रिडी र पाल्पाको अर्गेलीमा मुख्य पैँचो पसलहरू सञ्चालनमा ल्याएको छ भने पैँचो पसलका माध्यमबाट गुल्मी, पाल्पा र अर्घाखाँचीका विभिन्न गाविसका ५० बढी स्थानमा तरकारी तथा फलफूलको सङ्कलन केन्द्र खोलेर स्थानीयवासीलाई पैँचो पसलको सेवा प्रदान गर्दै आएको छ जसले गर्दा सबै किसानहरूलाई पैँचो पसलसँग प्रत्यक्ष सम्बन्ध स्थापना गर्न सहज बनेको छ ।

उता विगत डेढ वर्षदेखि बुटवल र आसपासका क्षेत्रमा समेत बजार विस्तार गरी त्यहाँ बसोबास गर्ने सहरिया बासिन्दालाई उच्च तथा मध्य पहाडी हावापानीमा उत्पादित स्वच्छ, स्वस्थ र अर्गानिक तरकारी, फलफूल र खाद्य सामग्रीहरूसमेत पैँचो बजारमार्फत उपलब्ध गराउँदै आएको छ ।

लामो समयदेखि सहरमा बसोबास गर्दै आए पनि गाँउबस्तीको परिकारलाई भुल्न नसकेका उपभोक्तालाई गाउँघरको उत्पादन अनि त्यसमा पनि पहाडी र उच्च पहाडी क्षेत्रमा उत्पादन भएका कषि उत्पादनहरूको बजारीकरण गर्ने उद्देश्यले स्थापित पैँचोले बजारिया उपभोक्ताको इच्छा पूरा गर्न विशेष बजारीकरणको व्यवस्थापन पनि गरेको छ ।

'बसे पनि सहर गाउँकै खाने रहर' भन्ने मूलमन्त्रलाई आत्मासात् गर्दै सहरिया भान्छाभान्छासम्म पैँचोका उत्पादनहरू पुग्ने गरी बजार व्यवस्थापन गरिएको छ । ग्रामीण क्षेत्रमा किसानको सहयोगी बनेको पैँचोका अभियन्ताहरू सहरका भान्छाका सहयात्री बनिरहेका छन् ।

एउटा फरक प्रयोगका रूपमा स्थापित पैँचो पसलले परम्परामा सीमित भइसकेको वस्तु विनिमय प्रथालाई आधार मान्दै पहाडी ग्रामीण क्षेत्रका जनताको उत्पादनलाई बजारसम्म पुऱ्याउने र उपयुक्त बजार प्रवर्धन गर्ने लक्ष्य लिएको थियो र त्यो अभियान निरन्तर जारी राखेको छ । पैँचोसँग अहिले हजारौँ किसान प्रत्यक्ष जोडिएका छन् भने लाखौँ सहरिया उपभोक्ताहरूसँग पैँचोको सम्बन्ध बन्ने क्रममा छ । पैँचोकै कारण हजारौँ किसान र उपभोक्ता सेवाबाट लाभाविन्त भएका छन् । सीधै किसानसँग जोडिएर कृषिमा आधारित उद्योग सञ्चालन गरिएको सम्भवत पैँचो नै नेपालको पहिलो उद्योग हो ।

सञ्चालकहरूका अनुसार आगामी दिनमा गुल्मी र पाल्पाका हजारौँ किसानहरूसँग सम्झौता नै गरेर तरकारी र फलफूलको कमी आउन नदिने अभियान पनि थालेको छ । राज्यले समेत दूरदराजसम्म परिचालन गर्न नसकेको कृषि प्राविधिज्ञ तथा जेटीए, माटो विज्ञ र पशु चिकित्सकहरू पैँचोका माध्यमबाट गाउँमा परिचालित छन् ।

स्थापनाकालदेखि नै हाते प्रविधि प्रयोग गरेर अचार, चुक, दाललगायतका खाद्यवस्तुको परीक्षण उत्पादन गरी बुटवलमा बिक्री गर्दै आएको पैँचो पसलले गत वैशाखदेखि अत्याधुनिक प्रशोधन कारखानामार्फत २३ प्रकारका खाद्यवस्तु उत्पादन गर्दै आएको छ । पैँचोले अहिले आठ प्रकारका पैँचो अचार, पैँचो होल कर्न कर्नेल, पैँचो आटो, पैँचो कोदाको पीठो, पैँचो टोमेटो केचअप, पैँचो जाम, विभिन्न प्रकारका जुसहरू, परम्परामा सीमित सिन्की, मस्यौराजस्ता उत्पादनहरू आफै

उत्पादन गरी बजारमा ल्याएको छ भने जुम्लाका सिमी, पहाडी जिल्लाका मकैको आटो (च्याँख्ला), जस्ता पहाडी तथा उच्च पहाडी जिल्लाका खाद्यवस्तुहरू प्याकेजिङ गरी बजारमा ल्याएको छ । होल कर्न कर्नर नेपालकै पहिलो उत्पादन हो भने मस्यौरा, सिन्कीको पैँचोले पहिलो पटक व्यावसायिक उत्पादन गरेको छ ।

बजारमा अनेकौं ब्रान्डका खाद्य पदार्थहरू रहेका छन् तर पैँचोका उत्पादनहरू ती खाद्य पदार्थभन्दा फरक छन् । फरक यसकारणले छन् कि पैँचोका सबै उत्पादनहरूमा निश्चित अल्टिच्युड लेभलभन्दा माथिको पहाड र उच्च पहाडी भूभागका कच्चा पदार्थमात्र प्रयोग हुने गरेको छ । पहाडी क्षेत्र र उच्च पहाडी क्षेत्रमा उत्पादन कम हुन्छ भन्ने भ्रमलाई पैँचोसँग जोडिएका किसानले मेटिदिएका छन् । यतिबेला किसानको सम्पूर्ण उत्पादनलाई बजारीकरणको ग्यारेन्टीसमेत गरिएको छ । पहाडमा उत्पादन हुने तर त्यसै खेर गइरहेका खाद्यवस्तुहरू नै पैँचो प्रशोधन केन्द्रका कच्चा पदार्थ हुन् ।

## पहाडी उत्पादनका तरकारी तथा फलफूलका विशेषताहरू

- पहाडी उत्पादनहरू स्वादिष्ट हुन्छन् जसले भान्छामा तपाईं उपभोक्ताको जिब्रोको स्वादलाई पुनः आफ्नै गाउँले जीवनमा फर्काउन सक्छ ।
- पहाडी तरकारी तथा फलफूल पूर्णतः पाचनयोग्य हुन्छन् ।
- पहाडी हरियो तरकारी तथा फलफूलको नियमित सेवनले शरीर फुर्तिलो, कसिलो, आकर्षक तथा निरोगी हुन पुग्छ ।
- विज्ञहरूका अनुसार उच्च पहाडी स्थानमा उत्पादन भएका तरकारी तथा फलफूलको सेवनबाट यौन क्षमतामा वृद्धि हुनाका साथै रोगसँग लड्ने सुरक्षात्मक शक्तिमा पनि निकै वृद्धि हुन्छ ।

एउटा गतिलो उद्देश्य राखेर नौलो कार्य गरे पनि नेपालजस्तो राजनीतिक सङ्क्रमणले गति लिन नसकेको देशमा राखिएका उद्देश्यहरू प्राप्त गर्न त्यति सजिलो भने छैन । नेपाल नै त्यस्तो देश हो जहाँ राज्यको कानुन नागरिकले मात्र होइन राज्यकै अङ्गहरू नै मान्न तयार हुँदैनन् । देशको अर्थमन्त्रीले कृषिमा ६ प्रतिशत ब्याजमा ऋण दिने घोषणा गरेको १ दशक पुग्न लाग्दा नेपालमा कुनै पनि बैङ्कले राज्यको घोषणा मानेका छैनन् । कृषिमा लगानी, सहुलियत र अनुदान नेपालमा केवल कागजमा मात्र सीमित हुने गरेका छन् । गैरसरकारी निकायले गरेको कृषिको लगानी पनि अधिकांश या त फ्रिज हुने गरेका छन् या त कतिपय कागजी प्रक्रिया मिलाएर खर्च भएको देखाइने गरिएको छ । सरकारी सेवा लिँदा किसानले बेहोर्नुपर्ने झन्झटिलो प्रक्रिया, खुल्लेआम हुने भ्रष्टाचार र ढिलासुस्तीका कारण किसानको पहुँच राज्यका निकायसम्म पुग्न सकेको छैन । नेपाललाई व्यवहारमै कृषि प्रधान देश बनाउनका लागि जतिसक्दो छिटो राज्यको कृषिनीतिमा समयानुकूल परिवर्तन गर्नु जरूरी छ ।

# राष्ट्रनिर्माणमा युवाको भूमिका र नेपालमा यसको अवस्था

✍ सुशीला अर्याल

युवा भन्नाले शारीरिक एवम् मानसिक शक्ति र सामर्थ्यले युक्त मानवस्रोत भन्ने बुझिन्छ । समग्र मानव जीवनको सबैभन्दा सक्रिय र उत्पादनशील उमेर अवस्था नै वास्तवमा युवा हो । किशोरकिशोरीजस्तो उच्च संवेगात्मक अवस्था पार गरिसकेका र बुढ्यौलीले छोई नसकेको अवस्थाबीचको उच्च सुझबुझयुक्त एवम् राष्ट्रप्रेमको भावनाले ओतप्रोत भएका १६ वर्षदेखि ४० वर्षसम्मका आर्थिक, भौतिक एवम् मानसिक रूपले सक्रिय तथा सक्षम व्यक्ति नै युवा हुन् । त्यसैले भन्ने गरिन्छ युवा कुनै पनि राष्ट्रको समग्र समृद्धिको मेरुदण्ड र आधार हो ।

बालबालिका एवम् किशोरकिशोरीहरू जो शारीरिक एवम् मानसिक रूपले अर्थोपार्जन तथा राज्यका विविध क्षेत्रका निर्णयमा प्रभाव पार्नसक्ने गरी सक्षम भइसकेका हुँदैनन् त्यस्तै गरी प्रौढावस्था जसले आफ्नो जीवनको सबै उर्वर समय व्यतीत गरी शारीरिक रूप तथा मानसिक रूपले निष्क्रियतातर्फ मुखरित भएको हुन्छ त्यस्ता दुई समूहको संरक्षण एवम् कल्याणको जिम्मासमेत आफ्नो काँधमा लिँदै राज्यको समग्र विकासको बाटो खोल्ने जिम्मासमेत युवाहरूकै काँधमा रहेको हुन्छ ।

नेपालको जनगणना २०६८ अनुसार वर्तमान जनसाङ्ख्यिक संरचनाको ठूलो हिस्सा (कुल जनसङ्ख्याको करिब ४०.५४%) युवाको जनसङ्ख्याले ओगटेको छ । यस्तो जनसाङ्ख्यिक संरचना वर्तमानको जनसङ्ख्या वृद्धिदर र औसत आयुमा भएको वृद्धिलाई मध्यनजर गर्दा धेरै लामो समय रहिरहने अवस्था देखिँदैन किनकि मानिसको चेतनाका स्तरमा आएको सुधार र परिवार नियोजनका साधनको प्रयोगमा आएको बढोत्तरीका कारण जन्मदर घट्दै गएको छ भने औसत आयुमा समेत वृद्धि भएका कारण प्रौढ अवस्थामा रहेको जनसङ्ख्याको हिस्सामा वृद्धि हुँदै गएको देखिन्छ । यस अवस्थामा देशमा अहिलेको समयमा उपलब्ध युवाशक्तिको अधिकतम उपयोग गर्दै demographic dividend लिन सक्नुमै हाम्रो देशको भविष्य उज्ज्वल छ ।

युवाहरू नै विकासका वाहक र सूत्रधार हुन् । विकास भन्नाले आर्थिक वृद्धि मात्र नभई राजनीतिक, सामाजिक/सांस्कृतिक एवम् मानवीय क्षेत्रमा आएको सकारात्मक वृद्धि भन्ने बुझिन्छ । युवाहरूले विकासको कुनै एक मात्र आयामको नेतृत्व नगरी विकासका सम्पूर्ण बहुआयामिक क्षेत्रमा leading role खेल्न सक्छन् जसलाई यसरी पनि उल्लेख गर्न सकिन्छ :

१. **सामाजिक/सांस्कृतिक आयाम :** विकासको सामाजिक/सांस्कृतिक आयामले कुनै पनि मुलुकले मान्दै आएको सामाजिक/सांस्कृतिक मान्यता र परम्पराको विकास प्रक्रियामा सकारात्मक परिवर्तनलाई समेट्छ साथै कुनै पनि स्थान विशेषमा सामाजिक/सांस्कृतिक रूपमा harmful practices हरू अँगालिँदै आएको रहेछ भने त्यसको परिवर्तन र न्यूनीकरणमा युवाहरूले सकारात्मक भूमिका खेल्न सक्दछन् । उदाहरणका रूपमा नेपालका विभिन्न स्थान विशेषमा प्रचलनमा रहेका देउकी, छाउपडी, बहुपति प्रथा आदिको न्यूनीकरणमा युवाहरूले खेलेको भूमिकालाई लिन सकिन्छ ।

२. **आर्थिक आयाम :** सामान्यतः झट्ट सुन्दा समग्र विकास भनेर चिनिने विकासको आर्थिक आयामले देशको अर्थतन्त्र तथा कुल गार्हस्थ उत्पादनमा आएको सकारात्मक सुधारलाई जनाउँछ । देशमा रहेको जनसङ्ख्यामध्ये आर्थिक रूपमा सक्रिय युवाले नै आर्थिक विकासलाई अगाडि बढाउने गर्दछन् । हाम्रो देशको वर्तमान अवस्थामा आएको कुल गार्हस्थ उत्पादन तथा अर्थतन्त्रको आकारमा आएको वृद्धिको प्रमुख कारक तत्त्व पनि युवाहरूले विदेशबाट पठाएको रेमिट्यान्स रकम हो ।

३. **राजनैतिक आयाम :** विकासको यस आयामले देशको नेतृत्व गर्ने राजनीतिक नेतृत्वमा असल संस्कार र अभ्यासलाई समेट्छ । विश्वमा कुनै त्यस्तो मुलुक सायदै होला जुन देशको राजनैतिक क्रान्ति र परिवर्तनको नेतृत्व युवाले नगरेको होस् । नेपालका हरेक कालखण्डमा भएका राजनैतिक परिवर्तन एवम् क्रान्तिमा युवाकै नेतृत्वमा मुलुकले अग्रगामी परिवर्तनको पथ पहिल्याएको देखिन्छ ।

४. **मानवीय आयाम :** देशमा बसोवास गर्ने आमजनताको चेतनाको स्तरमा आएको सकारात्मक सोच नै विकासको मानवीय आयाम हो । मानिसमा सदियौँदेखि रहिआएका कतिपय गलत सोचलाई परिवर्तन गर्दै शिक्षा र स्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धिमार्फत मानिसको समग्र जीवन स्तरमा परिवर्तन ल्याउने कार्य युवाहरूको प्रयासविना सम्भव हुने कल्पनासम्म पनि गर्न सकिँदैन ।

यसरी सक्रिय रूपमा रहेका राज्यका अमूल्य सम्पदा युवाहरूले राज्यका खातिर आफ्नो कर्तव्य निभाउनु आवश्यक छ । जसरी भूकम्पपश्चात्को समयमा राहत र उद्धारका लागि समग्र युवाले आफ्नो शक्ति लगाए त्यसै गरी राष्ट्रको विकासमा पनि युवाहरू लाग्नुपर्ने देखिन्छ । नेपालको वर्तमान संविधान, २०७२ को विभिन्न अग्रगामी प्रावधानसहित निर्माण गर्नमा देशका समग्र युवा एवम् युवा सभासद्हरूले गरेको खबरदारी उल्लेखनीय रह्यो । युवाहरू भनेका परिवर्तनका संवाहक हुन् चाहे त्यो सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक आदि कुनै पनि परिवर्तन नै किन नहोस् । एक दशकदेखि चलेको सशस्त्र द्वन्द्वबाट मुलुकलाई निकास दिन तथा तत्पश्चात्को सङ्क्रमणकालीन अवस्थाको व्यवस्थापन गर्न युवाहरूले खेलेको भूमिका समग्रमा सराहनीय छ । त्यसै गरी संविधानको निर्माण तथा

कार्यान्वयन एवम् सङ्घीयताको कार्यान्वयनका लागि समेत युवाको अहम् भूमिका आवश्यक छ। नेपालका प्रत्येक राजनैतिक परिवर्तन चाहे त्यो राणाशासन विरुद्धको २००७ सालको प्रजातान्त्रिक परिवर्तन होस् वा २०३६ सालको पञ्चायत विरोधी आन्दोलन होस् वा २०४६ सालको बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापनाका लागि भएको सङ्घर्ष होस् वा २०६२।०६३ सालको राजनैतिक परिवर्तन होस् सबै परिवर्तनका आधार एवम् नेतृत्वकर्ता युवा नै हुन् भन्ने कुरा सबैका अघि घामझैँ छर्लङ्ग छ।

वर्तमान समयमा मुलुकमा उपलब्ध demographic dividend को उपयोग गर्न सरकारले प्रत्येक दिन १५०० का दरले बिदेसिने युवाशक्तिलाई स्वदेशमै retain गर्ने खालका नीति र कार्ययोजना ल्याउन ढिला गर्नुहुँदैन। एकातर्फ देशको भूकम्पपछिको पुनः निर्माण र समग्र पूर्वाधार निर्माणका लागि आवश्यक युवाशक्तिको अभाव खड्किरहेको छ भने अर्कातर्फ खाडीको चर्को घाममा रगत र पसिना बहाउन बाध्य कम्तीमा ३ युवाको शव राज्यले बुझ्नु परिरहेको तितो यथार्थ पनि हाम्रा सामु छ। यस परिप्रेक्ष्यमा युवा जनशक्तिलाई बिदेसिनबाट रोकी राष्ट्रनिर्माणमा लगाउनु आजका राजनैतिक नेतृत्वको प्रमुख दायित्व र कर्तव्य हो।

देशबाट अदक्ष र अर्धदक्ष युवा जनशक्तिलाई विदेशी मरुभूमिमा 3D (Difficult, Dirty & Danger) कामका लागि श्रम बेच्न बाध्य तुल्याई उनीहरूले पठाएको remittance का जगमा देशको अर्थतन्त्रको वृद्धि भयो भनेर खुसी हुनु किमार्थ दूरदर्शिता हुन सक्दैन। विदेशको तातो घाममा 3D कामका लागि आफ्नो श्रम खर्चिन बाध्य युवाबाट लामो समयसम्म remittance प्राप्त हुन सक्दैन किनकि यस्तो काम गर्ने युवाहरूको स्वास्थ्यमा नकारात्मक प्रभाव परी विभिन्न रोगले ग्रस्त भएर फर्किने युवाहरूको सङ्ख्या पनि उल्लेख्य रहेको विभिन्न अध्ययनहरूले देखाएका छन्। यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने बिदेसिएका युवाबाट प्राप्त हुने remittance क्रमशः घट्दै गई उनीहरूको स्वास्थ्य उपचारलगायतका सामाजिक सुरक्षाका क्षेत्रमा राज्यले ठूलो लगानी गर्नुपर्ने देखिन्छ। अझै पनि बिदेसिएका युवालाई फर्काउन र बिदेसिने युवालाई रोक्न राज्यले उपयुक्त कदम नचाल्ने हो भने राज्यले यस बापत ठूलो मूल्य चुकाउनुपर्ने हुन्छ।

एक अध्ययनले के निष्कर्ष निकालेको छ भने वर्तमान समयमा खाडी मुलुकमा काम गर्न जाने हरेक युवाले आफ्ना सन्ततिलाई सहर वा सहर उन्मुख नगरहरूमा रहेका राम्रा निजी विद्यालयमा पढाइरहेका छन् र ती बालबालिकाहरू दीक्षित हुँदा पनि देशमा रोजगारीको पर्याप्त अवसर नहुने हो भने उनीहरू युवा अवस्थामा खाडी मुलुक नभई विकसित मानिने अमेरिकी र युरोपेली मुलुकहरूतर्फ लाग्नेछन् त्यसपश्चात् राष्ट्रमा न रेमिट्यान्स भित्रिने छ न युवाशक्ति फर्कनेछ। त्यस अवस्थामा राष्ट्रको अवस्था कस्तो होला एक पटक गम्भीर रूपले सोच्नुपर्ने अवस्था टड्कारो रूपमा आएको छ।

युवाशक्तिमा राज्यलाई नयाँ ढङ्गले

डोऱ्याउने सोच र ताकत रहेको हुन्छ। उनीहरूलाई देशको नेतृत्व सम्हाल्ने अवसर प्रदान गर्दै आफू संरक्षकीय भूमिकामा रहन अबको राजनैतिक नेतृत्वले कन्जुस्याइँ गर्नु र अप्ठ्यारो मान्नुहुँदैन । त्यसै गरी आफ्नो देशमा सबै चुनौती र असहजता मात्र देख्ने तर अर्काको देशमा गई जे गर्न पनि तयार रहने मानसिकताबाट युवावर्ग पनि मुक्त हुनु अति आवश्यक छ। विदेशमा गई कठिन काम गरेर आर्जन गरिने आय बराबर स्वदेशमै आफ्नै घरपरिवारसँग बसेर कमाउन सकिन्छ भने किन विदेश जाने ? एकातर्फ आफ्नै माटोमा आफ्नैसँग रमाई बाँच्न पाइने अनि अर्कातर्फ देशविकासको पुनीत कार्यमा प्रत्यक्ष, अप्रत्यक्ष रूपमा पनि सहभागी हुने अवसर पाइने । यसतर्फ युवाहरूले वेलैमा सोच्नु जरूरी छ ।

अबको सचेत युवावर्गले हरेक नकारात्मक कुराको अपजस सरकारलाई मात्र लगाउने र चुनौती मात्र देख्ने सोचबाट मुक्त भई राज्यप्रति आफ्नो कर्तव्यबोध गर्दै आफ्नो मातृभूमिका लागि केही गर्ने अठोट लिनु जरुरी छ । देशमा उचित रोजगारीका अवसर एवम् सहज राजनीतिक वातावरण तयार गर्ने कार्यमा राज्य पक्ष पनि पछि पर्नुहुँदैन। यसो हुन सकेमा युवाको विदेश पलायन हुने क्रममा कमी आई राज्यले अग्रगमनको बाटो समात्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

युवाले राष्ट्रलाई समुन्नतिका मार्गमा डोऱ्याउने हुनाले उत्प्रेरित युवाशक्तिको सार्थक उपयोगद्वारा देशको अग्रगामी परिवर्तनका लागि राज्यद्वारा ठोस पहलकदमी चाँडोभन्दा चाँडो हुनु आजको अपरिहार्य आवश्यकता हो ।

उपसचिव, युवा तथा खेलकुद मन्त्रालय

# सूचनाप्रविधिको सागरमा रोजगारी अपार

✍ इ. महेश पाण्डे

सूचनाप्रविधिको संसारमा रोजगारीका अवसरहरू अपार छन् । तर तपाईँले आफ्नो रुचिअनुसार सही विषय छान्न सक्नुपर्दछ। नेपालमा कम्प्युटरको पहुँच आमजनतामा हुन थालेको सायद एक दशक हुन थाल्यो होला । सुरुसुरुमा कम्प्युटरलाई उच्च वर्ग र बिजनेस क्लासका व्याक्तिहरूको लग्जरी (मनोरञ्जन) का रूपमा लिइन्थ्यो भने अब यो आमजिन्दगीका निमित्त जरुरी बनिसकेको छ। शिक्षा, बैङ्किङ सपिङ आदि क्षेत्रमा यसले नयाँ उचाइ लिएको छ। कम्प्युटरमा सबै विषयमा साधारण जानकारी लिनुभन्दा कुनै एउटा विषयमा राम्रो ज्ञान हसिल गर्न सके त्यसबाट रोजगारी पाउन सकिन्छ र क्वालिटी सर्भिस दिन सकिन्छ । नेपालमा क्वालिटी मेनपावरको अभाव रहेको छ, आउनुहोस् यसका बारेमा केही छलफल गरौँ । यी विषयहरूमा तपाईँले आफूलाई अपग्रेड गर्न सकेमा रोजगारी नै रोजगारी पाउन सक्नुहुन्छ। यसका लागि तपाईँ कम्प्युटर इन्जिनियर वा आइटी प्रोफेसनल भइरहनुपर्दैन ।

## ग्राफिक्स डिजाइनर

कुनै कम्पनीको उत्पादनहरूलाई पत्रपत्रिकाका माध्यमबाट वा बुकलेटमार्फत उपभोक्तासामु पुऱ्याउन वा पत्रपत्रिका प्रकाशन गर्नुभन्दा अगाडि त्यसलाई आकर्षक तरिकाले तयारी गर्नुलाई ग्राफिक डिजाइन भनिन्छ भने त्यसलाई डिजाइनमा ढाल्ने व्यक्तिलाई ग्राफिक डिजाइनर भनिन्छ । तपाईँ आर्टमा राम्रो हुनुहुन्छ र क्रिएसनमा रुचि राख्नुहुन्छ भने तपाईँका लागि यो विषय राम्रो हुन सक्दछ । ग्राफिक डिजाइनर बन्नका लागि तपाईँले कम्प्युटरको अधारभूत जानकारी हासिल गरेपछि पेजमेकर वा इनडिजाइन र फोटोसपको राम्रो ज्ञान हासिल गर्नुभएमा तपाईँ ग्राफिक डिजाइनर बन्न सक्नुहुन्छ र तपाईँले फ्रिह्यान्ड वा कोरलड्र सिकेमा अझ राम्रो हुन्छ । त्यसमा अझ दक्षता हासिल गर्न चाहनुहुन्छ भने त्यससँग सम्बन्धित अरू विभिन्न सफ्टवेयरहरूको ज्ञान लिन पनि सक्नुहुन्छ। यस विषयमा राम्रो ज्ञान लिएपछि तपाईँले १५ हजारदेखि ५० हजारसम्मको जागिर पाउन सक्नुहुन्छ । या आफ्नै संस्था खोलेर सेवा पनि दिन सक्नुहुन्छ ।



## हार्डवयर टेक्निसियन

कम्प्युटरका पार्टहरू जसलाई छोएर पनि महसुस गर्न सकिन्छ ती वस्तुहरूलाई हार्डवयर भनिन्छ। कम्प्युटरको पार्ट दुरुस्त भएमा कम्प्युटर पनि चुस्त हुन्छ। हाम्रो मानव शरीरको कुनै पनि अङ्गमा गडबडी भएमा त्यसको सीधा असर हाम्रो दैनिक जीवनमा पर्दछ। त्यस्तै यो कुरा कम्प्युटरमा पनि लागू हुन्छ। कम्प्युटरका पार्टपुर्जामा आउने समस्यालाई ठिक पार्न जुन डाक्टरको आवश्यकता पर्दछ उनीहरूलाई कम्प्युटर हार्डवयर टेक्निसियन वा हार्डवयर प्रोफेसनल भनिन्छ। कम्प्युटरका पार्टलाई जोडेर कम्प्युटर बनाउनु, बिग्रेको पार्टलाई मर्मत गरी पुनः बनाउनु कम्प्युटर प्रोफेसनलको मुख्य काम हुने गर्दछ। यसका लागि तपाईंले राम्रो कम्प्युटर प्रोफेसनलकहाँ गएर कम्प्युटर हार्डवयर ट्रेनिङ्ग लिनु जरुरी हुन्छ। यस विषयमा तपाईंले इलेक्ट्रोनिक्सका विषयमा, सिस्टम सफ्टवेयरका विषयमा, हार्डवयर पार्टहरूका विषयमा राम्रो ज्ञान लिएर कम्प्युटर हार्डवेयर टेक्निसियन बन्न सक्नुहुन्छ र तपाईंले रु. १०,००० देखि ७५,००० सम्मको रोजगारी पाउन सक्नुहुन्छ या आफ्नै संस्था खोलेर सेवा पनि दिन सक्नुहुन्छ।



## वेबसाइट डेभलपर


गुगल या विङ्गमा एकपटक क्लिक गरेमा तपाईंले हजारौं वेभसाइटहरू आफ्ना सामु पाउन सक्नुहुन्छ। यी वेभसाइटहरू हेर्दा तपाईंको दिमागमा कुरा खेल्छ होला आखिर यो वेभसाइट कसले बनाउँछ होला भनेर। कम्प्युटर जगत्मा यो वेभसाइट बनाउने श्रेय वेभ डेभलपरलाई जान्छ। फ्रन्टपेज, ड्रिम्वेवर, फ्ल्यास, एचटी एमएल, एचटी एमएल ३, जुम्लो वर्डप्रेस जस्ता सफ्टवेयर प्रयोग गरेर वेभसाइटहरू तयार गर्न सकिन्छ। ग्राहकको डिमान्डलाई बुझेर उसको जरुरीलाई आफ्नो क्रिएसनमा कल्पना गरेर सोहीअनुरूप बनाउन सकेमा वेभसाइट बनाएर पनि राम्रो आम्दानी गर्न सकिन्छ। आफ्नो अनुभव र जानकारी अनुसार रु. १५,००० देखि १,००,००० सम्म आम्दानी गर्न सक्नुहुन्छ।

## सफ्टवेयर र APPLICATION (APPS) डेभलपर

कम्प्युटरमा चल्ने र हार्डवेयरहरूलाई काम गर्न सहयोग पुऱ्याउन कोडिङ गरी बनाएका कमान्डहरूको प्याकेजलाई सफ्टवेयर भनिन्छ र ती सफ्टवेयरहरू बनाउने व्यक्तिलाई सफ्टवेयर डेभलपर भनिन्छ। माइक्रोसफ्टदेखि लिएर अरू साना र ठूला कम्पनीहरूले आफ्नो आवश्यकताअनुसार सफ्टवेयर र Apps डेभलपरहरू राख्ने गर्दछन्। सफ्टवेयर डेभलपमेन्ट विभिन्न सफ्टवेयर ल्याङ्ग्वेज (भाषा) को प्रयोग गरेर विकास गरिन्छ। सफ्टवेयर डेभलपर बन्नका लागि प्रोगामिङ ल्याङ्ग्वेज C,C++जाभा, ORACLE ,भिजुवल वेसिकमा दक्ष हुनु जरुरी हुन्छ। एउटा कुनै भाषामा राम्रो

ज्ञान हासिल गरेपछि अरू भाषामा पनि सफ्टवेयर डेभलप गर्न सकिन्छ । सफ्टवेयर डेभलपरले सुरुमा २५ हजारदेखि राम्रो दक्ष भएमा नेपालमै २ लाखसम्म पनि तलब खाएर बसेको पाइएको छ ।

## नेटवर्क एडमिनिस्ट्रेटर



दुई वा दुईभन्दा बढी कम्प्युटरलाई तार वा ताररहित प्रविधिबाट जोडी सूचना आदानप्रदान गरिन्छ भने त्यसलाई नै नेटवर्किङ भनिन्छ । यसका लागि एउटा कोठामा, घरमा, सहरमा वा देशदेशमा रहेका कम्प्युरहरूसँग सञ्जाल बनाउन सकिन्छ । एउटा कोठा वा ३०० मिटर वरिपरिको एरियालाई कभरेज गर्ने गरी गरिएको नेटवर्कलाई लोकल एरिया नेटवर्क (LAN) भनिन्छ भने एउटा सहरमा केन्द्रित नेटवर्कलाई मेट्रोपोलिटेन एरिया नेटवर्क (MAN) भनिन्छ । यी सबै सिस्टमहरू जोड्ने र त्यसलाई कन्ट्रोल गर्न सक्ने व्यक्तिलाई नेटवर्क एडमिनिस्ट्रेटर भनिन्छ । यसका लागि कम्प्युटर हार्डवेयर पढिसकेपछि कम्प्युटर नेटवर्किङ र एडमिनिस्ट्रेटरसम्बन्धी ज्ञान हासिल गर्नुपर्ने हुन्छ । नेटवर्क एडमिनिस्ट्रेटर हुनका लागि LUNIX वा MS Windows Server, Microsoft Certified System Engineer(MCSE), Microsoft Certified Professionals(MCP), Cisco का बारेमा तपाईंले राम्रो ज्ञान हासिल गर्नु जरुरी छ । यदि यस विषयमा तपाईंले ज्ञान हासिल गर्नु भएमा विभिन्न बैङ्क वा फाइनान्स कम्पनीहरूमा रु. २५ हजारदेखि ३ लाखसम्म मासिक तलब पाउन सक्नुहुन्छ । यस किसिमको रोजगारीको डिमान्ड विश्वभर नै रहेको छ ।

## डाटाबेस एडमिनिस्ट्रेटर

कम्प्युटरमा स्टोर भएको सफ्टकपी इन्फरमेसनलाई डाटा भनिन्छ । आजको इ-वर्डमा सबै काम पेपरका सट्टा इलेक्ट्रोनिक्स फममा कम्प्युटरमा हुन थालेको छ । ठूलाठूला कम्पनी र बैङ्कहरूमा यी डाटाहरू सही तरिकाबाट व्यवस्थित गरेर राख्न (DBA) डाटावेस एडमिनिस्ट्रेटरको आवश्यकता पर्दछ । कम्पनीका यी सूचनालाई स्टोर गरेर राख्ने, आवश्यकता पर्दा कम्पनीको फाइदाका लागि प्रयोग गर्न भविष्यमा आइपरेमा डाटावेसलाई अपडेट गर्ने काम डाटावेस एडमिनिस्ट्रेटरको हुन्छ । डाटाको महत्त्वका कारण डाटावेस प्रोफेसनलको माग सधैँ भइरहन्छ । प्रोफेसनलहरूले २५ हजारदेखि १५० हजारसम्मको रोजगारी नेपालमा नै पाउन सक्दछन् । यिनीहरूको डिमान्ड विदेशमा झन् बढिरहेको छ । यसका लागि तपाईंमा Oracle certified Professionals (OCP, Oracle/ Microsoft SQL जस्ता सफ्टवेयरहरूको ज्ञान हुनु जरूरी छ ।

## सिस्टम एनालिस्ट

कुनै पनि काम गर्नुभन्दा अगाडि त्यस कामको प्लानिङ गर्नु जरूरी हुन्छ । कम्प्युटरमा

पनि सफ्टवेयर बनाउनुभन्दा पहिले प्लान बनाउन सकिन्छ जसले त्यस प्रोजेक्टको अध्ययन गरी प्लानिङ बनाउँछ त्यसलाई सिस्टम एनालिस्ट भनिन्छ । सिस्टम एनालिस्टले प्लान गरेबमोजिम सफ्टवेयर डेभलपरले कस्टमरको रोजाइअनुसार एनालिस्टका रूपमा भाषा छानेर सफ्टवेयर डेभलप गर्दछ । सिस्टम एनालिस्टका रूपमा क्यारियर बनाउन सबै खालका सफ्टवेयर र हार्डवेयरको बिजनेसको आवश्यकताअनुसार त्यसलाई बुझ्रेर सिस्टम एनालिस्टले नेपालमै पनि १ लाखदेखि ५० लाखसम्म तलब खान सक्दछ भने विदेशमा १० औँ लाखसम्म पनि तलब खान सक्दछ ।

## क्वालिटी एनालिस्ट

सिस्टम एनालिस्टले बनाएको प्रोग्राममा सफ्टवेयर डेभलपरले सफ्टवेयर बनाएपछि त्यसलाई चेक जाँच गर्ने प्राविधिकलाई क्वालिटी एनालिस्ट भनिन्छ । कुनै पनि प्रोग्राम क्वालिटी एनालिस्टद्वारा टेस्ट गरेर उसले हरियो सिग्नल दिउन्जेल युजरसम्म पुग्न पाउँदैन । तपाईंलाई थाहा छ जी मेल पनि आमयुजरसम्म पुऱ्याउनुअघि २ वर्ष टेस्ट गरिएको थियो । यस विषयमा नेपालमा भन्दा विदेशमा बढी डिमान्ड भएकाले राम्रो आम्दानी गर्न सकिन्छ ।

त्यसकारण यी माथि दिइएका विषयमध्ये तपाईंलाई कुनै पनि रमाइलो र इन्ट्रेस्टिङ लाग्यो भने त्यसलाई छानेर आफ्नो भविष्य प्रविधिका क्षेत्रमा पनि उज्ज्वल बनाउन सक्नुहुन्छ ।

# युवाविकासका नीति, रणनीति र कार्यक्रम

✍ ज्ञानराज सुवेदी

## १. पृष्ठभूमि

युवाशक्तिको गुणात्मक विकासका माध्यमबाट अल्पविकसित रूपमा रहेको नेपालले सन् २०२२ मा विकासशील र सन् २030 मा मध्यम आम्दानी भएको मुलुकका रूपमा up grade हुने लक्ष्य राखेको छ । नेपालमा सर्वप्रथम २०५२ सालमा युवाक्षेत्रका कार्य गर्न युवा तथा खेलकुद मन्त्रालय स्थापना भए पनि मन्त्रालय समायोजन गर्दा पछि शिक्षा मन्त्रालयसँग एकीकृत भई शिक्षा तथा खेलकुद मन्त्रालय हुन पुगेकामा पुनः २०६५ सालमा युवा तथा खेलकुद मन्त्रालय गठन भएको पाइन्छ । मन्त्रालय गठन भएलगत्तै सरोकारवाला युवासँगको समन्वय र सहकार्य गर्दै मन्त्रालयले २०६६ सालमा सर्वप्रथम युवाक्षेत्रमा कानुनी दस्ताबेज राष्ट्रिय युवा नीति २०६६ तयार गरी कार्यान्वयनमा ल्याएसँगै युवाक्षेत्रमा काम गर्ने कानुनी आधारशिला तयार भएको पाइन्छ। राष्ट्रिय युवा नीति २०६६ ले युवाको शिक्षा, स्वास्थ्य, रोजगार, उद्यमशीलतालगायतका धेरै क्षेत्रमा काम गर्ने गरी crooscutting विषय उल्लेख गरिएको, युवा परिषद् गठनको उद्देश्य राखेको भए तापनि नीतिले उल्लेख गरेका विषयमा आवश्यक कानुन समयमै बन्न नसक्दा उक्त नीति व्यावहारिक कार्यान्वयनमा कमजोर साबित हुन गयो। अर्कातिर सबै पक्ष समावेश भएको तर प्राथमिकताक्रम निर्धारण हुन नसक्दा कार्यान्वयनमा कमजोर हुन गएको पाइन्छ । २०६६ सालदेखि २०७२ सालसम्ममा मन्त्रालयले युवानीतिको कार्यान्वयनमा केही सीमित कार्यक्रमहरू बनाएर कार्यान्वयनको प्रयास गरेको थियो । यद्यपि युवानीति कार्यान्वयन गर्ने मन्त्रालयअन्तर्गत निकाय/सङ्गठन संरचनाको अभाव तथा अन्तरमन्त्रालय समन्वयको कमीका कारण प्रभावकारी कार्यान्वयन हुन सकेन । यही पृष्ठभूमिलाई आधार मानी नेपाल सरकारले राष्ट्रिय युवा नीति २०७२ पारित गरी कार्यान्वयनमा ल्याएको छ ।

## २. परिभाषा

कुनै पनि देशको विकासका लागि युवा जनशक्ति उक्त देशको मेरुदण्ड एवं ऊर्जा हुन् । युवाशक्ति सक्षम रहेको र उक्त जनशक्तिले स्वदेशमा उपयुक्त काम गर्ने अवसर पाएका अवस्थामा नै देशले विकासको Take-off चरण लिएको विश्वका विकसित मुलुकको अनुभवले देखाएको छ । युवाशक्ति देशको सबैभन्दा बढी गतिशील र ऊर्जावान् जनशक्ति हो । UN को परिभाषामा १५ देखि २४ वर्ष उमेर समूहलाई युवा, छिमेकी देश भारतमा १८ देखि २९ वर्ष उमेर समूहलाई, अर्को छिमेकी देश चीनमा १८ देखि ३५ वर्ष उमेर समूहलाई युवा मानेका सन्दर्भमा नेपालको युवानीतिले १६ देखि ४० वर्ष उमेर समूहलाई युवा

मानी परिभाषित गरेको छ । युथ भिजन २०२५ ले युवाको उमेर, आवश्यकता र सम्भावनाका आधारमा १६ देखि २४ वर्षसम्मलाई अध्ययनको चरण र २६ देखि ४० वर्षसम्मको उमेर समूहलाई रोजगारी, आत्मनिर्भर तथा उद्यमशीलताको चरण मानेको छ । नेपालको राष्ट्रिय जनगणना २०६८ लाई आधार मान्दा नेपालमा युवा जनसङ्ख्या कुल जनसङ्ख्याको ४०.३५ प्रतिशत रहेको र कुल सङ्ख्यामा भन्नुपर्दा झन्डै १ करोड ७ लाख बढी हुन आउँछ । तसर्थ नेपालमा युवा जनसङ्ख्या बाहुल्य रहेको हालको चरणमा जनसाङ्ख्यिक लाभांशको भरपूर उपयोग गर्दै २०७९ सालमा विकासशील राष्ट्र बन्ने, सन् २०३० मा मध्यम आय भएको मुलुकमा स्तरोन्नति हुँदै SDGs को दिगो विकास लक्ष्य हासिल गर्नमा समेत सकारात्मक भूमिकामा हुने नेपाल सरकारको अपेक्षा रहेको छ । तसर्थ नेपाल हाल पर्याप्त सङ्ख्यामा रहेको युवाशक्तिको गुणात्मक विकास गर्ने र population dividend को लाभ लिने सुनौलो चरणमा रहेको छ । देशको समग्र विकासका लागि यसलाई Green Signal का रूपमा बुझ्न सकिन्छ ।

## ३. युवाविकासमा राष्ट्रिय प्राथमिकता सन्दर्भ

क) नेपालको वर्तमान संविधान (नेपालको संविधान २०७२) : "राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातवरण सृजना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लीगि उपयुक्त अवसर प्रदान गर्ने ।" नेपालको संविधान धारा १ ञ (७) ।

त्यस्तै "देशका सबै युवाले देशभित्र नै काम पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक, आर्थिक शक्तिका रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने ।" धारा ५१ झ (१) ।

"प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीको सर्त, अवस्था र बेरोजगार सहायता सङ्घीय कानुनबमोजिम हुनेछ । प्रत्येक नागरिकलाई रोजगारीको छनोट गर्न पाउने हक हुनेछ भनी रोजगारीको अधिकार उल्लेख भएको ।" मौलिक हक (धारा ३३) ।

ख) चालू आवधिक योजना/चौधौं योजना (२०७३/७४-२०७५/७६): युवामा प्राविधिक शिक्षा, क्षमता अभिवृद्धि तथा उद्यमशीलता प्रवर्धन, युवा प्रोत्साहन/सम्मान नीति, रोजगारीका अवसर वृद्धि (वार्षिक ४ लाख रोजगारी सृजना गरिने), युवा स्वरोजगार कोषलाई प्रभावकारी बनाइने, तालिम तथा परामर्श कार्यक्रम, नेतृत्व विकास कार्यक्रम, सचेतनामूलक कार्यक्रम, स्वयंसेवा कार्यक्रम प्रवर्धन (प्र.म.को संयोजकत्वमा स्वयंसेवक परिचालन), स्काउट सेवा विस्तार, खेलकुद र योगाभ्यास, श्रमको सम्मान गर्ने संस्कार, १० लाख युवाहरू राष्ट्रिय स्वयंसेवा अभियानमा संलग्न भएका हुने, खेलका माध्यमबाट स्वस्थ युवा, खेलकुदतर्फ आगामी ३ वर्षमा ११ वटा क्रिकेट मैदान तयार भएको हुने, प्रशिक्षण प्राप्त गर्ने खेलाडीको सङ्ख्या वार्षिक १५,००० पुग्ने, स्काउटको सङ्ख्या ३०,००० ले वृद्धि भएको हुने र ६०,००० स्काउटर स्वयंसेवक परिचालन हुने, अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक प्राप्त गरिने आदि लक्ष्य राखिएका छन् ।

ग) चालू आ.व. २०७३/७४ को बजेट तथा कार्यक्रममा युवा : चालू आ.व. २०७३/७४ मा युवा तथा खेलकुद सम्बन्धमा नेपाल सरकारका प्राथमिकतामा रहेका कार्यक्रमहरू देहायबमोजिम रहेका छन् :

- मूलपानी, भैरहवा र धनगढीमा क्रिकेट मैदान।
- झापाको लखनपुर र काठमाडौँमा अन्तर्राष्ट्रिय स्तरको रङ्गशाला निर्माण गरिने ।
- १३ औँ द. एसियाली खेलकुदको तयारीका लागि २० करोड तयारी ।
- सबै सामुदायिक विद्यालयमा अनिवार्य राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता ।
- युवा स्वरोजगार कार्यक्रमको विस्तार ।
- १० युवा १ युवा उद्यम समूह कार्यक्रम ।
- अन्तर्राष्ट्रिय पदक जित्ने खेलाडीलाई पुरस्कार।
- मुस्ताङ र सोलुखुम्बुमा हाइ अल्टिच्युट स्पोर्टस् स्टेडियम निर्माण ।
- चरणबद्ध रूपमा राष्ट्रिय स्वास्थ्य बिमा योजना।

## ४. राष्ट्रिय युवानीति- २०७२ मा उल्लिखित प्रमुख नीति, रणनीति र कार्यक्रमहरू

राष्ट्रिय युवानीति २०६६ कार्यान्वयनमा आएको ५ वर्ष पूरा भए पनि प्रभावकारी बन्न नसकेका सन्दर्भमा नेपाल सरकारले सरोकारवालाको सहयोग र समन्वयमा राष्ट्रिय युवा नीति, २०७२ र युवाविकासको १० वर्षे रणनीतिक योजनासहित युथ भिजन -२०२५ पारित गरी कार्यान्वयनमा ल्यायो। २०७२ सालमा नै युवा परिषद् ऐन २०७२ पारित भई कार्यान्वयनमा आएपछि विधिवत् रूपमा राष्ट्रिय युवा परिषद् गठन गर्ने मार्ग प्रशस्त हुन गई गठनसमेत हुन गयो। समावेशी प्रकृतिको राष्ट्रिय युवा परिषद् केन्द्र र जिल्ला तहसम्म विस्तार भएबाट सरकारका युवासम्बन्धी कार्यक्रम कार्यान्वयन र समन्वय गर्ने महत्त्वपूर्ण सङ्गठन संरचना तयार हुन गयो। साथै राष्ट्रिय युवा नीति २०७२ को मूल मर्मभित्र रहेर युवाविकासको दश वर्षे रणनीतिक योजना युथ भिजन २०२५ ले ५ वटा युवाविकासका प्राथमिकताक्रम तय गर्‍यो । ती हुन् : (१) गुणस्तरीय र व्यावसायिक शिक्षा, (२) रोजगारी, उद्यमशीलता र सीप विकास, (३) युवा स्वास्थ्य र सामाजिक सुरक्षा, (४) परिचालन, सहभागिता र नेतृत्व विकास अनि (५) खेलकुद र मनोरञ्जन । सबै प्राथमिकता कार्यान्वयन गरिएको सुनिश्चितता प्राप्त गर्न आवश्यक (आधार वर्ष सन् २०१४) पहिलो ५ वर्षका लक्ष्य र पछिल्लो ५ वर्षका लक्ष्य गरी १० वर्षका लक्ष्य निर्धारण गरिएको छ। साथै माननीय मन्त्रीज्यूको नेतृत्वमा अन्तर मन्त्रालय युवानीति समन्वय समिति रहने तथा युवा तथा खेलकुद मन्त्रालयका सचिवको नेतृत्वमा युवाविकाससँग सरोकार राख्ने मन्त्रालयका प्रतिनिधि रहेको केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समिति रहने व्यवस्था छ । युवामुद्दा सबै मन्त्रालयसँग अन्तर्सम्बन्धित विषय भएकाले युवा तथा खेलकुद मन्त्रालयले सञ्चालन गर्ने कार्यक्रमले मात्रै समग्र युवाविकास सम्भव नहुने हुँदा विषयसँग सम्बन्धित मन्त्रालयले नै तत्तत् कार्यक्रम सञ्चालन, जिम्मेवारी वहन र जवाफदेहीता वहन गर्ने व्यवस्था रहेको छ।

युवाविकास कार्यक्रम सञ्चालन गर्दा समावेशी, समन्याय र समविकासको सिद्धान्त अनुसरण गरिनेछ। महिला, आदिवासी जनजाति र मधेसी युवालाई प्राथमिकताको समूहका

युवामा राखिएको छ । द्वन्द्वपीडित, जोखिममा परेका, अपाङ्गता भएका, सीमान्तकृत, लोपोन्मुख, अल्पसङ्ख्यक, दलित, मुस्लिम, कर्णाली तथा पिछडिएका युवालाई विशेष प्राथमिकताको समूहका युवा तथा एच.आई.भी./एड्स सङ्क्रमित, बेचबिखनमा परेका, प्राकृतिक विपद्मा परेका, लागू औषध प्रयोगकर्ता, यौनव्यवसायमा संलग्न, सडकमा रहेका, मुक्त कमैया परिवारका तथा असुरक्षित गन्तव्यका मुलुकमा वैदेशिक रोजगारीमा संलग्न युवालाई जोखिममा रहेका युवा मानी समावेशी सिद्धान्तको व्यवहार गरिने उल्लेख छ । युवाविकासका नयाँ कार्यक्रम सञ्चालन गर्दा माथि उल्लिखित वर्गलाई विशेष सहुलियतको व्यवहार गरिने उल्लेख गरिएको छ ।

## ५. नीति, रणनीति तथा कार्यनीति

राष्ट्रिय युवा नीति २०७२ ले लिएको उद्देश्य हासिल गर्न विभिन्न २४ बुँदे नीतिहरू समावेश गरिएको छ जसमा युवालाई दिगो विकासका उत्प्रेसक, राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता, राष्ट्रिय अखण्डता, लोकतन्त्र, मानव अधिकारप्रति सचेत गराउने, युवाको नेतृत्व विकास, सशक्तीकरण कार्यक्रमहरू, लक्षित कार्यक्रमहरू, सचेतनामूलक कार्यक्रम, युवा प्रतिभा सम्मान, युवा वृत्ति प्रदान, दुर्व्यसन हटाउने, स्वास्थ्य र खेलकुदमा पहुँच, सकारात्मक विभेद नीति, कला एवं साहित्य जस्ता विविध क्षेत्रमा उच्च प्राथमिकता कार्यक्रम सञ्चालन गर्दै युवाको शिक्षा, रोजगारी, स्वास्थ्य, सामाजिक सुरक्षा, युवा सशक्तीकरण र नेतृत्व विकास, सहभागिता र परिचालन, कला साहित्य, संस्कृति, खेलकुद र मनोरञ्जन, लागू पदार्थ दुर्व्यसन नियन्त्रण, मानव तस्करी तथ बेचबिखन नियन्त्रण, अपराध र हिंसामा संलग्न युवालाई मुक्त गर्ने, वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागिता, विज्ञान तथा सूचना प्रविधिमा युवा पहुँच, दिगो शान्ति स्थापना र द्वन्द्व समाधानमा युवा सहभागिता, समविकास र साझेदारी जस्ता कार्यक्रम सञ्चालन गर्न राज्यको ठूलो लगानी युवामा लगाउन investment on youth अभियान चलाउने विषय उल्लेख भएको छ । उल्लिखित नीति, रणनीति र कार्यनीतिले युथ भिजन- २०२५ का ५ प्रमुख आधार स्तम्भको विकासमा पक्षपोषण गर्नेछन् ।

## ६. नेपाल सरकारका आ.व. २०७३/७४ का प्रमुख युवा कार्यक्रमहरू

क) युवा तथा खेलकुद मन्त्रालय वा अन्तर्गतको राष्ट्रिय युवा परिषद्का कार्यक्रमहरू

चालू आ.व. २०७३/७४ मा युवा तथा खेलकुद मन्त्रालयले राष्ट्रिय युवा परिषद्मार्फत युवा सीप तथा नेतृत्व विकास कार्यक्रम, युवा सञ्चार (रेडियो, टेलिभिजन), ग्रामीण युवा उद्यम कार्यक्रम, युवा लक्षित राष्ट्रिय स्वरोजगार कार्यक्रमहरू, युवा अनुभव आदानप्रदान कार्यक्रम (आन्तरिक र बाह्य), युवा मनोपरामर्श कार्यक्रम, अपाङ्ग युवाका लागि सामग्री सहायता कार्यक्रम, युवा उद्यमीको खोजी र प्रोत्साहन, youth talent hunt, युवा विप्रेषण लगानी तथा सामाजिक सुरक्षा कोष सञ्चालन तथा युवा उत्तरदायी बजेट तर्जुमा जस्ता कार्यक्रम सञ्चालनमा रहेका छन् । यद्यपि बेरोजगारी व्यापक रहेका सन्दर्भमा पूर्ण बेरोजगारी २.३ प्रतिशत र अर्धबेरोजगारी ३० प्रतिशतभन्दा बढी रहेका अवस्थामा उल्लिखित कार्यक्रम आवश्यकताका तुलनामा अत्यन्त न्यून छन् । वार्षिक ४ लाखभन्दा बढी रोजगारी सृजना

गर्नुपर्ने अवस्थामा मागको ज्यादै न्यून अवसर स्वदेशमा सृजना हुँदा युवाहरूको विदेश पलायन र त्यसबाट प्राप्त रेमिट्यान्सले देशको अर्थतन्त्र धानिरहेको अवस्था विद्यमान रहेको छ ।

'युवा' आफैमा cross cutting issue भएको हुँदा अन्य मन्त्रालयहरूबाट धेरै युवासम्बन्धी कार्यक्रम सञ्चालन भएका छन् । युवा स्वरोजगार कोष (अर्थ मन्त्रालय), नियमित स्वयंसेवक परिचालन (राष्ट्रिय योजना आयोग), सीपमूलक तालिम र रोजगारमूलक सूचना (श्रम मन्त्रालय), लैङ्गिक तथा समावेशी कार्यक्रम (महिला मन्त्रालय), किशोर किशोरीलाई तालिम, परिवार नियोजन तथा सुरक्षित प्रजनन (स्वास्थ्य मन्त्रालय), पर्यटन तथा होटल व्यवस्थापन तालिम (पर्यटन मन्त्रालय) घरेलु तथा साना उद्योग तालिम (उद्योग मन्त्रालय), प्राविधिक तथा व्यावसायिक तालिम (शिक्षा मन्त्रालय), लागू पदार्थ तथा दुर्व्यसन विरुद्धका कार्यक्रम (गृह मन्त्रालय) आदिजस्ता थुप्रै युवासँग प्रत्यक्ष सम्बन्धित कार्यक्रमहरू अन्य मन्त्रालयहरूबाट पनि सञ्चालित छन् । साथै अन्य मन्त्रालयहरूबाट समेत युवा सरोकारसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्धित कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । ती सबै कार्यक्रमको एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आउनु जरुरी छ । युवा लाभान्वित हुने थुप्रै कार्यक्रम नेपाल सरकारका विभिन्न क्षेत्रगत मन्त्रालयबाट सञ्चालन भइरहेको माथि उल्लिखित विवरणबाट प्रस्ट भए तापनि ती कार्यक्रम केकति प्रभावकारी हुन सकेका छन् तिनको यथार्थ विश्लेषण जरुरी छ। युवा पलायन बढ्दो हुनाको प्रमुख कारण स्वदेशमा युवाका लागि उपयुक्त र पर्याप्त अवसरको कमीले हो भन्न सकिन्छ । तसर्थ 'युवामैत्री' वातावरण तयार गरी युवालाई स्वदेशमै टिकाउनु र युवामैत्री लगानीको अवसर वृद्धि गरी स्वदेशमै युवा रमाउने वातावरण तयार गरी जनसाङ्ख्यिक लाभांशको भरपूर उपयोग देशले गर्नु अनिवार्य छ। खास गरी तीव्र विकासका मार्गमा अघि बढ्नु नै नेपालको अहिलेको सबैभन्दा उपयुक्त अवसर हो भन्न सकिन्छ ।

# नेपालका सन्दर्भमा मानवविकास र युवाविकास

✍ सुमन धिकारी सिलवाल

## लेखसार


मानवविकास एक बहुआयामिक अवधारणा हो । यसका विभिन्न आयामहरूमध्ये युवा पनि एक सशक्त आयाम हो । कुल जनसङ्ख्याको १० भागको ४ भाग हिस्सा युवाजनशक्तिले ओगटेका छन् । युवाजनशक्तिको काँधमा आर्थिक तथा सामाजिक रूपान्तरणको जिम्मेवारी छ । आर्थिक र सामाजिक रूपले अन्य जनसाङ्ख्यिक समूहभन्दा युवाहरू बढी ऊर्जावान्, सचेत र परिवर्तनकारी हुन्छन् । यिनै युवा रगत (Youth blood) को सही पहिचान, परिचालन, सम्मान र सहकार्यबाट देशको मानवविकासको स्तरोन्नति सम्भव छ। नेपालको पछिल्लो समयको राजनैतिक, सामाजिक, सांस्कृतिक र आर्थिक परिवर्तनसँगै युवाविकासका लागि युवामैत्री संवैधानिक, कानुनी, नीतिगत, संरचनागत र संस्थागत आधारहरू तयार भएका छन् । नेपाली युवाहरूको विकासका लागि सरकारी तहबाट राष्ट्रिय युवा परिषद् ऐन, २०७२, राष्ट्रिय युवा परिषद् नियमावली, २०७३, राष्ट्रिय युवा नीति, २०७२, युथ भिजन-२०२५ , राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यविधि, २०७२ (स्रोतः युवा तथा खेलकुद मन्त्रालय) निर्माण भई कार्यान्वयनमा आएका छन् । युवानीति र युथ भिजनले युवाका निम्ति शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, सशक्तीकरण, नेतृत्वविकास, सहभागिता तथा परिचालन, कलासाहित्य, संस्कृति, खेलकुद र मनोरञ्जन, लागू पदार्थको दुर्व्यसन, मानव तस्करी, दिगो विकास, विज्ञान तथा सूचना प्रविधि, द्वन्द्व समाधान, समविकास, रोजगारी, उद्यमशीलता र सीपविकास जस्ता क्षेत्रमा योगदान दिएका छन् । देश, समाज, परिवार र स्वयम् युवाको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणमा युवावर्गको भूमिका महत्त्वपूर्ण रहेको कुरा नकार्न सकिन्न । शिक्षित, सीपयुक्त, अनुशासित र उद्यमशील युवाशक्तिको विकास गरी यो जनसाङ्ख्यिक पुँजीलाई एकीकृत गर्दै राष्ट्रनिर्माणमा लगाउन सकिएमा युवाहरूले देशको सामाजिक एवम् आर्थिक विकासमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्नेछन् । युवाशक्ति विकासका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा सिकेका अनुभवहरूलाई सङ्गठित गर्दै युवाहरूलाई देशको सामाजिक र आर्थिक रूपान्तरणमा मूल प्रवाहीकरण गर्न सरोकारवाला सबैको एकता, समन्वय र सहभागिता एवम् उत्तरदायित्वको खाँचो छ ।

## मानवविकास

मानवविकासलाई व्यक्तिको आर्थिक उन्नति मात्र नभई मानवका इच्छा एवं चाहनाको

परिपूर्ति, मानवीय क्षमताको अधिकतम विकास र परिचालन, अधिकतम सन्तुष्टि र गुणस्तरीय जीवनयापन गर्न पाउने अवस्थाका रूपमा परिभाषित गरिएको छ । मानवविकासको परिभाषा ठोस नभई समय, स्थान र परिवेशअनुसार सापेक्ष छ । मानवविकासको ऐतिहासिक विकासक्रमसँगै यसका धारणाहरूमा पनि व्यापक समयसापेक्ष परिवर्तन भएको पाउन सकिन्छ । एक्काइसौं शताब्दीमा आएर मानवविकासको धारणा अधिकारमा आधारित राजनैतिक, मानवीय सांस्कृतिक, आर्थिक, सामाजिक र धार्मिक स्वतन्त्रता जस्ता पक्षसँग समेत जोडिएको छ । विकासको मूलधारबाट वञ्चित वर्गहरूको समान विकास हुन पाउनुपर्ने कुरासँगै समता, समानता, स्थायित्व, उत्पादकत्व, सशक्तीकरण, सहकार्य, सुरक्षा, नीतिनिर्माणका तहमा समान सहभागिता र विकेन्द्रित विकास जस्ता आधारहरू प्रत्यक्ष रूपमा मानवविकाससँगै जोडिएका छन् ।

Dimension of Human Development




स्रोत(retrivedfromhttp://www.way.org.my/files/youth_issues/Youth_and_humandevelopment.)

मानवविकासको मापन मानवविकास सूचकाङ्कमा निश्चित सूचकाङ्कहरूको वैज्ञानिक गणना गरेर गरिन्छ । हाल विश्वमा Human Development Index (HDI), Gender Development Index (GDI), Gender Empowerment Measurement (GEM), Human Poverty Index (HPI), Youth Development Index (YDI), Multi-Poverty Index (MPI) जस्ता विविध सूचकाङ्कका माध्यमबाट मानवविकासको मापन र प्रकाशन मानवविकास प्रतिवेदनमार्फत गरिन्छ । सन् १९९० देखि सन् २०१६ सम्म निरन्तर रूपमा मानवविकासका प्रतिवेदनहरू प्रकाशित भएका छन् । नेपालले पनि सधैँ मानवविकास प्रतिवेदन सार्वजानिक गर्दै आएको छ । नेपालको पछिल्लो HDI मान ०.४५८ स्थानमा रहेको छ भने १८८ देशहरूमा चाहिँ १४६ औं स्थानमा छ ।

## युवा

युवासहभागिता र व्यवस्थापन विकासको एक महत्त्वपूर्ण आयाम हो । नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयको राष्ट्रिय युवा नीति २०७२ ले १६-४० वर्षसम्मको उमेरलाई युवा मानेको छ र राष्ट्रिय योजना आयोगको चौधौँ योजना (२०७३/७४ - २०७५/७६) ले समेत यो उमेर समूहलाई मानेको छ। विकासमा युवासहभागिताबाट समृद्ध राष्ट्रको निर्माण गर्ने र युवाहरूलाई राष्ट्रको सर्वाङ्गीण विकासमा मूलप्रवाहीकरण गर्ने सोच र लक्ष्यका साथ निर्मित युवा ऐन र योजना आयोगका आवधिक योजनाहरूले विकास र युवालाई अभिन्न अङ्गका रूपमा लिएका छन् । १६-४० वर्षसम्मको उमेरका युवाले नेपालको कुल जनसङ्ख्याको ४०.३ प्रतिशत (स्रोत: युथ भिजन २०२५, युवा तथा खेलकुद मन्त्रालय) जनसङ्ख्या ओगटेका

छन् । यसरी युवा जनसङ्ख्या बाहुल्य रहेका अवस्थामा हुन आउने जनसाङ्ख्यिक लाभांशको समुचित प्रयोग गरी युवाजमातलाई विकासको निष्क्रिय उपभोक्ताका रूपमा मात्र सीमित नाराखी सक्रिय उत्पादकका रूपमा देशको सामाजिक तथा आर्थिक रूपान्तरणमा सहभागी गराउनुपर्दछ । १६ वर्षमुनिको र ६० वर्षमाथिको आर्थिक रूपले निष्क्रिय जनसङ्ख्यालाई धान्ने जिम्मेवारीसमेत युवाहरूमा नै हुने भएकाले युवाहरूका क्षमताको अधिकतम विकास र परिचालनबाट नै परिवार, समाज र राष्ट्रकै रूपान्तरण र विकास गर्न सकिन्छ ।

अन्तर्राष्ट्रिय स्तरका दस्ताबेजहरू, युवाविकास सूचकाङ्क प्रतिवेदन, United Nation Develpment Programme (UNDP) को युवा रणनीतिपत्र, विकासमा युवा सहभागिता, दिगो विकासको लक्ष्यप्राप्तिका लागि युवाजस्ता युवासम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनहरूले युवामैत्री वातावरण, युवामा लगानी र युवाद्वारा युवाको विकासको अवधारणालाई आत्मसात् गरेर छन् । नेपालमा पनि युवाको सरोकारका लागि राष्ट्रिय स्तरमा सरकारी एवं गैरसरकारी तहबाट र स्थानीय स्तरमा पनि तिनै निकायहरूबाट विविध युवा लक्षित कार्यक्रमहरू भएका छन्, नीति तथा दस्ताबेजहरू निर्माण भएका छन् । यिनको ठोस कार्यान्वयन र नतिजामा आधारित अनुगमन एवम् सार्वजानिक सुनुवाई गर्न सकेमा नेपाली युवाविकासले अझै धेरै फड्को मार्ने कुरा निश्चित छ । विश्व युवाविकास सूचकाङ्कमा नेपालको स्थान १४५ बाट सुधार भई सन् २०१६ को तथ्याङ्कमा ७७ औं स्थानमा परेको सन्दर्भ छ । यसै सन्दर्भमा नेपाली युवाको विकास सूचकाङ्कलाई अझै प्रवर्द्धन गर्न सकिएमा मानवविकास सूचकाङ्कको स्तर पनि उकास्न सकिन्छ ।

विश्व युवाविकास सूचकाङ्क रिपोर्ट, सन् २०१६ मा उच्चतम र न्यूनतम युवाविकास सूचकाङ्क भएका देशहरू र नेपाल

| क.स | देश | युवाविकास सूचकाङ्क स्थान | युवाविकास सूचकाङ्क मान |
|---|---|---|---|
| १ | जर्मनी | 1 | 0.894 |
| २ | अष्ट्रेलिया | 3 | 0.838 |
| ३ | जापान | 10 | 0.815 |
| ४ | क्यानडा | 14 | 0.809 |
| ५ | यु एस ए | 23 | 0.775 |
| ६ | कतार | 75 | 0.650 |
| ७ | नेपाल | 77 | 0.647 |
| ८ | दक्षिण अफ्रिका | 126 | 0.560 |
| ९ | बङ्गलादेश | 146 | 0.492 |
| १० | पाकिस्तान | 154 | 0.470 |

स्रोतः विश्व युवा विकास सूचकाङ्क रिपोर्ट, सन् २०१६

## मानवविकास र युवा

मानवविकास बहुआयामिक अवधारणा हो । यसका विविध आयामहरू सरकार, शिक्षा, स्वास्थ्य, समावेशीकरण, लैङ्गिक पक्ष, वातावरण र गरिबी जस्तै युवा पनि एक महत्त्वपूर्ण गतिशील आयाम हो । जनसङ्ख्यासम्बन्धी सङ्क्रमणको सिद्धान्तअनुसार वर्तमान अवस्थामा नेपालको जन्मदर र मृत्युदर दुवै घट्दै गई वृद्ध जनसङ्ख्या र बाल जनसङ्ख्याका तुलनामा युवा जनशक्तिको

भागले ठूलो हिस्सा ओगटेको अवस्थालाई जनसाङ्ख्यिक लाभांश भनिन्छ । जनसाङ्ख्यिक लाभांशका रूपमा अबको करिब २५-३० वर्षसम्म सक्रिय रहने १६-४० को समूहलाई अधिकतम परिचालन गरेर नेपालको आर्थिक-सामाजिक विकास र मानवविकासको स्तर उकास्न सकिन्छ । युवाको शक्ति पहिचान, परिचालन र व्यवस्थापनबिना नेपालको मानवविकास र समग्र विकास अपाङ्ग हुन सक्छ ।

नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयको अगुवाइमा बनेको युथ भिजन-२०२५ तथा दश वर्षे रणनितिक योजनाको दस्ताबेजमा उल्लेख भएको तथ्याङ्कअनुसार नेपाल विश्व युवा विकास सूचाङ्कको १४५ औँ स्थानमा थियो भने युवाविकास सूचकाङ्कको सन् २०१६ को ग्लोबल रिपोर्टमा नेपालको युवाविकास सूचकाङ्कमा उल्लेखनीय प्रगति भई ७७ औँ स्थानमा आइपुगेको छ । बाल्यकाल र प्रौढावस्था बीचको युवाकालीन ऊर्जाशील अवस्थालाई सङ्क्रमणमा डुब्न नदिई युवामा लगानी गर्न सकेमा र उनीहरूको क्षमताको अधिकतम परिचालन गर्न सकेमा नेपालको युवा विकासले मानवविकासलाई अवश्य टेवा पुऱ्याउनेछ। नेपालमा युवामैत्री वातावरण र अवसर प्रदानका लागि राज्य, समाज र युवाका क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्था, राष्ट्रिय अन्तर्राष्ट्रिय, स्थानीय निकाय, राजनैतिक, सामाजिक, सांस्कृतिक, आर्थिक र धार्मिक निकायहरूको एकीकृत युवामैत्री कार्यकम आवश्यक देखिन्छ । सरकारको नीति तथा कार्यकमअनुसार सबै युवाहरूले सहकार्य र समन्वय गरेमा समुन्नत नेपाल, दिगो विकासको लक्ष्य प्राप्त गरी युवाविकास सूचकाङ्क र मानवविकास सूचकाङ्कको उच्चतम तहमा नेपालीहरूलाई पुऱ्याउन सकिन्छ । युवाहरूलाई सामाजिक, सांस्कृतिक, राजनैतिक विसङ्गतिबाट टाढा राखी काम गर्ने-गराउने सकारात्मक वातावरण निर्माण गर्नु हामी सबैको दायित्व पनि हो ।

## मानवविकास र युवा सशक्तीकरण

युवाहरूलाई आर्थिक, सामाजिक, सांस्कृतिक र राजनैतिक रूपले रचनात्मक, सृजनात्मक, अधिकार सम्पन्न, स्वतन्त्र नेतृत्व गर्नसक्ने वातावरण निर्माण गरी उनीहरूको सोच, धारणा र सीपमा विकास गरी सकारात्मक ऊर्जाका साथ उनीहरू आफ्ना लागि र अरूका लागि समेत काम गर्नसक्ने क्षमताको विकास गर्ने निरन्तर प्रकृया नै युवा सशक्तीकरण हो । सङ्घीय संरचनामा राज्यका सबै तहको नीति तथा निर्णयप्रक्रियामा युवासहभागिता बढाउन उनीहरूको नेतृत्वक्षमता अभिवृद्धि गर्नका लागि नेतृत्वविकासका कार्यकम पाठ्यकममै समावेश गर्न सकेमा युवा सशक्तीकरणलाई अझै टेवा पुग्नेछ । स्वदेशमा नै रोजगारीका अवसरहरू सिर्जना गरी युवा बेरोजगारका समस्यालाई क्रमिक रूपमा समाधान गर्दै विभिन्न निकायबाट युवाका लागि सञ्चालन गरिने सीपमूलक तालिम तथा कार्यक्रमहरूलाई एकीकृत तथा क्षेत्रगत रूपमा प्रभावकारी ढङ्गले सञ्चालन गर्न सकिएमा युवाहरूको आर्थिक स्थिति सबल भई मानवविकासमा टेवा पुग्छ ।

## नेपाली युवाको वर्तमान अवस्था

नेपाली भूमिबाट वर्षेनी पाँच लाखभन्दा बढी युवाहरू वैदेशिक रोजगारीमा प्रवेश गर्ने गरेका छन् । २.३% युवा पूर्ण बेरोजगार र ३५% युवा अर्धबेरोजगार रहेको, ३६% युवा महिलाहरू घरायसी कामकाजमा मात्रै सीमित रहेको, ५० % युवाहरू अझै पनि निर्वाहमुखी कृषि पेसामा संलग्न रहेको, जम्मा ५% युवाले सीपमूलक शिक्षा प्राप्त गरेको, स्थानीय निकायमा युवा सहभागिता शून्य रहेको जस्ता तथ्यहरू नेपाली युवाको तथ्याङ्कीय झलकले देखाएको छ (स्रोत : युथ भिजन-२०२५) ।

नेपाली युवाको वर्तमान अवस्थालाई हेर्दा देशका अझै पनि कतिपय युवाहरू शिक्षा, स्वास्थ्य, रोजगारी, सञ्चार र सूचनाको हकबाट वञ्चित छन् । केही सीमित वर्गका युवाहरूले बाहेक विभिन्न तह र क्षेत्रका युवाहरूले बेरोजगारी, गरिबी, हिंसा, बेचबिखन र मानव शोषणको सिकार हुनुपरेको अवस्था छ। राजनैतिक सङ्क्रमण, काम गर्ने निकायको समन्वयको अभाव, लगानीमैत्री वातावरणको अभाव, अस्थिर सरकार, दण्डहीनता, प्रतिबद्धता र सहभागिताका अभावले नीति र कार्यक्रमको दस्ताबेजमा भएका केही कार्यक्रम मुस्किलले लागू भए तापनि सम्पूर्ण कार्यक्रम कार्यान्वयन तहमा लक्षित समूहसम्म नपुगेको तितो यथार्थ हाम्रा सामु छ । कागजमा सीमित महत्त्वकाङ्क्षी योजनाहरूले समाजको वास्तविक मुहार परिवर्तन गर्न सक्दैनन् । नागरिक समाजको कम चासो, भ्रष्टचारमुखी शासनप्रणाली, परनिर्भर संस्कृति, साइबर आपराध संस्कृति र आधुनिकीकरणको प्रभाव र पुरातन सोचले समेत कोल्टे फेर्न नसकेको अवस्था छ । युवालक्षित कार्यक्रम र बजेट बढी प्रकृयामुखी भएकाले लक्षित समूहमा पुग्न ढिलाइ भएको छ । जनमैत्री एवं युवामैत्री प्रशासन, सञ्चार र लगानीका अभावमा वास्तवमा युवासरोकारका कार्यक्रमहरू युवाविकास गर्नेतर्फ उदासीन रही आदर्शमा सीमित भएका छन् ।

## सकारात्मक युवाविकास

युवाविकाससँग प्रत्यक्ष-अप्रत्यक्ष सरोकार राख्ने स्थानीय, सरकारी र सामाजिक तबरका व्यक्ति र संरचनाहरूले युवाका लागि युवाद्वारा नै युवाउन्मुख रचनात्मक एवं सृजनात्मक कार्यक्रम, नीति, बजेटनिर्माण गर्ने र त्यसको कार्यक्रममा पनि युवालाई सम्मानका साथ सहभागी गराउने नवीन धारणा हो । युवाशक्तिको यथोचित सम्मान नहुँदा हुनसक्ने विकृति र विसङ्गतिलाई रोक्न युवालाई स्वपहिचान, स्वनिर्भर एवं परिचालित, स्व-सक्षम, स्वनिर्देशित गराउने एक सशक्त धारणा सकारात्मक युवाविकास हो । युवाको शक्ति यथोचित रूपमा परिचालित नहुँदा आउन सक्ने नकारात्मक विकृतिलाई समयमै रोक्न र सकारात्मक विकासका लागि युवालाई परिचालन नगर्न निरोधात्मक युवाविकास कार्यक्रम, उपचारात्मक युवाविकास कार्यक्रम, प्रवर्द्धनात्मक युवाविकास कार्यक्रम र पुनः स्थापनात्मक युवाविकास कार्यक्रमहरूलाई आवश्यकताअनुसार परिचालन गर्नुपर्दछ ।

## युवाविकास किन ?

- जनसाङ्ख्यिक लाभांशको अधिकतम

प्रयोग गरी देशको आर्थिक तथा सामाजिक रूपान्तरण गर्न

- सीपयुक्त र उद्यमशील युवाहरू उत्पादन गरी राष्ट्रिय सरोकारका विषयमा सशक्त रूपमा सहभागी बनाउन राज्य पुनर्संरचनासँगै राज्यका प्रत्येक तह र तप्काको नीतिनिर्माण प्रकृयामा युवा सहभागिता सुनिश्चित गर्न
- रूपान्तरणका संवाहक ऊर्जाशक्तिलाई सरकार, समाज र परिवारले थोपरिदिएको कार्यक्रम मात्र नभई उनीहरूको स्वः माग र आवश्यकता तथा क्षमतामा आधारित युवामैत्री कार्यक्रम लागू गरी समृद्ध नेपाल निर्माण गर्न
- साहस, ऊर्जा, सिर्जनशीलता, सिक्ने क्षमता र आत्मनिर्भरता भएको वर्गलाई राष्ट्रविकासको स्रोतका रूपमा परिचालन गर्न
- दिगो विकासको लक्ष्य (सन् २०१५ - सन् २०३०) ले निर्धारण गरेका १७ वटा लक्ष्यको प्राप्तिमा युवाहरूलाई उत्प्रेरित र सहभागी गराउन ।
- युवाहरूलाई सूचना, शिक्षा र व्यक्तिको स्वतन्त्रता जस्ता संवैधानिक हक प्रत्याभूति गराई स्वःस्फूर्त विकासप्रकृयामा सहभागी गराउन
- सकारात्मक सोचको विकास गरी विदेशमा हुने प्रतिभा पलायनदरलाई न्यून गर्न एवं प्रतिभाशाली उद्यमशील युवाहरूलाई स्वदेशमै सम्मानका साथ काम गर्ने वातावरण निर्माण गर्न ।

## नेपालका सन्दर्भमा युवामैत्री विकासका नीतिगत तथा संरचनात्मक प्रयास

राष्ट्रिय युवा परिषद् ऐन, २०७२, राष्ट्रिय युवा परिषद् नियमावली, २०७३, राष्ट्रिय युवा नीति, २०७२, युथ भिजन-२०२५ , राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यविधि, २०७२ (स्रोतः युवा तथा खेलकुद मन्त्रालय) जस्ता दस्ताबेजहरू सरकारी स्तरबाट निर्माण भई कार्यान्वयनमा आएका छन् । युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय युवा परिषद्, राष्ट्रिय खेलकुद परिषद्, राष्ट्रिय युवा स्वरोजगार कोष, अर्थ मन्त्रालय, प्रत्येक मन्त्रालयहरूका युवा सम्पर्क बिन्दु, जिल्ला खेलकुद विकास समिति, जिल्ला युवा समितिको कार्यालय, केन्द्रीय युवा सूचना केन्द्र, नेपाल स्काउट र नेपाल रेडक्रस सोसाइटी जस्ता युवाका सरोकारका विषयहरूमा कार्य सम्पादन गर्ने सरकारी स्तरका संस्थागत संरचनाहरूसमेत सकृय छन् ।

## युथ भिजन -२०२५ मा युवामैत्री नवीन कार्यक्रम

युथ भिजनले जोड दिएका खुल्ला विश्वविद्यालय, एक निवार्चन क्षेत्र एक प्राविधिक विद्यालय, अध्ययनका लागि कर्जा, अध्यनशील युवा विकास कार्यक्रम, अन्तर्राष्ट्रिय भाषा र पर्यटन, युवा विद्वत् छात्रवृत्ति, युवा शिक्षण स्वयम्सेवा कार्यक्रम, सार्वजानिक-निजी साझेदारी कार्यक्रम,

Information Communication Technology (ICT) पार्क विकास, युवा प्रोत्साहन कार्यक्रम, युथ नलेज बैङ्क स्थापना, उद्यमशीलता र बैङ्क साक्षरता कार्यक्रम, लैङ्गिक अल्पसङ्ख्यक शिक्षा कार्यक्रम, नागरिक अभिभावक शिक्षा कार्यक्रम, युवा विप्रेषण लगानी तथा सामाजिक सुरक्षा कोष, युवा उत्थान बैङ्क र युवा रोजगार प्रवर्द्धन केन्द्र ,युवादूत र पर्यटन प्रवर्द्धन, युवा स्वास्थ्य केन्द्र स्थापना, युवा बचाऔं कार्यक्रम, युवा सञ्चार अभियान, युवा पुनर्स्थापना केन्द्र, युवा प्राकृतिक स्वास्थ्य, युवा आत्म उपचार, युवा सुरक्षा कार्यक्रम,जीवन जिउने कला, युवाका सफलताका कथा प्रवर्द्धन, समाजका लागि युवाको एक दिन, विपद्मा युवा स्वयंसेवा, हिंसा विरुद्धको अभियान, युवानेता विकास, शान्तिका लागि युवा अभियान, आमयुवाका लागि खेलकुद र मनोरञ्जन, लिजर टाइम व्यवस्थापन, युवा कार्यक्रमको अनुगमन, सामाजिक परीक्षण र सार्वजानिक सुनुवाइजस्ता पक्षहरूले युवा विकासमार्फत मानवविकासमा टेवा दिन्छन् ।

युवालक्षित र युवामैत्री कार्यक्रमको सम्पादन गर्न सरकारी र गैरसरकारी स्तरका संस्थागत संरचनाहरूले केन्द्रीयदेखि स्थानीय संरचनासमेतको नीतिनिर्माण एवम् कार्यान्वयनको कार्य गर्दै आएका छन् । अन्तर्मन्त्रालय युवालक्षित कार्यक्रमहरू निर्धारण भई कार्यान्वयनमा आएका छन् । विकासमा युवा सहभागिताबाट समृद्ध राष्ट्र निर्माण गर्न युवाहरूलाई राष्ट्रको सर्वाङ्गीण विकासमा मूल प्रवाहीकरण गर्ने लक्ष्य र रणनीतिका साथ योजना आयोगबाट चौधौँ योजना तयार भएको छ । अर्थ मन्त्रालयअन्तर्गत युवा स्वरोजगार कोषले युवा स्वरोजगार र उद्यमशीलता केन्द्रित कार्य गर्दै आएको छ । नेपाल टेलिभिजन र रेडियो नेपालमा युवा सञ्चार कार्यक्रमअन्तर्गत युवासरोकारका विषयमा सूचनामूलक एवं खोजमूलक सञ्चार कार्यक्रम सञ्चालन भएका छन् । युवा तथा खेलकुद मन्त्रालयले नीतिनिर्माण कार्यान्वयन र अनुगमनको कार्यका साथै युवा प्रतिभाको खोजी र सम्मान, उद्यमशील युवाहरूका समाचार, लेखरचना र युवालक्षित सामग्रीसहितको युवा बुलेटिन प्रकाशन गर्दै आएको छ । स्थानीय र राष्ट्रिय तहमा आफ्ना कला, कौशल, प्रतिभा र क्षमताको प्रदर्शन गरी उल्लेखनीय सामाजिक, आर्थिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, साहित्यिक आदि क्षेत्रमा योगदान पुऱ्याएका युवाहरूलाई मन्त्रालय र युवा परिषद्ले वार्षिक रूपमा सम्मान गर्दै आएका छन् ।

यसैगरी युवा साझेदारी कार्यक्रम, सञ्चारकर्मीसँग युवा उद्यमशीलता र युवा गतिविधिसम्बन्धी राष्ट्रिय कार्यशाला र अन्तर्क्रिया, स्वरोजगारमूलक कार्यक्रम, युवा स्वयंसेवक परिचालन, सामाजिक सेवाका कार्यक्रम, खेल र मनोरञ्जनका कार्यक्रम, युवाका लागि सीपमूलक प्राविधिक शिक्षा र तालिमका कार्यक्रम चालू रहेका छन् । राष्ट्रिय युवा परिषद् ऐनले स्पष्ट रूपमा युवाका क्षेत्रमा कार्य गर्ने कानुनी आधार र साङ्गठनिक आधार बनाएको छ भने राष्ट्रिय युवा नीतिले युवा संयन्त्रलाई राज्यको एक शक्तिका रूपमा स्वीकार्दै युवा प्रतिभा र ऊर्जाको परिचालन गर्ने नीतिगत आधारहरू किटान गरेको छ । युवाको विविधताको पहिचान, सम्मान, सम्बोधन र परिचालन गर्दै कुरीति एवं कुसंस्कारको अन्त्य

गरी सकारात्मक सोच भएका युवाहरूको उत्पादन गर्न युवालाई आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक आदि विविध क्षेत्रमा अवसर र अधिकारको सुनिश्चितता गर्ने प्रयास भएका छन् ।

## नेपाली युवाका लागि सम्भावना र अवसरहरू

- युवामैत्री संविधान, ऐनकानुन, नीति र निर्देशिकाको निर्माण र लागू
- सङ्घीय संरचना र विकेन्द्रित शासन प्रणालीको सुरुवात
- प्राकृतिक साधनस्रोत, मानवीय संशाधनको पर्याप्तता
- आर्थिक परिवर्तन र लगानीमैत्री वातावरणको सृजना
- प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार
- युवाका निम्ति साङ्गठिनक संरचनाहरूको निर्माण
- युवा उद्यमशीलताका कार्यक्रमको कार्यान्वयन,
- युवाका कार्यक्रमको पैरवी र सञ्चार
- राष्ट्रिय योजना आयोगका आवधिक योजनामा युवाका कार्यक्रमलाई उचित स्थान
- युवाका कार्यक्रममा लगानी,
- सकारात्मक सोच र युवाका आवाजको सुनुवाइ
- युवा स्वरोजगार कोषका कार्यक्रम र कार्यान्वयन

यसरी बढ्दो युवा जनसङ्ख्यालाई सीप र उद्यमशीलतायुक्त बनाई जनसाङ्ख्यिक लाभांश हासिल गर्न, युवाहरूलाई राष्ट्रनिर्माणमा मूल प्रवाहीकरण गर्न, युवाहरूको शक्ति र भूमिकाप्रति जागरूकता जगाउन, युवालक्षित कार्यक्रमहरूलाई विस्तार गर्दै लैजान, राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्न, उनीहरूका अधिकार हरूको उपयोग गर्ने वातावरण सिर्जना गर्न सामूहिक प्रतिबद्धता र जवाफदेहिताको खाँचो छ। युवाद्वारा युवाका लागि विकास गर्ने मूल अवधारणाका साथ युवाहरूको विकासका लागि युवालाई नै परिचालन गरी युवाका निम्ति निर्मित संरचनागत र कानुनी आधारहरूको पर्याप्त प्रयोग गरी अधिकारको सुनिश्चितासँगै युवाहरूलाई दायित्वबोध गराउन सकेमा देशविकासको सपना त्यति सुदूर छैन ।

### नेपाली युवाका वर्तमान समस्या र चुनौतीहरू

- सबै युवाका लागि सीपमूलक जीवनोपयोगी शिक्षाको पहुँच नपुग्नु
- प्रविधिको पहुँच कम हुनु
- बेरोजगारी, अर्धबेरोजगारी
- कमजोर स्वास्थ्य र कमजोर मनोबल
- लैङ्गिक, क्षेत्रीय, जातीय विभेद र असन्तुलन
- कुलत, कुसंस्कार र दुर्व्यसनी
- छुवाछुत, लैङ्गिक हिंसा
- युवा परिचालनसँग सम्बन्धित

निकायहरूसँगको सहकार्य तथा समन्वयको अभाव

- राजनैतिक सङ्क्रमण, अस्थिर सरकार
- लगानीको उचित सदुपयोग नहुनु
- प्रतिबद्धता र सहभागीताको अभाव
- प्रतिभाको विदेश पलायन

## युवामैत्री विकासमार्फत मानवविकासका लागि अबको बाटो

आजका सबै युवाहरू परिवर्तन आफैबाट गरौं र आजैबाट गरौं भन्ने मूलमर्मका साथ नकारात्मक सिकाइतर्फ नमोडिएर दैनिक सकारात्मक कार्यतर्फ प्रेरित होऔं र अरूलाई पनि प्रभावित पारौं भन्ने भावनाबाट ओतप्रोत हुनु जरूरी छ । हाम्रा बस्तीबस्तीमा कैयौं नदेखिएका, नखोजिएका युवा मोतीहरू छन् जसले दिनरात समाज र राष्ट्रका लागि केही गरिरहेका छन् । सामाजिक सञ्जालहरूमा नकारात्मक सन्देशमूलक सामग्री नभई सकारात्मक सन्देशहरूको प्रवाह गर्न सकेमा पनि युवा मनोवृत्ति अझै सफा हुने थियो । आजको युगमा सूचना, प्रविधि र सामाजिक सञ्जालहरूले युवाहरूका निम्ति कैयौं रोजगारीका अवसरहरू पस्कने गरेका छन्, नयाँनयाँ सम्भावनाहरूको खाजी र विकास भइरहेका छन् । तर त्यसका निम्ति परिश्रम र मिहिनेत नगरी निहित स्वार्थ र राजनैतिक दाउपेचमा युवाहरू लाग्नु अनि असामाजिक कामतर्फ आकर्षित हुनु स्वयं युवा र समाजका लागि समेत घातक प्रयास हो ।

सामाजिक संरचनाको रूपान्तरण, आर्थिक पुनर्निर्माण, सङ्घीयताको कार्यान्वयन र मानवविकासका लागि युवाशक्तिको स्थानीय तहदेखि केन्द्रीय तहसम्म नतिजाउन्मुख परिचालन र सहभागिता गर्ने प्रयास सरकारी तवरबाट भएको देखिन्छ । युवा परिचालनबाट अन्तर्राष्ट्रिय तहमा अमेरिका, जापान, चीन, दक्षिण कोरिया, नर्वे जस्ता देशले उल्लेखनीय प्रगति हासिल गरेको तथ्य हाम्रा सामु छ । नेपालले पनि पश्चिमी मुलुकहरू र एसियाली मुलुकहरूको सफलताको अध्ययन गरी नेपालका नीतिगत, कानुनी र संस्थागत संरचनालाई युवामैत्री गराउनका लागि पछिल्लो समयमा गरेको कसरतको प्रशंसा नगरी रहन सकिन्न । सरकारले तय गरेका यी संरचना र कानुनी आधारबाट अब नेपालीहरूले प्रशस्त लाभ लिनुपर्ने वेला आएको छ । यो भएन र त्यो भएन भन्दै सरकारले के गऱ्यो भन्नुभन्दा पनि सरकारी र गैरसरकारी तवरबाट जेजति प्रयासहरू भएका छन् तिनको अधिकतम उपयोग गरी नेपाली युवाहरूको ठूलो जनसाङ्ख्यिक हिस्सालाई लाभान्वित गराऔं र राष्ट्रनिर्माणमा सहभागी बनौं ।

युवाशक्ति विकास, मानवविकास, आर्थिक समृद्धि, आर्थिक-सामाजिक रूपान्तरण र राजनैतिक स्थिरता एकअर्कासँग अन्तर्सम्बन्धित मुद्दा बनेका छन् । तसर्थ युवामैत्री कार्यक्रम र युवालक्षित कार्यक्रमका लागि युवासँग प्रत्यक्ष सरोकार राख्ने सबै वर्ग र निकायको समान र समतामूलक सहभागिताको सुनिश्चतता हुनुपर्छ । आवश्यकताअनुसार निर्मित नीति, ऐन र कानुन एवं कार्यक्रमलाई समेत परिमार्जन गर्नुपर्ने हुन्छ । नेपालमा युवाविकास सूचकाङ्क मापन

गर्ने प्रयास खासै भएको देखिँदैन । खण्डित रूपमा युवासरोकारका विविध आयामहरूको मापन हुने वैज्ञानिक र विश्वसनीय रूपले मापन गर्ने युवाविकास सूचकाङ्कका सूचकहरूको मापन र आवश्यक विश्लेषण अनि कारवाहीका लागि हस्तक्षेपकारी योजना तथा रणनीतिको निर्माण र कार्यान्वयन हुनु आवश्यक छ । नेपाली भूमिबाट वर्षेनी लाखौं युवाहरू वैदेशिक रोजगारीमा प्रवेश गर्ने दरलाई घटाउनेतर्फ राज्यको ध्यान आकर्षित गर्नुपर्छ । पूर्ण बेरोजगार, अर्ध बेरोजगार युवा एवम् घरायसी कामकाजमा मात्रै सीमित रहेका महिला युवाहरू र निर्वाहमुखी कृषि पेसामा संलग्न रहेका युवाहरूका मागलाई तत्काल सम्बोधन गर्न सकेका खण्डमा नेपालको मानवविकासको स्तर सुधार्न कठिन छैन ।

## सन्दर्भ सामग्री


NPC(2015). *Sustainable Development Goals, 2016-2030*. National (Preliminary) Report, National Planning Commission,

NPC(2016). *Nepal and Millinum Development Goals, 2000-2015*. Final Status Report, National Planning Commission, Government of Nepal.

NPC(2016). *The Fourteenth Plan, 2016-2020*. An Approach Paper, National Planning Commission, Government of Nepal.

Ul Haq, M. (2003). *The human development paradigm. S. Fukuda-Parr and AK.*

UNDP(2015). *Human Development Report 2015*. Work For Human Development,

USAID (2012). *Youth Development Realizing The Demographic Opportunity Youth Policy*

MOYS, UND, Restless Development Nepal (2014). *Nepali Youth in figure*.

UNDP(2014). *Youth Strategy Paper.*


शाखा अधिकृत, युवा तथा खेलकुद मन्त्रालय

# युवाविकासमा राष्ट्रिय युवा परिषद्को भूमिका

✍ मुक्तिसिंह ठकुरी

युवाविकास भन्नाले युवाहरूको सर्वाङ्गीण विकास अर्थात् शारीरिक विकास, सकारात्मक मनोभावको विकास, बौद्धिक विकास र सामाजिक सीपको विकासका अतिरिक्त बहुआयमिक सीप, राष्ट्रभक्ति, सबल एवं सक्षम, सीपयुक्त, आत्मनिर्भर, स्वावलम्बी युवा भन्ने बुझाउँछ ।

युवावस्थालाई विभिन्न मुलुकले फरकफरक तरिकाबाट परिभाषित गरेको पाइन्छ। उमेरका हिसाबले संयुक्त राष्ट्रसङ्घले १५ वर्षदेखि २४ वर्षका उमेर समूहका व्यक्तिलाई युवा भनी परिभाषित गरेको छ । श्रीलङ्काले १५-२९ वर्ष समूहलाई युवाका रूपमा लिएको छ भने नेपालका सन्दर्भमा राष्ट्रिय युवा परिषद् ऐन, २०७२ ले १६ वर्षदेखि ४० वर्षसम्मको उमेर भएको व्यक्तिलाई युवा भनेको छ। युथजिन २०२५ मा यसलाई १६ देखि २४ वर्ष र २५ देखि ४० वर्षको उमेर समूहमा विभाजन गरी युवाको समूहगत प्राथमिकता निर्धारण गरिएको छ । पहिलो समूहको युवालाई शिक्षा, व्यक्तित्व र सीप विकासको चरण मानिएको छ भने दोस्रो समूहलाई व्यवसाय, स्वरोजगार र आयआर्जन गर्ने समयका रूपमा परिभाषित गरिएको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार युवाको जनसङ्ख्या कुल जनसङ्ख्याको ४०.३५ प्रतिशत रहेको छ जुन सङ्ख्या देशविकासको अमूल्य ऊर्जावान् स्रोत हो ।

हाम्रो देशमा युवाविकासका लागि सरकारका विभिन्न निकाय तथा राष्ट्रिय र अन्तर ाष्ट्रिय गैरसरकारी निकायहरूले आआफ्नै किसिमले कार्यक्रमहरू सञ्चालन गरी योगदान पुऱ्याइरहेका छन् । युवाविकासका लागि नै भनेर बृहत् रूपमा सरकारी स्तरबाट २०६६ सालमा पहिलो पटक र त्यसलाई परिमार्जन गरी राष्ट्रिय युवा नीति २०७२ जारी गरियो । त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले सरोकारवालाहरूसँग व्यापक छलफल गरी ठोस कार्ययोजनासहित २०७२ सालमा युथ भिजन २०२५ तथा दश वर्षे रणनीतिक योजना २०७२।०६।१९ मा नेपाल सरकार मन्त्रीपरिषद्बाट स्वीकृत भई जारी गरिएको थियो ।

नेपालको संविधान २०७२ को भाग ४. राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वअन्तर्गत धारा ५१(ञ) ७ मा युवासम्बधी नीतिमा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्ने भनी स्पष्ट रूपमा

उल्लेख गरिएको छ ।

चौधौँ योजनामा युवालाई प्राविधिक शिक्षा र सीपमूलक तालिममार्फत दक्ष, उद्यमशील र आत्मनिर्भर बनाउने, राज्यका सबै तहको नीति र निर्णय प्रकृयामा युवासहभागिता बढाउने, युवा स्वयंसेवक परिचालन गर्ने, सामाजिक कृयाकलापमा युवा संग्लनता बढाउने, युवासम्बन्धी रणनीतिहरू र यसअन्तर्गत प्राविधिक शिक्षा तथा क्षमता अभिवृद्धि, उद्यमशीलताको प्रवर्द्धन, युवा प्रोत्सहन, सीपमूलक तालिम, युवा सूचना केन्द्रको स्तरोन्नति, युवा स्वरोजगार कोषको प्रभावकारी परिचालन तथा उपयोग, तालिम एवं परामर्शका कार्य, परम्परागत पेसाको प्रवर्द्धन र आधुनिकीकरण, स्वयंसेवा एवं सचेतनामूलक कार्यक्रम, योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा युवा सहभागिताको सुनिश्चितता, स्काउट सेवाको विस्तार, नैतिकता, चारित्रिक गुण, दायित्वबोध गराउने काम तथा खेलकुदमा योगाभ्यास, युवा प्रेरणा जगाउने काम जस्ता युवासम्बन्धी कार्यनीतिहरूसमेत तय गरिएका छन् ।

संविधान, चौधौँ योजना तथा सरकारले विभिन्न फोरमहरूमा गरेको प्रतिबद्धता एवं नेपाल सरकारद्वारा जारी गरिएका युवा नीति र दृष्टिकोणहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न युवाहरूको लामो अथक प्रयासस्वरूप युवा तथा खेलकुद मन्त्रालयमा एउटा स्वायत्त निकायका रूपमा युवाहरूको साझा सरकारी संस्थाका रूपमा २०७३ फाल्गुण १९ गते केन्द्रमा राष्ट्रिय युवा परिषद्को कार्यालय स्थापना भई ७५ वटै जिल्लामा जिल्ला युवा समितिको कार्यालय स्थापना गरिएको छ ।

"नेपाली युवालाई सबल, सक्षम, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउँदै उनीहरूको सार्थक सहभागिता र नेतृत्व क्षमताको विकासमार्फत आधुनिक, न्यायपूर्ण र समृद्ध नेपाल निर्माण भएको हुने ।" यसलाई राष्ट्रिय युवा परिषद्ले आफ्नो दूरदृष्टिका रूपमा राखेको छ भने राष्ट्रिय युवा परिषद्ले "सार्थक सहभागिता, क्षमता र नेतृत्व विकासका माध्यमबाट युवालाई राष्ट्रिय विकासको मूलधारमा समाहित गर्दै समृद्ध, आधुनिक र न्यायपूर्ण नेपालनिर्माण गर्न युवाको भूमिका र उनीहरूमा अन्तर्निहित क्षमतालाई गुणात्मक बनाउने" दीर्घकालीन लक्ष्य लिएको छ ।

ऐनको व्यवस्थाबमोजिम युवा तथा खेलकुद मन्त्री परिषद्को अध्यक्ष र नेपाल सरकार मन्त्री परिषद्को निर्णयले कार्यकारी उपाध्यक्ष मनोनयन गर्ने व्यवस्था रहेको छ । युवाका मुद्दा बहुआयामिक भएकाले नै होला कार्यान्वयन एवं समन्वय गर्न आवश्यक ठानी अर्थ, शिक्षा, उद्योग, कृषि, युवा तथा खेलकुद, श्रम तथा रोजगार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिवहरू र राष्ट्रिय योजना आयोग सचिवालयका सचिव परिषद्को बोर्ड सदस्य हुने व्यवस्थाका साथ सबै क्षेत्रका युवाहरूको प्रतिनिधित्व हुने गरी राष्ट्रिय युवा परिषद्को गठन गरिएको छ । यसै गरी ५० प्रतिशत महिला हुने गरी विभिन्न क्षेत्र समेटेर समावेशी २५ जना युवाहरू मन्त्रालयले मनोनयन गर्ने व्यवस्था छ साथै राष्ट्रिय युवा परिषद्का वरिष्ठतम कर्मचारी (सहसचिव) परिषद्को सदस्य सचिवको भूमिकामा रहने व्यवस्थासहित ३६ जनाको राष्ट्रिय युवा परिषद्को केन्द्रीय बोर्ड रहेको छ ।

राष्ट्रिय युवा परिषद्‌ले युवाको सर्वाङ्गीण विकासका लागि निम्न उद्देश्य राखेको छ :

- राष्ट्रनिर्माण एवम् राष्ट्रिय विकासमा युवाको भूमिका र सम्भाव्यताको विकास र विस्तार गर्ने,
- युवावर्गमा सिर्जनशीलता, उद्यमशीलता तथा अन्वेषणात्मक क्षमताको विकास गरी राष्ट्रको आधारभूत शक्तिका रूपमा स्थापित गर्दै उनीहरूमा रहेको क्षमता उजागर गर्ने,
- श्रमको सम्मान गर्ने संस्कृति विकास गर्दै युवाका शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा संवेगात्मक पक्षको समुचित विकास गरी उच्च मनोबलयुक्त, नैतिक, सुंसस्कृत, सिर्जनशील तथा व्यावसायिक रूपमा दक्ष युवा तयार गर्ने,
- युवाका आधारभूत अधिकारहरू सुनिश्चित गर्दै उत्पादनशील स्रोतहरूमा उनीहरूको पहुँच बढाएर राष्ट्रका राजनीतिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक क्षेत्रका सबै तहका नीतिनिर्माण, निर्णय एवम् कार्यान्वयनमा सहभागी गराउनुका साथै लैङ्गिक संवेदनशीलतामा आधारित अर्थपूर्ण सहभागिताका माध्यमबाट नेतृत्व क्षमता विकास गरी युवालाई राष्ट्रिय विकासको संवाहक शक्तिका रूपमा स्थापित गर्ने,
- प्राथमिकता तथा विशेष प्राथमिकताको समूहका युवालाई सकारात्मक विभेदका माध्यमबाट सशक्त तुल्याई विकासको मूल प्रवाहमा ल्याउने ।

माथि उल्लिखित उद्देश्य साकार पार्न राष्ट्रिय युवानीतिले जोड दिएका मुख्यमुख्य पक्षहरूमा शिक्षामा युवाको सार्थक पहुँच र क्षमता विकास ,रोजगारीमा युवाको सहभागिता, स्वास्थ्य र सामाजिक सुरक्षामा युवा, युवा सशक्तीकरण र नेतृत्व विकास, युवा सहभागिता र परिचालन, कला-साहित्य, संस्कृति, खेलकुद र मनोरञ्जन, लागूपदार्थको दुर्व्यसन नियन्त्रण, मानव तस्करी तथा बेचबिखन नियन्त्रण, अपराध तथा हिंसायुक्त क्रियाकलापबाट युवाहरूलाई मुक्त गर्ने अभियान, वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागिता, विज्ञान तथा सूचना प्रविधिमा युवा, दिगो शान्ति स्थापना र द्वन्द्व समाधानमा युवा सहभागिता, समविकास कार्यक्रममा युवा, विशेष समूहगत प्राथमिकतामा युवा र साझेदारी कार्यक्रममा युवाको सार्थक सहभागिता आदि रहेका छन् ।

उपर्युक्त युवानीतिअनरूप राष्ट्रिय युवा परिषद्‌ले युवालक्षित कार्यक्रम सञ्चालन गर्ने नेपाल सरकारका विभिन्न निकायहरू, संस्थाहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ-संस्थाहरूसँग समेत समन्वय र सहकार्य गरी युवालक्षित कार्यक्रमहरू कार्यान्वयनमा ल्याएको छ ।

बेरोजगार तथा लागूपदार्थमा जकडिएका अदक्ष युवा, विदेशप्रतिको मोह, कामप्रति सम्मानको अभाव, उद्यमप्रति सचेतना, ज्ञान एवं सीपको कमी, सकारात्मक सोच तथा धैर्यको कमी, युवाका लागि सहयोगी संस्था तथा कार्यक्रमको कमी, युवाका क्षेत्रमा कार्यरत सङ्घसंस्थामा समन्वयको अभाव ,युवा कम प्राथमिकतामा पर्नु आदिजस्ता

युवाविकासका प्रमुख चुनौतीहरूका बीच “जहाँ युवा त्यहाँ राष्ट्रिय युवा परिषद्” भन्ने मान्यतालाई अङ्गीकार गर्दै युथ भिजन २०२५ ले तय गरेका पाँच आधार स्तम्भहरूलाई टेक्दै गुणस्तरीय शिक्षा र व्यावसायिकता, युवा उद्यमशीलता, रोजगारी र सीपविकास, युवा सहभागिता,  परिचालन र नेतृत्व विकास, युवा स्वास्थ्य र सामाजिक सुरक्षा, युवाका लागि खेलकुद र मनोरञ्जनलाई मूल आधार मानी युवा सीप तथा नेतृत्व विकास, दश युवा एक उद्यम, समाजका लागि युवाको एक दिन, युवा स्वरोजगार कार्यक्रम, उत्कृष्ट युवालाई सम्मान, अन्तर्राष्ट्रिय युवा दिवस, व्यावसायिक सीप विकास तालिम आदि विभिन्न युवा लक्षित कार्यक्रमहरू राष्ट्रिय युवा परिषद्ले कार्ययोजना बनाई केन्द्र र जिल्लामा सञ्चालन गरिरहेको छ भने यसै आ.व.देखि स्थानीय निकायका प्रत्येक वडा र शैक्षिक संस्थामा युवा क्लब  गठन गरी विस्तार गर्ने योजना बनाएको छ ।

अन्त्यमा, राष्ट्रिय युवा परिषद्ले युथ भिजन, युवानीति तथा राज्यले विभिन्न योजना तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय फोरमहरूमा उद्घोष गरेका युवालक्षित विभिन्न कार्यक्रमहरूमा युवाहरूको व्यापक सहभागिता, सरकारी तथा विभिन्न गैरसरकारी निकायहरूसँग सहकार्य गर्दै, युवालक्षित कार्यक्रमहरू केन्द्र र सबै जिल्लामा प्रभावकारी रूपमा सञ्चालन गरी युवाको विकासमा महत्त्वपूर्ण मियोको भूमिका निर्वाह गरेको छ । परिषद् प्रारम्भिक अवस्थामा भएकाले आफ्नो अधिकांश समय एकातिर व्यवस्थापन तथा सङ्गठन विस्तारमा खर्चनुपरेको छ भने अर्कातिर केही समन्वय तथा समझदारीको अभाव, दरबन्दीअनुसार दक्ष र आवश्यक जनशक्तिको कमी, स्रोत र साधनको सीमितता खट्किरहेको वर्तमान अवस्थामा समेट्नुपर्ने ठोस कार्यक्रम तथा सुधारका पक्षहरू  प्रशस्त रहेका छन् जो क्रमशः सिकाइ एवं पृष्ठपोषणबाट सम्बोधन गर्दै सबै सरोकारवाला निकायलाई युवासँग सहकार्यमा गर्दै लगिने छ । त्यस्तै, राजनीतिक क्षेत्रका युवाहरूलाई पनि सृजनात्मक कामको अभियानमा परिचालित गर्ने योजना बनाउने र परिणामलाई केन्द्रमा राखेर काम गर्ने हो भने नेपाली युवाहरूलाई आफ्नै देशमा उद्यमी, स्वरोजगार, स्वावलम्बी, सबल र सक्षम तुल्याएर युवाको विकास गरी देशको काँचुली फेर्न सकिन्छ भन्ने विश्वास राष्ट्रिय युवा परिषद्ले लिएको छ साथै आफ्नो अभिभावकत्वको गहन भूमिकालाई त्यसतर्फ मुखरित गर्दै युवाका सरोकारवाला निकायहरूलाई कुनै आग्रह एवं पूर्वाग्रह नराखी एकआपसमा सहकार्य गर्दै युवाविकासका माध्यमबाट राष्ट्रनिर्माणको यस पवित्र कार्यमा सहभागी हुन आह्वान गर्दछ ।

# अन्तर्राष्ट्रिय अनुभवको आँखीभ्यालबाट नेपालको युवाविकास

✍ योगेन्द्र शाही

## युवाविकास अवधारणको उठान

औद्योगिक क्रान्तिको विकाससँगै आएको प्रिन्टिङ मेसिनले शिक्षाको क्षेत्र विस्तार गऱ्यो । तर त्यो शिक्षा आमयुवाका बीच जान सकेको थिएन । यो सम्भ्रान्त र हुनेखाने बीचमै सीमित थियो । युरोपमा भएको पुँजीवादको विकाससँगै आमयुवाहरूको ठूलो पङ्क्ति भने कृषिबाट बेदेखल भई उद्योगतर्फ स्थानान्तरण भएको थियो । यस्तो पङ्क्तिले आफूलाई युवाको उपवर्गभित्र राखेन; बरु मजदुरकै रूपमा आफूलाई सङ्गठित गर्दै अगि बढ्यो । त्यस बेला लन्डनमा वाइवाइएमसी, बोइज ब्रिगेट, गर्लस् क्लब युनियन (पछि युके युथ बन्यो) जस्ता सङ्गठनहरू देखा परे । १९ औँ शताब्दीको मध्यतिर युरोपमा मजदुर आन्दोलन उभारमा रहेका बेला त्यहाँ यी सङ्गठनहरूको जन्म भएको देखिन्छ। धार्मिक आस्था र समुदायमा आधारित यी सङ्गठनहरूका परोपकार गर्ने, स्वयम्सेवा गर्ने र युवालाई नैतिकवान् बनाउने जस्ता उद्देश्य हुन्थे। यसको आधार कन्जरभेटिज्म भए तापनि आदर्शवाद मिश्रित रूपमा देखा पर्दथ्यो । यस्ता सङ्गठनहरू गाउँबाट आएका युवा मजदुरका आम अधिकारभन्दा पनि च्यारिटी मोडेलमा काम गर्ने गर्दथे । २० औँ शताब्दीको आगमनसँगै अमेरिकामा रेड इन्डियनका लागि कार्य गर्ने उडकाफ्टजस्ता सङ्गठनहरू देखा परे । यसले स्काउट जस्तो सङ्गठन निर्माणका लागि आधार प्रदान गऱ्यो । सन् १९०७ मा जन्मिएको स्काउट युवालाई आत्मनिर्भर बनाउने, स्वयम्सेवी र अनुशासित बनाउने (हतियाररहित) अर्ध-सैन्य ड्रेससहितको सङ्गठनका रूपमा देखा पऱ्यो । स्काउट पछि भने विभिन्न देशमा राष्ट्रिय सङ्गठनकै रूपमा विकसित हुनपुग्यो । स्वयम्सेवाका नाममा निर्माण भएका सङ्गठनहरू भने १९ औँ शताब्दिको उतरार्द्धदेखि नै स्थापना भएका थिए । यस्ता सङ्गठनहरूलाई पहिलो र दोस्रो विश्वमा बाल तथा युवा सेनाका रूपमा पनि युरोपका देशहरूले प्रयोग गरे। विश्वका अन्य देशहरूमा किशोरकिशोरीहरू पछिसम्म सैन्य र अर्धसैन्य दस्ताका रूपमा प्रयोग भएका देखिन्छन् ।

२० औँ शताब्दीको सुरुवातसँगै युवा राजनीतिक सङ्गठनहरूका भ्रूणहरू देखा पर्दछन् । तीभन्दा अघिल्ला शताब्दीमा भने पढेका युवाहरूले युवाका रूपमा पहिचान खोजेनन्; बरु स्वयम् नै सिङ्गो आन्दोलन, कला, साहित्य, विज्ञान, राजनीति आदिका महारथी बने ।

## विचारधारात्मक युवा आन्दोलनको उठान

विश्वयुद्धको त्रासदी, फाँसीवादको पीडा

र शान्तिको चाहनाका कारण दोस्रो विश्वयुद्धको अन्त्यसँगै विश्वस्तरीय युवा सङ्गठनहरू जन्मिए । विश्व प्रजातान्त्रिक युवा सङ्घ, अन्तर र्राष्ट्रिय समाजवादी युवा सङ्घ, अन्तर्राष्ट्रिय लिबरल युवा सङ्घ, विश्व युवा महासम्मेलन जस्ता विश्वस्तरीय छाता सङ्गठनहरू युरोपमा जन्मिए । सुरुमा यी सङ्गठनहरूले विश्वशान्ति र भातृत्वलाई प्रमुख नारा बनाएका थिए । विस्तारै यी सङ्गठनहरू विचारधारात्मक ध्रुवमा बाँडिदै गए । यस्ता सङ्गठनहरू बढी राजनीतिक आन्दोलनका रूपमा पनि विकसित भए । सन् ४० को दशकदेखि नै विश्व प्रजातान्त्रिक युवा सङ्घले ठूलाठूला विश्व युवा महोत्सवहरू गर्दै आयो । यी आन्दोलनहरू निशस्त्रीकरण र युद्धविरोधी अभियानका रूपमा देखा परेका थिए । पछि यस्तो महोत्सवको निरन्तरता अन्तर्राष्ट्रिय समाजवादी युवा सङ्घले पनि दिएको पाइन्छ ।

२० औँ शताब्दीको ५० को दशकदेखि नै अमेरिकामा युवाहरूको नयाँ उभार विकसित हुँदै थियो । ६० र ७० का दशकमा आँउदा यो नयाँ मूल्य, युवा अधिकार, विश्व शान्ति र अनाक्रमणजस्ता मान्यतामा दह्रोसँग उभिएको थियो । कतिपय विश्लेषकहरू यही ‘बेबी वुम’ का कारण अमेरिकी समाजमा सिभिल राइट मुभमेन्ट र युद्धविरोधी ठूलाठूला आन्दोलनहरू भए । ती आन्दोलनको व्यापकता अमेरिकामा मात्र थिएन । युरोप, जापान, दक्षिण अमेरिका र तेस्रो विश्वका देशहरूमा समेत त्यस समयमा ठूलाठूला विद्यार्थी आन्दोलनहरू भएका थिए । भियतनाम युद्धका विरोधमा त विश्वव्यापी विद्यार्थी आन्दोलन नै भयो । ६० कै दशकमा ब्राजिलमा सैन्य शासक कोस्टाविरोधी आन्दोलन भएको थियो । अफ्रिका र एसियामा विद्यार्थी आन्दोलन राष्ट्रिय मुक्ति र स्वतन्त्रताको आन्दोलनसँग जोडिएका थिए । यसका पछाडि अमेरिकामै फस्टाएको नयाँ वामपन्थ र लिबरलहरूको ठूलो भूमिका थियो । विश्वव्यापी रूपमा यो सोभियत धुरी र अन्य वामप्रजातान्त्रिक आन्दोलनसँग जोडिएको थियो ।

विश्वव्यापी प्रभाव पर्दै गएको युवा तथा विद्यार्थी आन्दोलनका कारण अमेरिकालगायत पश्चिमा देशहरूले युवा आन्दोलनमा नयाँ तरिकारले ध्यान दिन थाले । आफ्नो देशमा हुने यस्ताखाले युवा विद्यार्थी आन्दोलन र नेतृत्वमाथि रेखदेख हुन थाल्यो । उनीहरूले सरकारी र गैरसरकारी संस्थामार्फत युवाविकासका लागि ठूला लगानीहरू पनि गर्न थाले । उनीहरूले प्रजातन्त्र र स्वतन्त्रताको नारालाई बढी जोड दिए ।

## साझा फोरमको विकास र विचारधारात्मक आन्दोलनको निरन्तरता

युएन, युनेस्को, आइएलओ जस्ता साझा सङ्गठनहरूमा पनि यस्ता युवा विद्यार्थी सङ्गठनहरू संलग्न रहन्थे । वामधुरीका सङ्गठनहरूले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको नारालाई जोड दिन्थे भने पश्चिमा धुरीका सङ्गठनहरूले प्रजातन्त्र र स्वतन्त्रताको कुरालाई बढी मुखरित गर्दथे । सोभियत सङ्घले विपक्षी गतिविधि नियन्त्रण गर्ने सक्रिय उपाय र अमेरिकी धुरीले खराब निर्मूल गर्ने जस्ता अभियानहरू आफ्ना इन्टेलिजेन्स सङ्गठनमार्फत सञ्चालन गरेका थिए । यसरी विश्व युवाआन्दोलन विश्वव्यापी रूपमा दुई ठूला राजनीतिक अभियानहरूमा विभाजित बन्न पुग्यो ।

बीचमा रहेका थुप्रै देशका युवा सङ्गठनहरूलाई भने उनीहरूले आआफ्ना पक्षमा तान्ने र बोलाउने क्रम भने निरन्तर रह्यो ।

विश्व युवा महासम्मेलनजस्ता छाता सङ्गठनहरू पनि दोस्रो विश्वयुद्धलगतै स्थापना भए र यिनले विचारधारात्मक प्रत्यक्ष संलग्नताभन्दा विभिन्न देशका राष्ट्रिय युवा परिषद्हरू र युनएन जस्ता साझा सङ्गठनहरूसँग काम गर्दै आइरहेका छन् । यस बीचमा विभिन्न देशको प्रतिनिधित्व गर्ने पिस कर्प्सहरू तथा अन्य स्वयम्सेवी युवा सङ्गठनहरू (भिएसओ, रेस्टलेस आदि) आफ्नै तरिकाले सक्रिय रहेका पाइन्छन् भने स्काउटजस्तो संस्था राष्ट्रिय संस्थाका रूपमा विश्वव्यापी बन्न पुग्यो । १९ औँ शताब्दीको सुरुदेखि नै कार्यरत धार्मिक र समुदायमा आधारित सङ्गठनहरू पनि युवासम्बन्धी आफ्ना कार्यलाई निरन्तरता दिई क्षेत्र विस्तार गर्ने कार्यमा लागेका छन् ।

सोभियत सङ्घको विघटनपश्चात् सन् ९० को दशकमा अमेरिकी धुरीको विचार विश्वव्यापी रूपमा एकछत्र भयो । विभिन्न देशहरूमा युवा राजनीतिक आन्दोलनमा त्यसको व्यापक प्रभाव रहेको पाइन्छ । सोभियत धुरीको समाप्तिपश्चात् पनि वाम पक्षीय विचारधारात्मक युवा आन्दोलनले आफूलाई निरन्तरता दिइरहेको छ । पछिल्लो अवधिमा विशेषतः क्युवाका अगुवाइमा भियतनाम, ल्याटिन अमेरिका र अन्य देशका वामपन्थी पार्टीका युवा सङ्गठनहरूले यसलाई निरन्तरता दिए । यसले विदेशी हस्तक्षेप र युद्धका विरोधमा विश्वशान्तिलाई आफ्नो नारा बनाउँदै आएको छ ।

विश्वको साझा सङ्गठनका रूपमा पछिल्लो अवधिमा संयुक्त राष्ट्रसङ्घले आफ्नो भूमिकालाई बढाएको छ । संयुक्त राष्ट्रसङ्घले सन् १९८५ लाई युवा वर्ष घोषणा गऱ्यो । सन् १९९५ मा युवासम्बन्धी विस्तृत कार्यक्रम World Program of Action for Youth 2000 and Beyong (WPAY) अगाडि ल्यायो । यसले धेरै देशको राष्ट्रिय नीति र कार्यक्रमका लागि निर्देशक कार्यक्रमका रूपमा काम गर्न पुग्यो । विश्वका युवा मन्त्रीहरूको लिस्वन सम्मेलन (१९९८) ले सबै देशमा युवानीति र कार्यक्रमको आवश्यकता महसुस गऱ्यो । युवानीतिसम्बन्धी छलफल गर्ने पहिलो विश्वस्तरीय फोरम सन् २०१४ मा वाकुमा सम्पन्न भयो । यसले युवा नीतिहरूले बेरोजगारी, गुणस्तरीय शिक्षा र युवा सहभागिताजस्ता विषयलाई जोड दिएको छ । यसले युवानीतिहरू तथ्यपरक र वैज्ञानिक हुनुपर्ने ठहर पनि गऱ्यो । त्यस्तै संयुक्त राष्ट्रसङ्घले युवा भोलिन्टियर परिचालनका साथै युवाविकासका कार्यक्रमहरूलाई अगि बढाएको छ । उसले हरेक देशमा युवानीति र विकासको रणनीति निर्माण गर्ने कुरामा सहयोग गर्न अगुवाइसमेत गरेको छ । युएनले युवाविकासका लागि विश्व युवासम्मेलनहरू पनि आयोजना गर्दै आएको छ । सन् २०३० सम्म पूरा गर्ने उद्देश्य राखिएको दिगो विकासका लक्ष्यहरूमा युवासँग सरोकार राख्ने मुद्दाहरू पनि रहेका छन् । ती लक्ष्यहरू पूरा गर्न संयुक्त राष्ट्रसङ्घले युवालाई व्यापक रूपमा सहभागी बनाउँदै आएको छ । युएनकै अगुवाइमा युएन सुरक्षा परिषद्ले सन् २०१५ मा युवा, शान्ति र सुरक्षासम्बन्धी २२५० को प्रस्ताव पास गरिसकेको छ । यस प्रस्तावले हरेक देशले आफ्ना युवाको विकास र सहभागितामार्फत विश्वशान्ति र सुरक्षाका लागि कार्य गर्नुपर्ने विषयलाई विशेष

जोड दिएको छ ।

राजनीतिक पार्टीसँग सम्बद्ध आन्दोलनहरू आआफ्नो परम्परागत वैचारिक संलग्नता कायम राख्दै अन्तरदेशीय र फरक विचारधारासँग सहकार्य गर्ने र साझा सङ्गठनहरूमार्फत काम गर्ने नयाँ परिस्थितिहरू विकास भएका देखिन्छन् । देशदेशबीचका युवा सङ्गठनहरूबाट सिक्ने, प्रतिनिधि मण्डलमार्फत विचार आदानप्रदान गर्नेजस्ता कार्यहरू भइरहेका छन् । विभिन्न देशका राष्ट्रिय युवा परिषद्हरूमाझ युवाविकासबारे सहयोग र विचार आदानप्रदान गर्ने अनि एकअर्काबाट सिक्ने कामहरू तीव्र भइरहेका छन् ।

## एक छुट्टै नयाँ प्रवृत्ति

यस सन्दर्भमा चीनको युवा सङ्गठन भने पछिल्लो अवधिमा अन्तर्राष्ट्रिय रूपमा सबैसँग सहकार्य गर्दै पर्यवेक्षकका रूपमा मात्र सहभागी हुने गर्दथ्यो । उनीहरू विश्व युवाआन्दोलनको विचारधारात्मक प्रवाहमा त्यति समाहित भएनन् । यसमा सोभियत धुरी र चीनियाँ धुरीबीचको मनमुटावले पनि उनीहरू आफ्नो देशभित्रको राजनीतिक काम र युवाविकासमा केन्द्रित भएको देखिन्छ । युएन, आइएलओ, युनेस्को जस्ता अन्तर्राष्ट्रिय साझा फोरमहरूका साथै असंलग्न आन्दोलनमा उनीहरू संलग्न रहे । चीनियाँ नेता देङ सियाओ पिङको अन्तर्राष्ट्रिय मामलामा पछाडि रहने (low key) नीतिले पनि यसो भएको हुनुपर्दछ । तर उनीहरूले देशहरूबीचका राष्ट्रिय युवा सङ्गठनहरूसँग भने छुट्टाछुट्टै सहकार्य गर्ने नीति लिएको पाइन्छ । विशेषतः पछिल्लो अवधिमा चीनले विश्वका युवासँग सहकार्यको आफ्नै रणनीतिलाई अगि बढाएको छ । वन वेल्ट वन रोड रणनीतिक योजनाअन्तर्गत युवाक्षेत्रको सहकार्य, अन्तर्राष्ट्रिय कुटनीति र आदानप्रदानलाई तीव्रता दिइएको छ । ओबर अन्तर्गतको पछिल्लो तथ्याङ्क हेर्दा करिब ५००० विदेशी विद्यार्थीलाई अध्ययन छात्रवृत्ति र २५०० विद्यार्थीलाई केही छोटो अवधिको तालिम दिने कार्यक्रम तर्जुमा गरी लागू गरिएको देखिन्छ ।

## युवाविकास : नीतिगत विविधता र समानता

युवा अधिकारका विश्वव्यापी मान्यता र अधिकारहरू सबै देशहरूले अवलम्बन गरेका छन् । संयुक्त राष्ट्रसङ्घले सन् १९९५ मा जारी गरेको कार्ययोजनाअनुसार देशहरूका युवानीति र कार्यक्रमहरूमा एकरूपता आउनु स्वाभाविकै हो । अझ धेरै देशहरूमा दातृसंस्थाहरू र उनीहरूले तोकेका परामर्शदाताहरूले नै युवादेखि अन्य राष्ट्रिय नीतिहरू बनाइदिने भएकाले विभिन्न देशमा प्रयोग भएकै टेम्पेलेटहरू नै प्रयोग हुने गरेको पनि पाइन्छ । नेपालको युवानीतिका सन्दर्भमा भने फरक अनुभव रह्यो । सन् २०१० को युवानीति होस् या परिमार्जित सन् २०१५ को युवानीति होस् वा युवाका लागि १० वर्षे रणनीति, युथ भिजन २०२५ होस्, नेपाली युवाले त्यसलाई राम्ररी राष्ट्रिय स्वरूप र स्थानिकता प्रदान गर्न सकेका छन् । यिनमा युवाका सरोकारहरूलाई व्यापक रूपमा समेटिएको छ । योजनालाई तथ्य र अनुसन्धानमा आधारित रही तर्जुमा गरिएको छ । यसको निर्माण गर्दा स्वदेशकै युवाहरूको विज्ञतालाई प्रयोग गरिएको छ ।

विभिन्न देशका हकमा राम्रो शिक्षा,

उपयुक्त रोजगारी, स्वास्थ्य, मनोरञ्जन, नेतृत्वविकास र युवास्वयम्सेवा जस्ता विषयहरू सबै देशका सन्दर्भमा साझा कार्यक्रमका रूपमा देखा पर्दछन् । यससँगै राजनीतिक र सामाजिक क्षेत्रमा युवा संलग्नता महत्वपूर्ण पाटोका रूपमा उल्लेख हुँदै आएको छ । नेपालका सन्दर्भमा भने युवाको राजनीतिक र सामाजिक अधिकारहरूलाई हामीले निर्देशक सिद्धान्तका रूपमा राखेका छौँ । यसको अर्थ युवाका राजनीतिक र सामाजिक भूमिका र अधिकारलाई हामीले बढी महत्त्व दिइएको छ भन्ने हो ।

युवानीति र कार्यक्रमहरूमा धेरै देशमा समान र एकरूपता देखिए तापनि त्यसका राष्ट्रिय र स्थानिक विशेषताहरूलाई खुट्टयाउन सक्नुपर्दछ । जस्तो कि युवा बेरोजगारीको समस्याका बारेमा युरोप र नेपालको सन्दर्भ नै विश्लेषण गरौँ । बेरोजगारी दुवैका समस्या हुन् । युरोपको कोर आर्थिक क्षेत्र र बाह्य आर्थिक क्षेत्रको बेरोजगारी समस्या फरक हो । आर्थिक मन्दीका वेला युरोपभरि औसत युवा बेरोजगारी दर २० प्रतिशत पुगेको थियो भने ग्रिक र स्पेनलगायतका देशमा त यो ४५ प्रतिशतसम्म पुगेको थियो । यो सीधै राष्ट्रिय अर्थतन्त्रको प्रश्नसँग जोडिन्छ । युवाले बेरोजगार भत्ता पाउने कुरा कानुनतः व्यवस्था गरिए पनि स्पेन र ग्रिकका युवाले पाउन सक्दैनन्, तर अर्थतन्त्र बलियो भएकाले जर्मनीका युवाले पाउँछन् । जर्मनीका लागि युवा रोजगारीको समस्या स्तरीय रोजगारी हो भने ग्रिकका लागि एउटा निश्चित अवधिमा बाँच्नका लागि युवालाई रोजागारी चाहिएको अवस्था हो । अझ स्थानीयकरण गर्दा जर्मनी, बेलायत र नेदरल्यान्डजस्ता देशका लागि आप्रवासनमा आएका युवाको रोजगारीको प्रश्न अर्थात् यसले त्यहाँ भइरहेका मानिसको रोजगारीमा दखल पुर्‍याएको समस्या प्रमुख मुद्दा बनेर आइदिन्छ । यही विषय नेपालका सन्दर्भमा लिने हो भने फरक चित्र देखिन्छ । सरकारी आँकडा मान्ने हो युवा बेरोजगारी २.३ प्रतिशत मात्र देखिन्छ, जुन वास्तविक होइन । गुजारामुखी परम्परागत कृषि अर्थतन्त्रमा अल्झिएको सबै युवा शक्तिलाई हामीले रोजगार ठान्नाले यस्तो तथ्याङ्क जन्मिएको हो । हामीकहाँ वास्तविक पूर्ण युवा बेरोजगारी नै ठूलो छ । आइएलओ २०१४ को तथ्याङ्कलाई आधार मान्दा यो करिब १९ प्रतिशत छ भने अर्धबेरोजगारी करिब २८.३ प्रतिशत छ । नेपालमा सङ्क्रमणमा रहेको युवाशक्ति जसले अर्को राम्रो जागिर खोजिरहेको हुन्छ त्यो युवा जनसङ्ख्याको झन्डै ३८ प्रतिशत छ । हामीकहाँ झन्डै आधा युवा रोजगारीका लागि विदेश हानिएको अवस्था छ । त्यसैले हाम्रो युवा बेरोजगारी अविकास र पछौटे अर्थतन्त्रसँग सीधै जोडिएको छ । देशमा उत्पादक पुँजीको परिचालन र विकास गर्ने अनि यस प्रक्रियामा युवालाई संलग्न गर्ने योजना नबन्दा यस्तो स्थिति रहिरहन्छ । यसरी हेर्दा युरोपमा उत्पादक शक्ति र पुँजीको असमान वितरणले ल्याएको आर्थिक मन्दीले युवा बेरोजगारी निम्त्याएको देखिन्छ भने नेपालजस्ता देशमा उत्पादक शक्ति नै विकसित नभई लुकेर रहेको बेरोजगारी आम रूपमा देखा पर्दछ ।

## कसरी लागू हुन्छन् नीतिहरू ?

हुनत युवा अधिकारबारे कानुनहरू कस्ता तय गरिएका छन् भन्ने आधारमा पनि युवाविकासको

अवस्थालाई मापन गर्ने गरिएको छ । युरोपका केही देशमा यस्ता कानुनहरू छन् भने केही देशमा छैनन् । युवाअधिकारसम्बन्धी ऐनहरू केही देशमा बालअधिकारसँग पनि जोडिएर आएका छन् । जर्मनीमा युवासम्बन्धी ऐन कानुन छ, तर इटालीमा छैन । फिनल्यान्डमा छ, स्वीडेनमा छैन । स्पेनमा छ, पोर्चुगलमा छैन । बेल्जियममा छ, डेनमार्कमा छैन । युवाका अधिकारको सुनिश्चितताले त्यस देशको शिक्षाको व्यवस्था, आर्थिक विकास र व्यवस्थापनसँग सोझो सम्बन्ध राख्ने भएकाले कानुनले मात्रै युवाविकासको अवस्था तय हुन सक्दैन । तर युवालाई मध्यनजर गरी उनीहरूका लागि ऐन कानुनहरू तय गर्दा उनीहरूको अधिकार सुनिश्चित गर्न भने मदत पुग्दछ। अझ त्यस देशको युवानीति कार्यान्वयनका लागि विभिन्न क्षेत्रहरूले कसरी आफ्ना कार्यक्रमहरूमा प्रतिविम्बित गर्दछन् भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । उदाहरणका रूपमा हेर्दा युरोपियन युनियन अन्तर्गतका २७ देशमध्ये २५ देशले युवानीति र ऐनलाई कार्यान्वयन गर्न क्षेत्रगत संरचना तयार गरेको देखिन्छ ।

अझ हरेक देशले युवाका लागि र युवासम्बन्धी नीति र कार्यक्रमहरू कसरी लागू गर्दछन् भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । शिक्षाकै कुरा गरौँ । युरोपका लागि अहिले युवालाई सन् २०१४ देखि २० सम्म १४.७ विलियन युरोको 'इरासमस' छात्रवृत्ति दिइँदै छ । इयुले युवालाई प्राथमिकता दिन अगिल्लो पटकको भन्दा ४० प्रतिशत रकम बढायो र करिब ४० लाख युवालाई यसमा सहभागी बनाउँदै छ । सिङ्गो देशविकास र अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाउन विज्ञान, प्रविधि, उच्च व्यवस्थापन, अनुसन्धान, प्रभावकारी प्राध्यापनजस्ता उद्देश्यहरू राखेर यो अभियान सञ्चालन गरिएको छ । चीनले अहिले आएर देशभित्रका मात्र होइन छिमेकी देशबाट समेत युवा विद्यार्थीहरूलाई निकै छात्रवृत्ति दिन थालेको छ । ओबर फ्रेमवर्कभित्र यसलाई झनै विस्तार गरेको छ । अमेरिकाले त यो पहिलेदेखि गरिआएको काम हो । आगामी दशकमा लागि कति योग्य र दक्ष जनशक्ति तयार गर्ने भन्ने विषय सरकारको युवानीति र योजनामा हुन्छ ।

यी र यस्तै अन्तर्राष्ट्रिय अनुभवलाई विचार गरेर र नेपालको आत्मगत अवस्था नियाल्दै युवानीति र भिजनमा सरकारी विद्यालयबाट हाइस्कुल पास गरेका जेहनदार विद्यार्थीलाई वार्षिक रु.५००० का दरले छात्रवृत्ति दिनुपर्ने कुरा राखिएको हो । हेर्दा केही जस्तो नलागे पनि न्यायोचित विधि र मापदण्ड बनाउँदा गाउँका सरकारी स्कुलका राम्रा विधार्थीहरूमा यसले क्षेत्रीय, जातीय, वर्गीय, लैङ्गिक र भौगोलिक विभेदलाई हल गर्न मदत गर्दथ्यो । सरकारी स्कुल र त्यहाँ पढ्ने पढाउनेहरूलाई पनि एउटा आशा र भरोसा हुन्थ्यो । तर १० वर्षे रणनीतिक योजना बनाएको २ वर्ष बितिसक्यो । हामीले त्यसमा कुनै सुरसार गर्न सकेनौँ । कार्यान्वयन पक्ष यसो हुँदा कसरी ती योजनाले अपेक्षित उपलब्धि ल्याउन सक्दछन् ? यी कुरा मन्त्रालयको काबुमा मात्र छैनन्, प्रधानमन्त्रीकै तहबाट पहलकदमी लिनुपर्दछ ।

त्यस्तै, युथ भिजनमै हामीले प्राविधिक शिक्षामा सन् २०२० सम्म १० प्रतिशत र सन् २५ सम्म १५ प्रतिशत लगानी गर्नुपर्ने लक्ष्य सूचकहरू तय गरेका छौँ । यो हाम्रो आफ्नो तथ्यगत र अनुभवजन्य अवस्था तथा अन्तर्राष्ट्रिय विकासको

मिहिन विश्लेषणबाट राखिएको अङ्क थियो । त्यहाँ कुनै अङ्क राखिदिनका लागि या प्राविधिक र कसैले उठाएको वैज्ञानिक शिक्षाको नारा पूरा गर्न राखिएको कुरा थिएन । यसको मिहिन विश्लेषण भिजनमा गरिएको छैन । केही भएको भए पनि यसको सङ्क्षेपीकृत रूप मात्र प्रकाशित भएकाले गर्ने कुरा र लक्ष्यको कुरा मात्र त्यहाँ उल्लेख भएको हो । हामी कहाँ अहिले करिब २६ प्रतिशत स्नातकहरू शिक्षित बेरोजगार रहने गरेका छन् । एकातिर अहिले हाइस्कुलबाट माथिल्लो शिक्षा पढ्ने दर पनि निकै कम छ । यो पङ्क्तिकारले हालै ग्रामीण इलाकामा प्रत्यक्ष महसुस गरेको कुरा के हो भने अहिलेचाहिँ पहिलेभन्दा सरकारी हाइस्कुल पढ्दापढ्दै छाड्ने र कामका लागि विदेश जाने चलन ह्वात्तै बढेको छ । शिक्षित बेरोजगारको हालत देखेर नै हाम्रा स्कुले किशोरकिशोरीहरूले त्यस्ता निर्णय लिएका हुन् । तर उनीहरू विदेशी भूमिमा ७४ प्रति अदक्ष श्रमशक्तिको पङ्क्तिमा दरिन स्कुल छाडिरहेका छन् । विदेशै गए पनि ऊ यदि जुनियर टेक्निसियन हुन्थ्यो भने उसले विदेशमा प्राप्त गर्ने जागिर थ्री डी हुँदैनथ्यो । उसको पेसा राम्रो हुन्थ्यो र उसले कमाउने विप्रेषण पनि डेढदेखि दुई गुना बढी हुन्थ्यो । यहाँ नेपाली युवाका लागि थ्री डी भनेको हालै चौथो औद्योगिक क्रान्ति भन्ने किताब लेख्ने क्लाउज स्क्वाले भनेको थ्री डी प्रिन्टिङ मेसिनको टेक्नोलोजीको कुरा होइन, न त आर्टिफिसियल इन्टेलिजेन्सको कुरा नै हो । यो थ्री डी त नेपाली कामदारले विदेशमा भोग्ने समस्यालाई प्रतिविम्बित गर्ने नेपाली सूत्र हो - डर्टी, ड्यान्जरस र डिफिकल्ट वर्क । नेपालको यो आन्तरिक परिस्थितिबाहेक अन्तर्राष्ट्रिय तथ्यहरूका आधारमा पनि युथ भिजनमा सरकारले प्राविधिक शिक्षामा लगानी बढाउनुपर्दछ भनेको हो । चीनजस्तो देशले प्राविधिक शिक्षामा गर्ने लगानी २० प्रतिशतको हाराहारीमा छ । विकासको गतिमा गएका अरू देशहरूको अनुभव पनि त्यस्तै हो । भोलिको आर्थिक विकासका सम्भावनाका लागि मात्र होइन, हालै पनि नेपालमा दक्ष र तालिमप्राप्त श्रमशक्ति नपुगेका क्षेत्रहरू छन् । त्यो श्रमशक्ति भने हामी बाहिरबाट ल्याइरहेका छौं । विदेशमा पनि हाइ टेक्निकल युवा म्यानपावरको खाँचो परिरहेको छ । नेपालले आफ्नो अर्थतन्त्र विकासका लागि तुलनात्मक लाभको क्षेत्र हेर्ने मात्र होइन, हाम्रो जनशक्तिलाई पनि अन्तर्राष्ट्रिय लेबलमा प्रतिस्पर्धी बनाउनै पर्दछ ।

युथ भिजनमा भएको युवालाई रोजगारी दिने प्रश्न सीपयुक्त दक्ष जनशक्ति, उद्यमशील र सिर्जनशील युवा निर्माणको प्रश्नसँग जोडिन्छ । अझ यो केन्द्रीय रूपमै देशको अर्थतन्त्र निर्माणको प्रश्नसँग जोडिन्छ । यो लगानी र लगानीको वातावरणसँग जोडिन्छ । युथ भिजनमा राखिएको 'टेक अफ एप्रोच' ले लगानी कसरी जुटाउने, लगानीका लागि हाम्रा तुलनात्मक र प्रतिस्पर्धी क्षेत्रहरू कुन हुन् र युवाका लागि रोजगारी बढी सिर्जना हुने क्षेत्रहरू कुन हुन्, रेमिट्यान्सलाई नै लगानीमा परिणत गरी कसरी स्वदेशमा युवा रोजगारी र उद्यमशीलता सिर्जना गर्ने भन्ने विषयहरूलाई रणनीतिक, कार्यक्रमिक र लक्ष्य सूचकमार्फत प्रस्ट दिशा निर्देश गरिएको छ । विश्वमा छिटोछिटो विकास गरेका विशेषतः एसियाका देशहरूको अर्थतन्त्र निर्माणको अनुभवका आधारमा तय भएका हुन् । जस्तो कि रेमिट्यान्सलाई कसरी एउटा भाइब्रेन्ट लगानीमा

बदल्न सकिन्छ भन्ने कुराको सबैभन्दा राम्रो उदाहरण दक्षिण कोरिया नै हो । तर फिलिपिन्सका हकमा त्यही अनुभव त्यति सकारात्मक देखिँदैन । अहिले दक्षिण कोरिया अरूलाई काम दिने देश बनेको छ भने फिलिपिन्स मध्यम खाले अर्थतन्त्र भए तापनि अझै ठूलो भाग रेमिट्यान्समै निर्भर छ । तर यो दक्ष जनशक्तिमा बढी आधारित छ । त्यस्तै भारतको केरलाको रेमिट्यान्सको मोडलको अनुभव आफ्नै खालको छ । उनीहरूले पढेका र दक्ष जनशक्तिलाई बाहिर पठाएका छन् । औद्योगिक उत्पादन त्यति बलियो नभए पनि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा राज्यले लगानी गरेको छ र गुणस्तरीय रेमिट्यान्स पनि त्यसमा प्रवाहित छ । मानव सूचकाङ्कमा केरलाको प्रगति भारतमा अब्बल मानिन्छ । हामीले युथ भिजनका लक्ष्य सूचकहरू तय गर्दा यी र यस्तै सारा विषयलाई राम्ररी दृष्टिगत गरेका थियौँ । यस अर्थमा देशले सम्बोधन गर्नुपर्ने अर्थराजनीतिक प्रश्न युथ भिजनले सम्बोधन गर्ने धृष्टता गरेको छ । तर यो धृष्टता होइन देश विकासको अपरिहार्य बाटो हो । यसले जहाजको मस्तुलको काम गरेको छ ।

हामी ब्रेन ड्रेनको कुरा त गर्दछौँ तर ब्रेन ड्रेन नाराले रोकिने कुरा होइन । उपयुक्त कार्यक्रम र आर्थिक नीतिहरू तय गर्दा त्यसलाई नेपालजस्तो देशले सदुपयोग गर्न पनि सक्दछ । हामी बाहिर पढेका र उन्नति गरेका मानिसहरूको दिमाग, सीप र लगानी भित्र्याउन पनि सक्दछौँ । वातावरण बन्दा धेरै आप्रवासी नेपालीहरू अहिले स्वदेश फर्किन इच्छुक छन् । अहिले तीव्र विकास गर्दै गरेका चीन र भारतजस्ता देशहरूको अनुभव पनि यही हो । तर हाम्रा योजना र कार्यक्रममा समस्या छन् । जस्तो कि 'फर्क - फर्क वैज्ञानिकहरू नेपाल फर्क' भन्ने नारा सरकारले दियो तर बजेट पचार लाख मात्र छुट्ट्याएको सुनियो । भावनामा फर्किएका वैज्ञानिकका लागि यो निल्नु न ओकल्नु ! हाम्रो रिसर्च र डेभलपमेन्टमा ०.२ प्रतिशत बजेट छ, त्यो पनि अधिकांश प्रशासनिक खर्चमा जान्छ । तीव्र प्रगति गरेका कोरिया, सिङ्गापुर, स्वीडेन, स्वीजरल्यान्ड, इजरायलजस्ता साना देशले विकास गरेको रहस्य त विज्ञानप्रविधि, रिसर्च डेभेलपमेन्टमा कुल ग्रार्हस्थ्य उत्पादनको २-४ प्रतिशतका बीचमा लगानी गरेर आफ्ना युवाहरूलाई स्वदेशमै आकर्षित गरेर भएको हो । त्यसैले ब्रेन ड्रेनलाई पुरानो चस्माले होइन, नयाँ चस्माले हेर्नुपर्दछ । ब्रेन ड्रेनलाई नारा र राष्ट्रियताका कुराले रोक्न सकिँदैन, उपयुक्त नीति र कार्यक्रमले नै रोक्ने हो ।

## हाम्रा र अरूका युवाविकासबारे

नेपालले आफ्नो युवाविकासको बाटो तय गर्दा हाम्रो युवाविकासको अवस्था के हो र संसारका अरू देशहरूसँग तुलना गर्दा हामी कहाँ छौँ भन्ने कुरा हेर्न आवश्यक छ । एउटा हेर्ने तरिका उनीहरूका नीति कार्यक्रमको सफलता हो भने अर्को युवाविकासका सूचकहरू नै हुन् । युवाविकासलाई मापन गर्न गुणस्तरीय शिक्षा, रोजगारी, युवा उद्यमशीलता, राजनीतिक र सामाजिक संलग्नता, युवास्वास्थ्यको अवस्था, उनीहरूले प्राप्त गर्ने मनोरञ्जन, खेलकुद, स्वयम्सेवा आदि सूचकहरूलाई संयुक्त सूचकाङ्क विधिद्वारा तय गरिन्छ । पछिल्लो अवधिमा कमन वेल्थ सचिवालयले संसारका १८३ देशका विभिन्न सूचकाङ्कहरू लिएर युवाविकास सूचक

निकाल्ने गरेको छ । सन् २०१० मा युवाविकास सूचकाङ्कमा नेपाल १४५औं नम्बरमा थियो । तर नेपाल अचम्म गरी  २०१५ मा ७७ औं स्थानमा उक्लिएको छ । तर सन् २०१५ को यही रिपोर्टमै भारत १३३ औं, भुटान ६९ औं र श्रीलङ्का ३१ औं नम्बरमा रहेका छन् । यसमा बङ्गलादेश १४७ औं र पाकिस्तान १५५ औं स्थानमा रहेका छन् । यसअनुसार हामी चीन, दक्षिण अफ्रिका, रुस, ब्राजिल, फिलिपिन्सभन्दा पनि अगि छौं !

छनोट गरिएका सूचकहरू, प्रत्येक सूचकलाई दिइएको तौल र संयुक्त सूचकाङ्क निकाल्ने विधिका कारण पनि कहिलेकाहीँ देशले हासिल गरेको युवाविकासको स्तर विश्वास गर्न नसकिने खालको पनि हुन सक्दछ । जस्तो कि सन् २०१० देखि २०१५ का बीचमा नेपाल केकति कारणले सूचकाङ्कमा त्यति माथि उक्लियो त ? के हामी भारत र विश्वका अन्य धेरै देशभन्दा माथि आएकामा मख्ख पर्ने अवस्था हो त ? हाम्रो राजनीतिक सङ्क्रमण, अव्यवस्था, आर्थिक मन्द वृद्धि, बेरोजगारीको अवस्था आदिका माझ नेपालको यो युवाविकासको अवस्थालाई राम्रो भन्न सकिएला त ? जुन देशका युवाको करिब ४० प्रतिशत जनसङ्ख्या रोजगारीका लागि विदेश गएको छ त्यो देशको सूचकाङ्क कसरी यति माथि होला ? हामीलाई विश्वासै नलाग्नु स्वाभाविकै हो । तर कमन वेल्थले सूचकाङ्कमा नेपालको प्रगति देखिने कारणमा रेमिट्यान्समा उनीहरूले प्राप्त गरेको आम्दानीको प्रभाव हुन सक्दछ । यसले नकारात्मक सूचकभन्दा सकारात्मक सूचकका रूपमा काम गऱ्यो । सायद बेरोजगारी दर पनि परम्परागत ढङ्गमै लगिएको हुन सक्दछ । दीर्घकालीन देश र युवाविकासका लागि अदक्ष श्रममा आधारित विप्रेषणको आम्दानी अवश्य राम्रो होइन । त्यसो भएको हुनाले हामी अरू देशभन्दा माथि भएकामा मख्ख पर्नुपर्ने कुनै कारण नै छैन । अर्को पक्ष, २०१० मा पहिलो पटक हाम्रो पहिलो युवानीति बन्यो र २०१५ मा दोस्रो पटक परिमार्जित युवानीति बन्यो र युवाविकासको रणनीतिक योजना युथ भिजन २०२५ पनि २०१५ मै बन्यो । त्यही वर्ष युवा काउन्सिल विधेयक पास गरियो र अर्को वर्ष युवा काउन्सिल गठन भई कार्यको सुरुवात पनि भयो । यस हिसाबले हेर्दा २०१० भन्दा २०१५ मा नेपालमा युवानीति, कार्यक्रम र संरचनानिर्माणले गर्दा संयुक्त सूचकाङ्क माथि उक्लियो भनेर सन्तोष गर्ने ठाउँ त रहला । कमन वेल्थको सूचकाङ्कमा युवा स्वयम्सेवाको अवस्थालाई पनि एउटा सूचक मानिएको छ । सन् २०१५ को भूकम्पपछि नेपाली युवाहरूले उद्धार र पुनर्स्थापनामा खेलेको भूमिका उल्लेखनीय हो । यसमा नेपालले राम्रै अङ्क पाउनु स्वाभाविकै थियो । राजनीतिक स्वतन्त्रता र गणतन्त्र ल्याउनमै नेपाली युवाको भूमिका उल्लेखनीय रहेकाले युवा राजनीतिक संलग्नतामा नेपाल माथि हुने नै भयो । नेपालको शिक्षा पछिल्लो अवधिमा विस्तार भएकाले माध्यमिक शिक्षामा युवाको प्रवेश दर पनि सुध्रिएको होला, भलै विश्वस्तरमा हामी संसारकै कमजोर शिक्षा भएको देशमा दरिएका छौं । यसरी यी विविध कारणहरूले नेपालको संयुक्त सूचकाङ्क माथि उक्लिएको हुन सक्दछ । तर सूचकहरूले युवाविकासको यथार्थ अवस्था मापन गऱ्यो या गरेन भन्ने छुट्टै प्राविधिक बहसको विषय हो । यो पङ्क्तिकारले संयुक्त सूचकाङ्कबारे आफैले काम गरेको अनुभवबाट पनि के भन्न सकिन्छ

भने कमन वेल्थले संयुक्त सूचकाङ्क निर्माण गर्दा छनोट गर्नुपर्ने सूचकहरू, यसको निर्माणविधि र तरिकाको आधार निकै कमजोर छ । हामी यसमा धेरै मखख पर्नुपर्ने अवस्था छैन । यसले बरु नेपाललाई युवाविकासको अन्तर्राष्ट्रिय सहयोगको तल्लो प्राथमिकतामा पार्ने खतरा निम्त्याउँछ ।

नेपालको युवाविकासको संयुक्त सूचकाङ्क स्तर माथि देखिए पनि यसको आधार निकै कमजोर छ । त्यो के हो भने हाम्रो सबैभन्दा कमजोर त आर्थिक आधार नै हो । हाम्रो युवा रोजगारी देशको आफ्नो उत्पादन र उद्यमशीलतामाथि उभिएकै छैन । हामीले राजनीतिक परिवर्तन त गरेका छौँ तर हामी लामो सङ्क्रमण र राजनीतिक अस्थिरतामा रुमल्लिँदा र यसलाई व्यवस्थित गर्न नसक्दा पुनः देश अस्थिरता र द्वन्द्वको खाडलमा जाने त होइन भन्ने डर अझै टरिसकेको छैन । नेपालको तात्कालीन युवा स्वयम्सेवा बढी भूकम्पसँग जोडिएको विषय हो । तर यसलाई अवसरका रूपमा प्रयोग गरी संस्कृतिका रूपमा विकास नगर्दासम्म यो सूचक पनि दिगो हुने देखिँदैन । त्यस्तै शिक्षालाई गुणस्तरीय नबनाई र यसलाई उत्पादन र रोजगार सँग नजोडेसम्म यो सूचक पनि दिगो हुने छैन । जहाँसम्म युवानीति र युथ भिजनको कुरा छ, यो पनि दह्रो ढङ्गले कार्यान्वयनमा गयो भने मात्र यसले प्रतिफल दिनेछ । नीति तथा कार्यक्रम बन्ने कुरा आफैमा सकारात्मक हो, तर महत्त्वपूर्ण कुरा के हो त्यसले गर्ने कुरा गऱ्यो कि गरेन भन्ने हो । युवा काउन्सिलको संरचना छ, साँचो मानेमा युवाका लागि काम गर्ने निष्पक्ष र सुशासनयुक्त संस्था र संरचना निर्माण गर्न सकियो भने मात्र हामी युवाविकासका दौडमा अगि बढ्नेछौँ । यसो हुँदा मात्रै हामीले साँच्चिकै भारतलगायतका छिमेकी देशलाई उछिनेका हुनेछौँ । तर अहिले हामी संसारको युवा सूचकाङ्कमा माथि देखिएका छौँ, यसको स्वरूप बबल (फोका) खालको छ र लिइएका आधार पनि कमजोर छन् । जहाँसम्म युवाका क्षेत्रमा पछिल्लो अवधिमा नेपालमा भएका नीतिगत र संरचनात्मक काम हो, यो अवस्था एउटा राम्रो जम्पिङ बोर्ड भने अवश्यै हो तर समय घर्किँदै छ । हामी यहीँ रहिरहन सक्दैनौँ । सही जम्प गर्दा माथि उक्लिन्छौँ नत्र तल झर्नुपर्ने खतरा हुन्छ ।

हाम्रा लागि युवाविकासको महत्त्वपूर्ण सूचक युथ भिजनको उचित तवरले कार्यान्वयन भएको अवस्था नै हो । यसलाई साथ दिने परिस्थिति भनेका तीव्र आर्थिक विकास, राजनीतिक स्थिरता, क्षेत्रगत संयोजन र युवाका लागि कार्यक्रमहरूका साथै युवाका लागि संरचना र संस्थाको निर्माणजस्ता विषय नै मुख्य हुन् । यस कार्यक्रमलाई सङ्घीय ढाँचा र स्थानीय तहमा कसरी लागू गर्ने भन्ने विषयमा थप काम गर्न आवश्यक छ । नेपाल सरकार युवा मन्त्रालयले तयार गरेको युथ भिजन रणनीतिक योजना कार्यन्वयन कार्ययोजनामा पाँचऔँले रणनीतिअन्तर्गत संस्था र संरचना निर्माणलाई महत्त्वपूर्ण स्थान दिइएको छ । देशलाई विभिन्न क्षेत्रमा आवश्यक पर्ने युवानेतृत्व तथा सीपविकासका लागि एकीकृत गुणस्तरीय तालिम केन्द्रहरूको स्थापना गर्नु अति नै आवश्यक छ । यसलाई उच्च महत्त्व दिई कार्य अगि बढाउन राष्ट्रपतिका नामबाट स्थापना गर्दा उपयुक्त हुन्छ भनेर जोड गरिएको हो । दक्षिण एसियामा युवाका क्षेत्रमा राम्रो काम गरेका श्रीलङ्का र बङ्गलादेशले

युवाविकास र नेतृत्वनिर्माणका लागि निकै उन्नत यस्ता केन्द्रहरूलाई उच्च महत्त्व दिई निर्माण गरेका छन् । उनीहरूले युवाविकासका लागि ठूलो लगानी पनि गरेका छन् । तर यसमा हाम्रो सुरसार नै छैन । १० वर्ष रणनीतिक योजनाको समयरेखाअनुसार पनि यसको प्रक्रिया २०१६ मै सुरु भइसक्नुपर्ने थियो ।

अन्त्यमा, विश्व युवाआन्दोलनमा विचारधाराको प्रश्न रहिरहन्छ। यो सकिएको होइन। यो नयाँ संश्लेषणको चरणमा छ। विचारधारात्मक पद्धतिहरूमा भएका र लागू गर्ने सन्दर्भमा रहेका आआफ्ना कमजोरी र असफलताबाट नयाँ सहकार्यका ढोका पनि खोलिएका छन् । यस अवस्थामा युवाविकास हासिल गर्ने सन्दर्भमा आआफ्नै बाटा र तरिका भने हुनेछन् । तर पनि सहकार्यका लागि विश्वव्यापी रूपमा आज साझा मुद्दा र एजेन्डाहरू तय भएका छन् । राम्रो शिक्षा र रोजगारी, स्वच्छ वातावरण र स्वास्थ्य सुविधा, युवाको राजनीतिक र सामाजिक संलग्नता र अधिकार, लैङ्गिक समानता, युवाका लागि खेलकुद र मनोरञ्जनजस्ता विषयहरू विश्वव्यापी मुद्दा बनेका छन् । राजनीतिक, सामाजिक र सांस्कृतिक अधिकार, समानता, शान्ति, समावेशीताजस्ता विषयहरू विश्वव्यापी रूपमा युवाका लागि निर्देशक सिद्धान्तहरू हुन् । २१ औं शताब्दीको चुनौती सामना गर्न अधिकार खोज्ने मात्र होइन, उत्तरदायित्व पूरा गर्ने; राष्ट्रिय भावना जर्गेना गरिरहँदा विश्वशान्ति र भाइचारालाई प्रवर्द्धन गर्ने; सांस्कृतिक मूल्यमान्यताहरूलाई सम्झिरहँदा वैज्ञानिक र तथ्यमा आधारित युवानीति र विकासका लागि अगि बढ्ने युवानीति र कार्यक्रम हामी सबैका लागि साझा विषयवस्तु बनेका छन् ।

विश्वशान्ति र सुरक्षाको विषय मानवइतिहासकै चुनौतीपूर्ण घडीमा उभिएको छ । विश्वमा हुने द्वन्द्वका  कारणहरूमा युवा बेरोजगारी नै मूल समस्या बनेर एकातिर रहेको छ भने अर्कातिर राजनीतिक र सामाजिक प्रक्रियामा युवा संलग्नता नहुनु जस्तो अवस्था रहेको छ । यी कारणबाट जन्मिने द्वन्द्वको प्रभावका मारमा पनि युवाहरू नै रहेका छन् । यो विकासको एक नकारात्मक चक्र हो । यो स्थिति अन्त्य गर्न संयुक्त राष्ट्रसङ्घको प्रस्ताव २२५० (२०१५) एउटा महत्त्वपूर्ण कदम हो । प्रस्तावनाका मूल बुँदाहरूमा नै सहभागिता, सुरक्षा, संरक्षण, सहकार्य, द्वन्द्वरत अवस्थाबाट छुटकारा दिने र उनीहरूलाई पुनर्स्थापना गर्नेजस्ता विषयहरूलाई जोड दिइएको छ । युथ भिजन २०२५ संयुक्त राष्ट्रसङ्घको प्रस्ताव २२५० भन्दा अगि नै बनेको भए तापनि माथिका धेरै विषयहरू निर्देशक सिद्धान्तका रूपमै उल्लेख गरिएका छन् । देशमा पुनः द्वन्द्वको अवस्था नआओस् भनेर त्यसका कारणहरू अन्त्य गर्न विस्तृत योजना र कार्यक्रमहरू  त्यसमा उल्लेख गरिएका छन् । विश्वशान्ति, भ्रातृत्व र सहकार्यका लागि अन्तरसांस्कृतिक संवाद, युवासहकार्य र आदानप्रदान जस्ता विषयहरू भिजनमा पहिल्यै उल्लेख हुनु हाम्रो युवा कार्यक्रमको उत्कृष्ट पक्ष हो । नेपाल सरकारले संयुक्त राष्ट्रसङ्घको प्रस्ताव २२५० लाई अझ मूर्त रूपमा लागू गर्न प्रधानमन्त्रीको संयोजकत्वमा निर्देशक समिति बनाउने र राष्ट्रिय कार्ययोजना तय गर्ने कुरा गरेको छ । यो निकै सकारात्मक कदम हो । संयुक्त राष्ट्रसङ्घको प्रस्ताव २२५० को खाका र

युथ भिजन २०२५ को प्रकाशमा नेपालले अझ मिहिन ढङ्गले यसको राष्ट्रिय कार्ययोजना बनाउनु आवश्यक छ ।

कुनै पनि देशको नेतृत्व गर्ने सरकार होस् या नेता, उनीहरूले देश र जनताका लागि भविष्य र तिनको पछिल्लो तस्बिर देख्न सक्नुपर्दछ। अमिरिकी युथ कर्प्स इतिहास हेर्ने हो भने जोकोहीले पनि थाहा पाउन सक्दछ राष्ट्रपति केनडीले सन् १९६१ मा यसलाई कति प्राथमिकताका साथ लिएका थिए र युएसको सिनेटमा हरेक नयाँ राष्ट्रपति आउँदा यो छलफलको विषय बन्थ्यो । त्यही कार्यक्रमलाई पछि उनीहरूले अमेरिकी मूल्यमान्यतालाई सफ्ट पावरमार्फत संसारभर पुऱ्याएर अमेरिकालाई बलियो बनाएको भनी गौरव गर्दछन् । युरोपियनहरूले युवालाई केन्द्रित गरी इसारमोस मोन्डसको भीमकाय छात्रवृत्तिलगायतका युवाकार्यक्रमहरू परिचालन गरिरहेका छन् । देङ सियाओ पिङले विदेशबाट केही सिकेर आऊन् भनी सन् १९७८ मा ३ हजार चीनियाँ विद्यार्थीहरूलाई बाहिर/विदेश पठाएका थिए । उनको त्यो रणनीतिक पहल चीनको आधुनिकीकरणका लागि कोसेढुङ्गा साबित भयो । अमेरिका र पश्चिमबाट सिक्दै आफ्नै प्राचीन सभ्यताको घरोहरमा अहिलेको चीन विश्वका उत्कृष्ट विश्वविद्यालयहरू निर्माण गरिरहेको छ । अहिले ऊ ओवरको फ्रेमभित्र आफ्ना युवा मात्र होइन एसियाकै युवालाई अध्ययनका लागि आकर्षण गरिरहेको छ। जापानले मैजी सम्राटकै वेला युवालाई प्राथमिकतामा राखी पश्चिमबाट प्राविधिक ज्ञान लिँदै यसमा आधारित संसारकै प्रतिस्पर्धी अर्थतन्त्र निर्माण गऱ्यो । शिक्षा र प्रविधिलाई बजार अर्थतन्त्रसँग जोड्न चुक्ने कमजोरीबाहेक सोभियत सङ्घले युवामा गरेको लगानी संसारकै अनुपम उदाहरण हो । यसले उसलाई छोटो समयमै शक्ति राष्ट्र बनायो ।

युथ भिजनमा उल्लेख गरिएका विषय र कार्यक्रमहरू लागू गर्न सकियो भने नेपालको युवा विकास साँच्चिकै नयाँ चरणमा प्रवेश गर्न सक्नेछ । हामीले कतिपय छुटेका विषयलाई पछिको एक्सन प्लानमा समावेश गरेका छौँ । सङ्घीयता र स्थानीय निकायमा यसलाई कसरी लागू गर्ने भन्ने थप विषय पनि मूर्त रूपमा विकास गर्दै जानुपर्दछ । युथ भिजन २०२५ राष्ट्रिय र अन्तर्राष्ट्रिय अनुभवको राम्रो संश्लेषण गरी तय गरिएको महत्त्वाकाङ्क्षी रणनीतिक योजना हो । यसमा राम्ररी टेक्न सक्दा नै हामी युवाविकास र देशविकासको सही मार्ग भेट्टाउन सक्दछौँ। हामीकहाँ एउटा बलियो रणनीति बनाई त्यसमाथि टेकेर अगि बढ्ने चलनभन्दा पनि नीतिमाथि नीतिहरू र देखाउनका लागि कार्यक्रमहरू बनाउने चलन छ। यस्तो प्रवृत्तिको अन्त्य गर्नुपर्दछ । युवाविकासको प्रश्न देशविकासका लागि मुख्य सरोकारको विषय भएकाले यसलाई प्रधानमन्त्रीका तहबाट नै चासो र रणनीतिक महत्त्वका साथ सम्बोधन हुनुपर्दछ ।

# Skilling Needs and Envisioning Effective Mobilization of Resources

✍ Dr. Hari Pradhan

## The Context

Nepal has recently introduced its 14th Plan (2017/18-2019/20) which aims at enhancing access to education and skills through alternative training provisions (National Planning Commission - NPC 2017). The country also targets to graduate from least developed countries (LDC) status by 2022 and has also envisioned entering into middle income country status by 2030 (NPC 2017). Similarly, as a member of UN, it has shown its commitment for Sustainable Development Goals (SDGs) 2030. Among others, skilling the country's human resource (HR) is one of the major actions that will help achieving these targets. Although, technical and vocational education and training (TVET) Policy is under implementation since 2012, there is absence of synchronized efforts to prepare trained workforce to contribute to these plans and policies. In this regard, it is necessary to understand the scale of skilling needs. Hence, skilling needs in agriculture and off farm sector particularly in foreign employment is discussed in the following chapters of this report. It is followed by discussion on two major issues/challenges – implementation of TVET policy and management of funds before making conclusions and recommendations.

## Skilling Needs

Estimated 500,000 people enter into the Nepalese labor market each year (NPC 2017). Although, there is lack of updated study around this population, its assumed that by far most of them enter into the labour market without specific technical and vocational skills. In absence of proper skills, they often end up working as unskilled labor in various sectors of economy including agriculture. This could be also reason for underemployment which stands at 30% (NPC 2017) and adversely

affects agricultural employment.

Nepal Living Standard Survey (NLSS) shows that strong majority (74%) of Nepalese Households (HHs) are in agriculture (Central Bureau of Statistics- CBS 2011), which further hikes with addition of if forestry and fisheries. Therefore, agriculture has been the main source of income for 80% of population (Government of Nepal/ Asian Development Bank - GoN/ADB 2016). Despite such level of engagement in agricultural activities, its share of GDP is less than one-third (31.6%). One of the reasons for this situation is traditional nature of agricultural practices. Although there have been efforts for modernizing agriculture, it is faced with many constraints including limited training opportunities, which unfortunately has not been recognized by policy makers and practitioners. Training of farmers could help improve agricultural production and productivity. It could also address the underemployment problem as mentioned above. Evidences have it that young people are growingly interested in farming. Even the returnee migrants are interested in agricultural activities. However, there is absence of proper training that farmers need which includes on-site, longitudinal but intermittent (OsLI) training (Pradhan *et al* 2013). Currently availability of such training ranges between very limited to nil. Instead, todays' trainings are largely confined to couple of days and that too mostly in training centers. Skills learned through this approach are forgotten before the farmers arrive back to their homes.

The skills need in off farm sector is not different either. A study carried out in 2014 showed that more than 95% of the workforce employed in some sectors economy has little or no proper skills (Pradhan *et al* 2014) while this sector shares 68.3% of the GDP (MoF 2016). This finding indicates that even those who have some kind of employment are not properly trained. These facts clearly explain how important is to properly skill these people. However, this area is also grossly neglected.

Also, triggered by various reasons including unemployment (Ministry of Finance - MoF 2016), there has been increasing tendency for foreign employment. As per Department of Foreign Employment (DoFE 2017), a total of 527,814

people left for foreign employment in 2013/14. As result of foreign employment migration, remittance shares almost one-third (29.1%) of the gross domestic product (GDP) (Nepal Rastra Bank - NRB 2017). This explains the importance of contribution of foreign migrant workers. However, these workers have not been properly prepared. Studies have shown that a strong majority (75.5%) of them are unskilled (MoF 2016), who have to work as labor in the countries they migrate to. The same study shows that 23% of such workers are semi-skilled, which indicates a huge gap in between these two categories of migrants. As NRB 2017 shows that only 12% of migrants are semi-skilled, there is question of reliability of these data. However, studies show that properly skilled people could have incomes as high as three times than those without. But importance of skilling migrants is not properly understood and emphasized by concerned stakeholders. Hence, there is absence of any serious effort for addressing this gap through skills programs.

## Some relevant Issues and Challenges

All the data and information presented above help to summarize that people have engagement in various kinds of employment but by far most lack proper technical and vocational skills. Further, creating 400,000 employment opportunities each year within in the 14th Plan period (NPC 2017) is a challenge. Making people's employment productive or creating new employment needs skills training in massive scale. Addressing these issues, as explained below, requires prudent management of available resources and exploring new ones.

## Ineffectiveness in Policy Implementation and the TVET Fund

Nepal had also prepared TVET policiesin 2007 and 1999 but both these policies were not effectively implemented. Even the current policy introduced in 2012 is not properly internalized by relevant stakeholders. Even after five years of the 2012 TVET Policy, still there are many stakeholders - government and development partners, whose level of understanding of this policy ranges between very limited to none. Hence, they carry out training as per

their own interest and wish giving continuity to mismatch in need and supply. The situation is aggravated as government does not have optimum interest to even review and monitor the progress with the policy implementation.

Addressing this situation would perhaps need a mechanism that could coordinate and guide the whole TVET system. In this situation, establishment of TVET Fund is considered as an option.

## Lack of Effective Management of available Resource

A study on TVET financing carried out in 2012 showed that almost NPR 9.6 billion is spent annually in TVET (Parajuli and Shakya 2012). Other estimation indicates that almost NPR 15 billion is channeled annually in the sector through the Redbook. However, these resources do not include the expenses made by donors, developing partners/INGOs. Even there is lack of system that ensures sharing of this information with government. This gives rise to situation fragmentation in training. It is also associated with duplication problem which needs to be removed (NPC 2017). These figures indicate two major problems from resource management perspective: i) not all the resources spent in TVET are well reflected in the national accounting system; and ii) government does not have full information and knowledge about results achieved from resources invested by donors and development partners.

Absence of practice of sharing information about resources spent is another important problem in the country. As noted by Parajuli and Shakya (2012) 'no data was made available from development partners regarding the resources invested in the sector'. This situation is also because of absence of government mechanism and capacity to track such information. In absence of any enforcement mechanism, development partners are left free to use resources in the areas of their preference. Hence, part of the blame for ineffectiveness of available resources goes to government.

There were times in the past when donors would design project without government consultation. Although, there is evidence now that donors are growingly interested to develop projects in consultation with government, this approach is not

properly institutionalized. As a result donors tendency to develop project as per their own wish or channel resources through their own system has possibility to continue.

## Conclusions

So far, only less than 100,000 training places are annually available in the country (CTEVT 2012). Gap in needs and supply in training appears when this figure is compared vis-à-vis the training needs examined above. Therefore, human resource is developed through need-based skills training, it will be challenging for Nepal to attain LDC graduation target and contribute to the Vision 2030 objectives. Similarly, unless appropriately trained workforce is available to address the needs explained above, it will be challenging to meet the SDGs targets well.

Addressing these challenges requires integrating available resources and mobilizing them in the areas of national priority. In order to make it happen, the TVET Fund that can effectively co-ordinate the program and resources in a transparent approach, is envisaged as an appropriate intervention.

Government has made its commitment for TVET Fund which started from the TVET Policy 2007 (MoE/GoN 207). It continued its interest in establishing the Fund through various policy and plan document including: i) the Three Year Approach Paper (2010/11-2012/13); ii) the Three Year Plan 2010/11-2012/13 (GoN/NPC 2011); iii) the TVET Policy 2012; and iv) the 14th Plan (NPC 2017). Despite these numerous commitments and persistent training needs, government still has not been able to make required progress in its establishment and subsequent operationalization.

## Recommendations

This is in this context, a TVET Fund guided by Results and Resources Framework and participated by all development partners including private sector/non governmental actors (NGAs) is considered a necessity. However, such partnership should be allow decision making role for private sector, particularly the business and industry.

The TVET Fund is basically envisioned to be a coordinating body with short and long-term objectives. A national TVET strategic plan with results and resources

framework (RRF) is pre-requisite for establishment and operationalization of the fund. In the short run, it will coordinate the ongoing training programs particularly the short-term skills and enterprise development programs. In the long run, it will also fund such programs as it will be the agency through which the budget will be channeled. It is also envisaged to identify required training in specific locations and channel resources accordingly.

The RRF will be a planning tool with indicative projection aligned with the 14th Plan and also country's LDC graduation plan. Accordingly, the expected results will be synchronized with the national budget and will be arranged together with donor and development partners' support. Theenvisaged results will then be shared by various ministries with engagement in training. The donors'/development partners' resources will be mobilized through the RRF. In case, there are development partners' resources that can't be channeled through the RRF, at the least, they have to be aligned with it and spent in a transparent way.

Aligning of individual programs with RRF and sharing progress accordingly by all the stakeholders facilitating preparation of a national progress report will have to be another feature of the Fund.


# ICT: Changing Scenario in Nepal

✍ Er. Ganesh Shah,

Former Minister of Science and Technology

Youth are considered as future of a nation because they have vision for development, vigor for action and vitality to lead. With technological revolution in ever-accelerating process and with ongoing advancement in Information and Communication Technology (ICT), the repository of knowledge base in digital format has grown enormously, and it is available at the finger tips due to the capability of modern communication equipment, for example, smartphones and laptops/ tablets and availability and extensive use of internet facilities in almost every geographical locations. Today, the abundance of knowledge on the internet has revolutionized the learning system and technology and science transfer due to available resources in a sharing Omni-sphere. Nepal can't be and has not been left out in this development.

According to a current data (Nepal Telecom Authority (NTA) report -Feb.2017) there is 130.35% of voice service penetration in Nepal, 123% of it coming from mobile cellular services. All 75 districts of the nation have the coverage of mobile telecom services, and now telecom is bringing advanced services like 4G broadband and optical fiber connectivity spreading throughout the nation. It is also planning to begin 5G service soon. The latest report says internet penetration has reached 58.8% all over Nepal. Telecom services are dominating this sector and the growth will be more aggressive in coming days. The figure below presents the share of telecom operators in the domestic market.




What is being done with ICT in general and with internet/mobile

communications in particular by the public and how it is being used in the economic life?A large section of the population uses it for voice, voice-mail services and search and socialization sites. It is used to a large extent in higher education and research. Young researcher are using it extensively for their academic, industrial and entrepreneurial use. Students, professors and scientists are using internet as a source of knowledge, operating platform for productive work and national and international collaborations. Students have access to the global knowledge and it is not limited to the classroom only, but also to the teacher and the course books. The distance in pursuing knowledge in different regions is no more significant as long as one rationally utilizes ICT. Therefore, it can be easily used and must be used in school education, especially in rural areas. Penetration of ICT at this level is, unfortunately, very low.

At times, it is surprising to see the awareness and engagement people show about current issues – political, social, economic and personal -on the internet (social media, blog, news etc.). People use technology to put forward their opinion and views on political and social matters: they use social media to protest, express their opinion on current issues of their interest, spread awareness about pressing problems and warn responsible bodies about the same. Here is a list of some of the most popular sites people surf on internet according to their uses (Alexa June 2017).

| S.N | Site |
|---|---|
| 1. | Youtube.com |
| 2. | Onlinekhabar.com |
| 3. | Google.com.np |
| 4. | Ekantipur.com |
| 5. | Google.com |
| 6. | Facebook.com |
| 7. | Annapurnapost.com |
| 8. | Nagariknews.com |
| 9. | LightNepal.com |
| 10. | Bigulnews.com |

A good example of using internet for social and business purposes is a show called Raw Barz started a few years ago. Rap battles were held and masses of youth liked what they saw, heard and contributed to it. And they followed it. It itself is a new form of art in our country and It is being viewed globally. It created a voice for youth, allowing to bring their emotions into open, which was concealed and turning into rage and depression and other forms of social stigma. It is a wonderful example of the way systems could be created for youth to interact with each other and reach globally. It is a very good way to initiate startups, of providing social entrepreneurship and obtaining mass relief as is evident by its 17+ million YouTube views globally. Raw Barz already has its franchises in UK, and Australia, and now it is expanding to the

USA this year.

It is just one portrait of youth talent and its output in the international competitive market. The startups are trying to solve problems and making sustainable business. Companies like Deerwalk, Leapfrog, F1Soft and many others are creating examples, which show the prospect and future to business the technology can bring by youth brimming with optimism. ICT is a growing industry, which also enables development of almost all other sectors/industry and bring efficiency and enhanced productivity. Inbanking sector, for example, ICT has played a crucial role in service adaptation and outreach. Banks have come up with branchless banking in rural areas and mobile wallet for easy execution of services. Nepal has a high potential to develop ICT as an industry providing its services to the global market. It is true, policies are not very supportive for this and other such industries for now. Government has to produce a clear road map to helpin handling payment, taxation, security, resource management, skill development etc. for fast growth of ICT in Nepal.

Usage of ICT desires to penetrate much better than what it is now in industry, agriculture, health, marketing, construction, infrastructure development and many other sectors of national economy.

To solve the problem of unemployment ICT should be used for employment generation by providing education, counsel and finances. This will also help minimize the mass migration of young workers for employment and provide better opportunities when they decide to go abroad. Affordable and cost effective access to ICT services will help in poverty reduction as well. It should be remembered that ICT services in Nepal are the costliest among the SAARC countries, which also comes with poor quality.

Government has attempted to bring e-governance but one thing is missing from the scheme - we need to adopt the change. The plan made 5 years ago may not fit today. We have to make models simpler to implement and easier to change. 2074 is election an year, I think the country will witness maximum usage of ICT and social media by politicians and political parties to reach people. Parties are doing sponsored promotion to reach each and every individual on internet. The impact is already seen from the performance of new parties like Bibeksheel Party and Sajha Party. Old parties seem to be aggressive on creating digital content and promote themselves in social media. I am sure this will lead our government to value the ICT.

ICT has a great role to play in providing good governance and effective

legal and administrative services to the common people. For this the government should implement e-governance master plan formulating effective policy, plans and programs giving it top priority, which should allow easy and affordable access to these services by the common man.

To minimize the problem we see in youth and public, we need good education with better orientation and counselling. We have to show case the people how ICT can change lives and bring prosperity and happiness to a person, a family, a local unit or a nation. We have to spread awareness in people through social media act for social justice and transformation. We have to help people to use technology to demand the governance and transparency and narrow the digital divide.

# Young People are the key to achieving SDG

✍ Ravindra Shakya
Country Director, Restless Development

The world we are living is in 'Peak Youth' Age. Never before and never in the future will we have so many young people. We have about 1.8 billion young people between the ages of 10 – 24. And over half of the world population is under 30. This is the largest youth population ever and most of them live in developing countries like Nepal.

There are no options for us except tapping the youth resource to make our world a better place. We need to involve youth in our decision making processes, create opportunities for young people to contribute in our development initiatives and let them lead the development discourse. Let's change our perception from now on and start saying that young people are the leader of today not tomorrow.

Youth involvement on Sustainable Development Goals (SDG) is very crucial. Even before SDG came to its existence, youth were consulted throughout the world. It was then called 'Youth Consultation in Post 2015 Development Agenda'. In Nepal, Ministry of Youth and Sports and Restless Development led the consultation workshops. Young People played a vital role is bringing out SDG. Compared to MDG, we can confidently say that SDG is more inclusive, diverse and comprehensive. SDG's 17 goals covers almost all aspects our lives. To achieve these ambitious goals, we will have to work collectively. All people should have their role to play. Every institutions should take responsibilities to work with each other. While the governments are expected to own and lead the SDG, business and development sectors have very important roles to achieve the goals. But probably in the whole process young people will have to take the lead.

Young People Can, Young People Do. It is clear that young people are more concerned about the world because they are going to live longer to see the future world. Compared to adults, young people are more adaptive to change and development. They embrace technologies more easily than their adult counterparts. By nature young people are dynamic, motivated, and passionate. They are full of energies and strengths. And we need to capitalize their attributes for achieving SDGs. If we fail transfer the mantle of leaderships to these young people, it will be very difficult to achieve SDGs. Let young people lead as the torch bearer for development.

Let's see the realities of our present world. It is full of challenges. Over half the population are living in poverty. Many go to bed hungry in the lack of decent foods. Their health and well-being is been affected by many diseases and insecurity. There are still many people who are not literate. Many young people in the developing world lack quality education. Gender inequality and gender based violence is widespread across the globe. Nearly one third of the world population lack drinkable water and proper toilets. People spend lot of their resources to buy 'bi unfriendly' energy. Clean Energy is not available everywhere and even if it is available it is not affordable to poor people. Large portion of young people are either unemployed or underemployed. They are forced to leave their countries to work as a migrant workers and many of them work in a very difficult, dangerous and daunting jobs. Economic growth around the world is not evenly distributed. Likewise industries, innovations and infrastructures are more concentrated in the developed countries while developing countries lack capital to invest in such projects. Inequality among the people in form of their identity caste, gender, and orientation is still very widespread. Cities where we are living are becoming more vulnerable. Communities are becoming less sustainable to cater the basic needs and no more future ambitions. People are not sensible enough toward consumption and productions. We waste so much resources without much hesitation. We always fail to remember that we did not inherit this planet from our ancestors but we borrowed it from our children. Climate change is happening in such a speed that we are already experiencing its effect in our daily lives. Unfortunately, even the most powerful leaders in the present world have failed to recognize these challenges. Life below water has been threatened. We have dumped so much pollutions and plastics around the seas, it is affecting the marine world in a very alarming speed. There are many wars and conflicts around the world. In modern wars no one wins but we all lose many things in such fighting. Terrorism and radicalization has become a real threat in many countries and it will be foolish to think that so countries are not affected. Peace is still a dream for many people and justice is still not accessible for many poor people. Despite there are many institutions who claim to work in development sectors, they lack proper coordination, sharing and partnership.

For young people all these challenges can become opportunities to intervene. Young people can be the solutions to combat these problems. To fight against these challenges, UN and governments around the world have signed SDG and have committed themselves to work collectively. They have signed up for 17 sustainable development goals to transform our world. The goals are:

1. No Poverty
2. Zero Hunger
3. Good Health and Well-Being
4. Quality Education

5. Gender Equality
6. Clean Water and Sanitation
7. Affordable and Clean Energy
8. Decent Work and Economic Growth
9. Industry, Innovation and Infrastructure
10. Reduced Inequalities
11. Sustainable Cities and Communities
12. Responsible Consumption and Production
13. Climate Action
14. Life Below Water
15. Life on Land
16. Peace, Justice and Strong Institutions
17. Partnerships for the Goal

As the goal number 17 emphasizes, we all need to work in partnerships. Whether it is Government, Non-Government or Private Sector; either it is poor or rich, young or old, male or female or third gender; we all need to work together. But there is no doubt that young people will have to take the lead. Young people will make this world a better place but all we need to do is to provide those platforms, a conducive environment, and chance to lead this world. They deserve a chance to lead the development agenda. And organization like Restless Development will continue to advocate for more roles of young people in SDG. And Restless Development will continue to work in close partnership with Ministry of Youth and Sports and National Youth Council and many other organizations who work with and for young people.

Finally, let's remember that we are young people ready to take the leaderships. It is up to us to decide how fast we can transfer this leadership mantle. Better now than later !



# युवा तथा खेलकुद मन्त्रालय : विगत, वर्तमान र भावी दिशा

✍ महेन्द्र पौड्याल

विगतमा खेलकुद क्षेत्रलाई कहिले शिक्षा र कहिले संस्कृति मन्त्रालयसँग गाभेर राख्ने गरिएकोमा वि.सं. २०६५ भाद्र महिनामा भने नेपाल सरकारले युवा क्षेत्रलाई विशेष महत्त्व दिँदै पहिलो पटक युवा तथा खेलकुद मन्त्रालयको स्थापना गरेको हो । राष्ट्रको मेरुदण्डका रूपमा रहेको युवाशक्तिलाई मूल धारमा ल्याई राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका लागि योग्य, सक्षम, उद्यमशील, स्वावलम्बी र सिर्जनशील तुल्याई खेलकुद क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्यका साथ यस मन्त्रालयको स्थापना भएको हो ।

नेपाल सरकार कार्य विभाजन नियमावली, २०७२ ले यस मन्त्रालयलाई युवा, खेलकुद र स्काउटसम्बन्धी कामका लागि निम्नलिखित कार्य गर्न जिम्मेवारी प्रदान गरेको छ :

## कार्य जिम्मेवारी

१ युवा तथा खेलकुदसम्बन्धी नीति, योजना, कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

२ युवा परिचालन तथा राष्ट्रिय युवा विकास,

३ युवा तथा खेलकुदसम्बन्धी विषयको अध्ययन, अनुसन्धान, सर्वेक्षण,

४ युवालयको सञ्चालन र युवालयसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क र समन्वय,

५ युवा जनशक्तिको प्रशिक्षण र तालिम,

६ युवा तथा खेलकुदसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध तथा प्रतिनिधित्व,

७ खेलकुदसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रम,

८ युवा जागरण तथा विकाससम्बन्धी कार्यक्रम,

९ युवा तथा खेलकुद सम्बन्धी विषयमा सरकारी र गैरसरकारी सङ्घसंस्थाको परिचालन तथा क्षमता विकास,

१० राष्ट्रिय खेलकुद परिषद् तथा खेलकुदसम्बन्धी अन्य राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्था,

११ नेपाल स्काउट ।

माथि उल्लिखित तीन क्षेत्रहरू युवा, खेलकुद र स्काउट सम्बन्धी कार्य गर्न युवा तथा खेलकुद मन्त्रालयसँगको समन्वयमा काम गर्ने गरी राष्ट्रिय युवा परिषद्, राष्ट्रिय खेलकुद परिषद् र नेपाल स्काउट रहेका छन् ।

राष्ट्रिय युवा परिषद्को गठन तथा सञ्चालनका लागि राष्ट्रिय युवा परिषद् ऐन २०७२ र राष्ट्रिय युवा परिषद् नियमावली, २०७३ जारी

भइसकेका छन् । युवाविकासका कार्यलाई अगाडि बढाउन राष्ट्रिय युवा नीति, २०७२ र युथ भिजन, २०२५ कार्यान्वयनमा ल्याइएका छन् । राष्ट्रिय खेलकुद परिषद्को व्यवस्थापन तथा नियमन खेलकुद विकास ऐन,२०४८ बाट हुँदै आएको छ । खेल क्षेत्रको विकासका लागि राष्ट्रिय खेलकुद नीति, २०६७ र विभिन्न निर्देशिकाहरू कार्यान्वयनमा ल्याइएका छन् । स्वयंसेवी संस्थाका रूपमा परिचित नेपाल स्काउटको व्यवस्थापन नेपाल स्काउट ऐन २०५० र नेपाल स्काउट नियमावली २०६४ बाट हुँदै आएको छ । राष्ट्रिय युवा परिषद् र राष्ट्रिय खेलकुद परिषद् दुवैको अध्यक्ष र नेपाल स्काउटको प्रमुख स्काउट माननीय युवा तथा खेलकुद मन्त्री रहने व्यवस्था छ ।

## युवाविकास

२०६८ को जनगणनाअनुसार नेपालमा कुल युवा जनसङ्ख्या १,०६,८९,८४२ रहेको छ जुन कुल जनसङ्ख्याको ४०.३५ प्रतिशत हुन्छ । युवाको जनसङ्ख्यामा महिला ५४.५ प्रतिशत र पुरुष ४५.५ प्रतिशत रहेको छ। नेपाल सरकारद्वारा २०७२ मा जारी गरिएको युथ भिजन-२०२५ ले नेपाली युवाको अवस्था निम्नानुसार देखाएको छ :

| सि.नं. | विवरण | सङ्ख्या |
|---|---|---|
| १ | ५ वर्षमाथिको साक्षरता | ६५.९ % |
| २ | युवा साक्षरता (१६-४० वर्ष) | ७१ % |
| ३ | युवा साक्षरता (१६-२५ वर्ष) | ८२ % |
| ४ | पूर्ण बेरोजगार युवा | २.३ % |
| ५ | अर्ध बेरोजगार युवा | २८.३ % |
| ६ | प्रति वर्ष विदेश अध्ययन गर्न जाने युवा | करिब ३६ हजार |
| ७ | स्वरोजगार युवा | ५८.८ % |
| ८ | कृषिमा संलग्न युवा | ५०.५ % |
| ९ | प्राविधिक र व्यावसायिक शिक्षामा अध्ययनरत युवा | ७ % |
| १० | वैदेशिक रोजगारीमा जाने दक्ष युवा | २ % |
| ११ | वैदेशिक रोजगारीमा जाने अर्ध दक्ष युवा | २४ % |
| १२ | वैदेशिक रोजगारीमा जाने अदक्ष युवा | ७४ % |
| १३ | बेरोजगार स्नातक युवा | २६.१ % |
| १४ | वार्षिक रूपमा सीपमूलक तालिम प्राप्त गर्ने युवाको सङ्ख्या | ६८००० |
| १५ | वार्षिक रूपमा प्रत्यक्ष युवा रोजगारी सिर्जना सङ्ख्या | ३५००० |

आर्थिक गतिविधिमा युवा महिला र पुरुषको सहभागिताको स्थिति :

| सि.नं. | विवरण | महिला | पुरुष |
|---|---|---|---|
| १ | १६- २५ वर्षका आर्थिक रूपमा सक्रिय जनसङ्ख्या | ४२ प्रतिशत | ५० प्रतिशत |
| २ | २६-४० वर्षका आर्थिक रूपमा सक्रिय | ६६ प्रतिशत | ९४ प्रतिशत |
| ३ | १६-२५ वर्षका स्वरोजगार | ७० प्रतिशत | ४० प्रतिशत |
| ४ | १६-२५ वर्षका रोजगार | १८ प्रतिशत | ४० प्रतिशत |
| ५ | २६-४० वर्षका स्वरोजगार | ७४ प्रतिशत | ५२ प्रतिशत |

माथिको तथ्याङ्कले हाम्रो देशलाई कुनै

पनि देशको इतिहासमा विरलै प्राप्त हुने युवा जनसङ्ख्याको ठूलो हिस्साबाट जनसाङ्ख्यिक लाभांशको अवसर प्राप्त भएको भए पनि त्यसबाट लाभ लिन अझ धेरै प्रयत्न गर्न जरूरी रहेको देखाउँछ ।

युवा जनसङ्ख्याको ठूलो हिस्साबाट लाभ लिन राष्ट्रिय युवा नीति र युथ भिजनले निर्देशित गरेबमोजिम नेपाल सरकार र खास गरी युवा तथा खेलकुद मन्त्रालयबाट युवाविकासका विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । तीमध्ये केही प्रमुख कार्यक्रमहरूमा राष्ट्रिय युवा प्रतिभा सम्मान, युवा अनुभव आदानप्रदान, युवा सञ्चार कार्यक्रम (रेडियो), **युवा**को प्रकाशन, युवा गतिविधि तथा युवा उद्यमका बारेमा सञ्चारकर्मीसँग अन्तर्क्रिया, युवा महोत्सव, सम्मेलन आयोजना आदि ।

युवाका हकहितको संरक्षण र संवर्द्धन गरी समुन्नत मुलुक निर्माणका लागि सक्षम नागरिक तयार गर्न तथा युवाको सशक्तीकरण गरी युवासम्बन्धी विषयको नीतिनिर्माणदेखि कार्यान्वयन तहसम्म आवश्यकताअनुसार उनीहरूलाई संलग्न गराई राष्ट्रिय विकासको मूल प्रवाहमा समावेश गर्दै जिम्मेवारी वहन गर्ने गरी २०७२ सालमा राष्ट्रिय युवा परिषद् स्थापना भएको हो । युवा परिषद्का मातहतमा ७५ जिल्लामा जिल्ला युवा विकास समितिका कार्यालय रहेका छन् । हाल युवा परिषद्मा ३२ जना र जिल्लामा २२५ जना गरी जम्मा २५७ कर्मचारी रहेका छन् ।

युवा परिषद्बाट युवाविकासका लागि युथ भिजन-२०२५ ले पहिचान गरेका युवाविकासका पाँच आधारस्तम्भअनुरूप कार्यक्रमहरू सञ्चालन हुन थालेका छन् । राष्ट्रिय युवा परिषद्बाट सञ्चालित प्रमुख कार्यक्रमहरूमा युवा प्रतिभा तथा युवा उद्यमी प्रोत्साहन, युवा अनुभव आदानप्रदान (आन्तरिक), युवा सञ्चार कार्यक्रम (टेलिभिजन), युवा सीप तथा नेतृत्व विकास तालिम, ग्रामीण युवा उद्यम कार्यक्रम (१ वडा १० युवा उद्यम समूह), युवा महोत्सव, युवा परामर्श सेवा कार्यक्रम, युवा स्वयंसेवा कार्यक्रम (समाजका लागि युवाको १ दिन), युवा लक्षित राष्ट्रिय स्वरोजगार कार्यक्रम (PPP मोडल), अपाङ्ग युवाका लागि सहयोग सामग्री वितरण, युवा प्रतिभा पहिचान (Youth Talent Hunt) आदि रहेका छन् ।

युवा अन्तर्सम्बन्धित (Cross-cutting) क्षेत्र भएकाले अन्य निकायबाट पनि प्रत्यक्ष-अप्रत्यक्ष रूपमा युवालक्षित कार्यक्रम सञ्चालन हुँदै आएका छन् । तीमध्ये केही प्रमुख कार्यक्रमहरूमा युवा स्वरोजगार कोषको युवा स्वरोजगार कार्यक्रम, राष्ट्रिय योजना आयोगको राष्ट्रिय विकास स्वयंसेवक सेवा (National Development Volunteers Service), शिक्षा मन्त्रालयको Enhanced Vocational Educational and Training (EVENT) परियोजना, श्रम तथा रोजगार मन्त्रालयको व्यावसायिक तथा सीपविकास तालिम, उद्योग मन्त्रालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA), उद्योग मन्त्रालयको सीप विकास तालिम, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) का व्यावसायिक तथा सीपमूलक तालिम (लामो तथा छोटो अवधि), कृषि

विकास मन्त्रालयका कृषि विकास तालिम (१ दिने, ३ दिने, ७ दिने, ४ दिने , ५१ दिने) आदि रहेका छन् ।

## खेलकुद विकास

समग्र खेलकुद क्षेत्रको विकासको जिम्मेवार निकायका रूपमा २०२१ सालमा राष्ट्रिय खेलकुद परिषद्को स्थापना भएको हो । खेलकुदका माध्यमबाट विद्यार्थी तथा सर्वसाधारण जनताको शारीरिक तथा मानसिक विकास गर्दै सक्षम र अनुशासित नागरिक तयार गर्नका निमित्त खेलकुदसम्बन्धी तालिम सञ्चालन गरी सबै किसिमका खेलकुद प्रतियोगिता आयोजना गर्न तथा अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगितामा नेपालको उपयुक्त सहभागितासमेतको आवश्यक व्यवस्था गरी खेलकुदको विकास गर्ने कार्य परिषद्ले गर्दछ ।

खेलकुद विकासअन्तर्गत हाल मन्त्रालयबाट राष्ट्रपति कप रनिङ सिल्ड प्रतियोगिता, केन्द्रीय, क्षेत्रीय, स्थानीय खेलकुद पूर्वाधार विकास र राष्ट्रिय खेलकुद प्रतिभा सम्मान र खेलाडी प्रोत्साहन कार्यक्रम सञ्चालन हुँदै आएका छन् ।

राष्ट्रिय खेलकुद परिषद्बाट खेलकुदको स्तरवृद्धि गर्न समयसमयमा जिल्ला, क्षेत्र, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगिताहरूको आयोजना गर्ने, नेपाल सरकारलाई खेलकुदसम्बन्धी कुरामा सल्लाह दिने, खेलकुदसम्बन्धी संस्थालाई समयसमयमा आवश्यक निर्देशन दिने, खेलाडीहरूलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्ने, खेलाडीहरूको स्वास्थ्यको संरक्षण गर्नका लागि आवश्यक व्यवस्था गर्ने र शिक्षण संस्थाहरूमा खेलकुदसम्बन्धी प्रशिक्षण प्रतियोगिताका सम्बन्धमा प्रचारप्रसार गर्ने गराउने कार्यहरू हुँदै आएका छन् । परिषद्अन्तर्गत पाँच क्षेत्रीय र ७५ जिल्ला खेलकुद विकास समिति कार्यालय रहेका छन् । खेलकुद परिषद्मा जम्मा १००० कर्मचारी दरबन्दी रहेको छ ।

नेपालमा फुटबल र क्रिकेट खेलले अन्तर ाष्ट्रिय प्रतियोगिताहरूमा तुलनात्मक रूपमा राम्रो प्रदर्शन गरी लोकप्रियता हासिल गर्दै आएका छन् । हालसम्म नेपालले अन्तर्राष्ट्रिय प्रतियोगिताहरूतर्फ एसियाली खेलमा १ रजत र २२ कास्य पदक तथा दक्षिय एसियाली खेलमा ३ स्वर्ण, २३ रजत र ३४ कास्य पदक जित्न सकेको देखिन्छ ।

## स्काउट विकास

वि सं २००९ (सन् १९५१) मा स्थापना भएको नेपाल स्काउटको मुख्य उद्देश्य नेपालका बालबालिका तथा युवा वर्गलाई विश्व स्काउटको सिद्धान्त र मान्यताअनुरूपको अभियानमा सहभागी गराई तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गरी तिनीहरूलाई अनुशासित, स्वावलम्बी र चरित्रवान् तुल्याई सेवा भावनाको अभिवृद्धि समेत गर्दै देशविकासका कार्यमा सहभागी गराउनु रहेको छ ।

हाल नेपाल स्काउटको प्रधान कार्यालयमा ३२ जना कर्मचारी, पाँच क्षेत्रीय परिषद् र ७५ जिल्ला परिषद् रहेका छन् भने देशभरमा ५५ हजार सदस्य रहेका छन् । स्काउटबाट स्काउट आधारभूत तालिम (BTC/PTC), स्थानीय

संयोजक कार्यशाला, ज्याम्बोरी आयोजना, किशोर किशोरी कार्यक्रम, विपद् व्यवस्थापन तालिम र स्वयंसेवक परिचालन, तालिम केन्द्र सञ्चालन र व्यवस्थापन, अन्तर्राष्ट्रिय दिवस तथा राष्ट्रिय दिवस अनि चाडपर्व एवम् विभिन्न समारोहहरूमा सहभागिता तथा स्वयंसेवक परिचालन कार्यक्रम सञ्चालन हुँदै आएका छन् ।

## समस्याहरू

युवा तथा खेलकुद क्षेत्रलाई पर्याप्त स्रोत साधनको अभाव हुनु (ज्यादै न्यून बजेट : आ.व. २०७३ र ०७४ मा ०.२२९५ र आ.व. २०७४ र ०७५ मा ०.००१७५५), युवालाई तालिम प्रदान गर्ने संस्थागत संरचनाको अभाव हुनु, अन्तर निकाय समन्वयको कमी हुनु, युवामा उद्यमशीलता विकास गरी युवापलायन कम गर्न नसकिनु आदि युवाविकासको मुख्य समस्याका रूपमा रहेका छन् । त्यसै गरी खेल पूर्वाधार विकासका लागि पर्याप्त स्रोतको अभाव हुनु, खेलकुद विधामा आधुनिक प्रविधिको उपयोगको कमी हुनु, खेल प्रशिक्षक तथा खेलाडीहरूको क्षमता अभिवृद्धिका लागि पर्याप्त मात्रामा अन्तर्राष्ट्रिय प्रशिक्षणको व्यवस्था हुन नसक्नु, खेलकुद क्षेत्रको विकास तथा विस्तारका लागि निजी क्षेत्रको अर्थपूर्ण सहभागिता गराउन नसक्नु, खेल क्षेत्रको अधिक राजनीतीकरण हुनु, Talent Hunt का पर्याप्त अवसर दिन नसक्नु आदि खेलकुद क्षेत्रका प्रमुख समस्या हुँदै हुन् । सबै शैक्षिक संस्थाहरूमा स्काउटको सङ्गठन विस्तार गर्न नीतिगत व्यवस्था र स्रोतसाधनको कमी हुनु, स्काउटलाई स्वयंसेवक परिचालनसँग आबद्ध गर्न नसकिनु जस्ता कुराहरू स्काउटसँग सम्बन्धित समस्याका रूपमा रहेका देखिन्छन् ।

## चुनौतीहरू

युवाको विषय विभिन्न मन्त्रालयसँग सम्बन्धित रहेकाले एकीकृत कार्यक्रम तय गर्ने, सङ्घीय संरचनाअनुसार शासकीय व्यवस्थाको तीन तह (सङ्घ, प्रदेश र स्थानीय) अनुकूल हुने गरी रा.यु.प.को कार्यमूलक संरचना विस्तार गर्ने, स्वयंसेवी कार्यका लागि युवालाई उत्प्रेरित गराई विपद् व्यवस्थापन, सुशासन र दिगो विकासका क्षेत्रमा स्वयंसेवकका रूपमा परिचालन हुने नीतिगत व्यवस्था मिलाउने, युवामा सकारात्मक सोच विकास गरी देशमा उपलब्ध अवसरको उपयोग गर्दै स्वरोजगार र उद्यमशील बनाउने, युवाका माग र आवश्यकतालाई सम्बोधन गर्ने गरी युवा उपयोगी कार्यक्रम तर्जुमा गर्ने, खेलकुदलाई व्यवसायीकरण गर्ने, खेलकुदमा स्तरीय पूर्वाधार निर्माण गर्ने तथा आधुनिक प्रविधिको उपयोग गर्ने, १३औँ सागलगायतका अन्तर्राष्ट्रिय खेलकुद प्रतियोता आयोजना गर्न सकिने गरी पूर्वाधार विकास गर्ने, ग्रामीण स्तरसम्म खेलकुदको पहुँच पुऱ्याउने गरी खेलकुद गतिविधिको विस्तार र विकास गर्ने, अन्तर्राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिताहरू आयोजना गर्ने र खेलकुद गतिविधिमा प्रायोजकलाई आकर्षित गरी खेलकुद क्षेत्रलाई एक सबल उद्योगका रूपमा विकास गर्ने जस्ता चुनौतीहरू विद्यमान छन् ।

## अवसरहरू

युवाको जनसङ्ख्या इतिहासमा नै सबैभन्दा बढी (४०.३५५) भई जनसाङ्ख्यिक

लाभको अवसर प्राप्त हुनु, UNSCR 2250 को National Action Plan तर्जुमा र कार्यान्वयनमा अन्तर्राष्ट्रिय सहयोगको अवसर, राष्ट्रिय युवा परिषद् स्थापना भई जिल्ला स्तरसम्म त्यसका संरचनाको विस्तार हुनु, युवाविकासका लागि सरोकारवालाको सहभागितामा युथ भिजन २०२५ सहितको १० वर्षे रणनीतिक योजना तयार भई कार्यान्वयनको वातावरण तयार हुनु, चीन र भारतका अतिरिक्त श्रीलङ्का, बुल्गेरियालगायतका देशहरूसँग Youth Exchange का लागि MoU को प्रक्रिया अगाडि बढ्नु, स्वयंसेवक परिचालनका लागि रा.यु.प. र नेपाल स्काउटको जिल्ला तहसम्म संरचना विस्तार हुनु, भलिबललाई राष्ट्रिय खेलका रूपमा राज्यले घोषणा गर्नु, पर्याप्त सुविधाबिना नै क्रिकेट, फुटबल जस्ता खेलमा आशलाग्दो उपलब्धि र सम्भावना देखिनु, खेलकुदका लागि राष्ट्रिय खेलकुद परिषद्को जिल्लासम्मको संरचना विस्तार हनु, खेल मैदानको विस्तार गाउँगाउँसम्म हुँदै जानु, खेलका लागि प्रशिक्षकहरूको व्यवस्थामा क्रमशः सुधार हुँदै जानु, एक स्पोर्टस् एक एकेडेमीको अवधारणा अघि बढ्नु, खेलकुदका प्रतियोगिताहरूमा निजी क्षेत्र आकर्षित हुँदै जानु र सहयोग बढ्दै जानु, सन् २०१९ को १३ औं सागको आयोजना नेपालले गर्ने अवसर प्राप्त हुनु, भूकम्पपछिको पुनर्निर्माणले आधुनिक सुविधायुक्त खेल पूर्वाधार विकास र युवा रोजगारको अवसर प्राप्त हुनु, खेलसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, नीति तथा योजना तयार भई योजनाबद्ध खेलकुद विकासको वातावरण तयार हुनु आदि अवसरहरू विद्यमान छन् ।

## सुधारका प्रयासहरू

राष्ट्रिय युवानीतिको कार्यान्वयनका लागि सरोकारवालाको व्यापक सहभागितामा युथ भिजन २०२५ सहितको १० वर्षे रणनीतिक योजना तयार पारी त्यसको कार्यान्वयनसमेत प्रारम्भ भइसकेको छ । युवाको विकास र सहभागिताका लागि संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को प्रस्ताव नं. २२५०, युवा, शान्ति र सुरक्षालाई कार्यान्वयन गर्न राष्ट्रिय कार्य योजना (National Plan of Action) निर्माण गर्ने प्रस्ताव मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्य अगाडि बढाइएको छ । युवाविकासका लागि सरकारी निकायका साथै UN Agencies (UNFPA, UNICEF), अगैसस, युवाका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूसँग समन्वय र सहकार्य गरिएको छ ।

त्यस्तै, नेपाल सरकारका सीपमूलक तालिम प्रदायक निकायसँग समन्वय गरेर सीप तथा नेतृत्व विकास तालिम सञ्चालन गरी उद्यमशीलता विकासमा जोड दिइएको छ। राष्ट्रिय विकास स्वयंसेवक सेवा जस्ता कार्यक्रम युवा तथा खेलकुद मन्त्रालयका मातहतमा ल्याउन र युवा, खेलकुद र स्काउट क्षेत्रमा बजेट वृद्धिका लागि पहल गरिएको छ ।

साथै नयाँ नेपाल स्काउट ऐन संसद्मा प्रस्तुत गरिएको छ। खेलकुद विकास ऐन, २०४८ लाई प्रतिस्थापन गर्न खेलकुद विधेयकको मस्यौदा तयार गरी मन्त्रिपरिषद्बाट स्वीकृत भई विधेयक समितिमा पठाइएको छ । खेलकुद विकासको गुरुयोजना तयार पारिएको छ भने राष्ट्रिय खेलकुद नीति पुनरावलोकनको कार्य भइरहेको छ। राष्ट्रिय

तथा अन्तर्राष्ट्रिय स्तरमा पदक हासिल गरी राष्ट्रको प्रतिष्ठा बढाउने खेलाडीलाई सम्मान, नगद पुरस्कार तथा आर्थिक सहयोग प्रदान गरिएको छ । अन्तर्राष्ट्रिय स्तरको खेल पूर्वाधार विकासका कार्यलाई प्राथमिकता दिइएको छ । राष्ट्रिय युवा नीति २०६६ लाई पुनरावलोकन गरी राष्ट्रिय युवा नीति २०७२ जारी भएको छ ।

## निष्कर्ष

राष्ट्रिय युवा परिषद्को सङ्घीय संरचना अनुकूल पुनर्संरचना गरी युवाविकास र परिचालनमा समस्त युवावर्ग र सरोकारवालाको भावनाअनुसार कार्य गर्न सक्ने बनाउन जरूरी छ। विश्वव्यापीकरण र उदारीकरणले उपलब्ध गराएको अवसरलाई नेपाली युवाले उपयोग गर्न पाउने अवसर र क्षमता विकासमार्फत उद्यमशील र आत्मनिर्भर बनाउन सहयोग गर्ने गरी कार्यक्रम सञ्चालन गर्न सबै सरोकारवालाको सहकार्यमा युथ भिजन-२०२५, *UNSCR:2250* ले आत्मसात् गरेका सिद्धान्त र SDGs का युवासम्बद्ध लक्ष्यहरूको एकीकृत रूपमा कार्यान्वयन हुनुपर्ने देखिन्छ । नेपाली युवालाई अन्तर्राष्ट्रिय मञ्चमा सहभागी गराई नेतृत्व विकास गर्न युवा आदानप्रदान कार्यक्रम तथा सभा-सम्मेलनमा सहभागी गराउँदै अन्य देशका युवा परिचालनका राम्रा पक्षहरूबाट सिक्ने अवसर प्रदान गरिनुपर्दछ ।

त्यसै गरी गुणस्तरीय र अन्तर्राष्ट्रिय मापदण्डअनुरूप खेल पूर्वाधार विकास, प्रतिस्पर्धा र प्रतियोगिता आयोजना र नियमित प्रशिक्षणका लागि राज्यकोषबाट न्यायोचित बजेट विनियोजन हुन सकेमा मात्र नेपाली खेल क्षेत्रलाई अगाडि बढाउन सकिने देखिन्छ । रा.खे.प. लगायत तल्ला खेल निकायलाई सङ्घीय संरचनाअनुरूप ढाली तिनको जिम्मेवारी र जवाफदेहिता पुनरावलोकन गरिनुपर्दछ । नेपाल स्काउटलाई स्वयंसेवी सस्थाका रूपमा कार्यमूलक बनाउन क्षमता अभिवृद्धि र तालिमका कार्यहरू सुदृढ गर्दै लैजान जरूरी छ। प्रत्येक माध्यमिक विद्यालयमा स्काउट ट्रुप गठन गरी अनुशासित, जीवनोपयोगी, सीपयुक्त र स्वयंसेवा भावले युक्त नागरिक निर्माणमा जोड दिइनुपर्छ । युवा परिचालनका लागि खेलकुद र स्वयंसेवामा युवालाई संलग्न गराउने स्काउट जस्ता निकाय युवाविकाससँग प्रत्यक्ष रूपमा सम्बन्धित हुने भएकाले यिनलाई महत्त्व दिई एउटै मन्त्रालयमा राख्ने अन्तर्राष्ट्रिय प्रचलन रहेको हुँदा नेपालमा पनि सोहीअनुसार गर्न जरूरी देखिन्छ । साथै युवा तथा खेलकुद मन्त्रालयको नीतिनिर्माण, योजना, अनुगमन र नियमन क्षमता अभिवृद्धि गरिनुपर्दछ । सबैभन्दा महत्त्वपूर्ण कुराचाहिँ सरकारको युवामा लगानी उल्लेख्य रूपमा वृद्धि हुनु पर्ने अवस्था छ। युवाको क्षमताविकास र नेतृत्व विकासमार्फत युवालाई उद्यमशील, रोजगार र स्वरोजगार बनाउन राज्यले पर्याप्त लगानी गरी अवसरको सिर्जना गर्न सकेमात्र जनसाङ्ख्यिक लाभ लिई देशले लिएको विकासको लक्ष्य हासिल हुन सक्नेछ ।

उपसचिव, युवा तथा खेलकुद मन्त्रालय